# अध्याय एक

## शोध-परिचय

### १.१ विषय परिचय

**सादा जीवन उच्च विचार**का धनी शिवगोपाल रिसाल नेपाली धार्मिक, आध्यात्मिक तथा बौद्धिक क्षेत्रका विशिष्ट प्रतिभासम्पन व्यक्तित्व हुन् । वि.सं. १९९४ साल चैत्र शुक्ल चतुर्थी बुधवारको दिन पिता विश्वनाथ उपाध्याय रिसाल तथा माता जनककुमारी रिसालका जीवित पाँच सन्तानमध्ये दोस्रो सन्तानका रूपमा उनी बाग्मती अञ्चल, ललितपुर जिल्ला, सैंबूभैँसीपाटी गा.वि.स.मा जन्मेका हुन् ।[1]

हुने विरुवाको चिल्लो पात भनेझैँ शिक्षित ब्राह्मणकुलमा जन्मिएका रिसाल पढाइलेखाइमा बाल्यकालदेखि नै रुचि राख्दथे । पाँच वर्षको प्रवेशसँगै अक्षरारम्भ गराइएका यिनलाई आठ वर्षको उमेरसम्म घरमैं अध्यापन गराइयो । वि.सं. २००३ सालमा मङ्गलबजारको प्राथमिक संस्कृत पाठशालामा भर्ना गरिएका रिसाल नवम र दशम कक्षामा पाटन हाइस्कुलमा पढी २०१० सालमा एस.एल.सी. उत्तीर्ण भएका हुन् ।[2] वि.सं. २०१३ सालमा आई.ए. र २०१६ सालमा त्रिचन्द्र कलेजबाट बी.ए. परीक्षा उत्तीर्ण गरेका रिसालले वि.सं. २०१७ सालमा अन्तर्राष्ट्रिय भाषाको रूपमा **अङ्ग्रेजी भाषा शिक्षण** विषयमा डिप्लोमा पनि गरे । यसपछि उनी वि.सं. २०१८ सालमा त्रि.वि.बाट नेपाली विषयमा एम.ए. परीक्षा दिई **प्रथम श्रेणीमा प्रथम** भएका थिए ।[3] माथि उल्लेख गरिएका बाहेक विभिन्न अध्ययन अनुसन्धानमा लागेका रिसालले **अद्वैत वेदान्त विद्यामा योग्य भए वापत श्रोत्रिय ब्रह्मनिष्ठ डा. क्षितीशचन्द्र चक्रवर्ती गुरुबाट सरस्वती र आचार्य** उपाधि प्राप्त गरेको पाइन्छ ।

वि.सं. २०१४ सालदेखि अध्ययनसँगै अध्यापन पेशामा लागेका रिसालले वि.सं. २०१८ सालदेखि पद्मकन्या कलेज बागबजारबाट नेपाली विभागमा स्थायीरूपमा प्राध्यापन कार्य थालनी गरेका हुन् ।[4] वि.सं. २०३८ सालमा रिसाल त्रि.वि. सेवा आयोगको सिफारिसमा प्राध्यापकमा पदोन्नतिभएको बुझिन्छ ।[5] वि.सं. २००७ सालमा त्रि-पद्म विद्याश्रम ललितपुरद्वारा आयोजित साहित्य सम्मेलनमा निबन्धमा प्रथम भई पुरस्कृत रिसालले विभिन्न मानसम्मान प्राप्त गरेका छन् । जसमा **महेन्द्र विद्याभूषण सुवर्ण पदक**देखि **शिक्षा पुरस्कार**, **गुणराज पुरस्कार** लगायत वि.सं. २०५४ सालमा **प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु दोस्रो** समेत प्राप्त गरेको बुझिन्छ ।[6] विभिन्न सङ्घ संस्थामा नेतृत्वदायी र क्रियाशील भूमिका निर्वाह गरेका रिसाल **हिन्दू धर्म सेवा समन्वय समिति**को सभापतिमा मनोनित भएका थिए भने **पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्**मा सदस्य भएर काम पनि गरेका थिए ।[7] हाल पनि सामाजिक, धार्मिक एवं आध्यात्मिक क्षेत्रमा रिसालको सक्रिय सहभागिता रहेको पाइन्छ ।

---

१. गोविन्द टण्डन, **ज्ञानको चमत्कार**, (ललितपुर : रवि पराजुली, केशव रेग्मी र सीताराम खत्री, २०६७), पृ. २ ।

२. ऐजन, पृ. ७ ।

३. ऐजन, पृ. ९ ।

४. ऐजन, पृ. ११ ।

५. ऐजन, पृ. ११ ।

६. ऐजन, पृ. १४४ र १४५ ।

७. ऐजन, पृ. १४६ ।

रिसाल **श्रीमद्भगवद्गीता, अष्टावक्रगीता, अवधूतगीता, योगवाशिष्ठ र उपनिषद्** आदि आध्यात्मिक ग्रन्थहरूबाट प्रभावित छन् । यसैका प्रतिफल उनीबाट कविता, निबन्ध, धर्म-संस्कृति सम्बन्धी लेख र समीक्षात्मक कृतिहरू रचना भई प्रकाशित भएको देखिन्छ । वि.सं. २०१६ सालमा **सिर्जना** पत्रिकामा प्रकाशित **शान्ति आउने थियो कि** कविताबाट औपचारिकरूपमा लेखन कार्य आरम्भ गरेका रिसालका रचनाहरू रूपरेखादेखि मधुपर्क, कान्तिपुर, गोरखापत्र जस्ता ख्याति कमाएका पत्रिकाहरूमा प्रकाशित भएको बुझिन्छ । वि.सं. २०१७ सालमा **घरेलु उद्योग** पत्रिकामा प्रकाशित **नेपालमा अकामी र ढाक्रे** नामक वैचारिक निबन्ध उनको पहिलो गद्यात्मक कृति हो । धार्मिक, आध्यात्मिक, दार्शनिक, वैचारिक क्षेत्रका सिर्जनाकार शिवगोपाल रिसालको साहित्यिक यात्रा र कृति यसरी उल्लेख गर्न सकिन्छ ।

नेपाली साहित्य जगत्मा रिसालले पाठ्यपुस्तक, कविता, खण्डकाव्य, लेख-निबन्ध, महाकाव्य, शोककाव्यजस्ता विभिन्न विधामा कलम चलाएका छन् । प्रकाशनका दृष्टिले **नेपाली भाषा र व्याकरण** (२०२७) पहिलो भए तापनि काव्यका दृष्टिले **म को हुँ ?** (अध्यात्म काव्य, २०४४) प्रबन्ध काव्य नै जेठो मानिन्छ । यस्तै निबन्ध विधालाई रचना गर्न बढी मनपराउने रिसालको **अभेद-दर्शन** दार्शनिक निबन्ध सङ्ग्रह वि.सं २०५६ मा प्रकाशित पहिलो निबन्धात्मक कृति हो । उनका प्रकाशोन्मुख **मान्छेभित्रका मान्छेहरू**बाहेक प्रकाशित कृतिहरूलाई सिलसिला अनुसार यसरी देखाउन सकिन्छ :

क) नेपाली भाषा र व्याकरण (सहलेखन, २०२७)
ख) नेपाली भाषाको पाठ्यक्रम (सहलेखन, २०२८)
ग) महेन्द्र माला (सहलेखन, २०२९)
घ) म को हुँ ? (अध्यात्म काव्य २०४४)
ङ) दुर्गापूजा र बलिको रहस्य (भक्ति काव्य, २०४४)
च) श्रीरामनाम (अध्यात्म काव्य, २०४७)
छ) श्रीविष्णुसहस्रनामस्तोत्रम् (प्रथम संस्करण, २०४९)
ज) श्रीचर्पटपञ्चरिकास्तोत्रम् (सम्पादन एवं व्याख्या, २०४९)
झ) श्रीखप्तडबाबा (अध्यात्म काव्य, २०५३)
ञ) **अभेददर्शन (दार्शनिक निबन्ध सङ्ग्रह, २०५६)**
ट) **ब्रह्मजिज्ञासा (दार्शनिक निबन्ध सङ्ग्रह, २०५७)**
ठ) **सुख कहाँ छ ? (दार्शनिक निबन्ध सङ्ग्रह, २०५७)**
ड) पद्मकन्या महाकाव्य (दार्शनिक, ऐतिहासिक महाकाव्य, २०५७)
ढ) श्रीपशुतिनाथको सेरोफेरो (अध्यात्म काव्य, २०५९)
ण) श्रीमस्तरामबाबा (अध्यात्म काव्य, २०६०)
त) म को हुँ ? (अजातवादसहित द्वि. सं., २०६०)
थ) रिसाल वंशावली (ऐतिहासिक अभिलेख २०६०)
द) **वैदिक संस्कृति (दार्शनिक निबन्ध सङ्ग्रह, २०६१)**
ध) शिव-गायत्री स्तोत्रावली (१०८ स्तोत्र सङ्ग्रह, २०६२)
न) अखण्ड आनन्द (१०१ आध्यात्मिक कविता सङ्ग्रह, २०६२)
प) **ईश्वरको अनुग्रह (दार्शनिक निबन्ध सङ्ग्रह, २०६२)**
फ) श्रीविष्णुसहस्रनामस्तोत्रम् (हजार कवितासहित द्वि. सं., २०६४)

ब) दशश्लोकी र मृत्यु माहात्म्य (अध्यात्म काव्य, २०६४)

भ) **प्रेमदेखि परमात्मासम्म (दार्शनिक निबन्ध सङ्ग्रह, २०६५)**

म) आमा (आध्यात्मिक शोककाव्य, २०६५)

य) **सन्तमहिमा (सन्तहरूको जीवनीपरक निबन्ध सङ्ग्रह, २०६५)**

र) श्रीशिवसहस्रनामस्तोत्रम् (चतुर्थ्यन्तःसहितको कोशशैलीमा अनुवाद, २०६५)

ल) नीतिका कुरा (नैतिक कोश काव्यमा सहभागिता, २०६५)

व) **संसार कस्तो छ ? (दार्शनिक निबन्ध सङ्ग्रह, २०६६)**

श) **प्रेमदेखि परमात्मासम्म (दार्शनिक निबन्ध सङ्ग्रह, द्वि. सं., २०६७)**

ष) श्रीविष्णुसहस्रनामस्तोत्रम् (अन्य दुई विष्णुसहस्रनामसहित तृ.सं., २०६७)

स) ज्ञानको चमत्कार (आध्यात्मिक संवाद, २०६७)

ह) मृत्युविज्ञान (आध्यात्मिक दृष्टिमा मृत्यु, २०६८)

क्ष) अमृतका थोपा (गद्यात्मक कृतिहरूका सूक्तिहरू, २०६८)

त्र) सत्य-दर्शन (आध्यात्मिक कविता सङ्ग्रह, २०६८)

ज्ञ) नाङ्गो दर्शन (दार्शनिक चिन्तन, २०६९)

शिवगोपाल रिसालको **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहमा एकासी वटा निबन्धहरू सङ्ग्रहित छन् । जसमा **आत्मदर्शन** पहिलो र **मन के हो र यसलाई कसरी जित्ने** ? अन्तिम क्रममा रहेका निबन्ध हुन् । यसै कृतिको **४४औं** क्रममा रहेको **सुख कहाँ छ** ? निबन्धबाट यस कृतिको नामकरण गरिएको छ ।

साहित्यिक विधामा निबन्ध शब्द अङ्ग्रेजीको एसे (Essay) शब्दको पर्यायवाची भएर आएको छ । **नि** उपसर्गपूर्वक **बन्ध** धातुबाट **घञ्** प्रत्यय भएर निबन्ध शब्द व्युत्पन्न भएको छ ।[८] पूरै बन्धन वा कसिएको रूप शाब्दिक अर्थ भएको निबन्धका सम्बन्धमा विभिन्न परिभाषा छन् । त्यसमा बालचन्द्र शर्माको **नेपाली शब्दकोशमा कुनै विषयमा सम्बन्धित मत, विचार, सिद्धान्त आदिको तुलनात्मक र पाण्डित्यपूर्ण विवेचना गरिएको भावनायुक्त लेख** निबन्ध हो भनी लेखिएको अर्थले निबन्धको सम्बन्धमा पुग्दो अर्थ दिन खोजेको छ । दर्शन गम्भीर अध्ययन, अनुभव, अनुभूति र चिन्तनको खँदिलो विचार हो । यसले समग्रमा आफूपछिका पुस्तापुस्तान्तरलाई उपयुक्त हुने मत स्थापना गरिदिने भएकोले दार्शनिक विचार सबैको चाखलाग्दो विषय भएको छ । भौतिक तथा व्यावहारिक दुनियाँ र विचारभन्दा भिन्न अनि मानवमात्रका निम्ति अन्तिम सत्य कुरा अध्यात्म हो । यिनै महत्त्वपूर्ण पक्षलाई ध्यान दिई रचना गरिएको दार्शनिक निबन्ध सङ्ग्रह **सुख कहाँ छ** ? नेपाली निबन्ध खजानामा थपिएको अमूल्य एवं अध्ययन गर्नै पर्ने कृति हो ।

रिसाल जीवनमा पराविद्या किंवा ब्रह्मविद्या, भूमाविद्या, अध्यात्मविद्या पढ्नै पर्छ भन्ने मतका अनुयायी हुन् । अपराविद्या किंवा भौतिकविद्या पढेर यस संसारबाट पार पाउन नसकिने निर्णय गर्ने रिसालले नेपाली निबन्ध जगत्मा स्थापित र अमर साधकका तुलनामा भिन्न निबन्धात्मक कृति दिएका छन् । आध्यात्मिक, दार्शनिक र धार्मिक पक्षलाई जीवनको मूल ध्येय मान्ने रिसालले वेद, गीता, उपनिषद, रामायण, महाभारत आदिको श्रवण एवं अध्ययन, सादा जीवन उच्च विचारअनुसार जीवन यापन, सत्कर्म-सत्सङ्ग-सत्मार्ग दैनन्दिनी बनाएका कारण नेपाली निबन्ध साहित्यले अहिलेसम्म उनीबाट आठवटा आध्यात्मिक, दार्शनिक निबन्ध सङ्ग्रह

८. वामन शिवराम आप्टे, **संस्कृत हिन्दी कोश**, दो.सं. (दिल्ली : मोतीलाल बनारसी दास प्रा.वि., १९७६), पृ. ५२७ ।

प्राप्त गरिसकेको छ । यो क्रम अझै निरन्तररूपमा अघिबढिरहेको बुझिन्छ । यसैले उनलाई नेपाली निबन्ध साहित्यको आध्यात्मिक दार्शनिक निबन्धकार मान्न सकिन्छ ।

**सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रह लेखकको शाश्वत, सनातन, सार्वभौम, निरतिशय, अखण्ड, परिपूर्ण, निरपेक्ष सुखस्वरूप आत्माका अनुसन्धानका क्रममा वि.सं. **२०२७ साल चैत्रदेखि २०३७ साल ज्येष्ठसम्म**को समयावधिमा **हिमाली सन्देश** साप्ताहिक पत्रिकामा र केही अन्यत्र पनि प्रकाशित आत्मपरक, अध्यात्मपरक, वेदान्तपरक, चिन्तनपरक, दार्शनिक निबन्धहरूको सङ्ग्रह हो । छरिएर झण्डै हराइसकेका अज्ञात इतिहासमा पुगिसकेका निबन्धहरूलाई निकै परिश्रमपूर्वक खोजमेल गरी सङ्ग्रहात्मक रूपमा एकै ठाउँमा पुस्तकाकारमा प्रकाशित गरिएको यस कृतिले पारखीलाई नौलो स्वाद र जीवनदर्शन प्रदान गर्न सक्छ । **आत्मा, चरित्र, जीवन, शान्ति, चिन्ता, सत्सङ्ग, जगत्, सुख, अभय, मृत्यु, आनन्द, भक्ति, परमार्थ, सृष्टि, त्याग, ईश्वर, बुद्धि, इच्छा, योग, वेदान्त, मुक्ति, स्वास्थ्य, वासना, परमात्मा, चैतन्य, निष्काम, निर्वाण, शोक, मोह, विश्वास, अभिमान, शिष्य, मन** जस्ता विषयको बारेमा यस निबन्ध सङ्ग्रहमा मत, विचार, सिद्धान्त आदिको तुलनात्मक र पाण्डित्यपूर्ण दार्शनिक विवेचना गरिएको छ । यसका अलावा **जीवनको सर्वोच्च लक्ष्य**, **महावाक्य**, **देशभक्तिबाट चित्तशुद्धि**, **सनातन धर्म र शङ्कराचार्य**, **ज्ञान विज्ञान**, **हाम्रा चार अवस्थाहरू**, **स्वतन्त्रता : एक अनुशीलन**, **गीताको लक्ष्य** आदि शीर्षकका निबन्धहरूले यस कृतिलाई महत्त्वपूर्ण बनाउन सघाएका छन् ।

## १.२ समस्याकथन

शिवगोपाल रिसालको **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहमा केन्द्रित रही गरिएको यस शोधकार्यको समस्याकथनहरू निम्नानुसार रहेका छन् :

(क) निबन्धको सैद्धान्तिक एवं नेपाली निबन्धको ऐतिहासिक स्थिति के कस्तो रहेको छ ?

(ख) शिवगोपाल रिसालको जीवनी व्यक्तित्व के कस्तो रहेको छ ?

(ग) निबन्ध तत्त्वका आधारमा **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहलाई के कसरी अध्ययन गर्न सकिन्छ ?

(घ) शिवगोपाल रिसालको निबन्धकारिता के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) निबन्धको सैद्धान्तिक एवं नेपाली निबन्धको ऐतिहासिक स्थितिको अध्ययन गर्नु,

(ख) शिवगोपाल रिसालको जीवनी व्यक्तित्वको पहिचान गर्नु,

(ग) निबन्धका तत्त्वका आधारमा **सुख कहाँ छ** ? निबन्ध सङ्ग्रहको अध्ययन गर्नु,

(घ) शिवगोपाल रिसालको निबन्धकारिताको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली धार्मिक, आध्यात्मिक साहित्यमा साहित्यकार शिवगोपाल रिसालको विशिष्ट योगदान रहेको छ । उनको काव्यकारिताका विभिन्न पक्षमा अनुसन्धानकर्ताहरूले अध्ययन-अनुसन्धान गरेका छन् । उनको खण्डकाव्यकारिताको अध्ययन गरी केही खण्डकाव्यहरूको विश्लेषणसमेत गरिसकिएको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको जस्ता विषयमा

शोधकार्य भइसकेको छ । यसरी विभिन्न समयमा विभिन्न पक्षमा उजागर गर्ने काम गरेको पाइएको छ ।

मूलतः कवि तथा निबन्धकार रिसालको निबन्धकारिता एवं निबन्धगत कृतिमा खासै अध्ययन तथा विश्लेषण पाइँदैन । यसैले यहाँ उनको दार्शनिक निबन्ध सङ्ग्रह **सुख कहाँ छ ?** को अध्ययन गर्नु जरुरी देखिएको हो । यहाँ उनको साहित्यिक यात्राका बारेमा भएका पूर्वकार्यको चर्चा गरिएको छ :

दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) मा "२००७ सालपछि उदार शिक्षा नीतिले गर्दा बौद्धिक वातावरणमा उत्साह र गम्भीरता देखा पर्‍यो त्यसले गर्दा नेपाली निबन्धले पनि फस्टाउने मौका पायो । नेपाली निबन्ध सम्पन्नतातिर लम्कँदै गयो । नेपाली निबन्धलाई सम्पन्नतातिर लैजाने निबन्धकारहरू........ ,शिवगोपाल रिसाल, ........हुन्" भनी शिवगोपाल रिसालको परिचयात्मक जानकारी मात्र दिइएको छ ।

तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०३९) मा साहित्यकार शिवगोपाल रिसालको परिचयात्मक जानकारी मात्र दिइएको छ ।

घटराज भट्टराईले **प्रतिभैप्रतिभा र नेपाली सहित्य** (२०४०)मा रिसाल पनि साहित्यिक प्रतिभा हुन् भनेर उल्लेख गरेका छन् । उनले कृतिहरूका आधारमा परिचय मात्र दिएका छन् ।

जगन्नाथ शर्मा त्रिपाठीले रिसालको **म को हुँ ?** (२०४४) काव्यको मन्तव्य दिने सन्दर्भमा **प्रेमले पाठ गर्दा** शीर्षकबाट दुई श्लोक रची यस काव्यको मूल तत्त्व बारे चर्चा गरेका छन् ।

हरिप्रसाद पौडेलले **श्रीरामनाम** (२०४७) अध्यात्मकाव्यको प्रकाशकीयमा शिवगोपाल रिसालज्यूको यस कृतिबाट आध्यात्मिक साधना, ब्रह्मनिष्ठा र काव्यप्रतिभा झल्कन्छ भन्ने सामान्य उल्लेख मात्र गरेका छन् ।

जगन्नाथ शर्मा त्रिपाठीले **श्रीरामनाम** (२०४७) अध्यात्मकाव्यको भूमिका स्वरूप मन्तव्यमा वाल्मीकि, व्यास, कालिदास र भानुभक्तले गाएको रामकथालाई आध्यात्मिक कोणबाट वर्णन गरिएको भनी सामान्य उल्लेख मात्र गरिएको छ ।

रजनीबाबा कारञ्जितले **शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व र कृतित्व** (लघु शोधपत्र, २०४८) बी.ए. दोस्रो वर्षको मूल नेपालीको ५० अङ्कको ऐच्छिक पत्रको प्रयोजनका लागि प्रस्तुत शोधपत्रमा जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी अध्ययन गरेकी छिन् ।

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय कोश** (२०५१) मा साहित्यकार शिवगोपाल रिसालको सामान्य परिचय दिएका छन् ।

उषा रिमालले **शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (शोधपत्र, २०५३) नेपाली स्नातकोत्तर तह एम.ए. द्वितीय वर्षको आठौँ पत्रको प्रयोजनको लागि प्रस्तुत शोधपत्रमा जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी अध्ययन गरेकी छिन् ।

जयदेव भट्टराईले **नेपाली साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४) मा शिवगोपाल रिसालको साहित्यिक रचनाको मात्र उल्लेख गरेका छन् ।

उमा गौतम आचार्यले **शिवगोपाल रिसालको खण्डकाव्यकारिता** (शोधपत्र, २०५४) स्नातकोत्तर तह एम.ए. दोस्रो वर्ष, आठौँ पत्रको प्रयोजनका लागि प्रस्तुत शोधपत्रमा खण्डकाव्यहरूको चर्चा गर्दै उनका खण्डकाव्यमा निहित जीवनदृष्टि, सामाजिकता र सन्देशहरूको चर्चा गरेकी छिन् ।

शरत्कुमार भट्टराईले **प्रेमदेखि परमात्मासम्म विचरण गर्दा** (२०६७ द्वि.सं.) भन्ने निबन्ध सङ्ग्रहको भूमिकामा आदरणीय दाजु प्रा. शिवगोपाल रिसालज्यूका यी सारगर्भित लेखहरू पढेपछि ग्रीसका प्राचीन दार्शनिक सोक्रेटस्ले भन्नुभएको "म मेरा समकालीनहरूमा सबैभन्दा बुद्धिमान् हुँ, किनभने मैले केही पनि जानेको छैन भनेर जानेको छु ।" भन्ने सम्झना गराएको र यसले सबैलाई आध्यात्मिक ज्ञान प्रदान गर्न सक्ने कुरा भनी उनको क्षमताको मूल्याङ्कन गरेका छन् ।

स्वामी रामानन्द गिरीले **प्रा. शिवगोपाल रिसाल र प्रेमदेखि परमात्मासम्म** (२०६७ द्वि.सं.) निबन्ध सङ्ग्रहको विचारमा **लामो समयदेखि नेपाली भाषा र साहित्यको प्राध्यापन गरी सेवा निवृत्त भएर पनि युवा जोश र जाँगरका साथ नेपाली साहित्य र पूर्वीय अध्यात्म साहित्य एवं वेदान्त दर्शनका क्षेत्रमा अध्यापन तथा लेखनबाट पुऱ्याउनुभएको उहाँको योगदान अमापनीय छ** भनी उनको योगदानको मूल्याङ्कन गरेका छन् ।

पम्फा पौडेलले **शिवगोपाल रिसालको आमा शोककाव्यको अध्ययन** (शोधपत्र, २०६८) स्नातकोत्तर तह एम.ए. दोस्रो वर्ष, दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत शोधपत्रमा धार्मिक अध्यात्मवादी साहित्यकार शिवगोपाल रिसालको काव्यमा नैतिक सन्देश, राष्ट्रप्रेम, भाषाप्रेम र सुधारात्मक सन्देश भएको भन्दै शोककाव्य **आमा**ले हिन्दू धर्म संस्कृतिको साथै पूर्वीय काव्य मान्यतालाई प्राथमिकता दिएको र आमाको महिमा अन्य वस्तुसँग अतुलनीय रहेको कुरा गरेकी छिन् ।

यसरी रिसालको **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहको अध्ययन विश्लेषणबाट साहित्यका क्षेत्रमा रिसालको निबन्धकारितालाई चिनाउनुका साथै आगामी पिँढीलाई उनको बारेमा अध्ययन अनुसन्धान गर्न सहयोग पुग्ने देखिन्छ । **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहका बारेमा हालसम्म सामान्य परिचयबाहेक सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन अनुसन्धान र विश्लेषण हुन नसकेको अवस्थामा यस दार्शनिक निबन्ध सङ्ग्रहको बारेमा सर्वप्रथम व्यवस्थित र समग्ररूपमा गरिएको अध्ययन, अनुसन्धान स्वतः उपयोगी सावित भएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

यस शोधपत्रमार्फत साहित्यकार शिवगोपाल रिसाललाई नेपाली साहित्यजगत्मा दार्शनिक निबन्धकारको रूपमा चिनाउने प्रयास गरिएको छ । रिसाल बहुमुखी प्रतिभा भएका महान् व्यक्तित्व हुन् । अध्ययन तथा सृजनाकारमा सफल रिसाल प्राध्यापन सेवा कालमा पनि आफ्नो कार्यक्षमताले त्यत्ति नै ख्याति एवम् प्रसिद्धि कमाउन सफल प्राध्यापक हुन् । अहिलेसम्म भएका अध्ययन, अनुसन्धानलाई हेर्दा उनका केही कृतिहरू तथा जीवनी, व्यक्तित्व, कृतित्व खण्डकाव्यकारिता र कृतिमा शोधपत्र तयार गरिएको पाइएको छ ।

रिसालको **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहको अध्ययन विश्लेषणबाट साहित्यका क्षेत्रमा रिसालको निबन्धकारितालाई चिनाउनुका साथै आगामी पिँढीलाई उनको बारेमा अध्ययन अनुसन्धान गर्न सहयोग पुग्ने देखिन्छ । **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहका बारेमा हालसम्म सामान्य परिचयबाहेक सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन अनुसन्धान र विश्लेषण हुन नसकेको अवस्थामा यस दार्शनिक निबन्ध सङ्ग्रहको बारेमा सर्वप्रथम व्यवस्थित र समग्ररूपमा गरिएको अध्ययन र अनुसन्धान स्वतः औचित्यपूर्ण भएको छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

यस शोधपत्रको अध्ययन साहित्यकार शिवगोपाल रिसालको **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहको समग्र अध्ययनमा आधारित भएको हुनाले यो साहित्यिक क्षेत्रसँग सम्बन्धित रहेको छ । यसमा उनको दार्शनिक निबन्ध सङ्ग्रह **सुख कहाँ छ** ? को अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको हुनाले तिनै पक्षको अध्ययनमा मात्र शोधकार्य सीमित गरिएको छ ।

## १.७ सामग्री सङ्कलनविधि

**सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहको अध्ययनका क्रममा प्राप्त गरिएका सामग्रीलाई शोधकार्य गर्दा साहित्यकार शिवगोपाल रिसालका कृतिहरूको अध्ययनलाई नै सामग्री सङ्कलन विधिको मुख्य माध्यम बनाइएको छ तथा आवश्यकताअनुसार प्रश्नोत्तर विधिको पनि प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

साहित्यकार शिवगोपाल रिसालको **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रहको अध्ययनका क्रममा सबै तथ्य र सूचनाहरूलाई संयोजित गर्दै अगाडि बढिएको छ । पुस्तकालय अध्ययन विधि र अन्तर्वार्ताको समेत प्रयोग गरी विवरणात्मक तथा विश्लेषणात्मक पद्धति अँगालिएको छ । यसका साथै रिसालको **सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रह अध्ययनको क्रममा निबन्ध सिद्धान्त, मान्यता, प्रणालीका कसीमा रहेर शोध कार्य सम्पन्न गरिएको छ ।

## १.९ शोधको रूपरेखा

यस शोधकार्यको रूपरेखा वा ढाँचा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : निबन्धको अवधारणा र नेपाली निबन्धको ऐतिहासिक अध्ययन

अध्याय तीन : शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व र निबन्ध यात्रा

अध्याय चार : शिवगोपाल रिसालको **सुख कहाँ छ** ? निबन्ध सङ्ग्रहको अध्ययन

अध्याय पाँच : शिवगोपाल रिसालको निबन्धकारिताको मूल्याङ्कन

अध्याय छ : उपसंहार तथा निष्कर्ष

# अध्याय दुई
## निबन्धको अवधारणा र नेपाली निबन्धको अध्ययन

### २.१ निबन्धको सैद्धान्तिक स्वरूप
#### २.१.१ पृष्ठभूमि
साहित्यिक विधामा कान्छो मानिएको विधा निबन्ध हो । पश्चिमी साहित्यबाट नेपाली साहित्यमा भित्रिएको यो विधालाई सामान्यतया स्रष्टाको विचार प्रस्तुत गर्ने विधाको रूपमा पनि लिन सकिन्छ । आत्मपरक र वस्तुपरक नामले यसका सामान्य दुई किसिम मानिने भए पनि यसको आकार प्रकार, स्वरूप, शैली, भाषा आदिदेखि लिएर परिभाषासम्म विभिन्न विद्वानहरूको आ-आफ्नै मत रहेको छ । समग्रमा यो एउटा अभिव्यक्तिको ससक्त माध्यम भएर अगाडि आएको छ ।

#### २.१.२ निबन्धको उत्पत्ति र अर्थ
आदिकालका साहित्यका दुई रूप गद्य र पद्य विधा हुन् । श्रव्य र दृश्यकाव्यका रूपमा पनि विभाजित थिए । गद्यका उपरूप पाठ्य र अभिनेय अनि पद्यका गेय र अभिनेय हुन् । आख्यान र कविता सुनेर वा पढेर ग्रहण गरिन्थे । नाटक र नाटिकाहरू अभिनय र हेरेर ग्रहण गरिन्थे । माथिका रूप-उपरूपका आधारमा सृजनाको स्वरूपचाहिँ तय नभएको देखिन्छ ।

गद्य विधा सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण, संरक्षण तथा सुपठनको वातावरण तयार भएपछि साहित्यमा निबन्ध छुट्टै विधाको रूपमा सृजना भएको हो । यस हिसाबले विश्वसाहित्यको कान्छो विधा निबन्ध हो । यसैले नेपाली साहित्यमा पनि यो कान्छो भाइ हो ।

निबन्ध **नि** उपसर्ग लागेको **बन्ध** धातुमा **धञ्** प्रत्यय लागेर बनेको व्यूत्पन्न शब्द हो ।[९] यसको अर्थ निःशेष हिसाबले बाँध्ने काम गर्नु हो । भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्ग्रहित गर्नु र निजात्मक अभिव्यक्ति दिनु भन्ने मूल आशय हो निबन्धको । संस्कृत व्याकरणका आधारमा निबन्ध शब्दको पहिचान भए पनि संस्कृत साहित्यमा निबन्ध रचना भएको पाइँदैन ।

पाश्चात्य साहित्यमा निबन्ध फ्रान्सबाट सुरु भएको हो । फ्रान्सका मिचेल डि मोन्तेनले सोह्रौं शताब्दीमा पहिलोपल्ट निबन्ध सृजना गरेका हुन् । यसलाई ग्रीसेलीमा एसाइज (Essais), अङ्ग्रेजीमा एस्से (Essay) र नेपालीमा निबन्ध सम्बोधन गरी अर्थ्याइयो ।[१०] एस्सेको अर्थ प्रयत्न र निबन्धको अर्थ जमर्को भन्ने हुन्छ । यस अवधारणाका आधारमा पश्चिममा प्रचलित केही मान्यताहरूको प्रस्तुत यसरी गर्नु उपयुक्त हुन्छ ।

स्रष्टाको विशेष मनोदशामा सृजना हुने सङ्क्षिप्त आयतन निबन्ध हो । यो अपूर्णता र पूर्णताको सङ्गम बिन्दुमा अडेको हुन्छ । यो अपूर्णतामा पूर्णताको अन्वेषण गर्ने प्रयास हो । यस हिसाबले सूक्ष्म आयतन तर विराटता प्रतिबिम्बित हुने रचना विधा निबन्ध हो । रचनाकारको यस्तै वैशिष्ट्यले निबन्धका पारखीलाई आत्मीय बनाएको हुन्छ । पाठक वा अनुरागीहरू निसर्त आकर्षित हुन्छन्, आत्मीय बन्छन् र निबन्धका माध्यमबाट लेखकका संवेदना स्तरसम्म पूर्णरूपले यात्रा गर्दछन् । लेखकको लेखनसँग सामेल भएर अनि सबै निजी भावनाको अस्तित्व विलयन

---
९. वामन शिवराम आप्टे, पूर्ववत्, पृ. ५२७ ।

१०. गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, बा.सं.(काठमाडौं : रत्न पुस्तक भण्डार, २०५८), पृ. ६ ।

गरेर एकाकार हुन्छन् पाठक । यसरी लेखकको बौद्धिक चातुर्यता, पाण्डित्यपूर्ण विचार अनि भावनाको सागरमा पाठकलाई आस्वादन गराउनु निबन्धको उद्देश्य हो । निबन्धको उद्देश्यका हिसाबले बुँदागत अर्थ यस्ता छन् :

१. चिन्तन अथवा भावनामा ताछिएका भावहरू कृतिको रूपमा प्रस्तुत हुनु,
२. आत्मपरक शैलीले भाषिक कलाकृति बनेर लघु आकारमा प्रस्तुत हुनु,
३. गैर अनुसन्धानमूलक र स्वतन्त्र लेखन देखिनु,
४. वैयक्तिक भाव प्रेषण एवं पाठकसँग निकट राख्न सक्ने देखिनु,
५. विशेष मनोदशामा लेखिए पनि सामान्य स्थिति प्रतिपादित हुनु,
६. पाठकले लेखकका कथनप्रति निसर्त समर्थन गर्नु र
७. लघु कलेबरभित्र विराट चिन्तनको स्थापना हुनु ।[११]

साहित्यमा गद्य विधाको निजात्मक अभिव्यक्तिलाई प्रस्तुत गरिदिनु पर्ने कुराको थालनी सोह्रौं शताब्दीदेखि नै भएको हो तर निबन्धगत अवधारणाको पूर्व झल्को ईशापूर्वमै भएको पाउन सकिन्छ । त्यसबेला प्लेटो र अरस्तूले दिएको सम्भाषणहरू, होरेस र लोन्जाइनसका लेखनले दिएका सन्देशहरू यसका दृष्टान्त हुन् । यसको सचेत लेखन कार्य भने फ्रान्सका मिचेल डि मोन्तेन र ब्रिटेनका फ्रान्सिस बेकनको आगमनपछि मात्र आरम्भ भएको हो । पूर्वमा माधवी र मैत्रेयीका प्रवचन, शङ्कराचार्य, याज्ञवल्क्य र दण्डी, बाणभट्ट र आनन्दवर्द्धनसमेतका शास्त्रीय गद्यमा निबन्धको छनक पाइन्छ । आधुनिक परिभाषाले माथि उल्लिखित गद्यलाई समेट्न सक्दैन तर बङ्गसाहित्यका बाबु गुलाब राय, हिन्दी साहित्यका भारतेन्दु हरिश्चन्द्र र हजारीप्रसाद द्विवेदी र नेपाली साहित्यका शम्भुप्रसाद ढुङ्गेल र वेदनिधि शर्माहरूको प्रयत्नले आधुनिक परिभाषा समेटी उपयुक्त ढङ्गले सृजना हुन लागेको तथ्य पाइन्छ ।[१२] यसका लागि सम्बन्धित सामाग्रीहरूको अध्ययनबाट पुष्टि गर्न सकिन्छ ।

निबन्धका प्रथम प्रणेता फ्रान्सका मिचेल डि मोन्तेन ( १५३३ - १५९१ ) हुन भन्ने कुरा माथि आइसकेको छ । उनले सन् १५७१ पछि आफ्नो जीवनकालको बाँकी दुई दशकको समयलाई निबन्ध चिन्तनमा प्रयोग गरेका हुन् । उनमा ईशापूर्व प्रथम शताब्दीका आचारशास्त्री प्लुटार्कका **मोरालिया र सिनेका** जस्ता कृतिहरूबाट प्रेरणा पलाएको थियो । यिनका एसाइज नामक दुई ग्रन्थ पछिल्लो पटक सन १५८० मा पाठक जगत्मा आएका हुन् । निबन्ध बारेको चिन्तन र निबन्धसमेत सङ्ग्रहित भएका उनका यी पुस्तकहरू एकै वर्ष प्रकाशित भएका हुन् । उनको कृतिहरूलाई अङ्ग्रेजीमा अनुवाद गर्ने काम इटालीबाट शरणार्थी भई बेलायतमा बसोबास गरेका जोन फ्लोरियोले गरेका हुन् । मोन्तेनका यी पुस्तकभित्र **लेखकबाट पाठकलाई सम्बोधन** नामक निबन्ध पनि समावेश भएको छ । यस निबन्धमा मोन्तेनले 'मेरो इच्छा हुन्छ निबन्धमा आडम्बर सहज र साधारण तरिकाले म स्वयं रूपायित होऊँ । त्यसमा कुनै किसिमका वाक्पटुता वा कलात्मकता सजाउन चाहन्नँ । मेरा निबन्धको विषय म नै हुँ' भनेका छन् । यसबाट स्पष्ट हुने कुरा निबन्धको विषय निजी धारणाबाट आर्जित वैयक्तिक अनुभूतिको प्रकटीकरण हो भन्ने हो । निबन्धकारले नजिकबाट सबैभन्दा बढ्ता चिनेको विषयवस्तु भनेको स्वयं स्रष्टा हो । निबन्धका बारेमा उचित सर्वप्रथम टिप्पणी गर्ने समीक्षक पनि मोन्तेन हुन अनि निजात्मक वा आत्मपरक निबन्धका स्रष्टा पनि उनै हुन् । उनको आत्मस्वीकृति यस्तो छ- "मेरा

११. राजेन्द्र सुवेदी, (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध भाग ३**, ते.सं.(काठमाडौँःपाठ्य सामाग्री पसल,२०५६),पृ. २ ।
१२. ऐजन, पृ. ३ ।

निबन्धहरू म स्वयंको अन्तरात्मा अरू पाठकसामु पुऱ्याउने प्रयत्न मात्र हुन् । यिनमा मेरै विचार र कल्पनाभन्दा बाहेक कुनै नयाँ खोज र अन्वेषण केही छैन ।"[१३]

निबन्ध सहज र सरल ढङ्गको रचना हो भन्ने धारणा मोन्तेनको छ । निजी अनुभूतिलाई निष्कपटपूर्ण ढङ्गले पाठक समक्ष सम्प्रेषण गर्न गरिने प्रयत्नलाई निबन्ध ठानिएकाले उनी आफ्नो तर्क र बौद्धिकता आदेश र आग्रह कसैमाथि नथोपरिकन प्रस्तुत हुन चाहन्छन् । पाठकसँग निश्चल ढङ्गले आफ्नो हृदय खोलेर देखाउने काम गरेका छन् । सर एडमण्ड गुसले मोन्तेनका निबन्धबारे यसो भनेका छन् -"मोन्तेनले सङ्क्षिप्त र अनियमित रूपमा निबन्ध सृजना गर्ने परम्पराको शुरुवात् गरे, साथै उनले सामान्य लेखकले लेख्ने प्रक्रियाभन्दा विशिष्ट किसिमको पद्धति आत्मसात् गरेका छन् ।"[१४] यी कथनबाट निबन्धगत धारणाहरू स्पष्ट हुन्छन् । तिनका अवस्थाहरू के कस्तो रूपमा स्थापित भएका छन् त भन्ने कुरा पनि प्रकट गर्न निम्न तत्त्वहरू छन् : -

१. निबन्धकारले आफ्ना निबन्धमा **स्व**को प्रकटीकरण गर्दछ ।
२. निबन्धकार आफ्ना पाठकहरूसँग निकट आत्मीयता स्थापित गर्दछ ।
३. निबन्धकार निबन्धद्वारा कुनै उपदेश वा शिक्षा नदिई आत्मीयता मात्र प्रकट गर्दछ ।
४. निबन्धकार निबन्धको विषय आफैँलाई बनाएर प्रस्तुत गर्दछ ।[१५]

यसरी मोन्तेनको निबन्धगत चिन्तन प्रकटमा आएपछि यसले पनि विधागत मान्यता प्राप्त गर्दै गएर आत्मपरक मान्यता आर्जन गऱ्यो । यस मान्यतालाई सार्वजनिक गरी जगत्मा ल्याउने फ्रान्सेली भाषाको कृति एसाइज (Essais) प्रकाशित भएको १७ वर्षपछि बेलायतका चिन्तक तथा स्रष्टा फ्रान्सिस बेकनको कृति सन् १५९७ मा अङ्ग्रेजी भाषामा प्रकाशित भयो । फ्रान्सिस बेकन (१५६१-१६२६) को पहिलो निबन्ध सङ्ग्रह (Essays)को पहिलो भाग सन् १५९७ मा प्रकाशित भयो । यसै वर्ष **धार्मिक चिन्तन** अर्थात रिलिजियस मेडिटेशन नामक कृति पनि प्रकाशनमा आयो ।[१६]

मोन्तेनपछि निबन्धको बारेमा चर्चा र टिप्पणी गर्ने व्यक्ति फ्रान्सिस बेकन भएको कुरा माथि प्रस्तुत गरियो । उनी ख्यातिप्राप्त चिन्तक र विचारक व्यक्ति थिए । यिनका निबन्धहरू दर्शन र भौतिक विज्ञानका केन्द्रमा आधारित हुन्थे । विचारको तार्किकता र शैलीको परिपक्वता निबन्धगत वैशिष्ट्य बनेका बेकनका लेखनले सन्दर्भसङ्गत, सुगठित एवं सुश्रृङ्खलित निबन्ध लेखनको परम्परा आरम्भ गरिदियो । उनका निबन्धहरू बौद्धिक र पाण्डित्यपूर्ण चिन्तनमा केन्द्रित थिए र विषयवस्तुको साङ्गोपाङ्गो प्रस्तुति नै यिनको मूल ध्येय थियो । निबन्धलाई छिरलिएको श्रृङ्खलाविहिन चिन्तन भनी बेकनले परिचय गराएका छन् । बेकनका निबन्धहरू समासयुक्त शैलीमा चिन्तनका सूत्रहरू प्रकट गर्ने साधन बनेका छन् । उनको प्रस्तुति नितान्त वस्तुगत र वैज्ञानिक चिन्तनयुक्त हुन्छ । अध्ययनले मान्छेमा पूर्णता प्राप्त हुन्छ भन्ने उक्तिबाट बेकन नितान्त वस्तुवादी र तर्कप्रधान लेखक हुन् भन्ने कुरा सिद्ध हुन आउँछ ।

मोन्तेनबाट आरम्भ भएको पाश्चात्य निबन्ध परम्परामा बेकनको लेखनले नयाँ मोडको सूत्रपात गरेको छ । मोन्तेनको आत्मकेन्द्री निबन्ध सृजनालाई उल्टाएर वस्तुकेन्द्री रूप दिने श्रेय

---

१३. ऐजन, पृ. ३ ।
१४. ऐजन, पृ. ३ ।
१५. ऐजन, पृ. ३ ।
१६. ऐजन, पृ. ४ ।

पहिलोपल्ट बेकनलाई जान्छ । उनका निबन्ध छोटा छन् । सूत्रात्मक छन् र बौद्धिक छन् । निबन्ध शीर्षक पनि उनले त्यस्तै सूत्रात्मक छानेका हुन्छन् जस्तै : **सत्य, प्रतिशोध र मृत्यु** । त्यसकारण के भनिन्छ भने बेकन मोन्तेनको सापेक्षतामा एकदमै विपरीतधर्मी निबन्धका स्रष्टा हुन् । समीक्षक हड्सनको टिप्पणी यस्तो छ - 'बेकनका निबन्धहरू घनीभूत ज्ञानका ठेलीहरू हुन् । यिनमा विचारको सहज अभिव्यक्ति हुन्छ ।'[१७]

बेकनको कथनको निष्कर्ष यसप्रकार हुन आउँछ : -

(क) आयतन छोटो हुनुपर्छ ।

(ख) बेस र सुगठित विचारसँग सम्बन्धित हुनुपर्छ ।

(ग) दर्शन र ज्ञानविज्ञानका पक्षहरू प्रकट गर्नुपर्छ ।

(घ) विकीर्ण चिन्तनलाई शृङ्खलीकरण गर्न प्रयत्न गर्नुपर्छ ।

छोटकरीमा निबन्ध लेखन दुई प्रकारको हुन्छ :

(क) आफ्ना अनुभूति र टिप्पणी मिसाएर लेखिने आत्मपरक (निजात्मक) निबन्ध; यो मोन्तेनको परम्पराको निबन्ध लेखन हो ।

(ख) आफू अलग्गै तटस्थ बसेर विषयको मात्र नालीबेली दिने विषयपरक (परात्मक) निबन्ध; यो बेकनको परम्पराको निबन्ध लेखन हो ।

## २.१.३ निबन्धको परिभाषा

निबन्ध विधाको जन्म फ्रान्समा भए पनि यसको विकास भने पछि गएर बेलायत, अमेरिका आदि मुलुकमा भएको हो । त्यसो हुनाले निबन्धको परिभाषाका लागि पनि पश्चिममा नै पुग्नुपर्ने हुन्छ । पाश्चात्य विद्वानका निबन्धगत केही परिभाषा तल दिइएका छन् -

**मोन्तेन**ले "निबन्ध एक प्रकारको आत्मप्रकाशनको प्रयत्न हो" भनेर निबन्ध बारे भनेका छन् ।[१८] आफ्नो निबन्धको विषयवस्तु आफैंलाई सम्झने मोन्तेन निबन्धमा कुनै आडम्बरको पक्ष लिँदैनन् । यिनी निश्छल स्वप्रकाशनमा जोड दिन्छन् । त्यसैले मोन्तेन निबन्ध विधाका पहिला निबन्धकार हुन् ।

**बेकन**- अङ्ग्रेजी साहित्यका प्रथम निबन्धकार फ्रान्सिस बेकन हुन् । यिनले निबन्धलाई 'छरिएको वा छिरलिएको चिन्तन' भनेका छन् ।[१९] बेकन विषयकेन्द्री परात्मक र पाण्डित्यपूर्ण निबन्धका पक्षपाती छन् ।

**डा. जोन्सन**- अङ्ग्रेजी साहित्यका निबन्धकार डा. जोन्सन (१७०९-१७८४) गम्भीर शैलीमा बृहत् आकारका निबन्धका लेखक हुन् । यिनले निबन्धलाई यसरी परिभाषित गरेका छन्- "निबन्ध भनेको मनको उन्मुक्त विचरण हो । यो त्यस्तो अनियमित र अपरिपक्व रचना हो जसमा कुनै नियम क्रम रहँदैन ।"[२०]

१७. ऐजन, पृ. ४ ।

१८. गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १२ ।

१९. ऐजन, पृ. १२ ।

२०. ऐजन, पृ. ६ ।

**जोहन मरे-** मरे (१८३७-१८९५) ले डा. जोन्सनको शब्दकोशलाई पुनः सम्पादन गरे । यस क्रममा जोन्सनले गरेका अभिशप्त परिभाषालाई मुक्त गर्दै यसरी परिभाषित गरे- "कुनै एक निश्चित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखेको रचना निबन्ध हो ।"[२१]

**जर्ज क्र्याब** (१७५४-१८३२) अङ्ग्रेजी साहित्यका समीक्षक हुन् । उनले निबन्धलाई ज्यादै उपेक्षित र स्तरहीन रचनाका रूपमा लिएका छन् । उनका कथनअनुसार 'निबन्ध प्रतिभा र क्षमताको अभाव भएका रचनाकारको सस्तो सृजनकार्य हो । जसको न अनुसन्धानमा केही क्षमता छ न त प्रतिभा र क्षमता छ त्यस्ता रचनाकारको सस्तो सृजन कार्य हो । जसको न विद्वत्ता छ न त चिन्तनको स्तर छ- त्यस्ता लेखकले गर्ने प्रयोजनहीन गफ मात्र हो ।'[२२]

**सेन्टब्यूभ-** फ्रान्सेली साहित्यका समीक्षाशास्त्री तथा निबन्ध स्रष्टा सेन्टब्यूभ (१८०४-१८६९)ले निबन्धलाई यसरी परिभाषित गर्ने प्रयत्न गरे- "निबन्ध निकै श्रमसाध्य विधा हो ।"[२३]

**अलेक्जेण्डर स्मिथ-** निबन्धलाई विशिष्ट किसिमको रचनाविशेष भएको कुरा यसरी सिद्ध गरेका छन्- निबन्ध भनेको गीतिकाव्यसँग दाँजिन सक्ने, स्वरूप र संरचनामा कोमलता र सम्वेदनशीलता रहने विशेष विधा हो ।[२४]

**विलियम हेन्री हड्सन-** अङ्ग्रेजी साहित्यको इतिहासका प्रणेता हड्सन (१८४१-१९२२)ले निबन्धको सिधै परिभाषा नगरे पनि निबन्धका बारेमा 'विषयवस्तु जे जस्तो भए पनि निबन्धको क्षेत्र अत्यन्त विस्तृत र असीमित छ र निबन्ध व्यक्तिपरक नै हुनुपर्छ । यो आत्माभिव्यक्तिको एउटा साहित्यिक साधन हो । अतः यो व्यक्तिपरक नै हुन्छ' भनेका छन् ।[२५]

निबन्धका बारेमा क्र्याब र मरेहरूले औँल्याएका परिभाषालाई निष्कर्ष बनाएर हड्सनले तर्कपूर्ण रूपमा आफ्नो मत स्थापना गरे । यसै अभिमतलाई केन्द्र मानेर अङ्ग्रेजी निबन्धका उत्तरवर्ती चिन्तकहरूले पनि निबन्ध सम्बन्धी चिन्तन स्थापना गर्न प्रयत्न गरे । यी प्रयत्नबाट निबन्ध शिष्ट र गरिमायुक्त विधा विशेष हो र यसका स्रष्टाको सृजनात्मक उच्चता सम्मानयोग्य एवं स्मरणीय हुन्छ भन्ने कुरा पनि सिद्ध हुन पुग्यो । यी सबै तथ्यलाई दृष्टि दिएर आफ्नो अभिमत राख्ने परिभाषाकारहरूमा निबन्धकार **रबर्ट लिण्ड** (१८७१-१९४९) उल्लेखनीय मानिन्छन् । उनको मत यस्तो छ- "निबन्ध भनेको स्मित मनोदशाको ज्ञान र सामान्य अवस्थाको मधुर अभिव्यक्ति हो ।"[२६] यसबाट निबन्ध भनेको अपरिभाष्य एवं विशेष प्रकारको रचना हो भन्ने कुरा प्रमाणित हुन्छ ।

**जे.बि. प्रिस्टली-** निबन्धकारलाई विषयवस्तुको अभाव हुँदैन । जुनसुकै विषयवस्तुलाई पनि

२१. ऐजन, पृ. ६ ।
२२. ऐजन, पृ. १३ ।
२३. सम्पा. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५ ।
२४. ऐजन, पृ. ५ ।
२५. ऐजन, पृ. ५ ।
२६. ऐजन, पृ. ६ ।

सरक्क विषयवस्तुका रूपमा उतार्न सक्छ । आफ्नो वा कसैको विषयलाई केन्द्र बनाएर कुरा गर्नु निबन्ध हो । यसरी निजात्मक विषयमा बहकिनु अथवा वस्तु र आफूबीचका सम्बन्धलाई व्यक्त गर्नु निबन्ध हो भन्ने धारणा प्रिस्टलीमा पाइन्छ । [२७]

**जे.डब्ल्यू. मेरेट**को कथन के छ भने-'असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो । यो प्रफुल्ल हृदयले, व्यक्तिवादी प्रकारले प्रस्तुत गर्ने प्रयत्न गरिएको रचना हो । यसले पनि रचनाकारलाई आत्मपरक स्रष्टाको रूपमा प्रस्तुत गरिरहेको हुन्छ ।'[२८]

**ह्यूवाकर**- निबन्धकार ह्यूवाकरले आफ्नै विचार यसरी प्रस्तुत गरेका छन्- "हलुका पारा तथा असल ढङ्ग र लेखक तथा पाठकमाझको विश्वस्त सम्बन्ध रहेको निबन्ध आदर्श निबन्ध हो ।" निबन्धको बारेमा यिनको थप भनाइ के छ भने- "तारादेखि धूलोसम्म र अमिवादेखि मानवसम्म निबन्धको विषय हुन सक्छ ।"[२९]

**अर्नेष्टरिज**- अर्नेष्टले **अङ्ग्रेजी निबन्धको एक शतक** नामक ग्रन्थमा निबन्धको परिचयबारे टिप्पणी गरेका छन्- "निबन्धको लेखाइ, बातचित गराइ र व्यवहार गराइका बीचमा सुहाउने हुनुपर्दछ । निबन्ध अन्य गुणहरूमध्ये मनोरञ्जकता, सुपाठ्यता र सङ्क्षिप्तताका साथै आनन्ददायी गुणहरू पनि पर्दछन् ।" स्पष्ट रूपमा आदर्श र औपदेशिक गुणको भारले किचिनु हुँदैन भन्ने धारणा पनि निर्भीकतापूर्वक राख्ने काम निजबाट भएको छ । [३०]

**डब्ल्यू. इ. विलियम्स**- विलियम्सले आफूले तयार गरेको **अ बुक अफ एस्सेज** नामक कृतिमा निबन्धको संरचना बारेमा निकै गम्भीरतापूर्वक आफ्नो अभिमत राखेका छन् । उनको अभिमत यस्तो छ- "निबन्धकारले आफ्ना भनाइ पुष्टि गर्न यदाकदा अन्य प्रसङ्गहरूको पनि सहायता लिन सक्छ । कहिले ऊ उपन्यासकारझैँ पात्रहरूको निर्माण गर्न सक्छ । तर उसको मुख्य उद्देश्य कथा भन्नु होइन । निबन्धकारको प्रमुख जिम्मेदारी भनेको सामाजिक, दार्शनिक, समीक्षक अथवा व्याख्याकारको जस्तै अर्थात् तिनकै समानार्थी भएर देखा पर्नु हो ।" यस भनाइको छोटकरी आशय "निबन्ध गद्य रचनाको एक प्रकार हो जुन धेरै सानो हुन्छ र त्यसमा वर्णनमात्र हुँदैन" भन्ने हो । [३१]

**द कन्साइन्स अक्सफोर्ड इङ्गलिस लिटरेचर**- निबन्ध साधारणतया एउटा छोटो गद्य रचना हो जसमा लेखकको विषयको विशेष ज्ञान प्रतिबिम्बित भएको हुन्छ । [३२]

यसरी उन्नाईसौँ शताब्दीको आधाउधी समय नबित्दै निबन्ध विश्वसाहित्यको उत्कर्ष स्थितिमा आरोहित भइसकेको अवस्थामा देखा पर्दछ । यसको प्रभाव उपमहाद्वीपसम्म पनि

२७. ऐजन, पृ. ६ ।
२८. ऐजन, पृ. ७ ।
२९. ऐजन, पृ. ७ ।
३०. ऐजन, पृ. ७ ।
३१. ऐजन, पृ. ७ ।
३२. ऐजन, पृ. ७ ।

देखापर्न पुग्दछ । बाङ्गला र हिन्दी साहित्यमा पनि निबन्ध सृजना र चिन्तन प्रबल बन्दै गएको देख्न पाइन्छ । यस सन्दर्भमा हिन्दीमा पनि निबन्धलाई परिभाषित गर्ने काम भएको छ । त्यस्तो चिन्तन मनन गर्ने विद्वानहरूमा आचार्य रामचन्द्र र रायलाई प्रतिस्थापित गर्न सकिन्छ ।

**आचार्य रामचन्द्र शुक्ल-** निबन्धमा वैयक्तिक विशेषताका निमित्त र त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञात वा अज्ञात रूपले होस् विशृङ्खलित भने हुन दिनु हुन्न । भाव प्रवाहको विचित्रता देखाउनका निमित्त अनुभूतिका स्वाभाविक वा लोकमान्यहरूसँग कुनै सम्बन्ध नै राख्नु वा भाषासित प्रश्नहरूको जस्तै व्यायामिक वा हठयोगीहरूले झैं आसन साधन गराइरहनु हुँदैन ।[३३]

**बाबु गुलाब राय-**'निबन्ध त्यस प्रकारको रचना हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, त्यस्तै सङ्गति र सुसम्बद्धतापूर्वक भएको प्रस्तुतिकरण निबन्धमा भएको हुन्छ ।'[३४] यस किसिमको परिभाषा गुलाब रायबाट प्रतिपादन भएको छ ।

नेपाली साहित्यमा पनि निबन्धको परिभाषा भएको देख्न पाइन्छ । यस सन्दर्भमा निबन्धको परिभाषा र व्याख्या गर्ने समीक्षकहरूमा केही व्यक्तिहरूको नाम पनि उल्लेख गर्नु उपयुक्त हुन्छ ।

**लक्ष्मीप्रसाद देवकोटा-** लक्ष्मी निबन्ध सङ्ग्रहको सम्पादनको क्रममा उनले यसरी आफ्नो अभिमत प्रकट गरेका छन् -"यो रौंचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्तबदमास ठिटो हो जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन । ......त्यो (निबन्ध) टेबिल गफ मात्र हो, शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ......यहाँ एउटा रसिलो, हाँसिलो, गफाडी, चुट्किलो कुराकानी छ । जसको नाम प्रबन्ध (निबन्ध) हो ।"[३५]

**डा. ईश्वर बराल-** "निबन्ध एक किसिमको कुरा गराइ हो । यो हो लेखकका मनमा भावनाहरूलाई स्वगत कथनका रूपमा उद्गारित गराउने विधा विशेष, आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु, आन्तरिक सन्देशलाई फिजाइदिनु मानिसका आद्य सिर्जना हुन् । त्यस्तो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ । मेरा कुरा कसैले सुनिदिऊन् ।"[३६] यसले पनि निबन्धका वैशिष्ट्यलाई अभिव्यक्त गरेको छ ।

**रामलाल अधिकारी-** अधिकारीले निबन्ध अध्ययनका सन्दर्भमा निकै गहकिलो काम गरेका छन् । यस कामका आधारमा र अधिकारी स्वयं पनि निबन्धकार व्यक्तित्व भएका आधारमा निबन्धका परिभाषा सम्बन्धी धारणाहरू उद्धरण गर्नु श्रेयस्कर देखिन आउँछ । उनका कथनमा निबन्ध-

---

३३. ऐजन, पृ. ८ ।

३४. ऐजन, पृ. ८ ।

३५. लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध सङ्ग्रह**, बा.सं, (काठमाडौँ : साझा प्रकाशन, २०४७), भूमिका ।

३६. सम्पा. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ८ ।

"निबन्ध त्यो काव्य विधा हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ, यसमा लेखकले उपदेश नभई आत्म प्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्छ ।"[३७]

**हृदयचन्द्रसिंह प्रधान**- "निबन्धमा लेखकले कलमको पछि-पछि दौडेर मात्र पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नुपर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्ग्य, हाँस्य र ठट्यौलोपन मामुली तबरबाट पोख्दै जानुपर्छ ।"[३८]

**बदरीनाथ भट्टराई**- "निबन्ध सत्यवस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप हो ।" [३९]

**बालकृष्ण पोखरेल**- "सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक, हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।" [४०]

यी सबै परिभाषाबाट के प्रष्ट हुन्छ भने निबन्ध, अनौपचारिक भए पनि आत्मप्रतिपादन, गद्य र कवितात्मक विशेषतामा सम्बद्ध हुन्छ । अन्वितिहीन भनिए पनि आन्तरिक शृङ्खलतामा सम्बद्ध हुन्छ । विचार र भावको, चिन्तन र संवेदनाको समष्टि अभिव्यक्ति निबन्ध हो । आजका नेपाली निबन्धहरू यिनै विशेषताका आधारमा केन्द्रित छन् ।

## २.१.४ निबन्धका तत्त्वहरू

शून्यमा निबन्धको कल्पना गर्न सकिँदैन । त्यसैले निबन्ध-रचनाका पनि केही आधार हुन्छन् र यसका केही आफ्नै सामग्रीहरू छन् । यी सामग्रीहरू निबन्धका तत्त्व हुन् । मूल रूपमा निबन्धका तीन तत्त्व छन्- वस्तु, शैली र उद्देश्य ।

### २.१.४.१ वस्तु

निबन्ध रचनाका लागि वस्तु प्रथम आवश्यक तत्त्व हो । वस्तुतत्त्व निबन्धको प्राण हो र योविना निबन्धको कल्पनासम्म पनि गर्न सकिँदैन । यहाँ वस्तु शब्दले वाह्य सामग्रीलाई लिन खोजिएको होइन । मानव-मस्तिष्क र हृदयसँग सम्बन्धित कुरा यहाँ वस्तु भनेर लिइएका छन् । ती तत्त्व हुन्- बुद्धि तत्त्व र भावतत्त्व ।

बुद्धि मानव-मस्तिष्कको खारिएको प्रतिभा हो । यसमा चिन्तन, विचार, कार्यकारणतर्क, गहिराइ र औचित्य निर्वाह पर्दछन् । माझिएको मस्तिष्क तीव्र बुद्धिले चिन्तन विचार ससक्त र प्रभावकारी हुन्छन् । यसका लागि अध्ययन र अभ्यास पनि जरुरी छ ।

भावतत्त्व निबन्ध रचनाको वस्तुतत्त्वअन्तर्गत आउने अर्को पक्ष हो । यसलाई मानव हृदयको संवेदनशीलताले र अनुभूतिक्षमताले समात्न सकिन्छ । यसमा सुकुमार संवेदना, रागात्मक गाम्भीर्य, ध्वन्यात्मकता र चित्तको तरलता पर्दछन् । कल्पना र दृष्टान्तको आवरणले भावतत्त्वलाई सजाइएको हुन्छ । निजात्मक निबन्धमा यस्ता तत्त्वले प्रशस्त खेल्ने मौका पाउँछ । वास्तवमा बुद्धि र हृदय निबन्धका मूलभूत सामग्री हुन् । राम्रा निबन्धहरूमा यी दुबैको समन्वय कायम गरिएको हुन्छ । त्यसमा पनि भावलाई बुद्धिले उछिन्यो भने निबन्धको स्वरूप नै गुम्ने-

३७. ऐजन, पृ. ९ ।

३८. गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १५ ।

३९. ऐजन, पृ. १५ ।

४०. ऐजन, पृ. १५ ।

खतरा हुन्छ । अर्कोतर्फ, भावमा बुद्धिको रमरम स्पर्शसम्म पनि भएन भने राम्रो गठन हुन सक्दैन र निबन्ध व्यर्थको प्रलाप बन्छ । [४१]

## २.१.४.२ शैली

आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरूछेउ सम्प्रेषण गर्न तैयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ । **शैली भनेको भाव र भाषाको सङ्गमस्थल हो ।** लेखनकार्यका लागि जसरी परिमार्जित भावको आवश्यकता हुन्छ त्यसरी नै परिमार्जित भाषा पनि । भाव र भाषालाई एकै ठाउँ समन्वित गर्ने ढङ्ग शैली हो । शैलीका सृष्टिका लागि भाव र भाषाको तालमेल वा सहसम्बन्ध आवश्यक हुन्छ । दुबैमा कुनै एकको अभाव छ भने त्यहाँ शैलीको प्रश्न नै रहँदैन । अर्कोतर्फ शैलीका लागि निरन्तर प्रवाहका साथै प्रसादगुण पनि प्राय अपेक्षित रहन्छ । क्रम, सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् । राम्रो शैली भए लेखकको हृदयको भाव पाठकको हृदयमा पुग्न सक्छ । असल शैलीमा पाठक लेखकको जञ्जालमा फस्दैन । शैली निकृष्ट भए शब्दको जाल बिछ्याइएको हुन्छ र भाव विशृङ्खल हुनाका साथै अभिव्यक्ति पनि त्रुटिपूर्ण हुन्छ ।

लेखकले आफ्ना रचनामा भरसक शिष्ट र स्तरीय भाषाको प्रयोग गर्नुपर्छ । सार्थक उपयुक्त शब्दहरूको पद-मैत्री र क्रमिक आरोह-अवरोहले शैलीलाई गतिशील बनाएका हुन्छन् । ठाउँ हेरी प्रयोग गरिएका लक्षणा र व्यञ्जनाले पनि गद्यशैलीलाई आकर्षक गराउँदछ । जुन कुरा थोरै कुरामा भन्न सकिन्छ त्यसका लागि शब्दको विस्तार बाहुल्य पनि शैलीको दोष मानिन्छ । यसैगरी शब्द, वाक्यखण्ड एवं वाक्यहरूको परस्पर आकाङ्क्षित र श्रृङ्खलित प्रयोग गर्न पनि त्यत्तिकै आवश्यक हुन्छ ।

भावका दृष्टिले शैली संयत, भावुक र व्यङ्ग्य गरी तीन छन् । संयत शैली भनेको लेखक स्वयं नियन्त्रित हुने र आफ्नो भावुकतालाई छताछुल्ल पोख्न नदिने हो । लेखक भावको नियन्त्रणमा हुँदैन, लेखकको नियन्त्रणमा भाव रहन्छ । यस शैलीले विस्तार-विस्तार पाठकका हृदयमा प्रवेश गरेर उसलाई प्रभावित पार्दछ । भावुक शैली भनेको लेखकको भावुकताका छताछुल्ल पोखाइ हो । यस शैलीमा लेखक कुनै व्यवधानविना आफ्ना कुरा प्रायः अव्यवस्थित रूपले पोखिरहेको हुन्छ । यस शैलीमा लेखक आफूले भनेको कुरामा पूर्ण वा आंशिक सत्यको परवाह राख्दैन । यसका दुई उपभेद छन्- धाराशैली र प्रलापशैली । धाराशैलीमा भावहरूको धारा प्रवाहमय र गतिशील हुन्छ भने प्रलाप शैलीमा नियन्त्रण र तारतम्यको अभाव रहन्छ । व्यङ्ग्य शैली भनेको भावलाई चमत्कारपूर्णढङ्गले भाषामा प्रस्तुत गर्ने शैली हो । भङ्गी र चर्तीकला देखाएर साधारण विषयलाई चकित हुने गरी प्रस्तुत गर्ने ठट्यौली शैली व्यङ्ग्य हो । यस शैलीमा भाव र भाषामाथि लेखकको एकलौटी अधिकार हुन्छ ।

यसैगरी भाषाका दृष्टिले शैलीका दुई रूप छन्- प्रसाद र समास । प्रसाद शैलीमा जुनसुकै कुरा पनि अति साधारण तरिकाले सहज र सरल भाषामा भनिन्छ । यसमा गम्भीर भाव पनि साधारण शब्दमा व्यक्त गरिन्छ । बोध गम्यता यस शैलीको मुख्य लक्ष्य हो । अधिकांश निबन्धकार यसै शैलीमा आफ्ना निबन्ध-रचना प्रस्तुत गर्दछन् । समास शैली भनेको विशिष्ट भाषाको प्रयोग गर्नु हो । यसमा साधारण कुरालाई पनि कठिनभन्दा कठिन वाक्यमा आडम्बरसाथ भनिएको हुन्छ । कठिन शब्द, लामा वाक्य र दुरुह संरचना समास शैलीका अलग

४१. ऐजन, पृ. १९ ।

विशेषता हुन् । यहाँ के बुझ्नुपर्छ भने भाव जटिल भएर शैली जटिल हुने होइन, स्वयं भाषा जेलिएको भएर शैलीमा कठिनता आउने हो ।

केही विद्वानहरू शैली र अभिव्यक्तिलाई पर्यायवाची शब्दका रूपमा लिन्छन् । अभिव्यक्तिका पनि भेद हुन सक्छन् । ती हुन्- आख्यानात्मक वा कथात्मक अभिव्यक्ति, वस्तुपरक या वर्णनात्मक अभिव्यक्ति, आत्मपरक अभिव्यक्ति, भावमय अभिव्यक्ति र तार्किक अभिव्यक्ति ।

### २.१.४.३ उद्देश्य

उद्देश्यविना कुनै काममा पनि अग्रसर हुनसकिन्न । साहित्य-निर्माणको पनि आफ्नो उद्देश्य हुन्छ । मूलतः स्वान्त सुख नै साहित्य रचनाको प्रमुख उद्देश्य वा प्रयोजन रहिआएको छ । यश, अर्थ आदि यसका गौण उद्देश्य हुन् । निबन्ध-रचना पनि साहित्यकै एक विधा भएकोले साहित्य-निर्माणका उद्देश्य छन्- आत्मप्रकाशन र सूचनात्मकता ।

आत्मप्रकाशन भनेको निबन्धकारको **स्व** को प्रकाशन हो । निबन्धमा निजी दृष्टिकोण र अभिव्यक्तिका झिल्काहरू देखिएकै हुन्छन् । त्यसैले निबन्ध व्यक्तित्वको परिचायक हुन्छ र निबन्धकारले यसका माध्यमबाट **स्व** को चिनारी गराउँछ । निबन्ध भनेको निबन्धकारको सोचाइ र अभिव्यक्तिशिल्पको पारख गर्ने कसी पनि हो । निजात्मक निबन्धमा यस खालको प्रक्रिया बढी सक्रिय रहन्छ, त्यसो हुनाले **आत्मप्रकाशन** निबन्धको एक उद्देश्य हो । सूचनात्मकता भनेको जानेबुझेका कुरालाई छोटोछरितो गद्यविद्याबाट अरूछेउ राखिदिने निबन्धात्मक कार्य हो । कुनै नयाँ कुरा, विषय वा सूचनालाई अवगत गराउनका लागि पनि निबन्धको रचना गरिन्छ । सूचना पर्याप्त नहुने भए पनि निबन्धकारले आफ्नो क्षमताको परिधिमा बसेर पाठकसमक्ष भन्ने मित्रवत कुरा निबन्धको सूचनात्मकता हो ।

निबन्धका तत्त्वलाई अर्को कोणबाट पनि व्याख्या-विवेचना गरेको पाइन्छ । ती हुन-

(क) विषय- विषय निबन्धको मेरुदण्ड हो । ह्यूवाकरले भने झैँ निबन्धको विषय तारादेखि धूलोसम्म र अमिवादेखि मानिससम्म हुनसक्छ । वस्तुतः विषय भनेको निबन्धकारको अनुभूति र विचारलाई व्यक्त्याउने माध्यम हो ।

(ख) विषयसँग सम्बन्धित वस्तुतथ्य वा अनुभूति लिने विषय समान भए पनि त्यसलाई व्यक्त गर्ने वस्तुतथ्य वा अनुभूतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यहाँ अनुभूति भनेर लेखकको आत्मअनुभव, चिन्तन र विचारधारालाई लिइएको छ । यस्ता कुरा निबन्धकारले निजात्मक निबन्धहरूमा प्रस्तुत गर्छन् । परात्मक निबन्धमा धेरथोर व्यक्तिसत्ताको आग्रह वा निजी चिन्तनको छाप परेकै हुन्छ ।

(ग) सङ्गठन वा क्रमबद्ध प्रस्तुति- विषय र त्यससँग सम्बन्धित वस्तुतथ्य वा अनुभूतिलाई आपसमा रङ्गाएर सिलसिला मिल्ने गरी शाब्दिक अभिव्यक्ति दिने कौशललाई 'सङ्गठन' वा 'क्रमबद्ध प्रस्तुति' भनिन्छ । यो भनेको निबन्धलेखनको शैली हो । विषय र त्यसबारे हुने अनुभूति कच्चा पदार्थ हुन् अनि त्यसलाई निबन्धको रूपमा ढाल्ने प्रस्तुतिशिल्पचाहिँ निबन्धकारको आफ्नो खुबी हो भन्ने बुझ्नुपर्छ । [४२]

४२. ऐजन, पृ. २० ।

### २.१.५ निबन्धको वर्गीकरण

निबन्धको आद्य रूप फ्रेन्च लेखक मोन्तेनले ठम्याएका हुन् र यसपछि बेलायतका फ्रान्सिस बेकनले निबन्धको अर्को खालको व्याख्या गरेका हुन् । यसरी मोन्तेनको धारणानुकूल निजात्मक वा व्यक्तिनिष्ठ निबन्ध र बेकनको धारणानुकूल परात्मक/विषयनिष्ठ निबन्ध भनी दुई खालको वर्गीकरणको धारा सुरुदेखि नै चल्दै आएको हो । पछि जति-जति निबन्ध-साहित्यको विकास हुँदै गयो उति-उति निबन्धको प्रकृति, स्वरूप र सङ्गठनभित्र पसेर यसको विभाजन तथा वर्गीकरण गर्ने प्रयास भइरहेको छ ।

सरलताका लागि निबन्धको वर्गीकरण दुई आधारमा गर्न सकिन्छ- क) विषयका आधारमा र ख) अभिव्यक्तिका आधारमा ।[४३]

#### २.१.५.१ विषयको आधारमा निबन्धको वर्गीकरण

**अ) विषयनिष्ठ वा परात्मक निबन्ध** : विषयको सेरोफेरोमा घुम्ने निबन्धलाई विषयनिष्ठ निबन्ध भनिन्छ । आफू तटस्थ रहने र विषयवस्तु चिनाउने काम निबन्धकारले गर्छन् । वस्तुसत्यको यथार्थ चित्र प्रस्तुत गर्ने भएकोले यस्ता निबन्धमा 'स्व' टडकारो रूपमा हुँदैन । निबन्धको प्रमुख लक्ष्य सूचनात्मक हुन्छ । विषयवस्तु अवगत गराउनु र वस्तुबोधतर्फ बढी उन्मुख गराउनु परात्मक निबन्धका गुण हुन् । सिकारू लेखकहरूले सुरुमा यस्तै निबन्ध लेख्छन् ।

**आ) विषयीनिष्ठ वा निजात्मक** : विषयी भनेको व्यक्ति हो । व्यक्तिका निजी अनुभव, विचार र विद्वत्ता प्रदर्शन गर्ने निबन्ध विषयीनिष्ठ हुन्छ । निबन्धकार स्वयं चिनिने भएकोले यस्ता निबन्धलाई निजात्मक वा आत्मपरक पनि भनिन्छ । यस्तो निबन्धका लागि वाह्य विषयहरू व्यक्तित्व प्रदर्शनका माध्यम मात्र हुन् । आधार विषय तर व्यक्तित्व प्रदर्शन यसको उद्देश्य हो । यस्ता निबन्धमा निबन्धकारको अनुभवको वर्णन अनि विद्वत्ता प्रदर्शन देख्न पाइन्छ ।

#### २.१.५.२ अभिव्यक्तिका आधारमा निबन्धको वर्गीकरण

**अ) वर्णनात्मक निबन्ध** : कुनै वस्तुतथ्य बारे लेखकको वस्तुपरक दृष्टि स्पष्टसँग पाठकसामु हस्तान्तरण गरिदिनु वर्णनात्मक निबन्ध हो । यस्ता निबन्धमा वस्तु अवगत गराउन निबन्धकारले सरल भाषा प्रयोग गर्दछन् । वर्णनका क्रममा वस्तुलाई सुरुदेखि अन्तसम्म समेट्न सकिन्न तर रेखाचित्रले कुनै आकारको भ्वाप्प आभास दिएजस्तै वस्तुको रूप र स्थितिको समन्वित बोध गराउने काम वर्णनात्मक निबन्धको हुन्छ ।

**आ) विवरणात्मक निबन्ध** : अतीत कालका घटना, यात्रा, मेला, शासनप्रणाली आदिको छोटो र प्रभावकारी वर्णन गर्ने काम विवरणात्मक निबन्धले गर्दछ । यसैले घटनाको सिलसिलेबार क्रम बताउने निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । इतिहास र विवरणात्मक निबन्ध भिन्न कुरा हुन् । तिथिमिति, तथ्य र घटनाक्रमलाई वयान गर्ने काम इतिहासमा हुन्छ भने त्यस्ता घटनाको एक टुक्रा टिपेर निबन्धात्मक सङ्गठन दिने काम विवरणात्मक निबन्धमा हुन्छ । यसमा कल्पना, भावुकता, विद्वता आदिको प्रदर्शनसम्म गर्न सकिन्छ । विवरणात्मक निबन्धको मूल आधारभूमि घटना-वृत्तान्त हो । यसमा निबन्धकारले घटनाको पूर्व सम्बन्ध, त्यसको परिणाम र तत्काल समाजमा परेको प्रतिक्रियाको रोचक तथा सङ्क्षिप्त चर्चा गरेको हुन्छ ।

४३.ऐजन, पृ. २४ ।

**इ) विचारात्मक निबन्ध** : विचारात्मक निबन्धमा विचार वा तर्कहरू दिइएका हुन्छन् । यसको सम्बन्ध बुद्धिसित हुन्छ । अनुभूतिको श्रोत हृदय हो भने विचारको श्रोत बुद्धि हो । यसमा लेखकले विषयको वर्णन गर्दै आफ्नो मत वा सिद्धान्त स्थापित गर्ने प्रयास गरिरहेको हुन्छ । विचारात्मक निबन्ध इतिहास, दर्शन, विज्ञान, साहित्य आदि जुनसुकै क्षेत्रमा पनि रचना गर्न सकिन्छ । यस्ता निबन्धको विशेषता विचारहरूको तारतम्य रोचकता र विषयगत गहनता हुन् ।

**ई) भावात्मक निबन्ध** : वस्तुलाई छोएर त्यसको माध्यमबाट अनुभूतिको कोमल स्पर्श गर्दै हृदय बिछ्याउने काम भावात्मक निबन्धमा हुन्छ । यस्ता निबन्धमा हार्दिकता, संवेदनशीलता र सौकुमार्य प्रयुक्त हुन्छन् । प्रायः लक्षणा र व्यञ्जनाशक्तिको पनि प्रयोग हुनाले पढ्दै जाँदा यसमा काव्यको आस्वाद पनि पाउन सकिन्छ । भावात्मक निबन्धमा कल्पनाको प्रयोग गरिन्छ तर विषय नै दबिने कल्पना भने हुनुहुन्न ।[४४]

### २.१.६ निष्कर्ष

निबन्धको उत्पत्ति र अर्थ, परिभाषा, तत्त्वहरू र वर्गीकरण गरी यिनका विभिन्न पक्षको उजागर गर्ने कार्य यस अध्यायको प्रथम खण्डमा गरिएको छ । अर्थको सम्बन्धमा विभिन्न विश्लेषक, चिन्तक, विज्ञ आदिमा सामान्य मतभेद भए पनि परिभाषाका सम्बन्धमा भने अझ मतमतान्तर देखिएको छ । कसैले निबन्धलाई आत्मप्रकाशन र स्रष्टाको बौद्धिकताको आधारको रूपमा यसको महत्त्व झल्काएका छन् भने कसैले निबन्ध विधालाई सिर्जनाको चुथ्यो रूपमा लिई पृथक धारणा प्रस्तुत गरेका छन् । लेखकको स्वको प्रकाशन हुने यस निबन्धको तत्त्व सामान्य रूपमा वस्तु वा विषय, शैली र उद्देश्य हो भन्नेमा सहमत देखिएको छ । विषय र अभिव्यक्तिको आधारमा निबन्धको वर्गीकरण गरी त्यसका थप उपरूपको बारेमा चर्चा पनि गरिएको छ ।

४४.ऐजन, पृ. २६ ।

## २.२ नेपाली निबन्धको ऐतिहासिक विकासक्रम

### २.२.१ पृष्ठभूमि

नेपाली गद्यको प्रारम्भमा नेपाली निबन्धको पनि गर्भाधान भयो र आजसम्म यसको निरन्तरता जारी छ । विधागत चरणवैशिष्ट्य वा ठोस फरकलाई आधार मानेर हेर्दा यस विधाको विकासक्रमलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

### २.२.२ नेपाली निबन्धको ऐतिहासिकता

कथा एवं उपन्यास जस्तै नेपाली गद्यको प्रारम्भ एवं विकास नेपाली निबन्धको पनि जग हो । आजसम्मको खोजअनुसार नेपाली गद्यको प्रारम्भ दामुपालको शीलालेख (वि.सं. १०३८) बाट भएको हो ।[४५] यस पश्चात् नेपाली भाषाका अभिलेख एवं साहित्यइतर तथा साहित्यिक गद्यग्रन्थहरू प्रकाशित हुँदै गए । वि.सं. १३१२ को अशोकचल्लको प्रशासनिक ताम्रपत्र, वि.सं. १३७७ को आदित्य मल्लको ताम्रपत्र, 'इतिहास प्रकाश'मा योगी नरहरिनाथले प्रकाशित गरेको अभिलेखहरू एवं 'भास्वती' (वि.सं. १४५७ तिर), 'राजा गगनीराजको यात्रा' (वि.सं. १५५०), 'खण्डखाद्य' (वि.सं. १६४८), 'बाज परीक्षा' (वि.सं. १७०० तिर), 'ज्वरोत्पत्ति चिकित्सा' (वि.सं. १७७३), 'प्रायश्चित प्रदीप' (वि.सं १७८० तिर) आदि साहित्यइतर गद्य ग्रन्थहरू प्राचीन नेपालीका क्रमशः विकसित नमूनाहरू हुन् र यिनीहरूले नेपाल एकीकरण (वि.सं. १८२६) पूर्वको नेपाली भाषालाई स्थिर गर्दै गएका छन् । भाषिक सामर्थ्य पनि निबन्धको एउटा पृष्ठभूमि भएकोले उपर्युक्त प्रयासबाट नेपाली निबन्धको थालनीको पृष्ठभूमि पनि निर्माण हुँदै गयो । यस क्रममा वि.सं. १८२७ को 'महाभारत विराट पर्व' बाट नेपाली भाषाले गद्य साहित्यको स्पर्श प्राप्त गर्न प्रारम्भ गऱ्यो भने 'दिव्योपदेश' (वि.सं. १८३१ तिर), 'हितोपदेश-मित्रलाभ' (वि.सं. १८३३), 'हास्यकदम्ब' (वि.सं. १८५५), 'त्रिरत्न सौन्दर्य गाथा' (वि.सं. १८९०), 'मुद्राराक्षस' ( वि.सं. १८९२ तिर) एवं 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. १९१० तिर) जस्ता नेपाली साहित्यका प्राचीन ग्रन्थहरूले पनि यस आधारलाई अगाडि बढाए । यस्ता ग्रन्थहरूमध्ये 'दिव्योपदेश', 'लक्ष्मीधर्म संवाद' (वि.सं. १८५१), 'वाग्मती पुल स्तम्भ अभिलेख' (वि.सं. १८६८) मा निबन्धका केही तत्त्वहरू पाइन्छन् ।[४६] यी विविध रचनाहरूका माध्यमबाट नेपाली भाषा विकसित हुँदै जानु र यीमध्ये कतिपयमा केही मात्रामा मात्र भए पनि निबन्धका तत्त्वहरू पाइनाले नेपाली साहित्यको प्राथमिक काललाई नेपाली निबन्धको पृष्ठभूमि मान्न सकिन्छ । प्राथमिक कालमा निबन्ध विधाको थालनी भएको पाइँदैन ।

### २.२.३ नेपाली निबन्धको प्रारम्भ : प्राथमिक काल

नेपाली साहित्यको माध्यमिक कालमा नेपाली निबन्ध प्रारम्भ भयो । यस कालको प्रारम्भमा मोतीराम भट्टको स्पर्श पाएर नेपाली गद्यले तिख्खर रूप लियो र आधुनिक दिशातिर अग्रसर भयो । उनको साहित्यिक क्रियाशीलता पाएर नेपाली गद्यविधाहरू आ-आफ्नो बाटो लिई अघि बढ्न थाले ।

नेपाली निबन्धको प्रारम्भको पृष्ठभूमि तयार गर्नमा पनि मोतीराम भट्टको योगदान छ । उनको **भानुभक्तको जीवन चरित्र** (वि.सं. १९४८) मा प्रस्तुत आलोचनात्मक टिप्पणी, संस्मरण

४५. बालकृष्ण पोखरेल, (सम्पा.) **पाँच सय वर्ष**, ते.सं. (काठमाडौँ: साझा प्रकाशन, २०४३) पृ. १ ।

४६. मोहनराज शर्मा, **नेपालीका केही आधुनिक साहित्यकार**, दो.सं. (काठमाडौँ: सहयोगी प्रेस, २०४०) पृ. २११ ।

एवं जीवनीवृत्तसम्बन्धी विषयहरूले नेपाली निबन्धको थालनीका लागि केही सहयोग पुऱ्याएका छन् । यस कृतिलाई नेपाली निबन्धको चरढुङ्गाका रूपमा लिन सकिन्छ ।[४७] 'भानुभक्तको जीवन चरित्र' पश्चात् 'गोरखापत्र' (वि.सं. १९५८) को प्रकाशनले नेपाली निबन्ध प्रारम्भ गर्ने वातावरणलाई अझ अगाडि बढायो । साहित्यिकता नभए पनि यसमा छापिएका सम्पादकीय एवं छोटा लेखहरूले यो विधा प्रष्फुटनको आधार तयार गर्दै गए । यसैगरी बनारसबाट 'सुन्दरी' (वि.सं. १९६३), 'माधवी' (वि.सं. १९६५), 'चन्द्र' (वि.सं. १९७१) एवं 'गोर्खाली' (वि.सं.१९७२) पत्रिकाहरू प्रकाशित भए । तिनमा छापिएका कतिपय खँदिला सम्पादकीय एवं छोटा-लामा लेखहरूले पनि नेपाली निबन्ध प्रारम्भको वातावरणलाई उर्वर एवं मलिलो बनाए । यस वातावरणमा खरसाङबाट प्रकाशित 'चन्द्रिका' (वि.सं. १९७५) पत्रिकामा छापिएको शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्रमल्ली' बाट नेपाली निबन्ध थालनी भयो । यो लेखकको व्यक्तित्वले रङ्गिएको काव्यात्मक एवं गतिशील निबन्ध हो । मोन्तेनको आत्मपरक निबन्धको स्वरूप पाइने भएकोले यस कृतिलाई नेपाली निबन्धको प्रारम्भ बिन्दु मान्न सकिन्छ ।

'चन्द्रिका' पछि बनारसबाट 'जन्मभूमि' (वि.सं. १९७९), देहरादूनबाट 'गोर्खा संसार' (वि.सं. १९८२) र दार्जीलिङ्गबाट 'नेपाली साहित्य सम्मेलन' (वि.सं १९८९) पत्रिकाहरू प्रकाशित भए । यीमध्ये जन्मभूमिमा प्रकाशित सूर्यविक्रम ज्ञवाली, कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका सैद्धान्तिक लेख-निबन्धहरू, 'गोर्खा संसार'मा प्रकाशित विद्यावती नाहान, मानवीर रसाइली एवं हर्षबहादुर राई आदिका समाज सुधार तथा राजनैतिक चेतनाका व्यङ्ग्यात्मक, भावात्मक, विचारात्मक निबन्धहरू एवं 'नेपाली साहित्य सम्मेलन' मा प्रकाशित सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, धरणीधर कोइराला, रूपनारायणसिंह आदिका बौद्धिक ओजका निबन्धहरू महत्त्वपूर्ण छन् र यिनले पनि नेपाली निबन्धको प्रारम्भिक रूपरेखा प्रस्तुत गरी यस विधाको प्राथमिक काल निर्माण गरेको पाइन्छ ।

प्राथमिक कालमा माथि बताइएका निबन्धगत कृतिहरू नेपाली निबन्धको प्राप्ति हो । यस कालका नेपाली निबन्धको सङ्गठन त्यति पूर्ण देखिँदैन । यस चरणका निबन्धमा व्यक्तित्व प्रकाशन, दार्शनिक उच्चता, अनुभूति घनत्व, सुगठित संरचना, परिष्कृत शैली एवं भाषिक स्थिरता आदि निबन्धका प्रमुख पक्षहरू प्रायः पाइँदैनन् । यस चरणमा प्रायः वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक एवं विचारात्मक निबन्धहरू रचिएका छन् । यस्ता कुरा भए पनि यिनमा आधुनिक प्रवृत्तिको पूर्वाभ्यास भने पाइन्छ ।

## २.२.४ नेपाली निबन्धको विकास : आधुनिक काल

नेपालको मध्यम वर्गीय चेतना बौद्धिकतातिर अग्रसर भई यहाँको राजनैतिक वातावरण जटिल हुँदै गइरहेको अवस्थामा वि.सं. १९९१ मा 'शारदा' पत्रिका प्रकाशित भयो । यसको प्रकाशन नेपाली साहित्य इतिहासमा एक महत्त्वपूर्ण घटना थियो । 'शारदा'को प्रकाशनपछि नेपाली साहित्यका प्रायः सबै विधाहरू आधुनिक कालमा प्रवेश गरे । 'शारदा' (वि.सं. १९९२) बाट नेपाली निबन्ध पनि आधुनिक कालमा प्रवेश गऱ्यो र यो क्रम लगातार अघि बढिरहेको छ । निबन्धको वैशिष्ट्यका आधारमा आधुनिक नेपाली निबन्धको विकासक्रमलाई तीन चरणमा राख्न सकिन्छ -पहिलो, दोस्रो र तेस्रो चरण ।

४७.भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य,** (विराटनगर : श्याम पुस्तक भण्डार, २०४०) पृ. २११ ।

### २.२.४.१ पहिलो चरण

आधुनिक नेपाली निबन्धको पहिलो चरण लक्ष्मीप्रसाद देवकोटाको 'शारदा' (वि.सं. १९९२) मा प्रकाशित पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध 'आषाढको पन्ध्र'बाट प्रारम्भ भएको हो र यसको समयावधि हृदयचन्द्रसिंह प्रधानको 'तीस रुपियाँ नोट' (२००४) निबन्ध सङ्ग्रह प्रकाशन पूर्वलाई मान्न सकिन्छ ।

देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् भन्ने विषयमा विवाद पाइन्छ । कतिपय समालोचकहरूले 'शारदा' (१९९१)मा प्रकाशित बालकृष्ण समको 'बर्दहामा शिकार'लाई आधार मानी उनलाई प्रथम आधुनिक नेपाली निबन्धकार मानेका छन्, तर त्यो रचना निबन्ध नभएर कथा हो ।[४८] यस चरणमा देवकोटाको १९९२ मा 'पहाडी जीवन' पनि प्रकाशित भयो भने समका 'आत्मविश्वास', 'त्यो', 'पानी' आदि निबन्धहरू प्रकाशित हुँदै गए । यस्तै बोधविक्रम अधिकारीको 'कविता मातासँग मेरो गन्थन', प्रेमराज शर्माको पत्रात्मक शैलीको हास्यव्यङ्ग्यात्मक निबन्ध 'पण्डितजीको चिठी' आदि पनि देवकोटाको भावात्मक निबन्धको गोरेटो पछ्याएर प्रकाशित भए । यस चरणमा सूर्यविक्रम ज्ञवालीले ऐतिहासिक अनुसन्धानमूलक निबन्ध लेखेका छन् भने रूपनारायण सिंहले तार्किक शैली एवं अनुप्रासमय सुललित भाषा प्रयोगका निबन्धहरू लेखेका छन् । पारसमणि प्रधानले संस्मरणमा आधारित आत्मपरक निबन्ध लेखेका छन् भने बदरीनाथ भट्टराई र भीमनिधि तिवारीले राम्रा वस्तुपरक निबन्ध लेखेका छन् । यदुनाथ खनाल र रामकृष्ण शर्माले आलोचनात्मक एवं विचारात्मक निबन्ध लेखेका छन् । यस अवधिको निबन्ध विधाको विकासमा 'शारदा' र त्यसपछि 'उद्योग', 'उदय', 'नेबुला', 'परिवर्तन', 'खोजी' पत्रिकाहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।[४९] नेपाली निबन्धको विकासक्रम सिंहावलोकन गर्दा उपर्युक्त निबन्धकारमध्ये देवकोटा यस प्रहरका र नेपाली निबन्धकै केन्द्रीय प्रतिभा देखिन आउँछन् । एकातिर उनबाट वि.सं. १९९८ सम्ममा पाश्चात्य निबन्धलाई नेपाली अनुवाद गरियो भने अर्कातिर उनका आफ्ना निबन्धहरूको सङ्कलन 'लक्ष्मी निबन्ध सङ्ग्रह' (२००२) पनि प्रकाशित भयो । यो सङ्ग्रह नेपाली निबन्ध इतिहासको पहिलो प्रतिनिधि पुस्तक एवं बृहत्तर स्थापना पनि हो ।[५०] नेपाली निबन्धको कलिलो इतिहासमा यस सङ्ग्रहको प्रकाशन एउटा असाधारण एवं रमणीय परिणति हो ।[५१] यसले यस चरणलाई नेपाली निबन्धको 'स्वर्णयुग' सिद्ध गरेको छ ।[५२] यस चरणमा हृदयचन्द्रसिंह प्रधानको 'भू-स्वर्ग' (२००२) निबन्ध सङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ । आधुनिक नेपाली निबन्धको प्रथम चरणका निबन्धहरू नेपाली निबन्ध साहित्यका उज्ज्वल गरिमा हुन् र यिनका विशिष्ट प्रवृत्तिहरू छन् । हार्दिक अभिव्यक्ति, बौद्धिक आग्रह, नवीन शिल्प प्रयोग, अनुहारमा विविधता, अङ्ग्रेजी साहित्यको प्रभावमा लेखिनु यस चरणका निबन्धमा पाइने प्रमुख प्रवृत्तिहरू हुन् ।

### २.२.४.२ दोस्रो चरण

हृदयचन्द्रसिंह प्रधानको 'तीस रुपियाँ नोट' (२००४) निबन्ध सङ्ग्रहबाट आधुनिक नेपाली निबन्धको दोस्रो चरण प्रारम्भ हुन्छ । यस दोस्रो चरणको प्रारम्भका लागि बनारसबाट प्रकाशित

४८. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १४१-१४२ ।

४९. ऐजन, पृ. १४३ ।

५०. भानुभक्त पोखरेल, पूर्ववत्, पृ. २१८ ।

५१. वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. ६५ ।

५२.गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ४१ ।

'युगवाणी' (२००४) पत्रिकाको पनि विशेष योगदान छ । यस चरणको व्याप्ति 'रूपरेखा' ( २०२०) पूर्व वि.सं. २०१९ सालसम्म रहन्छ ।

हृदयचन्द्रसिंह प्रधान नेपाली निबन्धका पहिलो प्रगतिशील निबन्धकार हुन् । नेपाली निबन्धको इतिहासमा लक्ष्मीप्रसाद देवकोटाको एकछत्र कल्पनावादी साम्राज्यको विरुद्ध चार सालतिर उनले अर्कै ससक्त यथार्थवादी शिविर खडा गरेका छन् ।[५३] जगत् र जीवनको वस्तुस्थिति र यथार्थतिर उन्मुख हुँदै निजात्मक निबन्धकारका रूपमा यस समयबाट उनले आधुनिक नेपाली निबन्धलाई सामाजिक धरातलतिर डोऱ्याए । उपर्युक्त निबन्ध सङ्ग्रहमा उनले समाजका ठूला-बडाहरूका षड्यन्त्रबाट सर्वसाधारण मानिसहरू कसरी जेलिएका हुन्छन् भन्ने तथ्य स्पष्ट पार्दै अन्याय, अत्याचार र शोषणको विरोध गरी क्रान्तिकारी भावनाको विजारोपण गरेको पाइन्छ । अतः यो उनको युगबोध आधुनिक नेपाली निबन्धको दोस्रो चरण प्रारम्भ भएको मान्न सकिन्छ । उनको 'जुँगा' (२००९) र 'कुरा साँचो हो' (२०११) मा पनि सामाजिक प्रगतिवादी चेतना पाइन्छ ।

नेपाली निबन्ध यात्रामा २००४ सालपछि थुप्रै निबन्धकारहरू जन्मिए । नारायण प्रसाद भट्टराई र गणेशमान सिंहले राणाशासनको विरोधमा प्रतीकात्मक एवं व्यङ्ग्यात्मक शैलीका क्रान्तिकारी-राजनैतिक निबन्धहरू प्रकाशित गरेर यस चरणको श्रीवृद्धि गरे भने श्यामप्रसाद शर्मा जस्ता स्रष्टाले हृदयचन्द्रसिंह प्रधानले स्थापना गरेको सामाजिक-प्रगतिवादी निबन्ध-धारालाई अगाडि बढाए ।

यस चरणमा बदरीनाथ भट्टराई एवं भीमनिधि तिवारी जस्ता निबन्धकारहरूले वर्णन-विवरणप्रधान निबन्धका माध्यमबाट वस्तुपरक निबन्ध लेखनको फाँट विस्तृत पार्ने काम गरेका छन् भने कमलमणि दीक्षितले अध्ययन-अन्वेषणद्वारा अतीतका तथ्यहरू समावेश गरी खोज-अनुसन्धानमूलक निबन्ध तयार गरेका छन् । यस्तै केशवराज पिंडाली, प्रेमराज शर्मा एवं अच्छा राई 'रसिक'ले प्रारम्भ गरेको नेपाली हास्यव्यङ्ग्य निबन्धको धारलाई अगाडि बढाएर यस चरणका दोस्रा प्रमुख निबन्धकार बनेका छन् । 'युगवाणी'मा देवकोटाको 'समाजवादको धुनमा' यात्रा निबन्ध पनि यस चरणमै प्रकाशित भएको पाइन्छ ।

उपर्युक्त मूख्य धारा तथा अन्य कतिपय गौण धारा एवं हृदयचन्द्रसिंह प्रधान, केशवराज पिँडाली, श्यामप्रसाद शर्मा आदि मुख्य निबन्धकारका अतिरिक्त अन्य थुप्रै निबन्धकारहरू यस चरणमा जन्मिएका छन् र यी निबन्धकारहरूलाई जन्माउनमा काठमाण्डौबाट प्रकाशित 'साहित्य स्रोत' (२००४), 'आँखा' (२००५) एवं दार्जीलिङ्गबाट प्रकाशित 'भारती' (२००६), 'गोर्खा' (२०११) आदि पत्रिकाहरूको पनि महत्त्वपूर्ण योगदान छ ।[५४]

निबन्ध लेखनसङ्कलनका दृष्टिले यो चरण उर्वर पनि देखिन्छ । हृदयचन्द्रसिंह प्रधानका माथि उल्लिखित तीन सङ्ग्रहका अतिरिक्त बदरीनाथ भट्टराईको 'पच्चीस प्रबन्ध' (२००८), भीमनिधि तिवारीको 'पन्ध्र प्रबन्ध' (२००८), श्यामप्रसाद शर्माको 'तँ, तिमी, तपाईं, हजुर' ( २०१४), कमल दीक्षितको 'यस्तो पनि' (२०१४), केशवराज पिँडालीको 'खै खै' (२०१६) एवं चूडानाथ भट्टरायको 'निबन्ध चूडामणि' (२०१६) यस चरणमा प्रकाशित निबन्ध सङ्ग्रहहरू हुन् ।

आधुनिक नेपाली निबन्धको दोस्रो चरण निबन्ध विधामा विविधताका दृष्टिले खुब प्रतिष्ठित छ । सामाजिक प्रगतिवादी धाराबाट अगाडि बढेको यस चरणमा मुख्यतः परात्मक र

५३. भानुभक्त पोखरेल, पूर्ववत् , पृ २१९ ।

५४. गोपीकृण शर्मा, पूर्ववत्, पृ. ४५ ।

गौणतः निजात्मक निबन्धहरू लेखिएका छन् । यस्तै खोज-अनुसन्धानमूलक एवं हास्यव्यङ्ग्यात्मक निबन्ध धाराले पनि यस चरणमा निकै विकास गरेको पाइन्छ । यस चरणका निबन्ध धारा एवं प्रवृत्तिहरू यिनै हुन् ।

### २.२.४.३ तेस्रो चरण

आधुनिक नेपाली निबन्धको तेस्रो चरण 'रूपरेखा' (२०२०)मा प्रकाशित शङ्कर लामिछानेको 'सम्झनाको लयमा विलीन हुँदै' निबन्धबाट प्रारम्भ भई आजसम्म चलिरहेको पाइन्छ । शङ्कर लामिछाने पाश्चात्य साहित्यका नवीन चिन्तन र वादहरूसँग परिचित थिए । यसको छाप उनका निबन्धहरूमा पाइन्छ । निजात्मक भावलाई प्रस्तुत गर्ने कलात्मक ढङ्ग अर्थात शैली र कौशलको प्रयोगात्मक दृष्टि शङ्कर लामिछानेमा पाइन्छ । उनका निबन्धहरू अमूर्त एवं गहन छन् । 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' (२०२४) उनका यस्ता विशेषताहरू भएका निबन्ध पुनः नयाँ मोडमा उभिन आएको छ । त्यसैले उनीबाट आधुनिक नेपाली निबन्धको तेस्रो चरण प्रारम्भ भएको मान्न सकिन्छ ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरणमा शङ्कर लामिछाने सँगसँगै प्रशस्त निबन्धकारहरू उदाएका छन् । भैरव अर्याल यस चरणका दोस्रा ख्याति प्राप्त हास्यव्यङ्ग्यात्मक निबन्धकार हुन् । उनका निबन्धमा कलात्मक एवं घोच्ने भाषा प्रयोग गरिएको पाइन्छ । हास्यव्यङ्ग्य प्रवृत्तिलाई यस चरणमा घटोत्कच शर्मा, श्रीधर खनाल, श्याम गोतामे, रामकुमार पाण्डे, मोहनराज शर्मा, चोलेश्वर शर्मा आदिले अगाडि बढाएको पाइन्छ ।

कृष्णचन्द्रसिंह प्रधान पनि यस चरणका प्रमुख निबन्धकार हुन् । नेपाली साहित्यलाई उनले बौद्धिकतामा खलबली ल्याउने विचारप्रधान एवं प्रतीकात्मकता सहितको ओजपूर्ण भाषाका निबन्धहरू दिएका छन् ।

तारानाथ शर्मा र बालकृष्ण पोखरेल पनि यस चरणका राम्रा निबन्धकार हुन् । तारानाथ शर्माका निबन्धमा जीवनका गहन भावपक्षहरूलाई केलाउनाको साथै सामाजिक बेमेलमाथि तीखो प्रहार गरिएको पाइन्छ  भने पोखरेलका निबन्धमा राष्ट्रप्रेम र व्यङ्ग्य चेतना समेटिएका छन् । यी दुबैका निबन्धमा झर्रो नेपाली भाषा प्रयोग गरिएको पाइन्छ ।

उपर्युक्त निबन्धकारहरू बाहेक रामकृष्ण शर्मा, इन्द्रबहादुर राई, रामलाल अधिकारी, वासुदेव त्रिपाठी, वल्लभमणि दाहाल, ठाकुर पराजुली, चुडामणि बन्धु, कृष्णप्रसाद पराजुली, देवेन्द्रराज उपाध्याय, मोदनाथ प्रश्रित आदि थुप्रै निबन्धकारहरू यस चरणमा देखिएका छन् र यी बाहेक केही निबन्धकारहरू देखिने तरखरमा छन् ।

उपर्युक्त निबन्धकारहरूलाई जन्माउनमा 'रूपरेखा' (२०१७) का अतिरिक्त 'मधुपर्क', 'नेपाली रचना', 'अभिव्यक्ति', 'भानु', 'हिमलोक', 'नेबुला', 'दियो', 'सुमन', 'गरिमा' आदि समाचारप्रधान एवं साहित्यप्रधान दैनिक, साप्ताहिक, मासिक, द्वैमासिक, त्रैमासिक पत्रिकाहरूले भूमिका खेलेको पाइन्छ ।[५५]

निबन्ध लेखन-सङ्कलनका दृष्टिले दोस्रो चरण जस्तै यो चरण पनि समृद्ध छ । यस चरणमा शङ्कर लामिछानेका माथि उल्लिखित निबन्ध सङ्ग्रहका अतिरिक्त 'गोधूली संसार' ( २०२७), कृष्णचन्द्रसिंह प्रधानका 'सालिक' (२०२६) र 'अनाम सत्य' (२०४५), भैरब अर्यालका 'जयभूँडी' (२०२२), 'गलबन्दी' (२०२६), 'इतिश्री' (२०२८) र 'दशऔतार' (२०३३), बालकृष्ण -

५५. ऐजन, पृ. ४६ ।

पोखरेलका 'उकुस मुकुस' (२०२९) र 'तेस्रो एकमुखे रुद्राक्षको खोजी' (२०४०) एवं तारानाथ शर्माका 'नमस्ते' (२०१८), 'जमर्काहरू' (२०५५), 'बेलायततिर बरालिँदा' (२०२६), 'जीवनका छाल' (२०३०) र 'पाताल प्रवास' (२०४०) आदि प्रमुख निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । यी बाहेक अन्य निबन्धकारका निबन्ध सङ्ग्रह पनि यस चरणमा प्रशस्त मात्रामा आएका छन् ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरण अभ्यास, प्रयोग र दृढीकरणको समय हो ।[५६] निबन्धको स्वरूप र प्रवृत्ति प्रायः स्पष्ट भइसकेका यस चरणका निबन्धहरू कसिलो बान्कीका छन् । यस चरणका निबन्धमा साझा अनुभूति, विषय विविधता र स्पष्ट अभिव्यक्ति पाइन्छ । परम्पराको सम्भरण, समालोचनात्मक दृष्टिमा विकास एवं व्यक्तिसत्ताको प्रतिष्ठा यस चरणका निबन्धमा पाइने खास वैशिष्ट्यहरू हुन् । यस चरणका नवीन निबन्धकारहरूले निजी दृष्टिकोण, नयाँ शिल्प र नौलो अभिव्यक्ति पनि देखाएको पाइन्छ ।

### २.२.५ निष्कर्ष

नेपाली निबन्धको विकास यात्रामा वास्तविक निबन्धको थालनी आधुनिक कालमा भयो । यस कालको प्रथम चरणमा साहित्यिक विधा निबन्धको प्रतिनिधित्व गर्ने रचनाहरू अटूट क्रममा देखिन थाले । यस चरणका निबन्धलाई साहित्यिक विधाका रूपमा स्विकारियो । दोस्रो चरणमा यस विधाले प्रौढता प्राप्त गर्दै गयो भने तेस्रो चरण अन्तर्गत यसमा नयाँ प्रयोग, क्षेत्र विस्तार र सर्वाधिक विकसित रूप प्राप्त छ ।

---

५६. ऐजन, पृ. ५० ।

# अध्याय तीन
## शिवगोपाल रिसालको जीवनी , व्यक्तित्व र निबन्धयात्रा
### ३.१ शिवगोपाल रिसालको जीवनी

#### ३.१.१ पृष्ठभूमि

जीवनी एक दर्पण हो । कुनै पनि व्यक्तिको जीवनभोगाइलाई सिलसिलाबद्धरूपमा प्रस्तुत गर्नु जीवनी हो । जीवनीमा इतिहासमा जस्तो कोरा विवरण र सस्तो प्रबलता नभएर तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्दछ । मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनाक्रमलाई सामान्यतया जीवनी भनिन्छ । जीवनीलाई जिन्दगी वा जिन्दगानी शब्दले पनि बुझाउँछ । यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ । जीवनी घटनाक्रमको प्रसङ्गलाई स्रष्टाले कलात्मकता प्रदान गर्ने भएकोले यसले साहित्यिक रूप लिएको हो । त्यस्ता व्यक्तित्वको जीवनी रचना हुन्छ जसको समग्र कार्यले सबैको मानसपटलमा च्वास्स छोएर प्रेरणाको आधार तयार पार्न मद्दत गर्दछ । जीवनीको मूल मर्म व्यक्तिको जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुति हो । जीवन सार्थक कार्यका लागि बाँड्नु र चुड्नु पर्ने धारणा राख्ने शिवगोपाल रिसालको जीवनदर्शन आत्मविश्वासका साथ आध्यात्मिक धरातलमा टेकेर स्वाभिमानी भई सहज अनुशासित जीवन बिताउन सकारात्मक सोच राख्नुपर्छ भन्ने छ । प्रस्तुत जीवनीअन्तर्गत साहित्यकार शिवगोपाल रिसालका जीवन क्रमसँग सम्बन्धित घटनाहरूको अध्ययन गरिएको छ ।

#### ३.१.२ जन्म र जन्मस्थान

शिवगोपाल रिसालले यस धर्तीमा वि.सं. १९९४ साल चैत्र शुक्ल चतुर्थी बुधवारका दिन प्रथमपल्ट आँखा उघारेका हुन् । राजधानीको नजिकको जिल्ला ललितपुरको सैँबुभैँसीपाटी गा.वि.स. उनको जन्म थलो हो । उच्च भूभागमा अवस्थित सो गाउँ प्राकृतिक दृश्यावलीका लागि प्रसिद्ध र प्राकृतिक रूपले सुन्दर ठाउँ रहेको छ । उनी पिता विश्वनाथ उपाध्याय रिसाल र माता जनककुमारी रिसालका दुई सुपुत्रमध्ये कान्छा र तीन बहिनीका असल दाजु हुन् ।[५७]

#### ३.१.३ बाल्यकाल

बाल्यकाल मानवीय जीवनको अति महत्त्वपूर्ण र संवेदनशील समय हो । भनिन्छ असल आमाबुबाविनाका सन्तानको न बाल्यकाल सुन्दर हुन्छ न त युवा अवस्था र भविष्य नै । भाग्यमानी शिवगोपाल रिसालको जीवनमा त्यस्तो क्षण आइपरेन । कुलीन र शिक्षित परिवारका सन्तान तथा आयस्रोत राम्रो भएको पारिवारिक पृष्ठभूमि भएका कारण उनको बाल्यकाल सुखद थियो । सभ्य शिक्षित ब्राह्मणकुलमा जन्मिएका शिवगोपाल रिसालको बाल्यकाल स्नेहपूर्ण वातावरणमा हजुरबुबा पण्डित तारानाथ र पिता पण्डित विश्वनाथको सद्भावको मिश्रणले ज्यादै रमणीय तवरले बितेको थियो । आमाबुबाका कान्छा छोरा भए पनि सुशिक्षित बाबुआमा र एकमात्र दाजुको आवश्यक रेखदेख उनले पाएका थिए । बाल्यकालमा त्यस बेलाको आवश्यकता

५७. उमा गौतम आचार्य, **शिवगोपाल रिसालको खण्डकाव्यकारिता**, (त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र, २०५४), पृ. ६ ।

पूर्ण रूपले पूर्ति भएको बुझिन आएकोले सुखसुविधामा बाल्यकाल बितेको देखिन्छ । परिवारको स्नेहमय लालनपालनमा हुर्किएका रिसाल सानैदेखि हुने बिरुवाको चिल्लो पात जस्ता नै थिए । पढाइलेखाइमा बाल्यकालदेखि नै अभिरुचि भएका रिसाल साथीभाइसँग प्रेमपूर्वक मिलेर खेल्दथे । आज्ञाकारी, स्वस्थ शारीरिक बनोटका बाल शिवगोपाल सानैदेखि आदर्श चरित्रका रूपमा समाजमा चिनिएका थिए ।[५८]

### ३.१.४ शिक्षादीक्षा

पूर्वीय संस्कृतिमा जीवनको हरेक शुभारम्भको क्षण वा प्रसङ्गलाई विधिपूर्वक सञ्चालन वा आरम्भ गर्ने चलन छ । यही मुताबिक वि.सं. १९९९ माघ शुक्ल पञ्चमीका दिन पिता पण्डित विश्वनाथ रिसालले शिवगोपाल रिसाललाई विधिअनुसार अक्षर आरम्भ गराए । त्यसबेलाको चलनअनुसार शिवगोपालले आठ वर्षको उमेरसम्म घरमै अध्ययन गरे । आठ वर्षपछि ललितपुरको मङ्गलबजारमा अवस्थित प्राथमिक संस्कृत पाठशालामा वि.सं. २००३ सालमा औपचारिक शिक्षाका लागि भर्ना भए । यिनले सो विद्यालयमा करिब दुई वर्षसम्म अध्ययन गरे । त्यस समयमा यिनले संस्कृतको मूल रामायण र रुद्री तथा वेदको पनि अध्ययन गरेका थिए । त्यसपछि वि.सं. २००५ सालदेखि २००७ सालसम्म धर्मोदय स्कूल, ललितपुर नागबहालमा छैठौँ कक्षामा भर्ना भई उनले अध्ययन गरे । पाटन हाइस्कूलमा नवम र दशम कक्षा अध्ययन पश्चात् रिसालले वि.सं. २०१० सालमा एस.एल.सी. उत्तीर्ण गरे ।

कुलीन घरानमा जन्मिएका कारण उच्च शिक्षा हासिल गर्न अवसर पाएका रिसालले वि. सं. २०११ सालदेखि २०१६ सालसम्म त्रिचन्द्र कलेज रानीपोखरी, घण्टाघरमा अध्ययन गरी पटना विश्वविद्यालयबाट आई.ए. र बी.ए.को परीक्षा उत्तीर्ण गरे । वि.सं. २०१५ सालमा निजामती मध्यमा, २०१७ सालमा अन्तर्राष्ट्रिय भाषाको रूपमा अङ्ग्रेजी भाषा शिक्षण विषयमा डिप्लोमा पनि गरे ।

त्रिभुवन विश्वविद्यालयबाट प्रथम पल्ट नेपाली एम.ए. कार्यक्रम खुल्यो । यही अवसरलाई ख्याल गरी शिवगोपाल रिसालले प्रथम समूहमा नै सो विषयमा अध्ययन गर्न आफू भर्ना भए । अध्ययनमा प्रखर रिसाल २०१८ सालमा नेपाली विषयमा एम.ए. परीक्षा दिई प्रथम श्रेणीमा प्रथम भएका थिए । यसपछि रिसालले वि.सं. २०२३ सालमा लण्डन विश्वविद्यालयबाट नेपाली भाषामा अनुसन्धानसमेत गरे । शिवगोपाल रिसालले वि.सं. २०२६ सालमा 'सरस्वती' र वि.सं. २०३८ भाद्र २६ गते श्रोत्रिय ब्रह्मनिष्ठ गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीबाट अद्वैत वेदान्त विद्यामा **आचार्य**को उपाधि पनि प्राप्त गरेका थिए ।[५९]

### ३.१.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

शिक्षित ब्राह्मण कुलमा जन्मिएका शिवगोपाल रिसाल गर्गगोत्रीय उपाध्याय हुन् । यिनको पारिवारिक जीवन निकै सुखद र आनन्ददायक देखिन्छ । वि.सं. २०२० साल मार्ग १५ गते पं. होमनाथ पौड्यालकी ज्येष्ठ सुपुत्री मीनाकुमारी (गायत्री) सँग वैवाहिक सूत्रमा उनिएका रिसालको विवाह त्यसबेला सामान्यभन्दा अलि फरक उमेरमा भएको देखाउँछ । आवश्यक शिक्षा पूरा गरी जागिरे भएपछि विवाह भएको देखिने प्रसङ्गले यही समय नै सबैको प्रेरणा बन्ने किसिमले भएको देखिन्छ । रोचक कुरा वि.सं. २०१९ सालमा त्रिभुवन विश्वविद्यालयमा नेपाली

५८. ऐजन, पृ. ६ ।

५९. ऐजन, पृ. ७ ।

एम.ए. पढाउँदै गरेका शिवगोपाल रिसालले पहिला त्यहीँ नै छात्राको रूपमा मीनाकुमारीलाई पढाएका थिए । स्वयं रिसालले एक ठाउँमा भनेका छन्-"मभन्दा दुई वर्ष कान्छी भए तापनि मेरी धर्मपत्नी श्रीमती मीनाकुमारी रिसाल (गायत्री) गृहकार्यमा स्वाभाविक रूपले नै अत्यन्त कुशल र सफल छिन् । म वि.सं. २०१९ सालमा त्रिभुवन विश्वविद्यालयमाएम.ए. कक्षामा पढाउँथेँ । हाम्रो सामान्य चिनजान भए तापनि हामीले प्रेम गर्न भने जानेका थिएनौँ । मैले देखेको र चिनेको त्यहीँ हो ।" [६०]

उच्च शिक्षा हासिल गरेका शिवगोपाल रिसालको सोही तह पास गरेकी मीनाकुमारी रिसाल पनि अध्यापन पेशामा नै लागेकी थिइन् । रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्गमा नेपाली विषयमा सहप्राध्यापकको रूपमा सो काम गरेकी रिसालले उच्चपदमा आसीन भएर काम गर्नु सँगसँगै पति शिवगोपालको सेवामा शतप्रतिशत समय दिएर सुखद र सन्तोषपूर्ण जीवन बिताएको देखिन्छ ।

विभिन्न गुणमध्ये स्वावलम्बी शिवगोपाल रिसालले विवाह पश्चात् ललितपुरको थसिखेल स्थित शान्तिकुना (उनकै सक्रियतामा नामकरण गरिएको) मा वि.सं. २०३२ सालमा घर बनाई बसे । आफ्नो घरलाई **शिव-मन्दिर** भनी चिनाएका रिसालले नियमित पूजापाठ र सत्सङ्ग गरेर त्यसको उच्च महत्त्व बढाउन पनि सफल देखिएका छन् । धार्मिक महत्त्वका चाडपर्वहरूमा व्रत बस्ने, सात्विक खानपान गर्ने रिसाल अरू व्यक्तिसँग पनि प्रेमको भावना राख्ने गर्दछन् । अनादिगोपाल रिसाल र अनन्तगोपाल रिसालका पिता शिवगोपाल दुबै छोरा उच्च अध्ययनसँगै अमेरिकामा स्थापित भएकामा सन्तोष मान्दै प्रिय धर्मपत्नी मीनाकुमारीको साथमा सुखमय र शान्तिपूर्ण जीवन व्यतित गरिरहेका छन् ।

### ३.१.६ पेसा र कार्यक्षेत्रमा प्रवेश

मानवीय जीवनमा पेशा व्यवसायको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । शिवगोपाल रिसालको प्रमुख कार्यक्षेत्र अध्ययन, अध्यापन र अनुसन्धान हो । यिनले वि.सं. २००७ सालदेखि घरमैँ चलेको विद्यालयबाट अध्यापन कार्य थालनी गरेका थिए । पिता पं. विश्वनाथ रिसालले आफ्नै घरमा खोलेको विद्यालयमा यिनले अध्यापन कार्य प्रारम्भ गरेअनुसार वि.सं २०१३ सालसम्म रिसालले त्यहीँ पढाए । सानै उमेरदेखि अध्यापनमा लागेका उनले वि.सं. २०१४ सालदेखि वि.सं २०१८ सालसम्म सीताराम हाइस्कुल बसन्तपुर र त्रिभुवन आदर्श विद्यालय फर्पिङमा सोही कार्य गरे । यस प्रकार रिसालले झण्डै बाह्र वर्षसम्मको कालखण्डमा विश्वविद्यालय मुनिको तहमा अध्यापन गरेको देखिन्छ । मानवीय स्वभाव र प्रवृत्तिले मानवलाई कुन पेशा अँगाल्ने भन्ने सोच जाग्ने गर्दछ । कोमल स्वभावका धनी रिसालले शिक्षण पेशालाई स्वाभाविक रूपले रुचाएको देखिन्छ ।

वि.सं. २०१८ सालमा नेपालीमा प्रथम श्रेणीमा प्रथम शिवगोपाल रिसाललाई आफ्नो क्षमताअनुसारको र तहअनुसारको शिक्षण गर्न मन लाग्नु स्वाभाविक हो । उनले यसका लागि सोही वर्ष लोकसेवा आयोगको परीक्षा दिए । वि.सं २०१८ साल फाल्गुन २६ गते उक्त परीक्षामा सफल भई सो आयोगको सिफारिसबाट राजपत्राङ्कित तृतीय श्रेणीको लेक्चरर पदमा नियुक्त भई प्राध्यापन कार्य आरम्भ गरे । सेवा अवधिको आठ वर्षपछि वि.सं. २०२६ सालमा राजपत्राङ्कित द्वितीय श्रेणीमा उनको पदोन्नति भयो । त्यसपछि वि.सं. २०३१ सालमा रिसाल त्रिभुवन विश्व-

६०. शिवगोपाल रिसाल, **अलिकति जीवन अलिकति दर्शन,** (शीर्षक टङ्कित व्यक्तिवृत्त २०५४) पृ. १ ।

विद्यालय सेवा आयोगको सिफारिसबाट सहप्राध्यापक पदमा नियुक्त भए । आफ्नो कार्यमा लगनशील, इमान्दार, क्षमतावान रिसालको उच्च मूल्याङ्कन गर्दै वि.सं २०३८ सालमा त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सिफारिसमा प्राध्यापक पदमा पदोन्नति भए । सो पदोन्नतिपछि पद्मकन्या क्याम्पस बागबजारमा अटूटरूपमा शिक्षण गरे । यसबीच तीन वर्ष शिवगोपाल रिसाल सोही पद्मकन्या क्याम्पसका प्रमुखसमेत भएर प्रशासनिक नेतृत्व गरेको बुझिन्छ । वर्तमान समयमा शारीरिक तथा मानसिक रूपले ससक्त देखिने रिसाल सेवा अवधि वा उमेरको हदबन्दीका कारण सेवा निवृत्त भई बसेका छन् । स्वतन्त्र अध्ययन, अनुसन्धान लगायत समाजसेवामा सक्रिय शिवगोपाल सेवा निवृत्तपछि आध्यात्मिक जीवनयात्रालाई अझ सबल तुल्याउँदै अगाडि बढेका देखिन्छन् ।[६१]

### ३.१.७ सम्मान र पुरस्कार

कसैको लागि सम्मान र पुरस्कार **आकाशको फल आँखा तरी मर** हो भने कसैको लागि स्वाभाविक एवं हक नै हो । वर्तमान सन्दर्भमा सम्मान र पुरस्कारको किनबेच समेत भई त्यसको अवमूल्यन भएको देखिन्छ तर आफ्नो कर्मक्षेत्रमा अतुलनीय योगदान दिने जो कोहीलाई सम्बन्धित क्षेत्रले निष्पक्षरूपमा पुरस्कृत एवं सम्मानित गर्नै पर्छ । सानै उमेरदेखि विभिन्न कार्यक्रममा भाग लिएर सम्मानित भएका देखिने शिवगोपाल रिसाल अहिले पनि सम्मानित भइरहेका देखिन्छन् । वि.सं. २००७ सालमा त्रिपद्म विद्याश्रम, ललितपुरद्वारा आयोजित साहित्य सम्मेलनमा निबन्ध लेखनमा प्रथम भई पुरस्कार पाएका शिवगोपाल रिसालले २०१४ सालमा त्रिचन्द्र कलेजद्वारा आयोजित प्रतियोगितात्मक कविताको साहित्य सम्मेलनमा प्रथम पुरस्कार प्राप्त गरेका थिए । आफ्नो तीक्ष्ण बुद्धि अनि अथक मिहिनेतका पर्याय शिवगोपाल रिसाल २०१८ सालको एम.ए. परीक्षामा सर्वोत्कृष्ट भएका कारण स्वाभाविक रूपले राष्ट्रप्रमुखबाट **महेन्द्र विद्याभूषण सुवर्ण पदक** प्राप्त गरेका थिए । त्रिभुवन विश्वविद्यालयको वार्षिक उत्सवको अवसरमा आयोजित वादविवाद तथा भाषण प्रतियोगितामा प्रथम भई रिसालले श्री ५ कान्तिराज्यलक्ष्मी शाहबाट पुरस्कार प्राप्त गरेका थिए । यसैगरी शिवगोपाल रिसालले २०२९ सालमा शिक्षा पुरस्कार, २०३० सालमा रत्नश्री सुवर्ण पदक, २०३१ सालमा शुभराज्यभिषेक पदक प्राप्त गरेको देखिन्छ । वि.सं. २०३३ सालमा पद्मकन्या सेवापदक, २०३४ सालमा गुणराज व्याख्यानमाला पुरस्कार, २०४७ सालमा गुणराज पुरस्कार, २०५० सालमा महाकवि व्याख्यानकार पुरस्कार, २०५२ सालमा भारती व्याख्यानमाला पुरस्कार, २०४९ सालमा नेपाली शिक्षा परिषद्बाट प्रशंसापत्र र रूपकुमारी अध्यात्म सेवा अनुष्ठानले गरेको 'रूपकुमारी अध्यात्म सेवा सम्मान' २०६९ उनले पाएका थिए ।

यसका अतिरिक्त २०३७ सालमा सुप्रबल गोरखा दक्षिण बाहु तेस्रो, २०४७ सालमा शिक्षा दिवस पदक र २०५० सालमा विख्यात त्रिशक्तिपट्ट तेस्रोबाट विभूषित भएका थिए । यसै क्रममा शिवगोपाल रिसालले २०५५ सालमा उदयानन्द पुरस्कार र २०६१ सालमा राजर्षि जनक स्मृति सम्मान प्राप्त गरेका थिए । यस्तै वि. सं. २०५४ सालमा प्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु दोस्रो, २०५४ मा गद्दी आरोहण रजत पदक, २०५८ सालमा श्री ५ वीरेन्द्र-ऐश्वर्य रजत पदक र २०५१ सालमै त्रि.वि. दीर्घ सेवा पदक प्राप्त गरेको देखिन्छ । पुरस्कार, तक्मा, मानसम्मान, प्रशंसा एवं सार्वजनिक सम्मान प्राप्त शिवगोपालको जीवन गौरवपूर्ण र अनुकरणीय देखिन्छ ।[६२]

६१. उमा गौतम आचार्य, पूर्ववत् पृ. ८ ।

६२. ऐजन, पृ. ८ र ९ ।

### ३.१.८ सामाजिक सेवा

समाजसेवा हरेक समयको माग हो । समाजमा यसको महत्त्व हिजो थियो, आज छ रयुगयुगान्तर रहिरहनेछ । यस्तै कुरा मनन गरेर नै होला शिवगोपाल रिसाल सदा समाजसेवामा सक्रिय व्यक्तित्व हुन् । अरूको भलाइ आफ्नो सुख ठान्ने रिसाल तनमनधन अनि वचनले यसमा लागेका छन् । सेवाविना जीवन निरर्थक हुन्छ भन्ने धारणा यिनको छ । यसैले समाज सेवातर्फ यिनको संलग्नता देखिन्छ । यसै अनुसार वि.सं. २०३४ सालदेखि **सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्** अन्तर्गत सामुदायिक सेवा समन्वय समितिमा श्री ५ बडामहारानी ऐश्वर्यबाट यिनलाई मनोनित गरिएको थियो र सो समितिको सभापति पनि भए । वि.सं. २०३८ सालसम्म यिनले यसमा रही काम गरेका थिए । वि.सं. २०४३ सालदेखि शिवगोपाल रिसाललाई श्री ५ बडामहारानीबाटै हिन्दू धर्म सेवा समन्वय समितिको सभापतिमा मनोनित गरिएको थियो । २०५७ सालमा यिनी पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्मा सदस्य भएर कार्य गरेको समेत बुझिन्छ । शिवगोपाल रिसालले विभिन्न धार्मिक आध्यात्मिक समारोह एवं उत्सवमा प्रवचन दिँदै तथा व्याख्या गर्दै आएका छन् । वि.सं. २०२४ सालदेखि यिनी अद्वैत संस्थाको सदस्य पदमा रहेर काम सुरु गरेका हुन् । वि.सं. २०३३ सालदेखि गुणराज स्मारक समितिका सदस्य पदमा रहेर काम गरेका रिसाल गीता समुदय प्रकाशन २०५१, खप्तड आश्रम प्रकाशन समिति २०५३ आदिमा अध्यक्ष पदमा रही सेवापरक कार्यमा संलग्न भएर काम गरेका छन् । वि.सं. २०५३ सालदेखि हालसम्म **स्वाध्याय परिवार** मार्फत् दैनिक एक घण्टा धार्मिक एवं दार्शनिक ग्रन्थ अध्ययन अध्यापन र त्यसको व्याख्या गरी रुचि भएका व्यक्तिहरूलाई उनले ज्ञानको गङ्गामा डुबुल्की लगाउन सघाएको देखिन्छ । आफ्ना अनुभव र विचार दिन रुचाउने रिसाल निस्वार्थ आध्यात्मिक समाजसेवामा निरन्तर रूपमा अगाडि बढिरहेका छन् । सामाजिक, धार्मिक र आध्यात्मिक क्षेत्रमा शिवगोपाल रिसालको सक्रिय र उल्लेख्य सहभागिता रहेको छ ।[६३]

### ३.१.९ लेखनका लागि प्रेरणा

लेखन मानवीय चाहनाको प्रतिफल हो । यसमा स्वयंको वा अन्यको प्रेरणाले भूमिका खेल्दछ । शिवगोपाल रिसाल लेखन कार्यमा अथक रूपले लागेका व्यक्ति हुन् । उनलाई आध्यात्मिक क्षेत्रतर्फ आकर्षित गराउने कृतिहरूमा श्रीमद्भगवद्गीता, अष्टावक्रगीता, अवधूतगीता, योगवाशिष्ठ र उपनिषद् आदि आध्यात्मिक ग्रन्थहरू रहेका छन् । यस बाहेक नेपाली साहित्यतर्फ कविशिरोमणि लेखनाथ पौड्याल र महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूले विशेष प्रभाव पारेको देखिन्छ ।[६४]

यिनका अहिलेसम्म विभिन्न कविता, निबन्ध, धर्मसंस्कृति सम्बन्धी लेख र समीक्षा कृतिहरू प्रकाशित भएका छन् जसको सङ्ख्या मात्र तीन दर्जन पुग्न आँटेको छ । यिनको प्रवेश नेपाली साहित्यमा सर्वप्रथम कविता विधाबाट भएको देखिन्छ । २०१६ सालमा **सिर्जना** पत्रिकामा प्रकाशित **शान्ति आउने थियो कि** भन्ने मुक्त छन्दको कविता उनको पहिलो सन्तान हो । यसपछि यिनका धेरै कविताहरू रूपरेखा, हिमाली, अरुणोदय, कस्तूरी, गोरखापत्र, मधुपर्क, कान्तिपुर आदिमा प्रकाशित भएका देखिन्छन् । गद्यलेखन अझ बढी रुचाउने रिसालको पहिलो गद्य रचना वि.सं. २०१७ मा **घरेलु उद्योग** पत्रिकामा प्रकाशित **नेपालमा अकामी र ढाक्रे** हो ।

६३. ऐजन, पृ. ९ ।

६४. शिवगोपाल रिसाल, पूर्ववत्, पृ. ४ ।

## ३.२. शिवगोपाल रिसालको व्यक्तित्व

### ३.२.१ शारीरिक व्यक्तित्व

मानवीय पहिचानको आधार व्यक्तिको बाह्य र आन्तरिक हुन्छ । त्यसमा शारीरिक व्यक्तित्व प्रमुख रहन सक्छ । पाँच फुटभन्दा केही इन्च अग्ला, मझौला कद, गोरो वर्ण भएका शिवगोपालको शारीरिक व्यक्तित्व आकर्षक देखिन्छ । चुस्त शरीर र प्रसन्न मुहारका कारण जो कोही उनीबाट प्रभावित हुन सक्छ ।

मानवीय पहिचान उसको आन्तरिक चरित्र, स्वभाव, बोली, व्यवहारले निर्क्यौल गर्दछ । यस हिसाबले मानवका आन्तरिक व्यक्तित्व अझ महत्त्वपूर्ण पक्ष हो यसैले देवकोटाले **मानिस ठूलो दिलले हुन्छ** भनेका हुन् । मृदुभाषी, शान्तिप्रिय र अध्यात्मिक चिन्तनमा संलग्न रिसालको आन्तरिक व्यक्तित्व झन् सबल देखिन्छ । यिनी धार्मिक एवं आध्यात्मिक कुराहरू पढ्न र पढाउन बढी मन पराउँछन् । ब्रह्मज्ञान प्राप्त गरेर यो संसारदेखि मुक्त हुनुपर्छ भन्ने उपनिषद् एवं गीताहरूको दर्शनले यिनलाई प्रभाव पारेको छ ।

अध्ययन, अध्यापन र अनुसन्धानमा असाध्यै रुचि राख्ने शिवगोपाल रिसाल स्वभावले सरल र सरस देखिन्छन् । आफूसँग परिचित हुने जोसुकैसँग नम्र र आत्मीय भएर व्यवहार गर्नु यिनको महत्त्वपूर्ण विशेषता हो । यिनलाई नेपाली पहिरन र नेपाली संस्कृति औधी प्यारो लाग्छ । प्रायः सहज पोशाकमा हिँडने रिसाल सधैँ ढाकाटोपी लगाउने र निधारमा सानो सेतो चन्दन अनि त्यसमाथि बीचमा सानो रातो टीका लगाउने गर्दछन् । राष्ट्रिय पोशाक बढी रुचाउने रिसाल यदाकदा कमिज र पाइन्टमा पनि सहज देखिन्छन् । पहिरन आवश्यक हो, त्यसको कारण उचित हुनुपर्दछ भन्ने मान्यताअनुसार तडकभडक देखाउन नचाहने शिवगोपाल रिसालको व्यक्तित्व आकर्षक तथा अनुकरणीय देखिन्छ ।[६५]

### ३.२.२ प्राध्यापक व्यक्तित्व

मानिसको पेशा विविध कारणले विभिन्न बन्न पुग्दछ । पेशाका सम्बन्धमा पहिलो कुरा रुचि र दोस्रो कुरा वातावरण हो । शिक्षित पिताका पुत्र शिवगोपाल रिसालले घरमैं अध्ययन गरी आवश्यकतानुसार विभिन्न स्थानमा अध्ययन गरेका थिए । उनी जस्तै अन्य शिक्षानुरागी उनकै घरमा अध्ययन गर्न आउन थालेपछि आफू जान्ने भएपछि पितालाई सहयोग गर्न घरमैं अध्यापन गराउन थालेको देखिन्छ । २००७ सालदेखि पिताको घरकै विद्यालयमा अध्यापन गरेका रिसालले २०१४ सालदेखि माध्यमिक तहलाई पढाउन थालेका हुन् । यिनी वि.सं. २०१८ साल फाल्गुन २६ गतेदेखि लोकसेवा आयोगको परीक्षामा सफल भई सोही आयोगको सिफारिसमा पद्मकन्या कलेज (क्याम्पस) बागबजारमा नेपाली विभागमा प्राध्यापन कार्य थालनी गर्न पुगे । सानैदेखि अध्ययन अध्यापनको कार्यमा संलग्न र आफूमा रहेको प्रतिभा तथा क्षमताका कारण शिक्षण पेशा बनाउन पुगेका रिसालको व्यक्तित्व प्राध्यापकको रूपमा पनि विशेष छ । २०२६ सालमा राजपत्राङ्कित द्वितीय श्रेणीका प्राध्यापकका रूपमा कार्यरत शिवगोपाल रिसाल २०३१ कार्तिक २० गतेदेखि सहप्राध्यापक पदमा त्रिभुवन विश्वविद्यालय सेवामा प्रवेश गरेको देखिन्छ । त्यसपछि त्रि.वि. सेवा आयोगको सिफारिशबाट पदोन्नति भई प्राध्यापक पदमा नियुक्त भए । त्यसपछि समय सीमाले त्रि.वि.बाट अवकाश नपाएसम्म (२०५७ सम्म) एक सफल प्राध्यापकका रूपमा

६५. प्रत्यक्ष अवलोकन ।

नेपाली विषय प्राध्यापन गरेको देखिन्छ । अध्यापनकै सिलसिलामा रिसालले केही समय त्रि.वि. केन्द्रीय क्याम्पस स्नातकोत्तर तहमा पनि प्राध्यापन गरेका थिए । हाल प्राध्यापक शिवगोपाल रिसालको नामबाट यिनको प्रसिद्धि रहेबाट यिनको प्राध्यापक व्यक्तित्व स्पष्ट झल्किएको छ ।[६६]

### ३.२.३ आध्यात्मिक व्यक्तित्व

अध्यात्म पूर्वीय संस्कारको मूल हो । यसै आधारमा प्राध्यापक शिवगोपाल रिसाल पनि अध्यात्मलाई मूल ध्येय मान्ने व्यक्तिमा पर्दछन् । उनी आध्यात्मिक भावनाले ओतप्रोत भएका आध्यात्मिक व्यक्ति प्रतिभा हुन् । परम्परागत वैदिक सनातन धर्मप्रति अगाध आस्था राख्ने रिसाल देवदेवीको दैनिक पूजाआजा, पाठ, जप, ध्यान, व्रत, उपासना आदि धार्मिक कार्यमा संलग्न हुन्छन् । फुर्सदको समयमा जीवन, जगत् र ईश्वरको विषयमा केही सुन्नु, पढ्नु र आफूले जानेको कुरा जिज्ञासुलाई सुनाउनु, त्यस्तासँग छलफल गर्नु रिसालको नित्यकर्म जस्तो भएको छ । वैदिक सनातन हिन्दूधर्मका अनुयायी एवं चिन्तक शिवगोपाल रिसाल धार्मिक प्रकृतिका छन् । अध्यात्म चिन्तनका क्रममा शिवगोपाल रिसालले रामभक्तिलाई आधार बनाएको तथ्य यिनकै **श्रीराम नाम** काव्यबाट पनि स्पष्ट हुन्छ ।

ईश्वरीय शक्तिका माध्यमबाट पनि ब्रह्मतत्त्वको रहस्यप्रति जिज्ञासा राख्ने वेदान्त दर्शनअन्तर्गत अद्वैत दर्शनप्रति झुकाव राख्ने यिनको धारणा छ र भन्दछन्, "सारा सांसारिक प्रपञ्च सारहीन र क्षणिक हुन् । यिनमा भुलेर मानवजीवन खेर फाल्नु हुँदैन ।" **ब्रह्म सत्यं जगन् मिथ्या** भन्ने उपनिषद्को वाक्यको अनुसरण गर्ने शिवगोपाल रिसालले जीवात्मा र परमात्मा/ब्रह्मतत्त्व एक हो भनेका छन् । यिनले जीव र ब्रह्म एकै हो र यो सारा जगत् ब्रह्मतत्त्वमा निहित अध्यास मात्र हो भन्ने कुरालाई स्विकारेका छन् । शिवगोपाल रिसाललाई आनुवंशिक परम्परा अनुकूल नै धार्मिक-आध्यात्मिक संस्कार प्राप्त भएको हो । सानैदेखि पण्डित पिताको रेखदेख धार्मिक परिवेशको सम्पर्क र साधुसन्त, महात्मासँग समयसमयमा हुने सत्सङ्ग जस्ता कारणहरूले शिवगोपाल रिसाललाई सच्चिदानन्दस्वरूप ब्रह्मतत्त्वको चिन्तनमा प्रवृत्त गराएकाले पनि यिनको आध्यात्मिक व्यक्तित्व सुस्पष्ट हुन्छ ।[६७]

### ३.२.४ साहित्यिक व्यक्तित्व

शिवगोपाल रिसाल नेपाली वाङ्मयका अथक साधक हुन् । नेपाली साहित्य र भाषाव्याकरणको विविध विधामा कलम चलाएर साहित्य र भाषाको भण्डारलाई श्रीवृद्धि गराई समृद्ध तुल्याएका छन् । २०१६ सालदेखि औपचारिकरूपमा यिनका कविता, निबन्ध एवं लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । नेपाली साहित्यमा सर्वप्रथम कविता विधाबाट प्रवेश गरेका रिसालको कविता, निबन्ध, खण्डकाव्य, महाकाव्य, आध्यात्मिक काव्य आदि विधामा महत्त्वपूर्ण स्थान छ । यसरी साहित्यका विविध विधामा हात हालेका उनको साहित्यिक व्यक्तित्वको अध्ययन विभिन्न विधाका आधारमा गर्न सकिन्छ ।[६८]

#### ३.२.४.१ कवि व्यक्तित्व

**झ्वाट्ट आएर हराउने चिज हो कविता, हृदयदेखि निस्कने भावलाई कवितामा तत्काल**

---

६६. उमा गौतम आचार्य, पूर्ववत् पृ. १० ।

६७. ऐजन, पृ. ११ ।

६८. ऐजन, पृ. ११ ।

**परावर्तन गरिएन भने त्यो हराएर जान्छ । पछि भाव मर्छ । जीवन्त कविता त्यस्तो हुन्छ, जुन तत्कालै रचना गरिएको हुन्छ ।** कविताबाटै प्रायः साहित्य सुरु हुने मान्यता राख्ने रिसालले कविता विधा सबैभन्दा सजिलो र सबैभन्दा जटिल विषय पनि कविता नै भएको बताउँछन् । यिनको पहिलो कविता वि.सं २०१६ चैत्रमा 'शान्ति आउने थियो कि ?' शीर्षकबाट सृजना पत्रिकामा प्रकाशित भएको देखिन्छ । यसका अलावा यसपछि यिनका विभिन्न फुटकर कविताहरू प्रकाशित भइसकेका छन् । उनका कवितामा आध्यात्मिक भाव, नैतिक सन्देश, राष्ट्रप्रेम, भाषाप्रेम र सुधारात्मक सन्देशहरू पाइन्छन् । रिसालले वि.सं २०१६ देखि कविता प्रकाशित गर्न थालेका हुन् । वि.सं २०२३ सालपछि भने यिनको ध्यान आध्यात्मिक चिन्तनमा आधारित कविता लेखनतर्फ गयो । यिनको साहित्य क्षेत्रमा कवि व्यक्तित्वको विशेष भूमिका छ ।

### ३.२.४.२ निबन्धकार व्यक्तित्व

निबन्ध साहित्यको प्रभावकारी एवं लोकप्रिय विधा हो । शिवगोपाल रिसालले निबन्धलाई व्यापक विधा मानेका छन् । उनका निबन्धमा वर्णनात्मकता र विवरणात्मकता पाइन्छ । निबन्धका विभिन्न वर्ग छन् । आत्मपरकता र भावपरकता यसका एकथरी रूप हुन् । शिवगोपाल रिसालको पहिलो निबन्धात्मक रचना **नेपालमा अकामी र ढाक्रे** नामक वैचारिक निबन्ध हो । यो वि.सं. २०१७ सालमा घरेलु उद्योग पत्रिकामा प्रकाशित भएको थियो । उनका आधा दर्जनभन्दा बढी निबन्ध सङ्ग्रहरू प्रकाशित भइसकेका छन् । ती रचनालाई उनले दार्शनिक निबन्ध सङ्ग्रह भनेर प्रस्तुत गरेका छन् । उनका ती रचनाहरूमा आध्यात्मिक भाव तीव्र रूपमा भेटिन्छ ।

### ३.२.४.३ खण्डकाव्यकार व्यक्तित्व

नेपाली साहित्यमा लोकप्रिय रहेको विधामा खण्डकाव्य पनि प्रमुख रूपमा रहेको छ । महाकवि देवकोटाको खण्डकाव्यले जुन लोकप्रियता र प्रसिद्धि पायो त्यसले खण्डकाव्यको महत्त्व बढेको छ । खण्डकाव्यमा जीवनको एक अंशविशेषको झलक प्रस्तुत गरिन्छ । यसमा सीमित कालखण्डमा वा अल्प अवधिमा घटित एउटै घटना, एउटै चरित्र र एउटै प्रभाव उपस्थित गरिन्छ । वास्तवमा खण्डकाव्य मझौला आयामको संरचना भएको काव्य हो । रिसालको **म को हुँ ?** प्रथम प्रकाशित नव्यकाव्य हो । यसलाई खण्डकाव्य अनि महाकाव्य समेत भन्न सकिन्छ कि ? यसपछि रिसालका थुप्रै प्रबन्ध काव्यहरू प्रकाशित भएका छन् । उनका प्रसिद्ध काव्यहरूमा **दुर्गा पूजा र बलीको रहस्य** (वि.सं २०४४), **आमाको करुणा** (२०४५), **श्रीरामनाम, म मर्दिन** आदि उल्लेखनीय छन् । यिनमा आध्यात्मिक भाव प्रशस्तै भेटिन्छन् । उनले यस्ता काव्यको लेखनका साथै प्रकाशनमा पनि ध्यान दिएका छन् ।

### ३.२.४.४ महाकाव्यकार व्यक्तित्व

शिवगोपाल रिसाललाई महाकाव्यकारका रूपमा पनि चिन्न सकिन्छ । उनले **पद्मकन्या महाकाव्य** (वि.सं. २०५७) जस्तो बृहत् काव्यको रचना गरेर प्रकाशन पनि गरेका छन् । उक्त महाकाव्य पद्मकन्या क्याम्पससँगको शैक्षणिक संलग्नता र त्यस अवधिमा भोगेका अनुभव तथा संवेदनाहरूको सिङ्गो इतिहासका रूपमा काव्यिक जलप दिएर तयार पारिएको कृति हो ।

#### ३.२.४.५ समालोचक व्यक्तित्व

साहित्यमा समालोचना अनिवार्य छ । समालोचनाले कृतिको महत्त्व र गरिमा बढाउन अहम् भूमिका खेल्दछ । शिवगोपाल रिसाल समालोचक प्रतिभाका रूपमा पनि देखा परेका छन् । यिनको पहिलो प्रकाशित समालोचना लेख **महाकवि लक्ष्मीप्रसाद देवकोटाको कृषिवाला** हो । यो लेख वि.सं. २०२० सालमा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित कविता पत्रिकामा प्रकाशित भएको थियो । यसबाहेक रिसालले **चिल्ला पातहरू** शम्भुप्रसाद ढुङ्गेलको **मालती माधव** नाटक आदि कृतिको पनि समीक्षा गरेका छन् ।

#### ३.२.४.६ सम्पादन व्यक्तित्व

सम्पादन एक जिम्मेवारी हो । सम्पादकको भूमिका विशेष रहेको हुन्छ । साहित्यकार रिसालको पत्रिका सम्पादनतर्फ पनि विशेष योगदान रहेको छ । उनका जिम्मेवारीपूर्ण सम्पादनमा निस्किएका पत्रिकाहरू हुन् : 'सिर्जना' मासिक (२०१६), कस्तूरी वार्षिक (२०२०), साक्षात्कार, सेवा, उपकार, जिज्ञासा र समुदय आदि ।

#### ३.२.४.७ सहलेखन व्यक्तित्व

शिवगोपाल रिसालले दाजु विष्णुगोपाल रिसालको सहलेखनमा **नेपाली भाषा र व्याकरण** (२०२७) नामक कृतिको लेखन र प्रकाशन गरेको देखिन्छ । त्यसै गरी उनीबाट नेपाली भाषाको पाठ्यक्रमअनुसार पाठ्यपुस्तक लेखन तथा प्रकाशन गर्ने काम पनि भएको छ ।

साहित्यकार शिवगोपाल रिसालले भाषा, साहित्य, व्याकरण जस्ता विविध क्षेत्रमा रचना तथा लेखन गरी आफ्नो व्यक्तित्वमा विविधता थपेका छन् । कवि व्यक्तित्व, समालोचक व्यक्तित्व, खण्डकाव्यकार व्यक्तित्व, महाकाव्यकार व्यक्तित्व लगायत विविध व्यक्तित्वको रूपमा आफूलाई स्थापित गराउने क्रममा निबन्धकार व्यक्तित्वको रूपमा पनि पहिचान दिलाएका छन् । यिनै कुराले उनको साहित्यिक व्यक्तित्व मूल भएर देखिएको छ ।

### ३.२.५ सामाजिक व्यक्तित्व

समाज मानवीय चाहनाको प्रतीक हो । मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमैं घुलमिल भएर बस्न चाहन्छ । समाजमा रहेर सामाजिक कार्यहरूमा लागिरहने कार्यबाटै व्यक्तिको सामाजिक व्यक्तित्व बढ्दछ । मानिसको जन्म, वृद्धि र सहकार्य समाजमा हुने भएकाले समाजबाट अलग भएर मानवको अस्तित्व कायम रहन सक्दैन । समाजमा रहँदा मानव समाजसेवा र उपकारपूर्ण कार्यहरूमा के कति सहयोगी हुन सकेको हुन्छ सोही आधारमा उसको सामाजिक व्यक्तित्वको पहिचान वा निर्धारण हुन्छ । शिवगोपाल रिसालले पनि समाजसेवातर्फ आफ्नो सक्रियता देखाएर समाजिक व्यक्तित्वलाई प्रतिस्थापित गरेका छन् । बाल्यकालदेखि नै समाजसेवाप्रति अभिरुचि राख्ने शिवगोपाल रिसालको बानी थियो । यिनले आफ्नै पिताद्वारा स्थापना गरिएको विद्यालयमा निःशुल्क शिक्षण गरेर समाजसेवा कार्यको थालनी गरेका थिए । यसपछि समाजसेवाको समुत्थान गर्ने कार्यमा रिसाल विशेष सक्रिय रहेको पाइन्छ । शिवगोपाल रिसालले २०३४ सालदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत सामुदायिक सेवा समन्वय समितिको सदस्य र पछि त्यसको सभापति भई काम गरेको देखिन्छ । पशुपति क्षेत्र विकास कोषमा संलग्न भएर रिसालले धार्मिक समाजको उत्थानमा तथा त्यसको विकास

कार्यमा सक्रियता दर्साएको देखिन्छ । समयसमयमा उनले दिने गरेको आध्यात्मिक प्रवचन र नैतिक सन्देशका बुँदाहरूले पनि उनीभित्र रहेको सामाजिक मान्यताको उत्थानप्रतिको सचेतता परिलक्षित हुन्छ । देश र जनताप्रति दायित्व बोध तथा जनताको सेवामा आस्था राख्ने शिवगोपाल रिसालको सामाजिक सेवाको लक्ष्य मानवीय उत्थान र नैतिक तथा मर्यादित समाजको निर्माणतर्फ नै केन्द्रित रहेको छ । **पस्नु, बस्नु तर नफस्नु** भन्ने चेतनामूलक अभिव्यक्ति सबैलाई दिन पछि नपर्ने रिसाल सकारात्मक कार्यका लागि सबैलाई हौस्याउने प्रवृत्तिका कारण उनमा रहेको सामाजिक चेत स्पष्ट झल्किन्छ । यसरी रिसालको सामाजिक व्यक्तित्व आदर्शपूर्ण रहेको प्रतित हुन्छ ।[६९]

## ३.२.६ निष्कर्ष

रिसालको जीवनी र व्यक्तित्वको अध्ययन नामक यस अध्यायमा रिसालको जन्म, जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, दाम्पत्यजीवन र पारिवारिकस्थिति, पेशा र कार्यक्षेत्रमा प्रवेश, सम्मान र पुरस्कार, सामाजिकसेवा तथा लेखनका लागि प्रेरणा उपशीर्षक दिई तिनको सामान्य तरिकाले तर महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गरिएको छ । यसै अध्यायको रिसालको व्यक्तित्वको अध्ययन खण्डमा शारीरिक, प्राध्यापक र आध्यात्मिक व्यक्तित्व उपशीर्षक दिएर उनको बाह्य तथा बौद्धिक व्यक्तित्वको चर्चा गरिएको छ । उनको साहित्यिक व्यक्तित्वको चिनारी गराउँदा कवि, निबन्धकार, खण्डकाव्यकार, महाकाव्यकार, समालोचक, सम्पादन र सहलेखन व्यक्तित्वका रूपमा यहाँ प्रस्तुत गरिएको छ । यसले उनको बहुमूखी व्यक्तित्वको खुलासा गरेको छ । अन्त्यमा व्यक्तिको व्यक्तित्वको मूल्याङ्कनको आधार सामाजिकता पनि एक रहेकोले उनले समाज अझ भनौं जगत्लाई दिएको र दिइरहेको योगदानको चर्चा गरी निस्वार्थ आध्यात्मिक एवं धार्मिक समाजसेवीका रूपमा पनि चिनाइएको छ ।

६९. ऐजन, पृ. १२ ।

## ३.३ शिवगोपाल रिसालको निबन्ध-यात्रा

### ३.३.१ पृष्ठभूमि र प्रेरणा

नेपाली भाषा तथा साहित्यका एक प्रतिभा शिवगोपाल रिसालले सानैदेखि पढाइको महत्त्व बुझ्दै गएको देखिन्छ । यसको मूल कारण उनका पिताश्री पण्डित हुनु नै हो । पढाइमा अनुराग भएकै कारण लेखनतिर पनि सानैमा रुचि बढेको बुझिन्छ । लेखहरू लेख्ने उत्कण्ठा उनमा जाग्दै गएको पाइन्छ । लेखनप्रति रिसालको अनुराग बढ्नुमा पहिलो घरायसी कारण र दोस्रो गुरुहरूको प्रेरणा प्रमुख रहेको देखिन्छ । साहित्यको अध्ययन र त्यसको भावले पाठक हृदयलाई च्वास्स छोएपछि पाठकमा लेखनको प्रेरणा जाग्दछ । रिसालको साहित्य लेखनप्रतिको अभिरुचिमा साहित्य अध्ययन पनि अर्को महत्त्वपूर्ण आधार देखिन्छ । वि.सं. २००७ सालमा त्रिपद्म विद्याश्रम, ललितपुरद्वारा आयोजित साहित्य सम्मेलनमा निबन्ध लेखनमा प्रथम भई पुरस्कार पाएका शिवगोपाल रिसालले वि.सं. २०१४ सालमा त्रिचन्द्र कलेजद्वारा आयोजित प्रतियोगितात्मक कविताको साहित्य सम्मेलनमा प्रथम पुरस्कार प्राप्त गरेका थिए । यी माथिका प्रसङ्गले रिसालको साहित्य लेखनको औपचारिकताले मेलो समातेको प्रमाण जुटाउन सकिन्छ । त्यसमा पनि निबन्ध लेखनले नै पहिलो बाजी मारेको प्रस्ट हुन्छ ।

लेखन मानवीय चाहनाको प्रतिफल हो । यसमा स्वयंको वा अन्यको प्रेरणाले भूमिका खेल्दछ । शिवगोपाल रिसाल लेखन कार्यमा अथक रूपले लागेका व्यक्ति हुन् । उनलाई आध्यात्मिक क्षेत्रतर्फ आकर्षित गराउने कृतिहरूमा श्रीमद्भगवद्गीता, अष्टावक्रगीता, अवधूतगीता, योगवाशिष्ठ र उपनिषद् आदि आध्यात्मिक ग्रन्थहरू रहेका छन् । यस बाहेक नेपाली साहित्यतर्फ कविशिरोमणि लेखनाथ पौड्याल र महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूले विशेष प्रभाव पारेको देखिन्छ । गद्यलेखनलाई अझ बढी रुचाउने शिवगोपाल रिसालको निबन्ध रचना **नेपालमा अकामी र ढाक्रे** हो । प्रस्तुत वैचारिक निबन्ध वि.सं. २०१७ सालमा **घरेलु उद्योग** पत्रिकामा प्रकाशित भएको थियो ।

### ३.३.२ निबन्ध यात्राको प्रारम्भ र विकास

#### ३.३.२.१ प्रारम्भ

निबन्ध क्षेत्रमा रिसालको वि.सं. २०१७ सालबाट प्रारम्भ भएको कुरा माथिको प्रसङ्गमा आइसकेको छ । **घरेलु उद्योग** पत्रिकामा प्रकाशित **नेपालमा अकामी र ढाक्रे** निबन्ध नै उनको प्रारम्भिक सिर्जना हो । यसमा निबन्धकार रिसालले नेपाली जनताको आर्थिक दयनीय अवस्थाप्रति अत्यन्त चिन्तित हुँदै उनीहरूको आर्थिक सम्पन्नताको कल्पना गर्दै तत्कालीन सरकारप्रति मिठो व्यङ्ग्य प्रहार गरेका छन् । उनमा नेपालीप्रतिको समानताको भावनाको उद्रेक भएको अनुभूत हुन्छ । यसमा पनि दार्शनिक चेतनाको सङ्केत छ । **आत्मवत् सर्वभूतेषु** भन्ने वैदिक उदात्त भावनाले प्रेरित भएर नै उनले नेपालीले दुःख पाएको, काम नपाएर यता र उता भौंतारिरहेको र नेपाली युवापुस्ताले कामको खोजमा हिँडेको वेदनाप्रति सहानुभूति व्यक्त गरेका छन् । वि.सं. २००७ सालमा त्रिपद्म विद्याश्रम, ललितपुरद्वारा आयोजित साहित्यसम्मेलनमा निबन्ध लेखनमा प्रथम भई पुरस्कार पाएका शिवगोपाल रिसाल यस निबन्धमा आफ्नो प्रारम्भिक प्रस्तुतिमैं गहन भाव पोख्न र भाषिक क्षमता देखाउन सक्षम छन् ।

### ३.३.२.२ विकास

निबन्धकार रिसालको निबन्ध यात्राको अन्तर विकास आजसम्म गतिशील छ । कृतिका रूपमा उनका रचना आउनुपूर्व असङ्ख्य लेख तथा निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदै अगाडि बढेको देखिन्छ । यस विकासक्रमलाई सजिलोको लागि विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख निबन्ध र कृतिको रूपमा प्रकाशित गरी दुई चरणमा विभाजन गरी अध्ययन गर्न उचित देखिएको छ । निबन्धकारको स्वयंको स्वीकारोक्ति अनुसार यी दुई चरणमा विभाजन गरिएको हो । शोध नायककै भनाइअनुसार **उनका निबन्धमा विषयको विविधता, उद्देश्यगत भिन्नता र भाषाशैलीगत  तिख्खरताभन्दा पनि अद्वैत वेदान्तदर्शनका आधारमा विभिन्न पक्षलाई उजागर गरी सांसारिकतामा मोहित अज्ञानीहरूलाई पूर्वीयदर्शनको गूढ रहस्य बताउनु रहेको** भन्ने रहेकोले फुटकर प्रकाशन र कृतिगत प्रकाशनको क्रम तथा त्यसमा निहित विषय, उद्देश्य र भाषाशैलीका कुरा यहाँ वर्णित छन् ।

#### ३.३.२.२.१ पहिलो चरण : फुटकर प्रकाशन ( वि.सं. २०१७ देखि हालसम्म )

निबन्ध क्षेत्रमा रिसालको यात्रा वि.सं. २०१७ सालबाट प्रारम्भ भएको कुरा माथिको प्रसङ्गमा आइसकेको छ । **घरेलु उद्योग** पत्रिकामा प्रकाशित **नेपालमा अकामी र ढाक्रे** निबन्ध नै उनको प्रारम्भिक सिर्जना हो । त्यसपछि प्राप्त स्रोतहरूका आधारमा केही प्रकाशित रचनाहरू यस प्रकार रहेका छन् :

| क.स. | रचनाको नाम | पत्रिका र प्रकाशन अङ्क/वर्ष |
|---|---|---|
| १. | शक्ति-तत्त्व | कस्तूरी वर्ष १, अङ्क १- २०२४ |
| २. | श्रीमद्भगवद्गीतामा कर्म, उपासना र ज्ञान | साक्षात्कार वर्ष ३, अङ्क २- २०२५ |
| ३. | प्रारब्ध र पुरुषार्थ | कस्तूरी वर्ष २, अङ्क २- २०२५ |
| ४. | मोक्षका लागि एकमात्र साक्षात् साधन हो-ज्ञान | मधुपर्क वर्ष २, अङ्क १- २०२६ |
| ५. | चित्त र चैतन्यको यथार्थ निरूपण | साक्षात्कार वर्ष ३, अङ्क ४- २०२६ |
| ६. | मेरो यथार्थ परिचय | कस्तूरी वर्ष ३, अङ्क ३- २०२६ |
| ७. | मेरो आफ्नै दृष्टिमा म | रूपरेखा वर्ष १०, अङ्क ४- २०२६ |
| ८. | गुरु-महिमा | गोरखापत्र- २०२६।४।१४ |
| ९. | मेरो म | साक्षात्कार वर्ष ४, अङ्क २- २०२६ |
| १०. | शिव-पूजा | साक्षात्कार वर्ष ४, अङ्क ३- २०२६ |
| ११. | भक्तियोग : एक अध्ययन | शङ्खध्वनि वर्ष १, अङ्क २- २०२६ |
| १२. | चित्तनाशका दुई उपाय- योग र ज्ञान | जयन्ती १, २०२७ ज्येष्ठ |
| १३. | योग र ज्ञानको तुलनात्मक अध्ययन | प्रज्ञा वर्ष १, अङ्क २- २०२७ |
| १४. | मोक्ष- मन्दिरका चारद्वारपाल | कस्तूरी वर्ष ४, अङ्क ४- २०२७ |
| १५. | वेदान्त र व्यवहार | हाम्रो संस्कृति वर्ष ५, अङ्क १- २०२७ |
| १६. | मनोनाश, वासनाक्षय र तत्त्वसाक्षात्कार | रमझम वर्ष ६, अङ्क ३- २०२७ |
| १७. | तमसो मा ज्योतिर्गमय | आनन्द-सौरभ, २०२७ मार्ग |
| १८. | अद्वैत वेदान्त दर्शन र शङ्कराचार्यको मायावाद | पीपल वर्ष ४, हाँगो ४- २०२७ |
| १९. | गीता-दर्शन र अर्जुनको व्यवहार | सिपाही वर्ष ४- २०२८ ज्येष्ठ |

| | | |
|---|---|---|
| २०. | वैराग्यः एक अनुशीलन | मधुपर्क वर्ष ४, अङ्क १- २०२८ |
| २१. | साक्षीको सिद्धिः सुषुप्तिकालीन अनुभव | साक्षात्कार वर्ष ६, अङ्क १- २०२८ |
| २२. | ज्ञानसाधन र योगसाधन : एक विवेचना | धर्म-सन्देश वर्ष १, अङ्क २-२०२८ |
| २३. | आध्यात्मिक चिन्तन : एक अनुशीलन | प्रपात वर्ष २, छाँगो ४- २०२८ |
| २४. | परमानन्द | हिमाली सौगात सोली १, पेरुङ्गो १- २०२८ |
| २५. | ज्ञानमार्गमा गुरुको स्थान | मर्यादा वर्ष २, अङ्क ४, भाग ८-२०२८ |
| २६. | वेदान्त-विज्ञान | मधुपर्क वर्ष ४, अङ्क ८- २०२८ |
| २७. | आध्यात्मिक शान्ति | विश्वात्म-दर्शन वर्ष १, अङ्क १- २०२८ |
| २८. | वैज्ञानिक युगमा वेदान्तको महिमा | प्रेरणा वर्ष १, अङ्क ३- २०२८ |
| २९. | सुषुप्ति र तुरीय अवस्था : एक विवेचना | अनुसन्धान आदर्श- २०२८ वैशाख |
| ३०. | बन्धन-मोक्ष निरूपण | साक्षात्कार वर्ष ६, अङ्क ३- २०२८ |
| ३१. | संसार हो सङ्कल्प मात्र | साक्षात्कार वर्ष ७, अङ्क २- २०२९ |
| ३२. | म माने ब्रह्म | कस्तूरी - २०२९ |
| ३३. | समाधि-निरूपण | धर्म-सन्देश वर्ष २, अङ्क १- २०२९ |
| ३४. | ज्ञान : एक विवेचना | नेपाल वर्ष ११, अङ्क ११- २०२९ |
| ३५. | आत्माराम : एक चिन्तन | साक्षात्कार वर्ष ७, अङ्क १- २०२९ |
| ३६. | ईश्वर चिन्तन : युगको माग | माया- २०२९ कार्त्तिक |
| ३७. | अध्यात्मवाद र भौतिकवाद | नौलो नेपाली वर्ष ३, अङ्क ५- २०२९ |
| ३८. | चिन्तन : एक चिन्तन | जुनेली वर्ष १, अङ्क ७- २०२९ |
| ३९. | आत्मा हो स्वतःसिद्ध | साक्षात्कार वर्ष ७, अङ्क ४- २०२९ |
| ४०. | विदेह | विदेह-१ २०२९ फाल्गुण |
| ४१. | त्रिविध आकाश | साक्षात्कार वर्ष ७, अङ्क ४- २०२९ |
| ४२. | जगत्लाई केलाउँदा | साक्षात्कार वर्ष ८, अङ्क १- २०३० |
| ४३. | अध्यात्मविद्या : एक अनुशीलन | पारिजात वर्ष १, अङ्क २- २०३० |
| ४४. | ज्ञान कसरी प्राप्त हुन्छ ? | साक्षात्कार वर्ष ८, अङ्क २- २०३० |
| ४५. | मानव मात्रको लक्ष्य हो ज्ञान | कल्पना वर्ष ८, अङ्क १- २०३० |
| ४६. | प्रारब्ध | विदेह ४- २०३० भाद्र, आश्विन |
| ४७. | निर्गुण उपासना | नेपाल वर्ष १२, अङ्क १२- २०३० |
| ४८. | ध्यान र ज्ञान | साक्षात्कार वर्ष ८, अङ्क ४- २०३०-३१ |
| ४९. | सम्पूर्ण त्रिपुटीलाई परित्याग गर्नु | विदेह वर्ष २, अङ्क ४- २०३१ |
| ५०. | समाधियोग | जनप्रतीक वर्ष १, अङ्क २- २०३०-३१ |
| ५१. | प्रज्ञा : एक अनुशीलन | प्रज्ञा वर्ष ४, अङ्क १-२०३१ श्रावण |
| ५२. | आनन्द केहो ? कहाँ छ ? | विदेह वर्ष २, अङ्क २- २०३१ |
| ५३. | चित्त-शुद्ध | मर्यादा पूर्णाङ्क ११-२०३२ गुरुपूर्णिमा |
| ५४. | शक्ति, भक्ति र मुक्ति | धर्म-सन्देश वर्ष ६, अङ्क २- २०३४ |
| ५५. | ज्ञान | यौवन वर्ष १, अङ्क १- २०३५ |
| ५६. | गीतामा साम्यवाद | सञ्चय वर्ष ९, अङ्क २- ४-२०३५ |

| | | |
|---|---|---|
| ५७. | हाम्रो आफ्नै आँखा | स्मारिका नेपाल आँखा अस्पताल उद्घाटन विषेशाङ्क- २०३९ |
| ५८. | आध्यात्मिक शान्ति | शान्ति-भूमि वर्ष २, अङ्क २-२०३९ |
| ५९. | पशुपतिनाथको तेस्रो नेत्र | शैव-भूमि - २०४० |
| ६०. | जिज्ञासा | जिज्ञासा पूर्णाङ्क १-२०४१ दुर्गापूजा |
| ६१. | पूर्णावतार भगवान् श्रीकृष्ण | धर्म-भूमि - २०४१ कृष्णजन्माष्टमी |
| ६२. | ब्रह्मजिज्ञासा | जिज्ञासा पूर्णाङ्क २-२०४१ दुर्गापूजा |
| ६३. | आध्यात्मिक ज्ञान : युवालाई वरदान | कुसुन्ती स्मारिका-२०६६ |

स्रोतः प्रा. शिवगोपाल रिसाल, **ब्रह्मजिज्ञासा,** (काठमाडौँ : राजर्षिजनकस्मृतिकोष, २०५७) तथा अन्य ।

यस्तै प्रा. शिवगोपाल रिसालको अध्यात्मिक एवं पूर्वीय वेदान्त दर्शनमा आधारित लेख र निबन्धहरू **समुदय** त्रैमासिक पत्रिकामा वि.सं. २०५० देखि हालसम्म निरन्तर प्रकाशित हुँदै आएका छन् । जसको विवरण यस प्रकार रहेको छ :

| क.स. | रचनाको नाम | वर्ष /पूर्णाङ्क /साल |
|---|---|---|
| १. | अद्वैत वेदान्त | १ /१ / २०५० |
| २. | महर्षि वशिष्ठ | १ /२ / २०५० |
| ३. | धार्मिक ग्रन्थहरू | १ /४ / २०५१ |
| ४. | वैदिक वाङ्मय र यजुर्वेद | २ /५ / २०५१ |
| ५. | वैदिक वाङ्मय : सामवेद र अथर्ववेद | २ /६ / २०५१ |
| ६. | उपनिषद् | २ /७ / २०५१ |
| ७. | हाम्रो धार्मिक/सांस्कृतिक सम्पदा र त्यसको संरक्षण | २ /८ / २०५२ |
| ८. | पुराण र अन्य ग्रन्थहरू | ३ /९ / २०५२ |
| ९. | नासदीय सूक्त | ३ /१० / २०५२ |
| १०. | आत्मानुसन्धान | ३ / ११ / २०५२ |
| ११. | समत्व नै योग हो | ३ / १२ / २०५३ |
| १२. | योग वाशिष्ठ अनुसार प्रह्लादको कथा | ४ / १३ / २०५३ |
| १३. | चरित्र निर्माणमा कसको कति दायित्व | ४ / १५ / २०५३ |
| १४. | आहार शुद्धि | ४ / १६ / २०५४ |
| १५. | श्रीमद् आद्यजगद्गुरु शङ्कराचार्यको जीवन र दर्शन | ४ / १७ / २०५४ |
| १६. | प्रेमदेखि परमात्मासम्म | ५ / १८ / २०५४ |
| १७. | अभय-दर्शन | ५ / १९ / २०५४ |
| १८. | सनातन धर्ममा नारीको महिमा | ५ / २० / २०५५ |
| १९. | मैले मलाई खोज्दा | ५ / २१ / २०५५ |
| २०. | आनन्द कहाँ पाइएला | ६ / २२ / २०५५ |
| २१. | विद्याको फल- विनय | ६ / २३ / २०५५ |

| | | |
|---|---|---|
| २२. | वेदको महावाक्य के हो ? | ६ / २४ / २०५६ |
| २३. | धर्मरक्षा : हाम्रो परम कर्तव्य | ७ / २५ / २०५६ |
| २४. | अध्यात्मतिर लागे व्यवहार कसरी चल्ला ? | ७ / २६ / २०५६ |
| २५. | म र मेरो विश्लेषण | ७ / २७ / २०५६ |
| २६. | सुख कहाँ छ ? | ७ / २८ / २०५७ |
| २७. | सुषुप्तिबाट बिउँझेपछि | ८ / २९ / २०५७ |
| २८. | ईश्वर स्मरण भवरोगको औषधि | ८ / ३० / २०५७ |
| २९. | मन पनि भगवान नै हो | ८ / ३१ / २०५७ |
| ३०. | विषयको वासना र त्याग | ८ / ३२ / २०५८ |
| ३१. | आत्माको स्वरूप | ९ / ३३ / २०५८ |
| ३२. | ब्रह्मविचार | ९ / ३४ / २०५८ |
| ३३. | ब्रह्म बिन्दूपनिषद् (अनुवाद र व्याख्या) | ९ / ३५ / २०५८ |
| ३४. | ज्ञानोत्तर कालका तीन अनुभव | ९ / ३६ / २०५९ |
| ३५. | तीन आमाका तीन उद्‌गार | १० / ३७ / २०५९ |
| ३६. | ज्ञानका सात भूमिका | १० / ३८ / २०५९ |
| ३७. | अज्ञानका सात भूमिका | १० / ३९ / २०५९ |
| ३८. | ब्रह्म प्राप्तिका साधनहरू | १० / ४० / २०६० |
| ३९. | स्थितप्रज्ञको लक्षण | ११ / ४१ / २०६० |
| ४०. | वेदान्तमा विचारको भूमिका | ११ / ४२ / २०६० |
| ४१. | ब्रह्मका दुई रूप : मूर्त र अमूर्त | ११ / ४३ / २०६० |
| ४२. | यौटा रूखमा दोटा चरा | ११ / ४४ / २०६१ |
| ४३. | जान्नुपर्ने चार कुरा | १२ / ४५ / २०६१ |
| ४४. | मोक्षका लागि ज्ञान-साधन कि कर्म-साधन ? | १२ / ४६ / २०६१ |
| ४५. | स्वास्थ्यका लागि शाकाहारी भोजनको महत्त्व | १२ / ४७ / २०६१ |
| ४६. | ऋषि-मुनि | १२ / ४८ / २०६२ |
| ४७. | अविद्याबाट अविद्याको नाश | १३ / ४९ / २०६२ |
| ४८. | ब्रह्मस्वरूपिणी देवी | १३ / ५० / २०६२ |
| ४९. | गीतामा अनन्य भक्ति | १३ / ५१ / २०६२ |
| ५०. | ज्ञानप्राप्तिको प्रक्रिया | १३ / ५२ / २०६३ |
| ५१. | वैदिक परम्परामा शान्तिको चाहना | १४ / ५३ / २०६३ |
| ५२. | गीतोक्त ज्ञानसाधन | १४ / ५४ / २०६३ |
| ५३. | अनन्य भक्ति | १४ / ५५ / २०६३ |
| ५४. | सत्य र मिथ्याको निरूपण | १४ / ५६ / २०६४ |
| ५५. | ब्रह्मज्ञानको सोपान क्रम | १५ / ५७ / २०६४ |
| ५६. | गीताअनुसारको बुद्धियोग | १५ / ५८ / २०६४ |
| ५७. | सर्वविस्मरणयोग | १५ / ५९ / २०६४ |
| ५८. | स्वाध्यायमा प्रमाद नगर्नू | १५ / ६० / २०६५ |

| | | |
|---|---|---|
| ५९. | वेदान्तको विवर्तवाद | १६ / ६१ / २०६५ |
| ६०. | वृत्तिव्याप्ति र फलव्याप्ति | १६ / ६२ / २०६५ |
| ६१. | आत्मा र अनात्माको विवेक | १६ / ६३ / २०६५ |
| ६२. | श्रीमद्‌भगवद्‌गीताले दिने शान्ति | १६ / ६४ / २०६६ |
| ६३. | दु:ख | १७ / ६५ / २०६६ |
| ६४. | संसार कस्तो छ ? | १७ / ६६ / २०६६ |
| ६५. | अद्वैत वेदान्तको अनिर्वचनीय ख्याति | १७ / ६७ / २०६६ |
| ६६. | अक्षर त ब्रह्म नै हो | १७ / ६८ / २०६७ |
| ६७. | आत्मदर्शन | १८ / ६९ / २०६७ |
| ६८. | स्मृतियोग | १८ / ७० / २०६७ |
| ६९. | नमर्ने कुरा | १८ / ७१ / २०६७ |
| ७०. | के लेख्ने ? के लेख्ने ? के नलेख्ने ? | १८ / ७२/ २०६८ |

उपर्युक्त विवरणका प्रायः सबै रचनाहरू रिसालका निबन्ध सङ्ग्रहहरूमा प्रकाशित भइसकेकाले तिनको चर्चा अर्को चरणमा गरिएको छ ।

**३.३.२.२.२ दोस्रो चरण : कृति प्रकाशन ( वि.सं. २०५६ देखि हालसम्म )**

निबन्धकार रिसालको निबन्ध यात्राको दोस्रो चरणको आरम्भ वि.सं. २०५६ सालमा प्रकाशित **अभेद-दर्शन**बाट सुरु हुन्छ । यसका अतिरिक्त यस चरणमा उनका **ब्रह्मजिज्ञासा** २०५७, **सुख कहाँ छ ?** २०५७, **वैदिक संस्कृति** २०६१, **ईश्वरको अनुग्रह** २०६२, **प्रेमदेखि परमात्मासम्म** २०६५, **सन्तमहिमा** २०६५ र **संसार कस्तो छ ?** २०६६ गरी आठवटा पूर्वीयदर्शनमा आधारित दार्शनिक एवं आध्यात्मिक निबन्ध सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । यसका अलावा **ज्ञानको चमत्कार** (आध्यात्मिक संवाद) २०६७ र **अमृतका थोपा** (गद्यात्मक कृतिहरूका सूक्तिहरू) २०६८ पनि यसमा उल्लेख गर्नुपर्ने कृति हुन् ।

**अभेद-दर्शनमा** वि.सं. २०३५ देखि २०३६ पौषसम्म रचिएका केही, कतै प्रकाशमा आएका वा नआएका धार्मिक, आध्यात्मिक, चिन्तन प्रधान चवन्न स्वतन्त्र विचारपरक दार्शनिक निबन्धहरू अभेद-दर्शनका अङ्ग हुन् । मूल प्रतिपाद्य विषय ब्रह्म हो, ब्रह्मैक्यबोधपूर्वक मोक्षलाभ गर्नु, गराउनु लक्ष्य हो भन्ने आफ्नू भूमिका आफैंले खण्डको पृष्ठ **क**मा बताइएको कुराले यसको रचनाकाल, विषय, उद्देश्य र प्रकार स्पष्ट झल्किएको छ । यस निबन्धमा शास्त्रका सदूक्ति, साधकका अनुभूति र साधनाकालका केही अनुभव र केही अभिव्यक्तिहरू पाइन्छन् । ब्रह्मविद्याप्रतिको दृढ निष्ठा, अद्वैत वेदान्तले देखाएका बाटामा अटल आस्था र श्रद्धा, परब्रह्मपरमात्माप्रतिको आन्तर अनुराग अनि देहात्म र जगत्प्रतिको वितृष्णा र विराग यसमा पाइन्छ ।

**ब्रह्मजिज्ञासामा** वि.सं. २०२४ देखि २०४१ सम्मको अवधिमा प्रकाशित २ देखि १२ पृष्ठसम्मका ६२ दार्शनिक निबन्धहरू सङ्ग्रहित छन् । **लक्ष्य हो ब्रह्मज्ञान** शीर्षकको **पृष्ठ ख** मा लेखकले **ब्रह्मजिज्ञासा अध्यात्मयात्रामा लाग्दा गरिएका अध्ययन, अनुसन्धान र अनुभवका केही झिल्काहरूको सङ्कलन हो** भनेबाट यसको विषय यसमा निहित तत्त्व स्पष्ट खुलेको छ । **विषयी, भोगकामीका लागि जसरी संसारका भोग्य पदार्थ जिज्ञास्य हुन्छन् त्यसरी नै विषयबाट उपराम**

**हुन खोजेका, भइसकेकाका लागि एक मात्र जिज्ञास्य हो ब्रह्म** भन्ने प्रकाशकीयको भनाइ छ । त्यस्तै भूमिकाकार शरत्कुमार भट्टराईको **यस ब्रह्मजिज्ञासा भित्र परेका धेरै जसो रचनाहरू धेरै लामो समयको अन्तरालभित्र लेखिएका र सङ्ग्रहित भएकाले शीर्षक भिन्नाभिन्नै भए तापनि प्रतिपाद्य विषय एउटै ब्रह्म भएकाले सबै रचनामा उनै कुरा सोझै अथवा प्रकारान्तले आएका छन् । तत्त्व निरूपणमा बारम्बार उनै कुरा आइरहनुलाई शास्त्रीय भाषामा अनुवाद भन्ने चलन भएकाले यो पुनरुक्ति नभएर स्वाभाविकै मानिन्छ । ब्रह्मज्ञान जस्तो अत्यन्त दुरुह वस्तुलाई एकपटक मात्र भनेर मन्द अधिकारीले बुझ्न नसक्ने हुँदा वेद, उपनिषद्, गीता र पुराण आदिमा पनि बारम्बार भन्ने परम्परा भएकाले यही कुराको अनुसरण रिसालज्यूले गर्नु अत्यन्त उचित देखिन्छ** भनेबाट यसको विषयका साथै लेखकीय शैली सुस्पष्ट भएको छ ।

**सुख कहाँ छ** ? दार्शनिक निबन्ध सङ्ग्रह लेखकको शाश्वत, सनातन, सार्वभौम, निरतिशय, अखण्ड, परिपूर्ण, निरपेक्ष सुखस्वरूप आत्माका अनुसन्धानका क्रममा वि.सं. **२०२७ साल चैत्रदेखि २०३७ साल ज्येष्ठसम्म**को समयावधिमा **हिमाली सन्देश** साप्ताहिक पत्रिकामा र केही अन्यत्र पनि प्रकाशित आत्मपरक, अध्यात्मकपरक, वेदान्तपरक, चिन्तनपरक, दार्शनिक निबन्धहरूको सङ्ग्रह हो । यस कृतिले पारखीलाई नौलो स्वाद र जीवनदर्शन प्रदान गर्ने क्षमता बोकेको छ । यसको विषय अद्वैत वेदान्त नै हो । यसको उद्देश्य ब्रह्मैक्यबोधपूर्वक मोक्षलाभ गर्नु, गराउनु हो ।

**वैदिक संस्कृति** साझा प्रकाशनबाट प्रकाशित रिसालको महत्त्वपूर्ण कृति हो । यसमा रिसालका वि.सं. २०४२ देखि २०५६ सम्मको अवधिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित वेदउपनिषद्, वेदान्तदर्शन, अध्यात्मसंस्कारले संस्कारित वैदिक संस्कृतिसम्बन्धी चिन्तनप्रधान उनन्चालीस निबन्धहरूको सङ्कलन छ । मान्छेले अन्तरचैतन्यजगत्मा पनि रहस्यमय ज्ञानको खोजी गर्दै आएको र भित्र निरन्तर खोज गरी मान्छेको जिज्ञासा तृप्त हुन सक्ने सन्देश यसको छ । शास्त्रीय चिन्तन तर मौलिक प्रस्तुतिले यो कृति रुचिकर भएको छ । यसमा वैदिक जीवनशैली र मानवजीवनको सर्वोपरि लक्ष्य **मोक्ष**लाई श्रुति, युक्ति र अनुभूतिका आधारमा अभिव्यक्त गरिएको छ ।

**ईश्वरको अनुग्रह**मा विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका र रेडियो एवं टेलिभिजनमा प्रवचन गरिएका सन्ताउन्न निबन्धहरू सङ्कलित छन् । यस निबन्धमा पूर्वीय मतका आधारमा आमा, गाई, नारी, अपाङ्ग, शिक्षा, मानवता, अतिथि, विजया दशमी, हाम्रो संस्कृति, शान्ति आदि विषयमा विश्लेषण गएिको छ भने यसका अलावा वेदान्तदर्शनका आधारमा ब्रह्मबोध वा ब्रह्मप्राप्तिको मार्ग प्रस्तुत गरिएको छ ।

**प्रेमदेखि परमात्मासम्म** कृतिमा छैंसट्ठी वटा निबन्ध भए पनि यसलाई जोड्ने मूल तन्तु आफ्नो सच्चिदानन्दस्वरूपको खोजी नै हो । यस निबन्धको मूलभूत उद्देश्य जीव र ब्रह्मको ऐक्य साक्षात्कार गराउने रहेको छ । समग्रमा यस कृतिमा पनि अद्वैत वेदान्तदर्शन कै व्याख्या र विश्लेषण रहेको छ ।

धेरैजसो प्रातःस्मरणीय व्यक्तिहरूको सामान्यरूपमा जिज्ञासु पाठकहरूलाई जानकारी भएको भए पनि **सन्तमहिमा**मा सरल, सरस र मधुर शैलीमा निबद्ध गरेर नवीनरूपमा यिनलाई चाखिलो र आकर्षक बनाएर पस्किएको छ । यसमा देवी र देवताका लीलापरक, साधु, सन्त र महात्माहरूका जीवनीपरक, प्रेरणाप्रद शान्तिगाथापरक, वेदान्तका सिद्धान्तपरक सोह्र अभिलेखहरू समेटिएका छन् । यसको उद्देश्य वेदान्तदर्शनमा श्रद्धा बढाउनु, प्रेम जगाउनु, परब्रह्म

परमात्मामा भक्ति र निष्ठा अभिवृद्धि गराउनु, त्याग र तपस्यामा रुचि सिर्जना गर्नु, वेदान्तलाई व्यवहारमा प्रयोगात्मकरूपमा प्रयोग गर्नु आदि हुन् ।

**संसार कस्तो छ** ? कृतिमा केही पुराना, केही नयाँ र विभिन्न समयमा विभिन्न पत्रिका, स्मारिका आदिमा प्रकाशित भएका छैँसठ्ठी पूर्वीयदर्शनमा आधारित रचना छन् । यसमा सम्पूर्ण जीव र जगत्को चर्चा गरेर छोड्नका लागि अनि ईश्वर र ब्रह्मको व्यापक विवेचना र विश्लेषण गरेर लिन र हुनका लागि कल्याणकारी परामर्श दिइएको छ ।

निबन्धकार शिवगोपाल रिसालको निबन्ध यात्रामा कृतिको रूपमा आठवटा निबन्ध सङ्ग्रह देखिएका छन् । एक पृष्ठदेखि **संसार कस्तो छ** ? (२०६६) मा रहेको **हाम्रो धर्म र आचरण** निबन्ध रचना ४९ पृष्ठको छ । सानो निबन्ध रचना **आँखाको नानी जस्तो सानो भए पनि त्यसको महत्त्व व्यापक भए जस्तै विशेष** छ । धेरै पृष्ठको **हाम्रो धर्म र आचरण** निबन्ध रचना मुमुक्षुका लागि **चारै वेद** हो अनि **पट्यार लाग्दो मरुभूमिको यात्रा नभएर फराकिलो फाँटमा लहलह झुलेको अन्नबाली हो ।** सानो भएर पनि गहन विषय र सरस प्रस्तुति भएका उनका निबन्ध र विशाल भएर पनि व्यापक फैलिएको गहिरो समुद्र जस्तै बुझ्नेका लागि एकै भएको छ ।

लेखक निबन्ध इतिहासको लामो यात्रामा न विषयमा अलिकति तलमाथि देखिन्छन् न भाषाशैलीमा नक्कले ठिटोको जस्तो अनावश्यक विविधता मै ठाँटिएका छन् । त्यस्तै उद्देश्यका कुरामा पनि टसनमस नै भएका छन् । उनी दृढ छन् ब्रह्ममा, उनी निश्चिन्त छन् जगत्को मिथ्या पनमा । यसो भनेर उनको निबन्ध क्षेत्रमा भएको योगदानको अवमूल्यन भएको छैन । वर्तमान मानिस आफ्नो धर्म, संस्कृति, परम्परा, दायित्व, कर्तव्य, सत्पुरुषार्थ आदिबाट पर भएका छन् । आफूलाई बुझ्न पर्नेमा नानामा भुलेका छन् । निबन्धकार रिसालको अध्ययन, अनुसन्धान र साधनाको दृढता हो ब्रह्म मात्र । जीवनलाई अद्वैत वेदान्त सिद्धान्तमा चुर्लुम्म डुबाउनु उनको सात्विक ध्येय सुस्पष्ट भएकाले उनको प्रयत्न नेपाली निबन्ध जगत्मा एउटा कोसे ढुङ्गो नै सावित भएको छ ।

### ३.३.३ निष्कर्ष

१३ वर्षको उमेरमा निबन्ध लेखी निबन्ध प्रतियोगितामा प्रथम भएका निबन्धकार शिवगोपाल रिसालको औपचारिक यात्रा वि.सं. २०१७ सालबाट भएको हो । विषयमा विविधता, उद्देश्यगत भिन्नता र भाषाशैलीगत तिख्खरताभन्दा पनि अद्वैत वेदान्त जस्तै एकरूपता रहेको उनका निबन्धयात्रा फुटकर प्रकाशन र कृति प्रकाशनका आधारमा दुई चरणमा विभाजन गरिएको छ । हालसम्म रिसालका ५०० जति निबन्ध रचना प्रकाशित भइसकेका छन् ।

रिसालको निबन्धयात्राको दोस्रो चरण कृति प्रकाशनको आधारमा वि.सं. २०५६ बाट सुरु भएको हो । पहिलो कृति **अभेद-दर्शन**देखि **संसार कस्तो छ** ? (वि.सं. २०६६) गरी उनका आठवटा कृति प्रकाशित भइसकेका छन् । जसमा ४४१ वटा निबन्धहरू लिपिबद्ध भएका छन् । वि.सं. २०२४ देखि विभिन्न पत्रपत्रिकामा प्रकाशित र केही नयाँ रचनासमेत सामेल गरेर उनका अनमोल कृतिहरू आएका छन् । सरल र संयत शैलीमा रचित उनका रचनाहरूको मूल उद्देश्य अद्वैत वेदान्त दर्शनमा रहेका गूढ रहस्यलाई सांसारिकतामा मोहित अज्ञानीहरूलाई बताई ब्रह्म बाहेक अर्को सत्य केही नभएको सत्य उद्बोधन गराउनु हो ।

# अध्याय चार

## शिवगोपाल रिसालको सुख कहाँ छ ? निबन्ध सङ्ग्रहको अध्ययन

### ४.१ पृष्ठभूमि

वि.सं. २०५७ सालमा प्रकाशित यस **सुख कहाँ छ** ? कृतिमा ८१ वटा वस्तुपरक विश्लेषणात्म निबन्धहरू छन् । सबै निबन्धको विषय, उद्देश्य र भाषाशैलीगत कुराहरू एकनाश नै छन् । यस विश्लेषण खण्डमा निबन्ध सिद्धान्तको विषय, उद्देश्य र भाषाशैलीका आधारमा यसलाई केलाउने प्रयास गरिएको छ । प्रत्येकको शीर्षक नदिई तिनलाई बुझाउने गरी प्रत्येक अनुच्छेदमा गाढा अक्षरमा **विषय, उद्देश्य र भाषाशैली** हो भनी बुझ्न सकिने तरिकाले प्रस्तुत गरिएको छ ।

### ४.२ आत्मदर्शन

यस निबन्धको **विषय** आत्मा हो । यसमा संसारमा सबभन्दा उच्च, सबभन्दा प्यारो, सबभन्दा नजिकैको, सबभन्दा जान्न र बुझ्न लायक आत्मा हो भनिएको छ । आत्मा भनेको आफू हो । यसमा पूर्वीयदर्शनका आधारमा आत्मादर्शनको मूल भेटिन्छ भनिएको छ । आत्मादर्शनले आत्मलाभदेखि अखण्ड आनन्दसम्म प्राप्त हुने कुरा यसमा छ । आजको विश्वले खोज्ने सुख आत्मादर्शन नगरी नहुने भएकोले यसको समाधान यसमा पाइन्छ । पूर्वीय शास्त्र र **रुसो**को **प्रकृतितिर फर्क**ले आत्मातिर हेर भनेको हो भन्ने प्रमाण यसमा पेश भएको छ । विकसित देशमा भक्ति र योगले लोकप्रियता पाउन थालेको लेखकको विचार यसमा आएको छ । आत्मादर्शनका लागि पूर्वीय वेदान्तदर्शन नै अन्तिम भएको विचार यसमा छ । लेखकको आध्यात्मिक चिन्तन र साधना तथा वेदान्तदर्शनको गम्भीर अध्ययनका कारण आत्मसत्ताको सदाकाल अनुभव हुनका लागि वेदान्त दर्शन बुझ्नुपर्ने जोड यसमा छ । ब्रह्मसूत्र, गीता र उपनिषद्लाई प्रस्थानत्रयी भनिने र यसको आधार ग्रन्थ वेदान्त भएको यथार्थता यसमा छ । आत्मदर्शनका लागि पूर्वीयदर्शनको शिरोमणि अद्वैत वेदान्त दर्शनका आधारमा चिनाउनु यसको विषय हो ।

पूर्वीयदर्शनका आधारमा आत्मा र त्यसको निकट पुग्ने उपाय बताउनु यस निबन्धको प्रमुख **उद्देश्य** हो । वेदान्त आत्मवादी दर्शन हो । यसको रहस्य बुझ्न सके **परमाणु बम**ले मानवीय अस्तित्व सङ्कटमा पारेको यस समयमा अवर्णनीय सुख दिने कुरा बताई वर्तमान मानवलाई मृत्युको भयबाट मुक्त गराई ध्वंसात्मक प्रवृत्ति त्याग्न प्रेरणा दिनु यसको उदाहरणसहितको सन्देश हो । निबन्ध सिद्धान्त अनुसार सूचना प्रदान यसको उद्देश्य रहेको छ ।

यस निबन्धको रचना भावका दृष्टिमा संयत **शैली** प्रयोग भएको छ । लेखकले यस निबन्धमा विचार र अनुभूतिहरू क्रमिक प्रयोग गरेका छन् । यसलाई लेखकले बुद्धिले सजाएका छन् । **भाषा**का दृष्टिले यस निबन्धमा संयत र सरल शैलीको सजावट तर सरल लाग्ने समस्त शैली प्रयोग पनि छ । जस्तो :

**त्यसैले वेदान्त आत्मदर्शन हो, आफूभन्दा अभिन्न दर्शन हो, आफ्नै दर्शन हो ।**[७०]

नेपाली व्याकरणको पदक्रम कर्ता र क्रियाको बीचमा अन्य पद राख्ने शैली पूर्णरूपले

---

७०. प्रा. शिवगोपाल रिसाल, **सुख कहाँ छ** ? (ललितपुर : अनादिगोपाल रिसाल, २०५७), पृ. १ ।

पालना गर्ने काम यस निबन्धमा भए पनि सामान्य पदक्रम विचलन पनि छ । जस्तो :
**दु:खी नबन्नु नै हो वेदान्तको व्यावहारिक पक्षको महानता ।**[७१]

शब्द प्रयोगका क्षेत्रमा भाषाका विज्ञ एवं संस्कृतका प्रखर व्यक्तित्व भएका कारण तत्सम र तद्भव शब्द प्रयोग गरेको पाइन्छ भने आवश्यकताअनुसार आगन्तुक शब्दहरू आएका छन् । जस्तो : अमेरिका, बेलायत, जापान, बम । यस निबन्धमा उखान नभए पनि **घरबार छोड्नु, जोगी बन्नु र संसार त्याग्नु**[७२] टुक्का प्रयोग भएका छन् ।

## ४.३ चरित्र-निर्माण र आत्मनिर्भरता

चरित्र मूल **विषय** भएको यस निबन्धमा आत्मनिर्भरताको पक्षमा पनि लेखिएको छ । मानव जीवन सर्वोच्च छ, यसको सर्वोच्चता चरित्र-निर्माण र आत्मनिर्भरतामा निर्भर रहन्छ भनी यसमा बताइएको छ । सबैले खोजेको कुरा चरित्र-निर्माण र सबै कार्यको लक्ष्य पनि यही हो भन्दै व्यक्तिको चरित्र-निर्माण भए राष्ट्रको समुन्नतिमा सघाउ पुग्ने कुरा यसमा छ । चरित्र मानवीय आन्तरिक वृत्ति भएको र ठूलाले सानालाई व्याभिचार आदिबाट मोडेर सदाचारमा उन्मुख गराउनुपर्ने कुरा यसमा वर्णित छ । नागरिकको चरित्र कमजोर हुनुको कारक शिक्षक, नेता, थकाली आदि नै हुन् भनिएको छ । स्व उपार्जन, पुरुषार्थ, उद्योग, शिक्षामा सन्तुष्ट हुनु आत्मनिर्भरता हो भन्ने उदाहराणात्मक प्रस्तुति यसमा छ । यस्तो भावनाले व्यक्ति हुँदै राष्ट्र उन्नतशील बनाउने कुरा गर्दै वर्तमान संसारको नारा चरित्र-निर्माणको अनि आत्मनिर्भरताको भएको तथ्य यसले पेश गरेको छ । वेदान्तदर्शनमा तिमी आफू नै सम्पूर्ण हौ, संसार तिमीदेखि भिन्न छैन भनिएको आधारमा यसले चरित्रनिर्माण र आत्मनिर्भरतालाई मूल ठानेको र दुबै एक अर्काका सहायक भएको कुरा यसमा वर्णित छ । वेदान्तदर्शन बुझ्न सके यस्ता गहन विषयबाट लाभान्वित भइने विचार यसले दिएको छ ।

वर्तमान सन्दर्भमा चरित्र-निर्माण र आत्मनिर्भरताको कुरा जहाँतहीँ उठेको पाइए तापनि तिनको सही उपाय र आधार नपाएकोले व्यक्ति अल्मलिएको अवस्थामा वेदान्त दर्शनले देखाएको चरित्रनिर्माणको आधार र आवलम्बन अनि आत्मनिर्भरताको अर्थ र व्यवहार नै उत्तम रहेको कुरा बुझाउनु यस निबन्धको प्रमुख **उद्देश्य** हो । चित्तशुद्धि, चरित्रनिर्माण र ईश्वरमा अनन्य भक्ति लगाउन सके आत्मनिर्भर भइने रहस्य प्रस्तुत गर्दै यसको थप उद्देश्यमाथि प्रकाश पारिएको छ । लेखकको अध्ययन, मनन्, चिन्तन, विश्लेषण आदिका आधारमा सच्चा चरित्रनिर्माण के हो र आत्मनिर्भरता अनि यससँगको सहसम्बन्ध देखाउँदै निबन्ध सिद्धान्तका आधारमा सूचना प्रदान गर्नु यसको उद्देश्य हो । यसले मानवीय कमजोरीलाई सुधार गरी सार्थक जीवन जिउने **सन्देश** दिएको छ ।

निबन्धको भावगत दृष्टिमा संयत **शैली** प्रयोग गर्नु लेखकको मौलिक पहिचान र विशेषता भएकाले यसमा पनि सोही शैली प्रयोग भएको छ । वेदान्तदर्शनमा चुर्लुम्म डुबेर त्यसको ज्ञान र चेतानाले हृदय भरिएका निबन्धकारको बौद्धिकताले यो निबन्ध सजिएको छ । यस निबन्धमा प्रसाद शैलीका अलावा सरल समस्त शैली पनि प्रयोग भएको छ । जस्तो :
**चरित्रभ्रष्ट नेता, शिक्षक, विद्यार्थी, व्यापारी, कर्मचारी, लेखक आदिले राष्ट्रलाई नै उँधो झार्दछन्**

७१. ऐजन, पृ. १ ।
७२. ऐजन, पृ. १ ।

**अनि जसको चरित्रमा पवित्रता, स्वच्छता, नैतिकता, राष्ट्रियता, मानवता छ उसले राष्ट्रलाई नै समुन्नतिमा पुऱ्याउँछ, समाजलाई सिँगार्दछ, परिवारलाई हँसाउँछ र आफू सदा सुखी हुन्छ ।**[७३]

भाषाविशेषज्ञ निबन्धकारले तत्सम र तद्भव शब्दमा यस निबन्धलाई उजिल्याएका छन् भने व्याकरणको कर्ता, कर्म, पूरक र क्रियाको रूपमा चल्ने निबन्धकारले विशेष कुरालाई जोड दिई भन्न पदविचलनलाई पनि स्विकारेका छन् । जस्तो :

**वेदान्तको परिभाषाअनुसार चित्तशुद्धि हो चरित्र-निर्माण तथा ईश्वरमा आत्मसमर्पण वा अनन्य भक्ति हो आत्मनिर्भरता ।**[७४]

यस निबन्धमा उखानको प्रयोग नभए तापनि **भर पर्नु, जङ्गल गएर बस्नु**[७५] जस्ता टुक्का र पदावली प्रयोग भएका छन् ।

## ४.४ जीवन र दर्शन

प्रस्तुत निबन्धको शीर्षक कै आधारमा यसको मूख्य **विषय** जीवन र दर्शन हो । यस निबन्धमा जीवन र दर्शन एकै नदीका दुई किनार भनेझैँ यी बीच अस्तित्वगत सम्बन्ध देखाइएको छ । जीवनको सर्वोच्च लाभ ब्रह्मप्राप्ति हो र वेदान्तको अन्तिम लक्ष्य पुरुषलाई जीवनमुक्त बनाउने हो भनी यसमा खुलाइएको छ । वेदान्तीले जीवनलाई बुझेर दर्शनलाई समाएर संसारप्रति आस्था र आसक्ति नराखी त्यसबाट अलग हुने कुरा यसमा पाइन्छ । व्यक्ति जीवनलाई दर्शनको आधारमा बुझी मृत्यु भयबाट माथि उठ्ने गर्दछ । जन्ममृत्युको चक्करबाट पार लगाउने मूल आधार वेदान्त दर्शन हो भन्दै मानिस कुनै न कुनै रूपमा दर्शनबाट प्रेरित हुने कुरा यसमा व्यक्त छ । सही दर्शनचाहिँ वेदान्त नै भएकोले त्यसलाई जीवनको आधार ठान्नुपर्ने परम विचार यसको मुख्य विषय हो । वेदान्त-दर्शनमा गुरु परम्पराको महान् महिमा र मर्यादा भएकोले कम्तीमा ज्ञानी गुरु अनिवार्य रहेको विचार यसमा छ ।

साहित्यमा निबन्धको **उद्देश्य** व्यक्तिको कल्पनाको प्रस्तुतिलाई पाठक समक्ष ल्याउनु मुख्य हुन्छ । यसमा सामान्य हिसाबले सूचनात्मकता कहीँनकहीँ रहेकै हुन्छ । धार्मिक साहित्यमा ईश्वर प्राप्ति वा आत्माको जानकारी गराउने लक्ष्य रहन्छ । यसै हिसाबले यस निबन्धमा सामान्य रूपले हेरिएको हाम्रो यो जीवनलाई बहुमूल्य, अर्थमूलक, जिउँदो आदि बनाई सफल बनाउन वेदान्तदर्शन निर्विकल्प भएको कुरा देखाउन खोजिएको छ । वेदान्तदर्शनले जीवनलाई धन्य, कृतार्थ, कृतकृत बनाउने सन्देश दिँदै वेदान्तदर्शनको महत्त्व देखाउनु यसको मूख्य उद्देश्य हो । निबन्ध सिद्धान्तले हेर्दा यस निबन्धको उद्देश्य लेखकको चिन्तन, साधना र लगन अद्वैत वेदान्त भएकोले त्यसकै सूचना अज्ञानीलाई दिनु रहेको छ ।

सरल, सरस, संयत **भाषाशैली**का अनुयायी एवं प्रयोक्ता निबन्धकारले यस निबन्धमा पनि सरल र सरस भाषा शैलीको प्रयोग गरेका छन् । साथै आवश्यकताका आधारमा समस्त लाग्ने शैली पनि यसमा छ । जस्तो :

**वेदान्तीहरू शरीरलाई आफू ठान्दैनन्, आफूलाई त कहिल्यै नमर्ने, नजन्मने ब्रह्मवस्तु भनी निर्णय गरेकाले हाँसी-हाँसी आनन्दले बिताउँछन र बेला आएपछि, प्रारब्धभोग समाप्त भएपछि कत्ति पनि नडराईकन शरीरलाई छोडिदिन्छन् ।**[७६]

---

७३. ऐजन, पृ. ३ ।

७४. ऐजन, पृ. ४ ।

७५. ऐजन, पृ. ४ ।

७६. ऐजन, पृ. ५ ।

तत्सम र तद्भव शब्दका रुचिकर प्रयोग गर्ने निबन्धकारको यस निबन्धमा आगन्तुक शब्दको प्रयोग पाइँदैन । सामान्य आवश्यकता पूरा गर्न मात्र एकाध ठाउँमा उनले पदविचलन गरेको पाइन्छ । जस्तो :

**यसैको सैद्धान्तिकरूप दर्शन हो र व्यावहारिकरूप जीवन ।**[७७]

उखानको प्रयोग नभएको यस निबन्धमा टुक्काको प्रयोग पनि भएको छैन् । **कमलको पातमा रहेको पानीझैं संसार, बहनाविनाको डुङ्गाझैं, एकै नदीका दुई किनार, एकै सिक्काका दुई पाटा**[७८] जस्ता प्रचलित पदावलीको प्रयोगले भने भाषा आलङ्कारिक भएको छ ।

## ४.५ शिक्षाको लक्ष्य

प्रस्तुत निबन्धको **विषय** शिक्षा हो । वर्तमान सन्दर्भमा शिक्षाले ज्ञानको ज्योति छर्ने, स्वावलम्वी बन्ने, राष्ट्रविकासको आधार तय गर्ने जस्ता प्रसङ्ग यसले अभिव्यक्त गरेको छ । यस निबन्धमा भने वेदान्त संसारमा तपस्यारत निबन्धकारले शिक्षाले आफूलाई चिनाउनु पर्ने कुरा अभिव्यक्त गरेका छन् । आफू भनेको भ्रमयुक्त अन्य कुरा नभएर निर्विकाकार अखण्ड, अविनाशी, अमर वस्तु आत्मालाई बुझ्नु पर्ने कुरा यसमा छ । शिक्षाको महत्त्व यसको लक्ष्यले घटाउने वा बढाउने गर्दछ । यस हिसाबले देश, समाज, परिवार र आफूलाई चिन्नु, आफूलाई विकास गरी सन्तुष्ट हुनु, आत्मनिर्भर, आत्मविश्वासी, आत्मगौरवी बनी देश, समाज, परिवार र आफूलाई सर्वस्व ठानी आत्मलाभ गर्नु शिक्षाको यथार्थ लक्ष्य हो भन्ने सन्देश यस निबन्धमा पाइएको छ । देशको वर्तमान शिक्षाकै कारण व्यक्तिमा नकारात्मक भावना र प्रवृत्तिको विकास भएको हो भन्ने ठोकुवा यसमा छ । हाम्रो मूल जरो वेदान्तदर्शन नबुझी जुनसुकै शिक्षा दिए पनि निरर्थक हुने भएकोले शिक्षाको लक्ष्यको विषयको आधार पूर्वीयदर्शन वेदान्तदर्शन नै हो भन्ने कुरा यसमा पाइन्छ ।

शिक्षा आफैं उद्देश्य हो । शिक्षा जीवनको आलोक हो, यसले मानव हृदयलाई आत्माको सत्तासम्म पुऱ्याउँछ । व्यक्तिको अज्ञानता नाश गरी राष्ट्रको अभ्यूदयसम्म शिक्षाको तरङ्ग भेट्न सकिन्छ । प्रस्तुत निबन्धको **उद्देश्य** शिक्षाको लक्ष्य कस्तो छ तर त्यो कस्तो हुनुपर्छ भनी विश्लेषण गरी सूचना वा जानकारी प्रदान गरी व्यक्तिमा यथार्थ के हो त्यो बुझाउनु रहेको देखिन्छ । नेपाल, नेपालको प्रकृति, संस्कृति, परम्परा गौरवगाथा आदिको यथार्थ परिचय गराई त्यसमा निष्ठावान बनाउने तुलनात्मक, व्यावहारिक र वैज्ञानिक परिपाटीको शिक्षाले नै सर्वाङ्गीण विकास हुने आधार देखाउनु यस निबन्धको विशेषता रहेको छ । माटो मिल्दो शिक्षा र त्यसमा नैतिक, राष्ट्रवादी, सदाचारी, परिश्रमी, निःस्वार्थी, देशभक्त गम्भीर, संयमी नागरिक बनाउनका निम्ति वेदान्तदर्शनको अध्ययन, अनुसन्धान, अध्यापन गरेमात्र यसको व्यवहारिक र वैज्ञानिक महत्त्व बुझिने रहस्य खोतल्नु यस निबन्धको उद्देश्य हो । वेदान्तका प्रखर प्रयोक्ता निबन्धकारले वेदान्तमुखी शिक्षा वर्तमान समयको सबल आधार हुने सन्देश दिएका छन् ।

सरल, सरस, सहज **भाषा**का पूजारी निबन्धकार संयत **शैली**का अनुरागी हुन् । एक त वेदान्तदर्शन त्यसमा वैयक्तिक भाषा शैलीले सामान्य पाठकका लागि दुर्बोध्य हुने भएकाले नै निबन्धकारले यस्तो शैली अङ्गालेको हुनुपर्छ । यस निबन्धमा सरल र प्रसाद शैलीका साथै समस्त

७७. ऐजन, पृ. ५ ।

७८.ऐजन, पृ. ५ ।

लाग्ने शैलीको पनि प्रयोग भएका छन् । समस्त शैलीको प्रयोगको उदाहरण, जसमा पदविचलन पनि छ :

**आफूले आफूलाई केलाएर हेरेर आफूले आफूलाई चिन्नु यही हो वेदान्त-दर्शनले देखाएको शिक्षाको राजमार्ग र नेपालको सुनौलो भविष्यको सपनालाई साकार बनाउने एक मात्र उपाय ।**[७९]

सामान्य पदविचलन, तत्सम र तद्भव शब्दको अधिक प्रयोग र उखान टुक्का विहीन प्रस्तुत निबन्धमा लोकप्रिय पदावली वा सूक्तिको प्रयोग भने भएको छ । त्यो हो- **साधारण जीवन महान् चिन्तन, भडकिलो जीवन निम्न चिन्तन ।**[८०]

## ४.६ शान्तिको खोजमा

शान्ति यस निबन्धको **विषय** हो । शान्ति शब्द र विषय नै महत्त्वपूर्ण अनि विशेष छ । यस संसारमा शान्तिको चाहना नराख्ने कोही नहोला । नपाउनु खोज्न नजानेर नै हो । फेरि शान्तिको सम्बन्ध अनुभूतिसँग छ । प्राप्त गरिने आकार वस्तुचाहिँ होइन । यस निबन्धमा शान्तिको लागि वेदान्तदर्शन नै मूल आधार भएको कुरा गरिएको छ । व्यक्तिले आफूलाई चिनेर कामनारहित वा निष्काम बने शान्ति प्राप्त हुने भन्दै फलेच्छा नराखी शरीर इन्द्रियबाट वैज्ञानिक प्राप्तिमा लाग्दा शान्ति मिल्ने कुरा यसमा व्यक्त छ । आध्यात्मिक दृष्टिमा शान्तिको खोज अखण्ड शान्ति प्राप्त गर्ने बाटो भएको र साँचो अर्थको शान्ति घर गृहस्थीबाट पनि अनुसन्धान गर्न सकिने समयानुकूल विचार यसमा पाइन्छ । विश्वशान्तिको नारा साकार पार्न पवित्र हृदयले शान्तिमा लाग्न र हस्ताक्षर गर्नुपर्ने कुरा व्यक्त गरिएको पनि छ । मान्छे अशान्त कामनाले हुने भएकोले आफू नै शान्तिको पर्याय भएको रहस्योद्घाटन भएको छ । शान्ति आफू, आत्मा र ईश्वर हो भन्ने निष्कर्ष यसमा निकालिएको छ ।

भौतिक चिजबिजले न सुख दिन्छ न शान्ति नै । वेदान्तको उद्देश्य हो आत्म बुझ्नु र ब्रह्ममा लिन हुनु । यसैले प्रस्तुत शान्तिको खोज निबन्धको **उद्देश्य** शान्ति जतातते र जसरी पनि पाउन सकिन्छ भन्ने हो । नचिताईकन र ननिदाईकन चल्न वा बस्न सके शान्ति पाउन सकिन्छ भन्ने कुरा देखाउनु वा सिकाउनु यसको उद्देश्य हो । कामनारहित बन्नु निष्काम बन्नु हो र शान्तिका लागि त्यही बनेर घरव्यवहारबाटै शान्ति खोज्न सकिने सन्देश दिनु र आफूभन्दा भिन्न वस्तुमा शान्ति पाउनै नसकिने यथार्थ एवं गहन विचार दिनु यसको उद्देश्य हो । वेदान्त व्यवहार, वेदान्त चिन्तन र वेदान्त साधना गर्ने महान आत्माले यस निबन्धमार्फत सच्चा शान्तिको खोजमा लाग्न सन्देश दिएका छन् ।

**भाषा** विचार विनियमको माध्यम र **शैली** लक्ष्यमा पुऱ्याउने व्यवहार हो । भाषाका विद्वान भएकाले सरल, सहज र सरस तरिकाले पाठक समक्ष आफ्ना रचना पोख्ने निबन्धकारले यस निबन्धमा समस्त तर सरल शैलीका अतिरिक्त प्रायः सहज वा संयत शैलीलाई आफ्नो प्रस्तुति बनाएका छन् । जस्तो :

**के धनी, के गरिब, को विद्वान, को अनपढ, कुन वन, कुन धर जहाँ पनि, जसको पनि, जहिले पनि यदि साँचो अर्थमा शान्तिको खोज गरेको छ भने पाउँछ, पाउँछ ।**[८१]

यस निबन्धमा उखानको प्रयोग भएको छैन । तत्सम र तद्भव शब्दको कौशलपूर्ण प्रयोग नै यसको भाषाशैलीको विशेषता हो । भाषाको मिठासका लागि यसमा **हात लाग्नु र सेता**

७९. ऐजन, पृ. ८ ।

८०. ऐजन, पृ. ८ ।

८१. ऐजन, पृ. ९ ।

**परेवा उडाउनु**[८२] जस्ता सार्थक टुक्काको प्रयोग भएको छ । पदविचलन भने यस निबन्धमा पनि भएका छन् । जस्तो :

**यही हो वेदान्तदर्शनले बताएको शान्तिको सरल मार्ग ।**[८३]

## ४.७ चित्तशुद्धिका सन्दर्भमा

शाब्दिक अर्थ हृदय, मन आदिले बुझाउने तर अदृश्य रूप चित्त यसको **विषय** हो । चित्तको पवित्रता वा चित्तले परमार्थसम्म पुग्ने सोच बनाउनु चित्तशुद्धि हो भन्ने कुरा यस निबन्धमा प्रस्तुत गरिएको छ । चित्तशुद्धिका अनेकौँ उपाय छन् र त्यो पूर्वीयदर्शनमा वर्णित भएको कुरा निबन्धकारले औँल्याएका छन् । चित्तलाई तह लगाउन योगदर्शन आएको हो भने चित्त मिथ्या हो भन्ने बाटो वेदान्तदर्शनले देखाएको हो भन्ने विचार यसमा छ । पूर्वीय अनमोल ग्रन्थहरू मोक्षपरक शास्त्र भएको तथा कर्म र उपासनाबाट चित्तशुद्ध हुने प्रसङ्ग यहाँ प्रस्तुत छ । चित्तशुद्धिको लक्षण ब्रह्म जिज्ञासा भएको र सबैले निष्काम भावले ईश्वरार्पण बुद्धिले कार्य गर्नुपर्ने मार्गदर्शन यसमा छ । चित्तको अखण्ड आकार नै शुद्धि र यसले अखण्ड अविनाशी, निरतिशय सुख, सन्तोष र शान्ति मिल्ने सात्विक विचार यसमा पोखिएका छन् । विषयमा चित्त लगाउनु सांसारिक बन्नु हो भन्दै आत्मामा मन संस्थापन गर्नुपर्ने पारमार्थिक आग्रह पनि यसमा गरिएको छ ।

चित्त वा मनको चाहना भनेर आजको मानिस विषय वा भोगमा चित्त दिन उद्यत रही पूर्वीयदर्शन हाम्रो मूल आधार भएको कुरा सबैले भुल्न थालेकाले मानवजातिको उत्थानका लागि चित्तशुद्धि अनिवार्य भएको भाव व्यक्त गर्नु यस निबन्धको प्रमुख **उद्देश्य** हो । वेदान्त दर्शनले देखाएको मार्ग नै निर्विकल्प भएको तथ्यमा जोड दिँदै यस उपायबाट गरिने चित्तशुद्धिले मानिस परमार्थमा ध्यान दिई जीवन सफल वा सार्थक बनाउने सन्देश यसमा छ । नितान्त अध्ययन, साधना र व्यवहारलाई परहितकालागि कम्तिमा सूचना दिनु यस निबन्धको सिद्धान्तानुकूल उद्देश्य हो ।

भाषिक क्षमताका पर्याय वा दृष्टान्त यस निबन्धका निबन्धकारले जीवनभरिको अध्ययन, चिन्तन र साधनालाई अरूले बुझून भन्ने **भाषा** एवं **शैली**को प्रयोग गर्ने महान चाहनाअनुसार यस निबन्धको भाषामा सरल शब्दहरूको प्रयोग भएको छ भने शैली संयम र प्रसादको प्रयोग देखिन्छ । यसको उदाहरण हेरौँ :

**योगदर्शन चित्तलाई साँचो मानेर त्यसलाई तह लगाउन यम नियम आदि आठ उपायको अवलम्बन गर्छ भने वेदान्तदर्शनचाहिँ चित्त भन्ने कुरा वास्तवमा भएकै होइन, हर हालतमा मिथ्या हो, कल्पित हो भनी बुझ्ने बाटो देखाउँछ ।**[८४]

**निर्मूल हुनु, मर्म बुझ्नु**[८५] जस्ता टुक्काको प्रयोग भएको यस निबन्धमा कुनै उखान भेटिएन । तत्सम, तद्भव शब्दको बाहुल्यता रहेको यस निबन्धमा सामान्य पदविचलन गरी महत्त्वपूर्ण कुरा यसरी प्रस्तुत गरिएको छ :-

**चित्तशुद्धिको आशय हो चित्तभावको आत्यन्तिक नाश ।**[८६]

---

८२. ऐजन, पृ. १० ।
८३. ऐजन, पृ. ९ ।
८४. ऐजन, पृ. ११ ।
८५. ऐजन, पृ. १२ ।
८६. ऐजन, पृ. १२ ।

### ४.८ चिन्तारहित हुने उपाय

ज्ञानवान् महात्माभन्दा बाहेक सबै नै चिन्ताको महाजालमा परेर अधमरा भइरहेको यथार्थ प्रस्तुत गर्दै लेखिएको यो निबन्धको मूल **विषय** चिन्ता हो । निश्चिन्त भएर जीवनको महानता प्रस्तुत गर्नु परम पुरुषार्थ हो भन्ने लेखकको मूल धारणा यसमा आएको छ । विज्ञानको चामत्कारिक उन्नति र आर्थिक समृद्धिले भरिभराउ विश्वका मानव चिन्ता रहित हुन लागू पदार्थको प्रयोग गरी क्षणिक सुखी बन्न खोजेको उदाहरण दिँदै जड भौतिकवादी, विज्ञानवादी संसारसँग चिन्ताको निदान गर्ने उपाय नभएको स्पष्ट कुरा यहाँ प्रस्तुत छ । चिन्तारहित हुने उपाय केवल अध्यात्मवादसँग वा वेदान्तदर्शनसँग भएको ठोकुवा गरिएको छ । मनलाई सदाकाल आत्मामा संस्थापन गरेर केही कुराको पनि चिन्ता नगरोस् भन्ने गीताको दर्शनमा उल्लेख भएको प्रसङ्ग व्यक्त गर्दै चिन्ता नगरी सदासर्वदा आत्मा, ईश्वर, ब्रह्म, वेदान्त आदिमा चिन्तन गर्नुपर्ने उपाय बताइएको छ । नपाएका कुरा पाउन र पाएका कुरा सुरक्षा गर्न मानिसले निरर्थक चिन्ता गरेको र यी कुरा ईश्वाराधीन हो भनेर बुझाइएको छ । सारा मायावी परमात्माको लीला भएकोले मानिस ईश्वरमा भर परे निश्चिन्त र सुखी बन्न सक्ने मार्ग देखाइएको छ । यसका लागि अद्वैत वेदान्तमूलक मोक्षपरक शास्त्रको अध्ययन वा सत्सङ्गमा भाग लिनु पर्छ भनिएको छ ।

अध्यात्मिक वा वेदान्तदर्शनका आधारमा मानव मनमा पर्ने चिन्ता हटाउन सकिने मूल उपाय यस निबन्धको **उद्देश्य** हो । विषय वासनामा लागेर वा भौतिक वस्तुले मानवीय चिन्ता नहट्ने यथार्थको प्रस्तुति दिँदै चिन्तारहित वा निश्चिन्त मानव नै सार्थक मानव भएको कुरा बुझाउने कार्य यसमा भएको छ । आफूलाई चिनाउने वा आत्मसापेक्ष बनी ब्रह्म सत्य जगत् मिथ्या हो भनी बुझ्न सके चिन्तारहित बन्न सकिने भाव प्रस्तुत गर्नु यसको उद्देश्य हो । मनोविज्ञानमा पनि चिन्ता व्यक्तिको लागि उपयोगी नभएकोले चिन्तै गर्ने हो भने परमात्मामा चिन्ता गर्दा उचित हुने सन्देश यसमा छ ।

प्रसाद शैलीका अनुरागी सरल, सहज एवं सरस भाषाका प्रयोक्ता निबन्धकारबाट अघिल्ला रचनामा झैँ यसमा पनि सोही किसिमका **भाषा र शैली**को अवलम्बन भएको छ । संयत शैलीको प्रयोग गर्ने निबन्धकारले सरल लाग्ने समस्त शैलीको प्रयोग गरेका छन् । जस्तो :
**वेदान्तविद्या किंवा आत्मविद्याका यथार्थ ज्ञाता अर्थात ज्ञानवान् महात्माभन्दा बाहेक सबै नै चिन्ताको महाजालमा परेर अधमरा भइरहेछन् ।**[८७]

**भर पर्नु, महाजालमा पर्नु**[८८] जस्ता टुक्काको प्रयोग भएको यस निबन्धमा उखानको प्रयोग छैन । निबन्धकारले यस निबन्धमा पदविचलनको सामान्य प्रयोग गरेका छन् । जस्तो :
**यो त छ केवल अध्यात्मवादसँग, वेदान्तदर्शनसँग ।**[८९]

### ४.९ सत्सङ्गको महिमा

यस निबन्धको **विषय** सत्सङ्ग हो । यसमा सत् र सङ्गको संयोजन भएको छ । सत्को मूल अर्थ ब्रह्म हो र चिन्तन, ध्यान लगायत कार्यमा चित्त लगाउनु सङ्ग हो । अन्य विषयमा चिन्ता गर्नु निरर्थक रहेकोले सदासर्वदा सत्सङ्गमा लाग्नुपर्ने कुरा यसमा छ । सत्सङ्ग गृहस्थमा पनि गर्न सकिने र यसका लागि बाहिरी पदार्थमा चित्त लगाउन नहुने भनिएको छ । सत्सङ्गले

८७. ऐजन, पृ. १३ ।
८८. ऐजन, पृ. १४ ।
८९. ऐजन, पृ. १३ ।

जीवन सन्तोषमय हुने र यसको महिमा असीमित भएको गहनता यसमा छ । सत्सङ्ग आन्तरिक भएकाले यसको सम्बन्ध बाह्य गतिविधिसँग छैन, सत्सङ्गले म शरीरादिदेखि रहित शुद्ध चैतन्य, अखण्ड आनन्द एवं प्रकाशरूप हुँ भन्ने ज्ञान दिन सक्ने भाव यसमा व्यक्त भएको छ । सत्सङ्गको दीर्घकाल अभ्यास भएपछि आफूलाई चिनिने र जीवन्मुक्त भइने वेदान्तदर्शनको सन्देश यसमा प्रस्तुत छ ।

यस निबन्धमा सत्सङ्ग के हो र त्यसको आवश्यकता कस्तो छ भन्ने धारणा लेखकको अध्ययन, साधना र चिन्नतका आधारमा प्रस्तुत गरिएको छ । मानिस भौतिकताको नशामा लठ्ठिएको वर्तमान समयमा कुनै कुराबाट सुख, शान्ति, आनन्द आदि प्राप्त गर्न नसक्नुको मूल कारण वेदान्तदर्शनले देखाएको मार्ग भुलेर हो भन्ने ठहर गर्दै त्यस्ता महत्त्वपूर्ण पक्षलाई स्वीकार गरी सत्सङ्गमा लाग्न सबैलाई प्रेरित गर्नु यस निबन्धको उद्देश्य हो । वेदान्तदर्शनको गुदी खोतल्न अभिप्रेरित गरिएको यस निबन्धको साहित्यिक **उद्देश्य** सूचनात्मकता नै हो ।

समग्र निबन्ध कृतिमा भावका हिसाबले संयत **शैली** प्रयोग गरिएको यस निबन्धमा निबन्धकारले वेदान्त दर्शनको मर्मअनुरूप नै सरल शैलीको प्रयोग गरेका छन् । मिश्रित वाक्य भए पनि सूचनात्मकताका कारण सरल नै देखिन्छन । जस्तो :

**जब चित्त बाहिरी पदार्थमा जाँदैन र जागा रहिरहन्छ भने ऊ सत्सङ्गमा छ भने हुन्छ ।**[९०]

भनाइ प्रभावकारी ढङ्गले प्रस्तुत गर्न यसमा समान्य पदविचलन भएको छ । जस्तो :

**आफूभन्दा सारा हो असत् ।**[९१]

भाषा र व्याकरणका अनुयायी निबन्धकारले यस निबन्धलाई तत्सम र तद्भव शब्दले नै सिँगारेका छन् । यस निबन्धमा उखान, टुक्का आदिको प्रयोग छैन ।

### ४.१० पुरुषार्थ के हो ?

भौतिक संसारी विषयको नभई वेदान्तदर्शनले भन्ने पुरुषार्थ यस निबन्धको **विषय** हो । संसारी वस्तुहरूको लाभ प्रारब्धको फल मानी आत्मसाक्षात्कार गरी जीवनमुक्त हुनु मात्र पुरुषार्थ हो भन्ने निश्चय यसमा गरिएको छ । शरीर पुण्यको फल हो ; मृत्युसम्म प्रारब्धको सीमा हो ; चिताएर मात्र पाइन्न, प्रारब्धले जे निर्धारण गरेको छ त्यही भोग्नुपर्ने जानकारी यसमा छ । वेदान्तको आरम्भ ईश्वर भरोसाबाट हुने र विश्व सञ्चालन गर्ने भएकाले उनको नाम विश्वरम्भर रहेको हो । यस्ता ईश्वरमा भर परे जीवन्मुक्त हुन कत्ति गाहारो नभएको र अन्त्यमा आफूलाई ब्रह्मवस्तु स्वीकार गर्नुपर्ने आधार दिइएको छ । यसैले आफू नजन्मने, नमर्ने, सुख दुःखरहित शुद्ध अद्वैत ब्रहमवस्तु हुँ भनी स्वीकार गर्नु नै जीवनको परम पुरुषार्थ भएको निष्कर्ष यस निबन्धको रहेको छ ।  सांसारिक लाभ वा उन्नति पुरुषर्थ नभई ब्रह्म प्राप्तिको मार्ग आउने कठिनाइ हा भनिएको छ ।

वेदान्तदर्शनले संसारी वस्तुहरूको लाभलाई प्रारब्ध अनुसारको फल भएकोले त्यसलाई पुरुषार्थ नमानी आत्मसाक्षात्कार गरी जीवन्मुक्त हुनुचाहिँ पुरुषार्थ हो भनेको कुरालाई लेखकले आफ्नो सहमति जनाई सम्पूर्ण मानवजातिलाई शाश्वत वा अर्थमूलक पुरुषार्थ बुझ्न र त्यसमा लाग्न भनेका छन् । यसरी आफूले जानेको, स्वीकार गरेको, प्रमाणित ज्ञान सबैमा सम्प्रेषित गरी सूचना प्रदान गर्नु यस निबन्धको **उद्देश्य** हो ।

---

९०. ऐजन, पृ. १५ ।
९१. ऐजन, पृ. १५ ।

यस निबन्धमा भावगत दृष्टिमा संयत **शैली**कै प्रयोग भएको छ । वेदान्तदर्शनको मर्म बुझाउन विभिन्न वाक्यको संयोजन हुँदा आवश्यक व्याकरणिक नियम पालना भई सरल रूपमै प्रस्तुत भएका छन् । यसमा समस्त शैलीका वाक्य पनि छन् । जस्तो :

**पञ्चमहाभूतबाट बनेको हाम्रो जुन स्थूल शरीर छ त्यसले बनाएका नातागोता, त्यसका भोग्य वस्तुहरू र शरीर आफैं पनि पूर्व-पूर्व जन्मजन्मान्तरको पुण्यको फलस्वरूप हो ।**[९२]

आवश्यकताअनुसार एम.ए, पीएच.डी जस्ता अङ्ग्रेजी सङ्क्षित शब्द प्रयोग भएको यस निबन्धमा कलात्मक पदविचलन पनि छ । जस्तो :

**वेदान्तदर्शन आरम्भ हुन्छ ईश्वर भरोसाबाट । संसारको पालन र पोषण सृष्टि र संहार गर्नुहुन्छ मायावी परमात्मा ।**[९३]

तत्सम र तद्भव शब्द भएको यस निबन्धमा उखान टुक्काको प्रयोग भएको छैन ।

## ४.११ जगत्को वास्तव स्वरूप

जगत् यस निबन्धको **विषय** हो । संसारले बुझेको जगत् स्थूल र सूक्ष्म गरी दुई छन् । जगत् मानिसको मानसिकरूप हो । जस्तो चिताए जगत् त्यस्तै देखिने र मनमा अशान्ति, दुख, चिन्ता आदि भए अनुकूल जगत् प्रतिकूल देखिने एवं शान्ति सुख, आनन्द आदि भए हरेक कुरा रमाइलो हुने प्रमाण यसले दिएको छ । सारा जगत् कल्पनाको रूप भएको र यो जगत् ब्रह्मरूप रहेको यथार्थको प्रस्तुति यसमा छ । अज्ञानले जगत् भिन्न देखिने र ज्ञानले सत्य वा यथार्थ बोध गराउने उदाहरणहरू यसमा दिँदै वेदान्तदर्शनको मर्म बुझे जगत्को घटबढले असर नपार्ने कुरा यसमा छ । विगत, वर्तमान वा आगतको जगत्मध्ये कुन मान्ने भन्ने विषयमा ती सत्य नभएकाले ब्रह्म नै जगत् हो भन्ने निष्कर्ष यसले निकालेको छ ।

जगत् छ भन्नु भ्रम हो र यो जो जस्तो भयो त्यस्तै हुने मात्र हो भनी पूर्वीयदर्शनको मत यस निबन्धमा निबन्धकारले पोखेका छन् । जगत् आफू हो आफू भनेको अविनाशी, अखण्ड ब्रह्मवस्तु भएकोले जगत् भए त्यही हो नत्र छैन भन्दै जगत्को चाहनाले सिर्जना हुने चिन्ता, शोक, अशान्ति, पीडा आदिबाट मुक्त हुन प्रेरित गर्नु यस निबन्धको उद्देश्य हो । वेदान्तको सर्वोपरी लक्ष्य प्रस्तुत गरी सूचना प्रदान गर्नु यस निबन्धको विधागत **उद्देश्य** हो ।

वैचारिक निबन्धका प्रयोक्ता रिसालले यस निबन्धमा केही बढी मिश्रित वाक्यको प्रयोग गरे तापनि सामान्य रूपले संयत **शैली**कै प्रयोग भएको छ । सरल रूपले भावगत अभिव्यक्ति दिइएको यस निबन्धको प्रस्तुति सहज र सरस छ । यसमा समस्त शैलीको प्रयोग यस्तो छ :

**अर्कातिर मेरो मनमा शान्ति छ, सुख छ, सन्तोष छ भने असिना र हुरि पनि मेरालागि रमाइलो हुन्छ ।**[९४]

सामान्य पदविचलन गर्नु लेखकको वैशिष्ठ्य रहेकाले एक उदाहरण यस्तो छ :

**यसर्थ सारा जगत् हो मेरै कल्पनाको रूप मात्र ।**[९५]

तत्सम, तद्भव शब्दको अधिकाधिक प्रयोग भएको यस निबन्धमा टुक्का उखानको प्रयोग छैन ।

---

९२. ऐजन, पृ. १७ ।

९३. ऐजन, पृ. १७ ।

९४. ऐजन, पृ. १९ ।

९५. ऐजन, पृ. १९ ।

### ४.१२ सुखको बाटो

सुखको बाटो शीर्षक भएको यस निबन्धको **विषय** सुख हो । सुख के हो भन्ने ज्ञान दिँदै यसलाई प्राप्त गर्ने उपाय बताउने कार्य यसमा भएको छ । सुखको बाटोको सन्दर्भमा सांसारिक आसक्तीमा लागेको चित्तलाई वास्तविक चैतन्यतिर फर्काउनुपर्ने कुरा यसमा छ । भौतिक पदार्थबाट सुख प्राप्त नहुने भएकोले इन्द्रियरहित व्यवहारबाट चित्त शान्त हुने र सुख मिल्ने विचार यसमा व्यक्त छ । चित्त चलाउनु दुःख चाहनु र अचञ्चल बनाउनु सुखानुभव भएकोले वैज्ञानिक एवं मनोवैज्ञानिकले पनि एक तरिकाले चित्त नचलाउनु नै भनेका हुन् भन्ने ठोकुवा गरिएको छ । वेदान्तदर्शनअनुसार नचलेको चित्तमा आत्मानुभव हुने कुरा बताएकोले यस्ता अभ्यासबाट सुख प्राप्त हुने आधार देखाइएको छ ।

मानिसलाई जाग्रत् र स्वप्नमा सुख छैन सुषुप्तिमा स्वाभावतः सुखको अनुभूति हुन्छ भन्दै पदार्थ आदिको मोह सुखको बाटो होइन भन्ने वेदान्ती ज्ञान यसमा पस्किइएको छ । जति चित्तलाई चलायो उति दुःख हुने अनि चित्त अचञ्चल भए सुखानुभव हुँदै जाने रहस्य बताई चित्तशुद्धि नै सुखको बाटो हो भन्ने ज्ञान प्रदान गर्नु यसको र यस विधाको **उद्देश्य** हो ।

नेपाली भाषाप्रेमी निबन्धकार रिसालले यस निबन्धमा आफ्ना अध्ययन, साधना, चिन्तनादिबाट आएका विचारलाई स्पष्ट पार्न संयत **शैली**कै प्रयोग गरेका छन् । स्पष्ट, सीधा तर मिश्रित वाक्य प्रयोग गर्नु उनको विशेषता हो । जस्तो :

**लोभी कुकुर हाडको टुक्रा टोक्दा टोक्दा आफ्नै गीजाबाट आएको रगतलाई हाडबाट आएको भनी ठान्छ र टोकीरहन्छ ।**[९६]

सामान्य पदविचलन गर्ने लेखकको वैशिष्ट्यका उदाहरण यस्ता छन् :

**सुख शान्तिको भण्डार हो आफू ।**[९७]

**राम्ररी अनुसन्धान गर्दै जाँदा थाहा हुन्छ चित्त हो चैतन्य नै ।**[९८]

स्वास्नी, छोरा, छोरी जस्ता मौलिक नेपाली शब्द प्रयोग भएको यस निबन्धमा तत्सम, तद्भव शब्दकै प्रचुरता छ भने उखान प्रयोग भएको छैन तर **टाउको फोर्नु**[९९] टुक्काको प्रयोग भएको छ ।

### ४.१३ आत्मविचारबाट आत्मज्ञान

आत्म यस निबन्धको **विषय** हो । त्यसको विचार वा ध्यान र त्यसबाट प्राप्त हुने ज्ञानलाई यसपछिको परिणाम यसमा देखाइएको छ । चित्त शुद्ध गरेपछि आत्मविचारतिर लाग्ने र विचारको दृढताबाट चित्तरहित भई आत्मज्ञानी हुन सकिने कुरा यसमा वर्णित छ । वेदान्तदर्शनका आधारमा तयार गरिएको प्रस्तुत निबन्ध आत्मविचारबाट मात्र आत्मज्ञान प्राप्त गर्न सकिने मार्ग बताइएको छ । आफू अद्वैत, आफू ब्रह्म हो भन्ने चिन्तानादिबाट विचार गर्नु आत्मविचार हो र यसैबाट आत्मज्ञानी बनिन्छ भन्ने विश्लेषण गरिएको यस निबन्धमा देवताका पनि देवता आत्मदेवता हुन भनिएको छ । आत्मज्ञान स्वसंवेद्य कुरा भएको र यसमा पत्यार भए मात्र पुग्ने विचार यसमा छ ।

---

९६. ऐजन, पृ. २१ ।
९७. ऐजन, पृ. २१ ।
९८. ऐजन, पृ. २२ ।
९९. ऐजन, पृ. २१ ।

आत्मविचारबाट आत्मज्ञान हुने शीर्षकको यस निबन्धले आत्मविचारतिर लाग्न सकिने धारणा प्रस्तुत गर्दै आफू शरीर, प्राण, इन्द्रिय, मन, बुद्धि, अहङ्कार नभएर अजर, अमर आत्मवस्तु हो भनी मानवजातिलाई जानकारी गराउनु यसको **उद्देश्य** हो । आत्मा नै आफू, आफू नै आत्मा भन्ने तहमा पुगी आत्मा चिन्न सक्नुपर्छ भन्ने प्रेरणा यस निबन्धमा निबन्धकारले अत्यन्त सरल तरिकाले पस्केर मुमुक्षुहरूलाई कम्तिमा सूचना प्रस्तुत गरेका छन् ।

यस निबन्धमा भावगत दृष्टिमा संयत **शैली** प्रयोग गरिएको छ । आत्मविचार र आत्मज्ञान जस्तो गहन विषयमा प्रकाश पार्न लामा मिश्रित वाक्यहरू यसमा प्रयोग भएका छन् । समस्त जस्ता लाग्ने प्रसाद शैलीको प्रयोग उनको विशेषता हो । जस्तो :

**म मर्ने जन्मने, दुःखी सुखी, धनी गरीब, मोटो दुब्लो, विद्वान मूर्ख होइन परन्तु म त अविनाशी, अजर, अमर आत्मा हुँ भनेर आत्मप्राप्तिको इच्छापूर्वक आत्मार्पण, आत्मध्यान, आत्मवर्णन, आत्मचिन्तन गरिरहनु नै आत्मविचार हो ।**[१००]

भाषाविज्ञ रिसालले यसमा तत्सम र तद्भव शब्द नै बढी प्रयोग गरेका छन् । भनाइलाई रोचक र भिन्न बनाउन पदविचलन पनि भएको छ । जस्तो :

**बोधपूर्वक चित्तको राहित्य हो आत्मज्ञानको स्थिति ।**[१०१]

**सिंग-जुरो उम्रनु**[१०२] टुक्का रहेको यसमा आवश्यकता नरहेर होला आगन्तुक शब्द र उखानको प्रयोग भएको छैन ।

### ४.१४ जस्तो मति, उस्तै गति

प्रस्तुत निबन्धको **विषय** मति हो र त्यसको कारणले ल्याउने अवस्था परिणामको रूपमा प्रस्तुत गरिएको छ । मतिअनुसार वासना बन्ने र त्यसैबाट कार्य भई परिणाममा गति निर्क्यौल हुने कुरा यसमा छ । लोक प्रचलित भनाइ 'जस्तो मति, उस्तै गति' लाई शीर्षक बनाइएको यस निबन्धमा संसारका यावत् कुरा शाश्वत होइनन् र ती व्यक्तिका निर्णयमात्र भएको रहस्य खोलिएको छ । विभिन्न उदाहरण दिएर समय, परिस्थिति, अवस्थाका आधारमा ती वस्तुहरू सदाकाल त्यस्तै नहुने यथार्थ प्रस्तुत गर्दै बुद्धिको दृढताले मनोवैज्ञानिक रोग लाग्ने भएकोले आत्मज्ञानी बन्नुपर्ने निष्कर्ष निकालिएको छ ।

अद्वैत वेदान्तका पक्षपाती, व्याख्याता, चिन्तक निबन्धकार रिसालले मति वा बुद्धिको विषयमा आफ्ना ज्ञान, अनुभव र धारणा प्रस्तुत गरेका छन् । संसार बुद्धिको निर्णय भएको र छ भने दुःख, छैन भने सुख हुने प्रसङ्ग दिँदै यसैको आधारमा मानिस सुखी र दुःखी हुने कुरा बताउने काम यसमा भएको छ । वेदान्तदर्शनका आधारमा मतिलाई चिनाउँदै सांसारिक पदार्थादिमा मति नलगाई आत्मा व ब्रह्ममा सदुपयोग गर्नुपर्ने सन्देश यस निबन्धले दिएको छ । प्रचलित भनाई शीर्षक राखी गहन कुरा बुझाउने कार्य यसमा भएकोले आत्मप्रकाशन नभई सूचनात्मकताको **उद्देश्य** यसमा सर्वोपरी छ ।

चर्चित लोकोक्ति **जस्तो मति, उस्तै गति** शीर्षक राखिएको यस वैचारिक निबन्धमा संयत **शैली** प्रयोग भएको छ । यसमा निबन्धकारको विचार र अनुभूति क्रमिक रूपले प्रयोग भएका छन् । सरल शैलीको सजावट रहेको यस निबन्धमा समस्त शैलीका वाक्य पनि आएकाछन् । जस्तो :

---

१००. ऐजन, पृ. २३ ।
१०१. ऐजन, पृ. २३ ।
१०२. ऐजन, पृ. २४ ।

**विरहका वेदनाले तापित प्रेमीका लागि चन्द्रमा पनि पोल्ने हुन्छन् , त्यस्तै सारा दाँत फुक्लेका बूढाका लागि उखु गुलियो कदापि हुँदैन, त्यस्तै केटाकेटीले खेलेको पुतलीको खेल मेरा लागि हरहालतमा मिथ्या हो ।**[१०३]

सामान्य पदविचलन भएको यस निबन्धमा तत्सम, तद्भव शब्द कै बढी प्रयोग भएको छ। **जस्तो मति उस्तै गति**[१०४] लोकोक्तिले यसलाई सजाइएको छ। यसमा टुक्का प्रयोग छैन।

### ४.१५ यो सारा हो ब्रह्मै-ब्रह्म मात्र

ब्रह्म मूल **विषय** भएको यस निबन्धमा अन्य कुरा मिथ्या र ब्रह्म सत्य भएको विचार व्यक्त गरिएको छ। गहना सुन, फर्निचर काठ, लुगा धागो वा कपास मात्र भए झैँ संसारका सारा कुरा ब्रह्म हो भन्ने पुष्टि गर्दै यीभन्दा भिन्न अरू नभएको भाव यसमा पोखिएको छ। वेदान्तदर्शनले भनेबमोजिम लेखकले आफूले ब्रह्म स्विकारेको प्रसङ्ग प्रस्तुत गर्दै ब्रह्म ज्ञानले मात्र ब्रह्मरूप अनुभव हुने यथार्थ पस्किएका छन्। **'द्वैतं नो सहते श्रुति'** भन्ने भनाइ उदाहरण प्रस्तुत गर्दै जगत् नाना देखिए पनि श्रुतिमा (वेद) श्रद्धा गरी विचार गरे आफू मात्र फेला पार्न सकिने मार्गदर्शन गरिएको छ।

**सर्व खल्विद ब्रह्म र द्वैतं नो सहते श्रुति** भन्ने शास्त्रको महावाक्य प्रस्तुत गरिएको यस निबन्धको **उद्देश्य** वेदान्तदर्शनले बताएको सारा ब्रह्मै ब्रह्म मात्र र ब्रह्मदेखि भिन्न दोस्रो कुरा श्रुतिले नसहने भनी ब्रह्म ज्ञान दिलाउनु रहेको छ। आफूबाट अलग आत्मा वा ब्रह्म ठाने सांसारिकताले छोप्ने र त्यसबाट मुक्त भई ब्रह्म समक्ष पुग्न **ब्रह्म सत्य जगन् मिथ्या** भन्ने धारणामा विश्वास गरी अघि बढ्न प्रेरित गर्नु यस निबन्धको उद्देश्य हो।

ब्रह्मको रहस्य खोतल्ने यस निबन्धमा भावगत रूपले संयत र प्रसाद **शैली**कै प्रयोग भएको छ। मिश्रित वाक्य अनि लामा वाक्यको प्रयोग भए पनि सरल, सहज, सरस र सुबोध भाव नै आएका छन्। एउटा समस्त शैलीको वाक्यको प्रयोग यस्तो छ :

**त्यसैले सुनारको दृष्टिमा सदाकाल सुनमात्र रहन्छ , गहनाको नाम र रूप होइन ।**[१०५]

समग्रमा व्याकरणिक नियम पालना भए पनि निम्न कुरा भन्न पदविचलन भएको छ :

**टोपी, कोट, मयलपोस, सुरुवाल भोटो, धोती जे भने पनि हो त धागो मात्र ।**[१०६]

यस निबन्धमा उखान टुक्का छैन। तत्सम, तदभव शब्दले सजाइएको यस निबन्धमा आगन्तुक शब्द **कोट र टेबिल**[१०७] प्रयोग भएका छन्।

### ४.१६ अभय-मार्ग

भय यस निबन्धको **विषय** हो। यसको कारण र यसबाट अलग्गिन गरिने चेष्टा नै अभय-मार्ग भनी उदाहरणसहित प्रस्तुत गरिएको छ। राग र द्वेषरहित मानिस नै अभय-मार्गको यात्रु भएको विचार दिँदै वेदान्तदर्शनले भने जस्तै अभयपद प्राप्त गर्न प्रेरित गरिएको पाइन्छ। विभिन्न डरमध्ये मृत्युको डर पन्छाउन नसकिने देखिए पनि ज्ञानका आधारमा यसबाट उम्किन सकिने यथार्थता वेदान्तहरूले दिएका छन् भनिएको छ। वेदान्तदर्शनले भनेको तिमी हौ अमर,

१०३. ऐजन, पृ. २५।
१०४. ऐजन, पृ. २५।
१०५. ऐजन, पृ. २६।
१०६. ऐजन, पृ. २६।
१०७. ऐजन, पृ. २६।

अभयरूप ब्रह्म वस्तु तिमीभन्दा दोस्रो वस्तु छँदै छैन भन्ने उदाहरण प्रस्तुत गरी त्यसलाई नै अभय मार्ग भनी चिनाइएको छ । चिताएको कुरा मिथ्या हो भन्ने बुझे चित्त नष्ट गर्न सकिने उपाय दिइएको यस निबन्धमा विभिन्न उपायबाट अद्वैत स्वरूपको साक्षात्कार गरी जीवन्मुक्त हुनु 'अभय-मार्ग' हो भनिएको छ ।

भय रहित अवस्था नै अभय भएको अर्थ लगाउँदै राग र द्वेषरहित मानिस नै अभय-मार्गको सच्चा पथिक भएको वेदान्तदर्शनको ज्ञान पस्कने र त्यो ज्ञान सांसारिक नभई आत्म चैतन्यको यथार्थ बोध हो भनी स्पष्ट पार्ने काम यसमा प्रस्तुत गरी आफ्ना विचार सबै कहाँ पुगोस् भन्ने चाहना निबन्धकारको छ । यस हिसाबले पूर्वीयदर्शनको मर्मलाई मुमुक्षा समक्ष पुगोस् भन्ने चाहना निबन्धकारको छ । यस हिसाबले पूर्वीय दर्शनको मर्मलाई प्रस्तुत गरी सूचना प्रदान गर्नु यस निबन्धको विधागत **उद्देश्य** हो ।

निबन्धको भावगत दृष्टिमा संयत **शैली** प्रयोग भएको यस निबन्धमा स्पष्ट बुझ्न सकिने संयुक्त वाक्य पनि प्रयोग भएका छन् । जस्तो :

**निर्धालाई बलियाको डर छ, गरीबलाई धनीको शोषणको डर, धनीलाई गरीबले लुटिदेलान भन्ने डर, विद्वानलाई शास्त्रार्थमा हारिएला भन्ने डर ।**[१०८]

भाषाका ज्ञाता तथा व्याकरणमा हिँडन रुचाउने निबन्धकारले विशेष परिस्थितिमा पदविचलन गरेका छन् । जस्तो :

**त्यसकारण अभय-मार्ग हो वेदान्त-मार्ग ।**[१०९]

मौलिक तथा तत्सम् तद्भव शब्द प्रयोग गरिएको यस निबन्धमा **जो बिराउँछ, उही डराउँछ**[११०] लोकोक्ति र **बाह्र हातको टाँगाले छुनु तथा डरले लखेट्नु**[१११] पदावली प्रयोग भएका छन् ।

### ४.१७ मृत्युलाई जित्ने उपाय

मृत्युको जानकारी र त्यसबाट निश्चिन्त हुने उपाय नै यसको **विषय** हो । यावत् कुरालाई सत्य मानी बाँच्नु मृत्यु भएको र आत्मवस्तुलाई पारमार्थिकरूप स्वीकार गरे अमर हुने यथार्थ यसमा प्रस्तुत छ । तन, धन, जगत्, मन सबै आत्मवस्तु नमर्ने ज्ञान लिई जन्म मृत्युलाई सदा एकनास ठान्नुपर्ने कुरा यसमा छ । म शरीर होइन शरीर मेरो हो भने चेतनाले मृत्यु बुझ्न सकिने र यही बोध नै यसलाई जित्ने उपाय हो भन्ने प्रस्तुति पनि यसमा छ । वेदान्त-दर्शनले आत्माको अमरताको पुष्टि गरेको प्रमाण प्रस्तुत गर्दै ज्ञानवान् महात्मा नै मृत्युञ्जय हुन भनी चिनाइएको छ ।

शरीरको नाश मात्र मृत्यु नभएर संसारका पद पदार्थादिलाई साँचो भनेर मान्नु पनि मृत्यु हो भन्ने आशय यस निबन्धको छ । शरीर र आत्मा फरक हो शरीरको नाश भए मेरो नाश हुन्छ भन्ने भयले मृत्युलाई स्वीकार गरे पनि आत्मा अमर, नित्य, स्वयं प्रकाशक हो भन्ने बुझ्न सके न मृत्यु सही हुन्छ न सुखदुख नै भन्ने भावना व्यक्त भएको छ । यस निबन्धको खास **उद्देश्य** वर्तमान समयका मानिस जो मृत्युको भयमा ग्रसित छन् तिनलाई पूर्वीयदर्शनले

---

१०८. ऐजन, पृ. २८ ।

१०९. ऐजन, पृ. २८ ।

११०. ऐजन, पृ. २८ ।

१११. ऐजन, पृ. २८ ।

औंल्याएको मार्ग देखाई भय मुक्त बनाउनु मुख्य रहेको यसमा लेखकको अध्ययन, साधना, अनुभव, अनुभूति आदिलाई प्रस्तुत गरिएको छ । यस निबन्ध पनि त्यसकै प्रतिफल हो । निबन्ध संयत र प्रसाद **शैली**मा नै रचिएको छ । छोटा वाक्यदेखि लिएर समस्त शैलीका वाक्य गठन पनि यसमा छ । जस्तो :

**छोटकरीमा भन्ने हो भने अज्ञान, अविद्या, अध्यास, भूल नै हो मृत्यु अनि ज्ञान, विद्या अनि आफूले आफूलाई जान्नुनै हो अमरता किंवा मोक्ष ।**[११२]

माथिको उदाहरणमा सामान्य पदविचलनको प्रयोग पनि देखियो ।

तत्सम् तद्भवआदि शब्द प्रयोग गरिएको यस निबन्धमा **चिन्ता गर्नु, दुखी बन्नु, कर्तव्यदेखि विमुख हुनु**[११३] जस्ता पदावली प्रयोग भएको छ । उखान भने छैन ।

### ४.१८ आनन्द र यसको अनुभव

आनन्दानुभूति यस निबन्धको **विषय** हो । यसको सम्बन्ध वाह्य नभएर आन्तरिक रहेको कुरा यसमा गरिएको छ । आनन्दलाई सुख मान्न सकिने भएकोले यसलाई चित्तको अचञ्चल स्थिति भनिएको छ । यसले आनन्द भनेको आफू नै हो भनी चिनाएको छ । पदपदार्थआदिमा चित्त दिए आनन्द नहुने र चित्तलाई नचलाउने अभ्यास गर्नुपर्ने विचार यसमा छ । वेदान्तदर्शनले भनेअनुसार गरे आत्मानन्दको अनुभव भए जस्तै विषयबाट विमुख हुन थाले आनन्द बर्षिने रहस्य उजागर गरिएको छ । आनन्द विषयानन्द, समाधि आनन्द (सविकल्प) र ब्रह्म आनन्द (निर्विकल्प) गरी तीनवटा भए पनि उत्तमोत्तम आनन्द ब्रह्मानन्दबाट मात्र मिल्ने कुरा गरिएको छ ।

चित्तको अचञ्चल अवस्था आनन्द हो, आफू आनन्द स्वरूप, आनन्दमूर्ति, आनन्दमन्दिर भनी रहस्य खोतलिएको यस निबन्धको **उद्देश्य** विधाको हिसाबले सूचनात्मकता नै हो । चित्त चल्यो कि दुःख, चलेन कि आनन्द भन्ने प्रमाणित भनाइ प्रस्तुत गरी पूर्वीय वेदान्तदर्शनको गूढ रहस्य खोतली वेदान्तको महत्त्व प्रकाश पार्नु यसको उद्देश्य हो । आनन्द बाहिरबाट पदपदार्थबाट आउने होइन भित्रैबाट आत्मचिन्तन गरेर प्राप्त गर्न सकिने सन्देश निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् ।

वेदान्तदर्शनका आधारमा शीर्षकको पुष्ट्याइँ गरिएको यस निबन्धमा संयत **शैली**लाई सप्रेम स्विकारिएको छ । यस निबन्धमा वाक्य गठनका हिसाबले समस्त शैलीका वाक्य छन् । जस्तो :

**हल्लेको ऐनामा अथवा पानीमा जसरी आफ्नो अनुहार छर्लङ्ग देखिँदैन त्यसरी नै वेदान्तदर्शनअनुसार सुरुसुरुमा चित्तलाई सगुण परमात्मामा अनि निर्गुण परमात्मामा लगाइरहनुपर्छ भनेको हो ।**[११४]

निबन्धको क्रम बढ्दै जाँदा ठाउँठाउँमा स्वाभाविक पदविचलन पनि भएको छ । जस्तो :
**वास्तवमा आफू हो आनन्दस्वरूप आनन्दमूर्ति, आनन्दमन्दिर ।**[११५]

---

११२. ऐजन, पृ. ३० ।
११३. ऐजन, पृ. ३० ।
११४. ऐजन, पृ. ३२ ।
११५. ऐजन, पृ. ३२ ।

सरल, सरस र सहज प्रस्तुति रहेको यस निबन्धमा आलङ्कारिक पदावली **आनन्दको वर्षा हुनु**[११६] प्रयोग छ  तर उखान छैन ।

### ४.१९ गीताको लक्ष्य

श्रीकृष्णले अर्जुनलाई दिएको आत्मोपदेश गीता हो । यसका संयोजनकर्ता कृष्णस्वरूप कृष्णद्वैपायन भगवान् वेदव्यास रहेको यसमा कर्म, भक्ति र ज्ञान जे खोजे त्यही पाइने बताइएको छ । प्रस्थानत्रयीमध्ये स्मृतिप्रस्थान रहेको गीता यस निबन्धको **विषय** हो । यसमा श्रीकृण र अर्जुनको प्रसङ्ग उल्लेख गर्दै आत्मविस्मृतिका कारण कर्तव्यच्यूत हुन खोजेका अर्जुनको भूल हटाई शोक र मोहबाट मुक्त गराउन सफल भएको यथार्थ प्रस्तुत गरिएको छ । गीताको उपदेशको आरम्भ श्लोक २/११ देखि हुने र त्यसमा मूल रूपमा शोकमोहग्रस्त अर्जुनलाई चिन्तारहित बनाउने उपक्रम चलेको भनिएको छ । गीताको उपसंहारले अर्जुनलाई अद्वैत आत्मस्वरूप आफूमा अवस्थित हुन बताएको र उनले आफूलाई अद्वैत ब्रह्मवस्तु हुँ भनी स्वीकार गरेको प्रसङ्ग यसमा छ । शोक र मोहको निवारणको उपाय बताई अर्जुनलाई निमित्त बनाएर विश्वका सम्पूर्ण मानवलाई नै अद्वैत आत्मवस्तुको ज्ञान दिएको हो भन्ने निष्कर्ष लेखकको छ ।

पूर्वीय दर्शनको व्याख्या, विश्लेषण, प्रमाण आदि जुटाउने ग्रन्थहरूमा गीता एक हो । यस शास्त्रमा कर्म, भक्ति र ज्ञान त्यही भएको चर्चा गर्दै कर्मबाट विचलित हुन लागेका अर्जुनलाई श्रीकृष्णले मार्गदर्शन गरेको प्रसङ्ग दिइएको छ । श्रीकृष्णका गीतोपदेश पछि **म शोक र मोह रहित भएको छु** भनी अर्जुनले भनेको प्रसङ्ग प्रस्तुत गरी निबन्धकारले गीताको लक्ष्य शोक र मोहको निवारण हो भनेका छन् । शास्त्रीय ज्ञानको प्रकाश छरी सूचना प्रदान गर्नु यस निबन्धको **उद्देश्य** हो ।

नियमित साधनाको प्रतिफल रचित यस निबन्धमा निबन्धकारले संयत **शैली** अपनाएका छन् । धाराप्रवाह विचारलाई अघि बढाउन केही लामा र समस्त वाक्यको गठन छ । जस्तो :
**गीताको लक्ष्य बुझ्नका लागि यसका वक्ता, श्रोता, संयोजनकर्तालाई चिन्नुपर्छ अनि यसको उपक्रम, उपसंहार र फलप्राप्तिमा विशेष दृष्टि दिनुपर्छ ।**[११७]

छोटो वाक्यमै सहज पदविचलन गर्ने लेखकको विशेषतानुसार एक उदाहरण यस्तो छ :
**गीता हो मोक्ष शास्त्र, ज्ञानशास्त्र किंवा राजाधिराज योगशास्त्र ।**[११८]

**दृष्टि दिनु**[११९] टुक्का प्रयोग भएको यस निबन्धमा उखानको प्रयोग छैन । आगन्तुक शब्द नरहेको यो निबन्ध तत्सम, तद्भव शब्दले सजिएको छ । सरल, सरस र सहज प्रस्तुति रहेको यो निबन्ध सुबोध्य छ ।

### ४.२० जाग्रत्, स्वप्न र सुषुप्ति विचार

यस निबन्धको **विषय** हो विचार । विचार बुद्धिबाट आउने र त्यसको सात्विक, राजस र तामस तीन वृत्ति भएको दर्साउँदै त्यसैअनुसार विचार निस्कने कुरा यसमा छ । **जाग्रत् विचार बुद्धि ज्यादा स्पष्ट, स्वच्छ र आफ्ना शक्तिमा पूर्णरूपमा प्रकाशित स्थिति, स्वप्न विचार बुद्धिमा**

---
११६. ऐजन, पृ. ३२ ।
११७. ऐजन, पृ. ३४ ।
११८. ऐजन, पृ. ३४ ।
११९. ऐजन, पृ. ३४ ।

**मालिन्य तर पूरा नढाकिएको स्थिति र सुषुप्ति विचार पूरा ढाकिएको स्थिति हो** भनी स्पष्ट पार्ने काम यसमा भएको छ । यी अवस्था त्रयदेखि माथि आफू हो र जसलाई चतुर्थ भनिने विचार दिँदै त्रयअवस्था मिथ्या हो भन्ने प्रमाण सहित पुष्टि गरिएको छ । वेदान्त-दर्शनअनुसार तीन अवस्था पूजाकोठा, खानेकोठा र सुत्नेकोठा हुन् तर म वा आत्माचाहिँ कोठारहित भएको दृष्टान्त दिँदै आफूलाई अवस्थारहित शुद्ध साक्षी मानी आत्मसाक्षात्कार हुन प्रेरित गरिएको छ ।

जाग्रत्, स्वप्न र सुषुप्ति यी अवस्था बुद्धिका हुन् । यसलाई स्वप्न बराबर नै मानिन्छ । तीभन्दा रहित शुद्ध चैतन्य अवस्था तुरीय हो र यसलाई वेदान्तले स्वीकार गरेको जस्ता वर्णन यसमा भएकोले यस निबन्धको **उद्देश्य** पूर्वीयदर्शनको चिन्तन नै हो । जुन कुरा अगाडि थिएन र पछाडि पनि रहँदैन त्यो कुरा अहिले पनि रहदैन तर रहने कुराचाहिँ सत्य हो भन्दै आफूलाई अवस्थारहित शुद्ध साक्षी हुँ भनी निर्णय गराई मार्ग देखाउने काम यस निबन्धको हो ।

भावगत हिसाबले यो निबन्ध वैचारिक र लेखकको प्रवचन हो । यसमा सरल वाक्यको प्रस्तुति र संयत **शैली** अपनाइएको छ । आवश्यकताअनुसार स्वभाविक समस्त शैलीका वाक्य पनि यसमा छन् । जस्तो :

**जब बुद्धिमा केही मालिन्य देखिन्छ तर पूरा ढाकिएको पनि हुँदैन त्यही बेलालाई स्वप्न र पूरा ढाकिएको बेला किंवा तामसको आधिक्यलाई सुषुप्ति भनिन्छ ।**[१२०]

अन्यमा झैं स्वभाविक पदविचलन यसमा पनि छ । जस्तै :

**वेदान्तदर्शनको अत्यन्त सूक्ष्म सिद्धान्त हो म हुँ अवस्थातीत, कालातीत, कोशातीत, शुद्धचैतन्य, तुरीयवस्तु ।**[१२१]

सङ्क्षिप्त आकारको यस निबन्धमा तत्सम, तद्भव शब्दको बाहुल्य छ । उखान र टुक्का छैनन् । सरल, सहज र सरस यसका भाषिक विशेषता हुन् ।

### ४.२१ भक्ति : एक विवेचना

भक्ति के हो कसरी गर्ने जस्ता जिज्ञासा समाधान गर्ने यस निबन्धको **विषय** हो । मुक्तिका लागि भक्ति गर्नुपर्ने उपाय बताइएको यस निबन्धमा आफूलाई शुद्ध चैतन्य ब्रह्मवस्तु भनी भावनाद्वारा मानेर बस्नुचाहिँ भक्ति हो भनिएको छ । सगुण भक्तिबाट निर्गुण भक्तितर्फ लाग्नुपर्ने उपाय बताइएको यस निबन्धमा चित्त शुद्ध महात्मा बने ज्ञानको अधिकारी बन्न सकिने भनिएको छ । भक्तहरूले आफ्नो भक्ति कुन खाले हो भनी चिन्तन गर्दै त्यसभन्दा पनि पछि केही छ भन्ने जिज्ञासा हुनुपर्ने कुरा बताइएको यस निबन्धले कर्म र भक्ति चित्तशुद्धिको कारण भनिएको छ । चित्तशुद्धि हुँदै गए ज्ञानको लालसा बढ्ने र ज्ञानवान् भई आफू अखण्ड ब्रह्मवस्तु हुँ भन्ने स्वीकार गरी मुक्त हुने उद्देश्य भक्ति हुनुपर्ने स्पष्ट विचार यसमा छ । निर्गुण भक्ति नै संसारबाट मुक्त हुने पक्का काम हो भन्ने कुरा वेदान्तदर्शनमा पनि रहेको भनी बताइएको छ ।

भक्ति नभई मुक्ति नहुने वेदान्ती कुरा गर्दै रचित यस निबन्धमा सगुण भक्ति र निर्गुण भक्तिको बारेमा केही भनिएको छ । भक्तिका मार्ग वा तरिका र तह विभिन्न हुने यथार्थ प्रस्तुत गर्दै ज्ञानका लागि योग्य बन्न चित्तशुद्धि र ज्ञानले आफू अखण्ड ब्रह्वस्तु हुँ भनी निर्णय गराउन सघाउने कुरा व्यक्त गरिएको यस निबन्धको **उद्देश्य** मुक्तिका लागि निष्काम भक्ति आवश्यकता रहेको देखाउनु हो । पूर्वीय दर्शनको आधार वेद, उपनिषद्, गीता, आरण्यकमा व्यक्त अलौकिक विषयलाई प्रकाश पार्नु यसको विधागत उद्देश्य हो ।

---

१२०. ऐजन, पृ. ३६।

१२१. ऐजन, पृ. ३६ ।

यो निबन्ध लेखकको साधनाको प्रस्तुति हो । वेदान्तदर्शनको आधारलाई प्रस्तुत गरिएको यो निबन्ध सरल, सहस र सरस छ । यसमा सरल वाक्यहरू प्रयोग गरिए पनि विभिन्न ठाउँमा समस्त **शैली**का वाक्य प्रयोग भएका छन् । जस्तो :

**तर भक्तिको मार्मिक रहस्य हो, सार हो-आफूलाई शुद्धचैतन्य ब्रह्मवस्तु भनी भावनाद्वारा पनि मानेर बस्नु ।**[१२२]

विभिन्न दृष्टान्त, प्रसङ्ग प्रस्तुत गरी विचारले सजाइएको यस निबन्धमा भनाइलाई स्पष्ट पार्न पदविचलन गरिएको छ । जस्तो :

**त्यो आफू हो र अविकारी शुद्ध चैतन्यवस्तु ।**[१२३]

आगन्तुक शब्द, उखान नभएको यस निबन्धमा **भर पर्नु**[१२४] टुक्का प्रयोग भएको छ ।

### ४.२२ व्यवहार र परमार्थ

व्यवहारबाट परमार्थसम्म पुग्ने उपाय नै यस निबन्धको **विषय** हो । व्यवहार शरीरका लागि चाहिने भए पनि 'तिमी शरीररहित हौ' भन्ने लक्ष्य वेदान्तदर्शनको भएको उदाहरण दिँदै स्वार्थका लागि नभएर परमार्थका लागि व्यवहार गर्नुपर्ने विचार यसमा छ । परमार्थमा लाग्दा संसार छोड्न नपर्ने तर अहंकार त्याग्न पर्ने वेदान्तदर्शनको मर्म यसमा प्रस्तुत गरिएको छ । तत्वज्ञानी व्यवहारदेखि डराउन नपर्ने भन्दै व्यवहार प्रारब्धअनुसार रहोस् वा नरहोस् तर आफू सदाकाल एकनास ब्रह्म भएर पारमार्थिक ज्ञान लिनु उपयुक्त रहेको भाव यसमा छ । ईश्वराधीन भएर व्यवहार गरी पारमार्थिक कर्तव्य पूरा गर्नुपर्ने सत्यता यसमा प्रस्तुत छ ।

शरीरका लागि व्यवहार र त्यसमा आसक्ति नरहँदा परमार्थ खोज्न सल्लाह दिइएको यस निबन्धमा वेदान्तपरक धारणा शरीर सत्य होइन भनी प्रस्तुत गरिएको छ । शरीररहित भनी स्वीकार गर्नु परमार्थ भएकोले यो लोक सपारेर वास्तविक जीवन बनाउनु भन्ने लेखकको जोड छ । व्यवहार हाम्रो अधीन होइन, यो त मायावी ईश्वराधीन भएकाले यसमा निश्चित बनी ब्रह्माभ्यासमा लाग्न भनिएकोले पूर्वीय दर्शनको महत्त्व व्यवहारमा उतार्न खोज्नु यसको **उद्देश्य** हो ।

सम्पूर्ण निबन्ध सङ्ग्रह एक प्रवचन नै हो । यसमा लेखकले आफ्नो अध्ययन, साधना, अनुभव, अनुभूति आदिलाई प्रस्तुत गरेका हुन् । यस निबन्ध पनि त्यसकै प्रतिफल हो । निबन्ध संयत र प्रसाद **शैली**मा नै रचिएको छ । यसमा अरू निबन्धमा झैँ संयुक्त वाक्यको प्रयोग भएको छ । जस्तो :

**म फलाना हुँ, धनी हुँ, वैज्ञानिक हुँ, भन्ने भावनाबाट भुक्त भए व्यवहार किंवा यो लोक पनि सप्रियो परमार्थ अर्थात वास्तविक जीवन पनि बन्यो ।**[१२५]

निबन्धकारले विचारलाई सजाउन यस निबन्धमा यसरी पदविचलन गरेका छन् :

**यही कुरालाई राम्ररी बुझेर आफू शरीरादिरहित भएर रहनु हो वेदान्तको रहस्य ।**[१२६]

उखान, टुक्का प्रयोग नभएको यस निबन्धमा आगन्तुक शब्द पनि छैन् ।

---

१२२. ऐजन, पृ. ३७ ।
१२३. ऐजन, पृ. ३७ ।
१२४. ऐजन, पृ. ३८ ।
१२५. ऐजन, पृ. ३९ ।
१२६. ऐजन, पृ. ३९ ।

### ४.२३ म को हुँ ?

वेदान्त-दर्शन 'म' को खोजीबाट आरम्भ र 'म' को प्राप्तिमा अन्त्य हुने आधार दिँदै म भनेको ब्रह्म तत्त्व हो भनी अर्थ्याइएको यस निबन्धको **विषय** आत्मानुसन्धान हो । वाशिष्ठ वेदान्तमा कर्मको गन्ध नपाइने उदाहरण दिँदै भगवान शङ्करले चित्तशुद्धिका लागि निष्कामकर्म र निष्काम भक्ति चाहिने बताउनुभएको र ती कर्मबाट म सुखदुःखरहित हुँ भन्ने भावनामा पुऱ्याउने अनि आफू को हो भनी अनुसन्धान गराउने विवरण यसमा प्रस्तुत भएको छ । वेदान्तले निर्गुण भक्ति देखाएको र यसले मोक्ष प्रदान गर्ने पनि बताइएको छ । यही हिसाबले 'म' लाई बुझाउन पूर्वीयदर्शनको आधार प्रस्तुत गरी 'म' भनेको ब्रह्मवस्तु हो र 'म' ले ब्रह्मसाक्षात्कार गर्नुपर्ने भनिएको छ ।

म भनेको वेदान्तको परिभाषाले आत्मानुसन्धान हो भन्ने बुझाएको कुरा प्रस्तुत गर्नु यस निबन्धको **उद्देश्य** हो । म वा आत्माको बारेमा जानकारी गराउनु यस निबन्धको प्रयोजन हो । ज्ञानद्वारा आवरण दोष नष्ट गराउनुपर्ने दृष्टिकोण यस निबन्धमा पाइन्छ । इन्द्रिय, शरीर, मन, बुद्धिभन्दा महत्त्वपूर्ण कुरा ब्रह्मवस्तु हो भन्ने सन्देश यसको छ ।

वेदान्तदर्शनलाई बुझाउन सरल, सरस र सहज भाषाको प्रयोग हुनुपर्ने भएकोले यस निबन्धमा सोही शैली अपनाइएको छ । संयत **शैली**को अनुशरण भएको यस निबन्धमा संयुक्त वाक्य प्रयोग भएका छन् । जस्तो :-

**यद्यपि खोजीको मोटामोटी सुरु निष्कामकर्मबाट नै हुन्छ तथापि खोजीको ढृदता देखिन्छ ।**[१२७]

पदविचलनद्वारा भनाइको रहस्य खोतल्नु निबन्धकारको आफ्नै शैली भएकोले यसमा प्रयुक्त पदविचलनको एउटा उदाहरण यस्तो छ :

**यही हो साँचो अर्थमा भक्तिको मर्म ।**[१२८]

तत्सम्, तद्भव शब्दमा खेल्ने निबन्धकारको यस निबन्धमा आगन्तुक शब्द छैन । उखान र टुक्काको प्रयोगलाई पनि यस निबन्धमा महत्त्व दिइएको छैन ।

### ४.२४ वेदान्तका दृष्टिमा सृष्टि

सृष्टि यस निबन्धको **विषय** हो । वेदान्तका दृष्टिमा तीन वादहरू रहेको र ती सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद तथा अजातवाद हुन् । वेदान्तदर्शनले यी तीनै वादलाई मिथ्या मानेको छ । सृष्टिदृष्टिवादले मायावीका मायाले सृष्टि भएका एक टुक्रालाई पनि मेरो नभनी एकरात बस्न आएको पाहुना ठानी ब्रह्मवादको गन्तव्य पुग्नुपर्ने कुरामा जोड दिएको छ । दृष्टिसृष्टिवाद मैले मानेर मात्र सृष्टि भएको जस्तो हुने तर नमाने जगत् छँदैछैन भन्ने मतमा रहेको यथार्थ यसमा प्रस्तुत छ भने अजातवादले जगत्को उत्पत्ति र नाश छैन यो अखण्ड, एकरस, स्वयंप्रकाश ब्रह्मवस्तु भन्दछ । यसैले यस निबन्धले सृष्टिलाई पारमार्थिक दृष्टिले बुझ्नुपर्ने आधार प्रस्तुत गरेको छ ।

शीर्षक अनुसारै यस निबन्धको **उद्देश्य** वेदान्तका आधारमा सृष्टि केलाउनु रहेको छ । सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद र अजातवादको चिनारी गराउनु यस निबन्धको प्रयोजन हो ।

---

१२७. ऐजन, पृ. ४० ।

१२८. ऐजन, पृ. ४१ ।

निबन्धमा वास्तवमा सृष्टि नै नभएको वा त्यो मिथ्या हो भन्ने दृष्टिकोण यसमा छ । सृष्टिभन्दा सत्य र भएको वस्तु ब्रह्मवस्तु हो भनी बुझ्नुपर्ने सन्देश यसको छ ।

निबन्धकार प्रखर प्रवचनकर्ता भएको कारण यो निबन्ध एक वक्तव्य हो । निबन्धको भावगत प्रस्तुतिलाई संयत **शैली**मा प्रस्तुत गरिएको यस निबन्धमा पूर्वीयदर्शनको पुष्टिको लागि विभिन्न दृष्टान्त र आधार प्रस्तुत गरिएको छ । यसमा समस्त शैलीका वाक्य पनि गठन भएका छन् । जस्तो :-

**स्वप्न संसार जसरी जाग्रत्‌मा रहँदैन, त्यस्तै जाग्रत्‌को संसार पनि स्वप्नमा रहँदैन अनि जाग्रत् र स्वप्नको संसार सुषुप्ति किंवा गाढ निद्राकालमा नरहने भएकाले कुनै संसार पनि साँचो ठहरिएन ।**[१२९]

यसमा भनाइलाई सुन्दर र अर्थपूर्ण बनाउन पदविचलन पनि गरिएको छ । जस्तो :

**बरु ईश्वरका संसारमा आफूलाई पाहुना वा परदेशी बटुवा मानी आनन्दसँग बास बस एक रात, भोलिपल्ट हाँसीहाँसी जाऊँ आफ्नो गन्तव्य ब्रह्मपदमा ।**[१३०]

तत्सम्, तद्भव शब्दको बाहुल्य रहेको यस निबन्धमा आगन्तुक शब्द छैन । उखान र टुक्काको प्रयोगलाई पनि यस निबन्धमा महत्त्व नदिई मिठास बनाइएको छ ।

### ४.२५ आत्मामा बन्धन र मोक्ष छैन

यसै सङ्ग्रहको आत्मदर्शन, आत्मविचारबाट आत्मज्ञान जस्ता शीर्षकमा आत्माका सन्दर्भमा विवेचना भइसके पनि माथिको शीर्षकअनुसार यसको **विषय** आत्मा नै हो तर यसमा आफू बन्धन र मोक्षरहित छ भनी विशेष जोड दिन खोजिएको पाइन्छ । सांसारिक कुरामा म र मेरो भन्नु बन्धन र यस्ताबाट मुक्त हुनु मोक्ष हो तर आत्मा बन्धनमा कहिल्यै नभएको र नहुने भएकोले मोक्षको आवश्यकता नपर्ने रहस्य यस निबन्धले खोलेको छ । त्यसको तात्पर्य बन्धन मुक्त निर्विकल्प, निराकार व्यापकवस्तु नै आत्मा हो भनिएको हो ।

आत्माको अस्तित्व स्वीकार गरी त्यसको शाश्वत रूपको चिनारी गराउनु यस निबन्धको **उद्देश्य** हो । बन्धन र मोक्ष चित्तका कारण मात्र कल्पना गरिएको हो भन्ने बुझाउने प्रयोजन यस निबन्धको देखिन्छ । आत्मा निर्विकल्प, निराकार व्यापक वस्तु हो भन्ने दृष्टिकोण यस निबन्धको छ । आत्मज्ञानी बनी बन्धन र मोक्षरहित हुनुपर्छ भन्ने सन्देश यसको हो ।

भावगत दृष्टिले यस निबन्धलाई संयत **शैली**मा प्रस्तुत गरिएको छ । पूर्वीयदर्शनको शाश्वततालाई प्रस्तुत गर्नु निबन्धकारको ध्येय भएकोले यो एक वक्तव्य हो । वाक्य गठनका हिसाबले यस निबन्धमा समस्त शैलीका वाक्य पनि छन् । जस्तोः-

**मन, बुद्धिको गम जहाँ छैन, जहाँ पुगेर सम्पूर्ण वाणीहरू फर्कन्छन्, जहाँको वर्णन गर्दा वेदले नेति नेति भनेको छ त्यही हो आत्मा, त्यही हो म ।**[१३१]

माथिको उदाहरणमा पदविचलन गरी आत्माको महत्त्व दर्साइएको छ भने अर्को पदविचलनको उदाहरण पनि यस्तो छ :-

**आत्मा हो निर्विकार, निर्विकल्प, निराकार, बन्धन र मोक्षरहित शुद्ध चैतन्य ब्रह्मवस्तु ।**[१३२]

तत्सम र तद्भव शब्दले सिङ्गारिएको यस निबन्धमा आन्तुक शब्द छैन । उखान, टुक्कालाई समावेश नगरिएको यो निबन्ध भाषिक हिसाबले अझ सरल छ ।

१२९. ऐजन, पृ. ४२ ।
१३०. ऐजन, पृ. ४२ ।
१३१. ऐजन, पृ. ४४ ।
१३२. ऐजन, पृ. ४४ ।

### ४.२६ स्वतन्त्रता : एक अनुशीलन

वेदान्तदर्शनले देखाएको स्वतन्त्रता यस निबन्धको **विषय** हो । त्यसकै नियमित व्यवहार यसको थप प्रस्तुति हो । स्व माने आफू, जुन आत्मा हो, जो उत्तम पुरुष हो भन्दै आफू आफ्ना साम्राज्यमा विचरण गर्नु नै वेदान्त-दर्शनअनुसार स्वतन्त्रता भएको विचार यसमा खुलेर प्रस्तुत गरिएको छ । यसलाई आत्मतन्त्र वा ब्रह्मतन्त्र हो भनी चिनाइएको छ । शारीरिक, ऐन्द्रिक, मानसिक, बौद्धिक हुँदै आत्मिक स्वतन्त्रतामा विचरण गर्नुपर्ने भनाइ यसमा छ किनकि ती एकपछि अर्को माथि माथि हुँदै सर्वोच्चमा पुग्दछन् । मूल स्वतन्त्रता आत्मिक भएको र यो प्राप्त गर्न वेदान्त जान्नुपर्ने भनी ठम्याउँदै यसले आत्यन्तिक कल्याण र जीवन्मुक्तिको अनुभव हुने बताएको छ । आध्यात्मिक चिन्तक र दार्शनिकहरू आत्माको स्वतन्त्रतासम्म पुगेको नजीर प्रस्तुत गर्दै त्योभन्दा तलको स्वतन्त्रतालाई परतन्त्रता भनिन्छ भनी ठोकुवा गरिएको छ ।

वेदान्त दर्शनअनुसार स्वतन्त्रताको परिचय एवं महत्त्व बताउनु यस निबन्धको प्रमुख **उद्देश्य** हो । स्वतन्त्रता मन, बुद्धि, चित्त आदिको नियन्त्रण नभएको अवस्था होइन भन्ने प्रयोजनार्थ यो निबन्धको रचना भएको देखिन्छ । वेदान्तदर्शनले सिकाएको उपाय वा देखाएको मार्ग नै स्वतन्त्रताका लागि उत्तम भएको दृष्टिकोण यसमा छ । निबन्धको सन्देश आफू वा आत्मामा रमाएर बस्न सके सच्चा स्वतन्त्रता मिल्ने हो ।

प्रखर प्रवचनकर्ता तथा वेदान्तका ज्ञाता निबन्धकारको **शैली**को हिसाबले यो निबन्ध एक प्रवचन नै हो । निबन्धलाई सरल, सरस र सहज भाषाले रचिएको यसमा समस्त शैलीका वाक्य गठन पनि भएका छन् । जस्तो :-

**विकसित मुलुकहरूमा बौद्धिक स्वतन्त्रता पनि पाइन्छ तर आत्मिक स्वतन्त्रता त आफैँबाट उब्जने, आफैँसँग भएको र आफैँले खोजे मात्र पाइने हुनाले वेदान्त-दर्शनको सहारा लिए सदाकाल स्वतन्त्रताको अनुभव गर्न सकिन्छ ।**[१३३]

यस निबन्धमा अन्य निबन्धमा झैँ पदविचलन पनि भएको छ । जस्तो :-

**यही यो आत्मसाक्षात्कार गरेका ज्ञानवान् जीवन्मुक्त महात्माहरूको स्थिति ।**[१३४]

**भोग गर्नु, मनपरी गर्नु, बुद्धिको पछि लाग्नु**[१३५] जस्ता टुक्का प्रयोग भएको यस निबन्धमा आगन्तुक शब्द र उखान प्रयोग भएको छैन ।

### ४.२७ त्यागबाट नै लाभ

त्याग र त्यसको परिणाम नै यस निबन्धको **विषय** हो । धनदेखि विद्या, आरोग्यदेखि दीर्घायु, सांसारिकदेखि आत्म, लाभ प्राप्तिका लागि त्याग अनिवार्य भएको बताउँदै महात्मादिले झैं त्यागको महत्त्व सबैले बुझ्ने कोसिस गर्नुपर्छ भन्ने विवरण यसमा छ । आत्मसाक्षात्कार हुन पनि त्याग नै गर्नुपर्ने तर जिज्ञासु एवं मुमुक्षुले भने त्याग त्याग्न नहुने सत्य उद्बोधन गराउँदै जोसँग जे छ त्यो त्याग्दा भने अद्वितीय आनन्द हुने कुरा बताइएको छ । विद्यार्थीले पनि समय, धन, श्रम र सुख त्यागेपछि सफलता पाउने उदाहरण दिँदै त्याग जसले पनि गर्न सक्ने भनिएको छ । जे कुरा पाउन पनि त्याग गर्न पर्ने भएकोले वेदान्तदर्शनले भने झैं त्याग गरी आत्मलाभ गर्नु नै उचित रहेको भनाइ यसमा छ ।

त्यागको महत्त्व बुझाउनु यस निबन्धको **उद्देश्य** हो । त्यागको प्रतिफल आत्मासन्तुष्टि मात्र हो भन्ने बुझाउने प्रयोजनका लागि यसको रचना भएको छ । ठूला कुरा प्राप्त गर्न ठूलै

१३३. ऐजन, पृ. ४५ ।
१३४. ऐजन, पृ. ४६ ।
१३५. ऐजन, पृ. ४५ ।

कुरा त्याग गर्नुपर्ने भएकोले प्राप्तिका लागि त्याग अनिवार्य रहेको दृष्टिकोण यस निबन्धमा पाइन्छ । धन, समय, विद्या, अभिमान, आसक्ति आदिका त्यागले विद्वान, नेता, समाजसेवी, योगी, ज्ञानी बन्न सकिने सन्देश यसको छ ।

पूर्वीयदर्शनका आधारमा त्यागको महत्त्व बताइएको यो निबन्धको **शैली** संयत नै हो । विभिन्न दृष्टान्त प्रयोग गरिएको यस निबन्धमा पनि समस्त शैलीका वाक्य गठन भएका छन् । जस्तो :

**यसबाट के कुरा सिद्ध हुन्छ भने संसारका सानाभन्दा साना क्षणिक वस्तुहरूका लाभदेखि लिएर अलौकिक दिव्य पद मात्र होइन आत्मसाक्षात्कार पनि त्यागकै मार्गबाट पाइन्छ ।**[१३६]

त्यागीको परिचय गराउन विभिन्न व्यावहारिक प्रसङ्ग जोडिएको यस निबन्धमा पदविचलनलाई पनि स्विकारिएको छ । जस्तो :-

**त्यस्तै एक जना सैनिक जवान आफ्नो शरीरै त्यागिदिन्छ राष्ट्रहितका लागि ।**[१३७]

स्वतन्त्ररूपले टुक्का नभएको अनि उखान नभएको यस निबन्धमा नेपाली जनजिब्रोमा सहज भइसकेको आगन्तुक शब्द **नोट** प्रयोग भएको छ ।

### ४.२८ ईश्वर : एक चिन्तन

ईश्वर यस निबन्धको **विषय** हो । निरञ्जन, निराकार, निर्गुण जस्ता शब्दले पुकारिने ईश्वर वेदान्तर्शनका आधारमा के हुन भन्ने प्रस्तुति यस निबन्धले गरेको छ । आफू भएकोले ईश्वर पनि छ भन्ने यथार्थ प्रस्तुत गर्दै नास्तिकले आफू (आत्मा)लाई स्वीकार गर्ने भएकोले ईश्वर सबैले मान्ने अभिप्राय यसमा छ । ईश्वर आत्मा हो जो नित्य र सत्य छ भन्दै ईश्वर मात्र रहने रहस्य यसले प्रस्तुत गरेको छ । ईश्वर व्यापक, स्वप्रकाश, सनातनआदि भएकोले यो पूर्ण वस्तु हो भन्ने प्रमाण यस निबन्धमा प्रस्तुत गरिएको छ । ईश्वरको चिन्तन गर्दा ईश्वर भक्तको हृदयमा र ज्ञानीभक्तको लागि आत्मरूपमा रहने जानकारी दिँदै ठाउँअनुसार यिनको नाम अलग भए पनि यिनी आवरणरहित आत्मा हुन भनिएको छ । बुद्धिभन्दा भित्र, पर र सूक्ष्म ईश्वर भएकोले यसकै खोजी एवं प्राप्ति गर्नु नै सही चिन्तन हो भनेर यसको समापन गरिएको छ ।

ईश्वरको परिचय वा स्वरूपको चिनारी यस निबन्धको **उद्देश्य** हो । वेदान्तदर्शनको आधारमा ईश्वरको चिन्तन कसरी गर्ने भन्ने प्रयोजनका लागि यस निबन्धको रचना भएको हो । ईश्वर नै सारा हो र सारा नै ईश्वर हो भन्ने दृष्टिकोण यसमा छ । बुद्धिभन्दा परको सूक्ष्म ईश्वर खोजी मानवजीवन सार्थक पार्ने सन्देश यसमा छ ।

भावगत दृष्टिले संयत **शैली**मा रचित यो निबन्ध पनि पूर्वीय दर्शनको एक चिन्तन हो । निबन्धलाई स्पष्ट पार्न विभिन्न दृष्टान्त प्रस्तुत गरिएको यसमा समस्त शैलीको वाक्य गठन भएको छ । जस्तो :

**त्यसैले जब ऊ आफ्नो अस्तित्वलाई स्वीकार गर्दछ भने वेदान्तले मानेको ईश्वर पनि आफू नै हो ।**[१३८]

अनावश्यक पदविचलन गर्न नचाहने व्याकरणका अनुयायी निबन्धकारले विशेष अवस्थामा पदविचलन गर्दछन् । जुन कार्य यसमा पनि भएको छ । जस्तो :-

**त्यसैले ईश्वर हो सनातन र पारमार्थिक वस्तु ।**[१३९]

१३६. ऐजन, पृ. ४७ ।
१३७. ऐजन, पृ. ४७ ।
१३८. ऐजन, पृ. ४९ ।
१३९. ऐजन, पृ. ४९ ।

गणितीय चिन्हहरू –, +, x र ÷ प्रयोग गरिएको यस निबन्धमा तत्सम, तद्भव शब्द कै बाहुल्य छ । उखान र स्वतन्त्ररूपका टुक्का यसमा छैनन् ।

### ४.२९ जीवन्मुक्ति

जीवन यस निबन्धको मूल **विषय** हो । जीवनको चर्चा परिचर्चाभन्दा यसको मुक्ति के र कसरी हुने कुरा बताउने कार्य यसमा भएको छ । जीवन्मुक्ति वर्तमान् समयमै अनुभव गर्न सकिने स्व स्थिति हो र अनेक उपाय अनि विधिद्वारा यसको स्थिति बताउने कुरा यसमा भएको छ । जीवन्मुक्ति शाश्वत शान्ति र अखण्ड आनन्द हो भन्दै सांसारिक विषयबाट जीवन्मुक्त नहुने रहस्य प्रस्तुत गरिएको छ । जब आत्मा आवरणरहित भएको अनुभव हुन्छ त्यसैलाई जीवन्मुक्ति भनिन्छ भन्ने कुरामा जोड दिँदै हरेक कुराबाट विमुख मानिस जीवन्मुक्त बन्न सक्ने मार्ग प्रस्तुत गरिएको छ । जीवन्मुक्तको विभिन्न दृष्टान्त र प्रमाण प्रस्तुत गर्दै यस निबन्धमा जीवनको उद्देश्य नै जीवन्मुक्ति हो र यो वेदान्तदर्शनले औँल्याएअनुसार गरे सदा प्राप्त हुने भनिएको छ ।

संसारका सबै वस्तु नाशवान् भएकोले मानवजीवनको मुक्तिको मार्ग देखाउनु यस निबन्धको **उद्देश्य** हो । सांसारिक दुनियाँका अस्तव्यस्त अज्ञानीलाई ज्ञान छर्ने प्रयोजनका लागि यो निबन्ध रचना भएको देखिन्छ । आत्मसुखको प्रयत्नबाट मात्र जीवन्मुक्ति मिल्न सक्ने दृष्टिकोण यसमा छ । मानवका लागि जीवन्मुक्ति सदा प्राप्त भएको कुरा बुझ्नुपर्ने सन्देश यसको छ ।

पूर्वीयदर्शनको विचारलाई प्रस्तुत गरिएको यो निबन्ध एक वक्तव्य नै हो । भावगत दृष्टि तथा वाक्य गठनका हिसाबले सरल प्रस्तुति रहेको यस निबन्धमा समस्त **शैली**को वाक्य गठन पनि भएको छ । जस्तो :-

**यस लोकको वा परलोकको पनि सबै प्रकारका विषय, सम्पत्ति, सुख, वैभव, मान, प्रतिष्ठा आदि जतिसुकै पाइए तापनि त्यसबाट अविनाशी सुखानुभव हुँदैन ।**[१४०]

अन्य निबन्धमा झैँ यस निबन्धमा पनि लेखकीय विशेषता झल्काउने पदविचलन भएको छ । जस्तो :-

**मानव जीवनको उद्देश्य हो जीवन्मुक्ति ।**[१४१]

तत्सम, तद्भव शब्दको प्रचुर प्रयोग रहेको यस निबन्धमा आगन्तुक शब्द छैन । स्वतन्त्ररूपमा नदेखिने टुक्का र विशेषता थप्ने उखान यस निबन्धमा छैनन् ।

### ४.३० हाम्रा चार अवस्थाहरू

पूर्वीय शास्त्रले बताएको उत्तम, मध्यम, अधम र अधमाधम गरी चार अवस्था यस निबन्धको **विषय** हो । प्रत्येक अवस्थाको अर्थ र महत्त्वमाथि प्रकाश पारी आफू जुन अवस्थामा रहेको बोध हुन्छ क्रमैसँग ब्रह्मस्वरूपमा स्थित गराउनु पर्ने भाव यसमा पाइन्छ । केही कुरामा चिन्तना नगरी स्वरूपमा जागा रहनु उत्तम अवस्था भएको र यसबेला चित्त चैतन्य भएर बसे आफू च्यूत नभइने कुरा गरिएको छ । आफूलाई वेदान्तदर्शनादिले बताएको मार्ग र सच्चिदानन्दस्वरूपमा लगाउनुलाई मध्यम अवस्था भनिने र यो अवस्था पनि चानचुने होइन किनकि यसले पनि आत्मातिर लगाइरहने कुरा यसमा व्यक्त छ । मन्त्र आदिको जप गरेर बस्नु अधम अवस्था हो र यसले चञ्चल चित्तलाई चैतन्यमा लगाउने उपायचाहिँ बताउने कुरा यसमा

१४०. ऐजन, पृ. ५१ ।
१४१. ऐजन, पृ. ५२ ।

वर्णित छ । आसनसमेत स्थिर नगरी यता, यहाँ र उहाँ भन्दै तीर्थाटन गरिरहनुचाहिँ अधमाधम अवस्था हो तर नामअनुसार साह्रै तल्लोस्तर नभएको विचार यसमा प्रस्तुत छ । यसरी ईश्वरको खोजीमा लाग्नुदेखि आत्मा चिनी ब्रह्मसत्यमा लाग्नुसम्मका अवस्थाको प्रस्तुति गर्दै प्रत्येक अवस्थाबाट माथि हुँदै उत्तमै अवस्थामा पुग्नु पर्ने कुरामा यसको जोड रहेको छ ।

वेदान्तअनुसार सहज, मध्यम, अधम र अधमाधम गरी चार अवस्थाको चिनारी गराउनु यसको **उद्देश्य** र प्रयोजन हो । मानवले तल्लो अवस्थाबाट माथिल्लो अवस्थामा पुग्न सक्नु पुरुषार्थ हो भन्ने दृष्टिकोण यसको छ । वेदान्तदर्शनको आधारमा सबै अवस्था कल्पित भए पनि ब्रह्म चिन्तनसम्म पुग्न यही अवस्थालाई पार गर्नु पर्ने सन्देश यसको छ ।

वेदान्तदर्शनका प्रखर ज्ञाता एवं प्रस्तुत कर्ता निबन्धकारको यो निबन्ध एक वक्तव्य हो । भावगत दृष्टिले संयत **शैली** प्रस्तुत गरिएको यस निबन्धमा समस्त शैलीको वाक्यगठन पनि रहेका छन् । जस्तो :-

**साधकहरू, योगीहरू पनि प्रयत्नपूर्वक पुरुषार्थ गरेर जन्म जन्मातरको वासनाले वासित चित्तवृत्तिलाई विषयतिर होइन, आत्मातिर लगाइरहन्छन् ।**[१४२]

पदविचलनबाट भन्न र जोड दिन खोजेको कुरा स्पष्ट पार्ने कार्य यस निबन्धमा पनि भएको छ । जस्तो :-

**केही कुराको पनि चिन्तना नगरीकन स्वरूपमा जागा रहिरहनु हो उत्तम अवस्था ।**[१४३]

संस्कृत भाषामा दक्षता प्राप्त निबन्धकारले पूर्वीयदर्शनका कुरालाई बुझाउन तत्सम, तद्भव शब्द कै प्रयोग गरेका छन् । उखान, टुक्काको स्पष्ट झल्को नभएको यस निबन्धमा आगन्तुक शब्द छैन ।

### ४.३१ बुद्धिको सदुपयोग

बुद्धि यस निबन्धको **विषय** हो । बुद्धिको अस्तित्व स्वीकार गर्दै यसको सत् उपयोगमा लाग्न पर्ने प्रस्तुति यसमा छ । बुद्धि दैवी वरदानका अलावा प्रयत्न साध्य पनि भएको जानकारी गराउँदै मानिसको बुद्धि भौतिक सूक्ष्मतातिर मात्र गएको गुनासो यसमा छ । बुद्धिका कारणले मानिसले धेरै प्रगति गरे पनि मानिस आफूदेखि आफैँ डराउन थालेको प्रमाण यसमा पेश गरिएको छ । बुद्धिबाट आनन्द, शान्ति, सन्तोष आदि प्राप्त गर्न सक्नु सदुपयोग भएको उद्घोष गर्दै इन्द्रियले दास बुद्धि कुबुद्धि वा दुरुपयोग हो भनिएको छ । बुद्धि भएकाले आत्मबोधतिर लाग्नु सार्थक हो र यसैले आत्मा पाउन सकिने दृष्टिकोण यसमा छ । अतः वेदान्तदर्शनका उपासक, प्रयोक्ता, चिन्तक निबन्धकारले आत्माप्राप्तिमा बुद्धि लगाउनु नै त्यसको सदुपयोग हो भनी ठोकुवा गरेका छन् ।

मन, बुद्धि, चित्त वेदान्तले आत्मा जस्तो नभएको कुरा ठान्छ तर नभएको बुद्धिको सदुपयोगले आत्मा चिन्न सकिन्छ भन्ने देखाउनु यस निबन्धको **उद्देश्य** हो । व्यावहारिक रूपमा बुद्धिको सदुपयोगले यो संसारमा धेरै उन्नति प्रगति भएको छ भन्नु यसको प्रयोजन हो । इन्द्रियले दास बनाएको बुद्धि कुबुद्धि हो भन्ने दृष्टिकोण यसमा पाइन्छ । बुद्धि अचल, अखण्ड हुँदै गए आनन्द र शान्ति अनुभव हुने सन्देश यस निबन्धले प्रदान गरेको छ ।

भावगत दृष्टिले संयत **शैली**का प्रयोक्ता निबन्धकारले यस निबन्धलाई पनि सरल तरिकाले प्रस्तुत गरेका छन् । विशेष कुरा भन्न समस्त शैलीको वाक्य गठन यस निबन्धमा पनि गरिएको छ । जस्तो :-

---

१४२. ऐजन, पृ. ५३ ।

१४३. ऐजन, पृ. ५३ ।

**आजको मानव मस्तिष्क भौतिक सूक्ष्मतातिर ज्यादा गहिरिएर गए तापनि आध्यात्मिक सूक्ष्मता कता हो कता ।**[१४४]

निबन्धको पहिलो वाक्यमा विशेष भनाइ प्रस्तुत गर्ने निबन्धकारले पदविचलनलाई सरल तरिकाले प्रस्तुत गरेका छन् । जस्तो :-

**मानवको विशेषता हो बुद्धिको सूक्ष्मता किंवा बौद्धिक क्षमता ।**[१४५]

शीर्षकको बुद्धिसँग मिल्ने उखान **दुःख पाइस मङ्गले, आफ्नै ढङ्गले**[१४६] प्रयोग भएको यस निबन्धमा **बुद्धिलाई वेश्या बनाउनु**[१४७] जस्तो टुक्का पनि प्रयोग भएको छ । आगन्तुक शब्दको भने यस निबन्धमा प्रयोग भएको छैन ।

## ४.३२ चरित्र-निर्माण

यसै सङ्ग्रहको **चरित्र-निर्माण र आत्मनिर्भरता** शीर्षकमा प्रस्तुत भएको विषय चरित्र नै यस निबन्धको **विषय** हो । जहाँ गए त्यहीँ चरित्रको खैलाबैला भएको दृष्टान्त र प्रसङ्ग व्यक्त गर्दै निबन्धकारले वेदान्तदर्शनका आधारमा चरित्रनिर्माणको पुष्ट्याइँ गर्न खोजेको यस निबन्धमा पाइन्छ । सबै चरित्र बिमुख भएको अवस्थामा उपदेश दिन चरित्र खोज्दा गुरु बन्ने पनि चरित्रका कारण आत्मग्लानिमा परेको वर्तमान अवस्थाको चित्रण गर्दै आफू चरित्रवान् हुनुपर्ने जोड यसमा दिइएको छ । एकैक्षणमा नष्ट हुन सक्ने चरित्र निर्माणका लागि भने वर्षौं प्रयत्न गर्नै पर्छ भन्दै यसका लागि सावधानीपूर्वक अगाडि बढ्नुपर्ने उपाय बताइएको छ । आहार, विहार र विचार अनुसार व्यवहार हुने र यसका लागि ती कुराहरू त्यसलाई सघाउ पुऱ्याउने हुनुपर्नेमा जोड दिइएको छ । वर्तमान सन्दर्भमा लेखकको जोड छ **सबैले भएभरको शक्ति लगाउनुपर्छ चरित्र-निर्माणमा ।**

चरित्रको महत्त्व बताउनु यस निबन्धको **उद्देश्य** रहेको छ । निबन्धको प्रयोजनचाहिँ चरित्र निर्माण नै परम पुरुषार्थ हो भन्नु रहेको छ । जतातत‍ै चरित्रको नारा लागे पनि चरित्र सुधार्नका लागि आफू स्वयं लाग्नुपर्छ भन्ने दृष्टिकोण यसमा छ । सत् चरित्र निर्माणमा सम्पूर्ण शक्ति लगाएर आफू, परिवार, समाज र राष्ट्र नै बनाउनु पर्ने सन्देश यसको छ ।

संयत **शैली**मा रचिएको यो निबन्ध लेखकको एक वक्तव्य नै हो । सरल लामा वाक्यको प्रयोग रहेको यस निबन्धमा समस्त शैलीमा प्रयोग हुने वाक्य गठन पनि छ । जस्तो :-

**वेदान्तको अन्तिम लक्ष्य ज्ञानद्वारा मोक्षस्थिति प्राप्त गर्नु हो तापनि साधनाकालमा आहार, विहार, व्यवहार, विचारमा अत्यन्त निगरानी राखिएको छ ।**[१४८]

पदविचलन लेखकीय शैली नै रहेकोले यस निबन्धमा क्रिया रहित वाक्य छन् । जस्तो :

**जहाँ जाऔँ चरित्रकै खैलाबैला र गुनासाहरू-लौन के गर्ने ? कसो गर्ने ? सबैलाई समस्या !**[१४९]

अफिमबाट **अफिमे र सिनेमा, फेसन, अमेरिका, बेलायत, म्यूजियम**[१५०] जस्ता आगन्तुक शब्द रहेको यस निबन्धमा **कीराले हीरालाई समेत बिगार्छ** [१५१] भन्ने उखानका साथै **घुस खानु, व्यभिचार गर्नु, अनिष्ट चिताउनु**[१५२] आदि टुक्का पनि छन् ।

---

१४४. ऐजन, पृ. ५५ ।
१४५. ऐजन, पृ. ५५ ।
१४६. ऐजन, पृ. ५५ ।
१४७. ऐजन, पृ. ५६ ।
१४८. ऐजन, पृ. ५७ ।
१४९. ऐजन, पृ. ५७ ।
१५०. ऐजन, पृ. ५७ र ५८ ।
१५१. ऐजन, पृ. ५७ ।
१५२. ऐजन, पृ. ५८ ।

## ४.३३ इच्छा हो संसार

इच्छा यस निबन्धको **विषय** हो । अष्टवक्रगीता १०/३ को श्लोकबाट सुरु गरिएको यो निबन्धमा इच्छा भए संसार हुने तर इच्छा नभए संसार नहुने हेर्दा सामान्य जस्तो लाग्ने भनाइ प्रस्तुत गर्नुको अर्थचाहिँ सीमित इच्छा गर्दै वा घटाउँदै लानु उचित हो भनिएको छ । जहाँ बढी इच्छा हुन्छ त्यहाँ चिन्ताजनक परिणाम हुने उदाहरणको प्रस्तुति गर्दै मोक्ष हुने इच्छासमेत बन्धन हो भनिएको छ र यस हिसाबले हामी इच्छारहित हुँदै जानुपर्छ भन्ने आशय यस निबन्धको छ । जहाँ इच्छा छ त्यहाँ समस्या छ तर खराब इच्छाप्रति विजय प्राप्त गर्न शुभ इच्छा बढाउनुपर्ने र पछि शुभेच्छा पनि आवश्यक नपर्ने उद्घोष लेखकको छ । वेदान्तदर्शनअनुसार इच्छा नभए संसारबाट पार पाउन सकिने भनाइ यसमा छ ।

संसारको वास्तविक स्वरूप केलाउनु यस निबन्धको **उद्देश्य** हो । संसार वेदान्तदर्शनअनुसार छैन, छ त ब्रह्म भनी बुझाउने प्रयोजन यस निबन्धको हो । इच्छाले संसार बन्ने भएकोले बलियो वैराग्यले संसार मिथ्या सावित गरी सुखप्राप्त गर्न सकिने दृष्टिकोण यसमा छ । इच्छा नै बन्धनको कारण भएकोले मुक्तिका लागि भक्ति, साधना, योगाभ्यास आदि गर्नुपर्ने सन्देश यसको छ ।

सरल र संयत **शैली**का प्रयोक्ता निबन्धकारले यस निबन्धलाई सरल वाक्यले सजाएका छन् । शाश्वत दृष्टान्तलाई प्रस्तुत गरी वेदान्तदर्शनमा वक्तव्य दिइएको यस निबन्धमा समस्त शैलीका वाक्य गठन छन् । जस्तो :-

**जब संसारी वस्तुहरूप्रति इच्छा कम हुँदै जान्छन् तब सुख, सन्तोष, शान्ति र आनन्दको मात्रा बढ्दै जान्छ ।**[१५३]

भनाइलाई विशेष तरिकाले प्रस्तुत गर्न निम्मानुसार पदविचलनका वाक्यहरू छन् :-

**मुक्त पुरुषको लक्षण हो निरिच्छित स्थिति ।**[१५४]

**त्यसैले इच्छा नहुनु हो संसारबाट पार लाग्ने एक मात्र उपाय ।**[१५५]

तत्सम, तद्भव शब्दले सजिएका यस निबन्धमा आगन्तुक शब्द र टुक्का छैनन् तर **साधा जीवन, उच्च विचार** [१५६] उखान वा लोकोक्तिले यो निबन्ध सजिएको छ ।

## ४.३४ गीतामा तीन योग

गीतादर्शनअनुसार योग यस निबन्धको **विषय** हो । गीतामा कर्मयोग, भक्तियोग र ज्ञानयोग गरी तीन योग रहेको प्रस्तुति यसमा छ । निष्काम भावले शरीर इन्द्रियादिद्वारा कर्म गर्दा आफू अकर्ता, अभोक्ता बनेर, अहङ्काररहित भएर परमात्मास्वरूपको चिन्तन र अनुसन्धानमा लाग्नु कर्मयोग हो । यस्तो योगबाट चित्त आत्मातिर अभिमुख हुँदै जाने जस्तो लाभ यसबाट मिल्छ । परमात्मामा अबुद्धिपूर्वक चित्तको अचञ्चल स्थितिलाई भक्तियोग भनिन्छ । यसबाट सगुण र निर्गुण दुबै भक्तलाई भगवान्स्वरूपकै अनुभव भइरहन्छ । ज्ञान योग भनेको चित्त चिद्रूप चैतन्यवस्तुमा बसिरहेको स्थिति हो । यसबाट ब्रह्ममात्र भासमान हुने फल पाइन्छ । यसरी पूर्वीय दर्शन सिद्धान्तमा गीतादर्शनले देखाएको तीन योगको मर्म खुलाउने काम यस निबन्धले गरेको छ ।

गीतामा वर्णित तीन योग कर्म, भक्ति र ज्ञानको जानकारी गराउनु यसको **उद्देश्य** हो । तीनै योग मानवीय जीवनका आधारभूत कुरा भएको बुझाउनु यस निबन्धको प्रयोजन हो । निष्काम कर्मले मलदोष, भक्तिले निक्षेप दोष र ज्ञानले आवरणदोष निवारण गर्ने गीता दर्शनको

१५३. ऐजन, पृ. ६० ।
१५४. ऐजन, पृ. ६० ।
१५५. ऐजन, पृ. ६१ ।
१५६. ऐजन, पृ. ५९ ।

दृष्टिकोण यसमा प्रस्तुत छ । जीवन सार्थक र सफल बनाई मुक्त हुन गीता दर्शन निर्विकल्प भएको सन्देश यसमा छ ।

गीतादर्शनको योगलाई प्रस्तुत गर्ने ध्येय निबन्धकारको रहेकोले यो निबन्ध एक वक्तव्य हो । भावगत दृष्टिले संयत **शैली** प्रस्तुत भएको यस निबन्धमा समस्त शैलीको वाक्यगठन छ । जस्तो :

**कर्मयोगको अनुष्ठानबाट चित्त आत्मातिर अभिमुख हुन्छ र सामान्यरूपमा आत्माकार वृत्तिको उदय हुन्छ र जगत्का पदार्थादिमा सत्यता बुद्धि शिथिल हुँदै जान्छ ।**[१५७]

आकार र शब्दका हिसाबले सङ्क्षिप्त यस निबन्धमा निम्नानुसार पदविचलन पनि गरिएको छ :-

**भक्तिमा सर्वोच्च हो प्रेमलक्षणा भक्ति वा निर्गुण भक्ति ।**[१५८]

उखान, टुक्का र आगन्तुक शब्द नरहेको यस निबन्धलाई निबन्धकारले पूर्वीयदर्शनको आधार भाषा संस्कृत कै तत्सम र त्यसको तद्भव रूपलाई यहाँ प्रस्तुत गरेका छन् ।

### ४.३५ ज्ञान र विज्ञान

ज्ञान र विज्ञान यस निबन्धको **विषय** हो । शास्त्रसज्जनको आफू जगत् आदिदेखिरहित शुद्धचैतन्य ब्रह्मवस्तु हुँ भन्ने उपदेशलाई श्रद्धाले स्वीकार गर्नु ज्ञान हो र ज्ञानलाई दृढरूपमा प्रत्यक्ष अनुभव हुनु विज्ञान हो भन्ने लेखकको भनाइको आधार वेदान्त दर्शन हो । वेदान्तदर्शनका सर्वोच्च ग्रन्थहरूले प्रमाणलाई भन्दा प्रमेय (ब्रह्म) वस्तुलाई साक्षात्कार गराएको प्रसङ्ग दिँदै परमार्थमा मेरो वास्तवस्वरूप ब्रह्मदेखि भिन्न नभएको भनिएको छ । ज्ञान जान्नु र विज्ञान हुनु हो र आत्मज्ञान गर्नुचाहिँ आत्मस्वरूपै बन्नु हो भन्दै जसले ब्रह्मलाई जान्दछ ऊ ब्रह्म नै हुन्छ भन्ने वेदान्ती मत यसमा छ । भौतिक वस्तु जति समय भए पनि जान्न नसकिने तर आफूले आफूलाई आफू भनी जान्नु पर्ने र यसैबाट ज्ञान-विज्ञान खुल्ने कुरा यसमा छ । वेदान्तको निर्विकल्प समाधि आफूमात्र भएको आफैँलाई अनुभव भएको हो र यही ज्ञान-विज्ञानको पराकाष्ठा भनी चिनाइएको छ ।

पूर्वीयदर्शनका आधारमा ज्ञान-विज्ञानको परिचय गराई त्यसको आवश्यकता दर्साउनु यसको **उद्देश्य** हो । वेदान्तको ज्यादा जोड शास्त्रीय ज्ञानमा मात्र नभएर ब्रह्म विषयक अनुभवमा (विज्ञान) रहेको छ भन्ने प्रयोजन यसको हो । ज्ञान नभई भक्ति नहुने र भक्तिविना मुक्ति नमिल्ने पूर्वीय दृष्टिकोण यसमा छ । ज्ञान विज्ञानको पराकाष्ठा आत्मसाक्षात्कार भएकोले यसको माध्यमले त्यहाँसम्म पुग्नुपर्ने सन्देश यसको छ ।

भावगत दृष्टिले पूर्वीयदर्शनका आधारमा ज्ञान-विज्ञानको चर्चा गर्दा संयत **शैली** अपनाइएको छ । दृष्टान्त र पुष्टिका आधार दिँदा वाक्य लामा देखिए पनि सरल नै छन् । आवश्यकताअनुसार समस्त शैलीका वाक्य पनि यसमा प्रयोग भएको छन् । जस्तो :-

**त्यसैले वेदान्तको ज्यादा जोड छ विज्ञानमा अर्थात ब्रह्मविषयक अनुभवमा, सामान्यतया शास्त्रीय ज्ञानमा मात्र होइन ।**[१५९]

माथिको वाक्यको पहिलो खण्डमा पदविचलन गरी विज्ञानको विषय बुझाउन खोजे झैँ अन्य स्थानमा पनि पदविचलन भएको छ । जस्तो :-

**त्यही ज्ञान दृढरूपमा अपरोक्ष (प्रत्यक्ष) अनुभव हुनु हो विज्ञान ।**[१६०]

---

१५७. ऐजन, पृ. ६१ ।

१५८. ऐजन, पृ. ६१ ।

१५९. ऐजन, पृ. ६२ ।

१६०. ऐजन, पृ. ६२ ।

सरल, सरस र सहज भाषाका प्रयोक्ता निबन्धकारले यसमा आगन्तुक शब्द प्रयोग गरेका छैनन् । यस्तै यसमा उखान र स्वतन्त्र किसिमका टुक्का पनि छैन ।

## ४.३६ ज्ञानी गरेर पनि गर्दैन

ज्ञानी यस निबन्धको **विषय** हो । सामान्यतयाः ज्ञान जानेकोलाई ज्ञानी भनिन्छ यस निबन्धको शीर्षकका आधारमा चाहिँ निकै गहन प्रस्तुति भएको ज्ञानीको स्वयंवेद्य र परसंवेद्य गरी दुई लक्षण भएको प्रसङ्ग यसमा छ । स्वयंवेद्य ज्ञानी आफैंले मात्र थाहा पाउँछ र आत्मस्थितिमा अचल भएर बस्ने कुरा गरिएको छ । यस्ता ज्ञानी अर्काले देख्ता गरेभैँ देखिए पनि केही नगर्ने भनी आफूलाई अकर्ता, अभोक्ता मान्ने गर्दछ भनिएको छ । परसंवेद्य लक्षण भनेको ज्ञानीमा जीवन्मुक्त भई सुखको अनुभव गरिरहने हो । विभिन्न परसंवेद्य ज्ञानीहरूको उदाहरण दिँदै अरूले ज्ञानी मान्नु वा नमान्नुसँग सरोकार नभएर आफू ब्रह्मसाक्षात्कार गरी ज्ञानवान् बन्नु उत्तमोत्तम हुने विवरण यसमा छ ।

वेदान्तदर्शनका आधारमा ज्ञानीले गर्ने कुनै पनि कार्य उसले गरेको होइन भन्ने बुझाउनु यस निबन्धको **उद्देश्य** हो । ज्ञानीका दुई लक्षण स्वयंवेद्य र परसंवेद्यको चर्चा गर्नु यस निबन्धको प्रयोजन हो । अरूले मानून नमानून आफूले ब्रह्मसाक्षात्कार गर्नुपर्छ भन्ने दृष्टिकोण यसमा छ । ज्ञानको मर्म बुझी जीवनसार्थक बनाउनु पर्ने वेदान्ती सन्देश पाइन्छ ।

ज्ञानीको क्रिया पूर्वीयदर्शनका आधारमा चिनाउन यसमा प्रायः वाक्यको गठन सरल वाक्य मै भएका छन् । ज्ञान नभएकालाई सूचनात्मकताका हिसाबले केही भन्ने काम यसमा भएकोले यो एक वक्तव्य पनि हो । यसमा लेखकीय विशेषता झल्काउन समस्त **शैली**का वाक्य गठन पनि छन् । जस्तो :-

**वास्तवमा त अज्ञानीले केही पनि गरेको छैन, गर्ने-गराउने मायावी परमात्माको खेल हो किंवा अविद्याको चमत्कार मात्र हो भने यहाँ ज्ञानवान्‌ले कसरी गर्ने ?**[१६१]

निबन्धमा पदविचलन निबन्धकारको चिनारी नै रहेकोले यसमा पनि पदविचलन भएको छ । जस्तो :-

**स्वसंवेद्य लक्षण हो ज्ञानी आफैंले मात्र थाहा पाउने ।**[१६२]

**परमात्माको खेल र अविद्याको चमत्कार**[१६३] जस्ता पदावली रहेको यस निबन्धमा उखान छैन । तत्सम, तद्भव शब्दको प्रयोगले सजिएको यस निबन्धमा आगन्तुक शब्द छैन । सरल, सहज, सरस प्रस्तुति यसमा भएको छ ।

## ४.३७ जगत्-निरसन उपाय

जगत् यस निबन्धको **विषय** हो । जगत्‌लाई अज्ञानादिले साँचो मान्नेहरूलाई वेदान्तदर्शन-अनुसार बुझाई नभएको हो नै भनेर सम्यकबोध गराउनु निरसन वा निराकरण हो भन्ने भाव यस निबन्धले खुलाएको छ । भएको कुरा आफू, ब्रह्म, आत्म, चैतन्यआदि मात्र हो । जगत् हुँदै होइन भन्ने वेदान्ती दृष्टिकोण यस निबन्धमा पाइन्छ । जाग्रत्, स्वप्न र सुषुप्ति तीनै कालका सम्पूर्ण जगत् मिथ्या भएको प्रमाण पेश गर्दै ब्रह्म मात्र सत्य हो भन्ने रहस्य बुझाउने चेष्टा भएको छ । विचारद्वारा जगत्‌को निरसन गर्नु सहज भएको मार्ग प्रस्तुत गर्दै जगत्‌देखि भिन्न भएर हेर्नुपर्ने निष्कर्ष दिइएको छ ।

वेदान्तदर्शनका आधारमा जगत् मिथ्या भएकोले यस्तो भ्रमबाट ज्ञानमा प्रवेश गर्नुपर्छ भन्ने कुरा बुझाउनु यसको **उद्देश्य** हो । सांसारिकतामा डुबेकालाई पार लगाउने प्रयोजनार्थ यो

१६१. ऐजन, पृ. ६४ ।

१६२. ऐजन, पृ. ६४ ।

१६३. ऐजन, पृ. ६४ ।

निबन्ध रचिएको छ । विचारद्वारा जगत् छैन भन्ने निर्णय गर्न सकिने दृष्टिकोण यसमा छ । जगत्का यावत कुरामा भुल्न नहुने सन्देश यो निबन्धको हो ।

भावगत दृष्टिले संयत **शैली**मा रचिएको यो निबन्ध निबन्धकारको वक्तव्य हो । पूर्वीयदर्शनलाई इच्छुक समक्ष प्रस्तुत गर्न रचिएको यस निबन्धमा समस्त शैलीको वाक्य गठन पनि पाइन्छ । जस्तो :-

**भएको कुरा आत्मा, आफू ब्रह्म, चैतन्य सदाकाल रहन्छ, किन्तु नभएको जगत् प्रपञ्च, द्वैत आदि कहिले देखिन्छ, कहिले हराउँछ ।**[१६४]

विशेष अवस्थामा पदविचलन गर्ने लेखकीय विशेषता भए पनि यसमा त्यस्तो कार्य भएको छैन ।

तत्सम, तद्भव शब्दको बाहुल्य रहेको यस निबन्धमा आगन्तुक शब्द र उखानको प्रयोग भएको छैन । सरल, सरस, सहज भाषाले सजाइएको यो निबन्धमा **जगत्को अभाव र जगत्को अनुभव**[१६५] जस्ता पदावलीको प्रयोग भएको छ ।

## ४.३८ नवधा भक्ति

भक्ति दुई प्रकार भक्त चार प्रकार भनी त्यसको गहन परिचय गराइएको यस निबन्धको **विषय** भक्तिमा केन्द्रित छ । पूर्वीय दर्शनमध्ये भागवतआदि शास्त्रले भक्तिलाई नौ रूपबाट विवेचना गरेको भन्दै त्यसको विवरण र गहनता यसमा प्रस्तुत छ । यसरी नौ किसिमका भक्ति बुझाउने यसको शीर्षक नवधा भक्ति भएको रहेछ । श्रवण भक्ति परमात्माका बारेमा महात्मादिबाट सुनेर श्रद्धा र भक्ति भावना दृढ बनाउनु, कीर्तन भक्ति परमात्माका बारेमा सुनेका कुरा आफैँ कीर्तन गर्नु, स्मरणभक्ति सगुण परमात्माको कीर्तन गर्दा सदाकाल उहाँलाई सम्झिरहनु, पादसेवन भक्ति परमात्माको स्मरण गर्ने भक्त साकार स्वरूप परमात्माका पाउको सेवा गर्नु, अर्चन भक्ति अन्तरात्माको परमात्माको र बाहिर मूर्तिको पूजा गर्नु हो । यस्तै वन्दन भक्ति सदाकाल हृदयमा भगवान्लाई धारण गरेर वन्दन गर्नु, दास्यभक्ति परमात्माको आफू दास भएको मान्नु, सख्य भक्ति भगवान् ज्यादा नजिकै देखिए पछि उहाँ साथी जस्तो बन्नु र आत्मनिवेदन भक्ति सखा बुद्धि ज्यादा दृढ भएपछि हुने निर्गुण भक्ति भाव हो । यसरी सगुण भक्तिदेखि निर्गुण भक्तिसम्म पुग्ने नौ तह बताउने कार्य यस निबन्धमा भएको छ ।

भक्त र भक्तिको चिनारी गराउनु यस निबन्धको **उद्देश्य** हो । सगुण र निर्गुण भक्तिमा जम्मा नौ रूप वा तह हुने शाश्वत ज्ञान दिनु यस निबन्धको प्रयोजन हो । श्रवण भक्तिदेखि आत्म निवेदनसम्म ब्रह्मतत्त्व बुझ्न वा पाउन सकिने आधार हुन भन्ने दृष्टिकोण यस निबन्धको छ । भक्ति नै मानवको पुरुषार्थ हो भन्ने सन्देश यसको छ ।

भक्तिका नौ रूप प्रस्तुत गर्न यस निबन्धमा सरल र संयत **शैली** नै अपनाइएको छ । अध्ययन, चिन्तनबाट प्राप्त ज्ञानलाई जिज्ञासुलाई बुझाउने यो निबन्ध वक्तव्य नै हो । यसमा आवश्यकतानुसार समस्त शैलीको वाक्य-गठन भएको छ । जस्तो :-

**यसबेला सगुणभक्तले आफूलाई परमात्मादेखि अभिन्न मान्दछ र निर्गुण भक्त बनिहाल्छ ।**[१६६]

छोटाछोटा वाक्य मै पदविचलन भएको यस निबन्धमा लेखक अलि बढी त्यही कार्यमा हौसिएका देखिन्छन् । जस्तो :-

**वास्तवमा भक्ति हो निर्गुण । अर्चन हो पूजा ।**[१६७]

---

१६४. ऐजन, पृ. ६६ ।

१६५. ऐजन, पृ. ६६ ।

१६६. ऐजन, पृ. ६७ ।

१६७. ऐजन, पृ. ६७ ।

उखान, टुक्काको आवश्यकता नै नभएर होला यसमा छैन । अझ भनौं यस निबन्ध सङ्ग्रहमा कम प्रयोग भएका छन् । पूर्वीयदर्शनको आधार भाषा संस्कृत नै रहेकोले यसमा आगन्तुक शब्द छैन । सरल, सहज र सरस प्रस्तुति यसमा भएको छ ।

### ४.३९ वेदान्त केका लागि ?

वेदान्त केका लागि भनी प्रश्नै गरिएको यस निबन्धको शीर्षकको **विषय** वेदान्त के हो भन्ने हो । वेदान्त ज्ञान र जीवन्मुक्तिका लागि भनी पहिलो वाक्यमा स्पष्ट पार्दै त्यो कसरी भन्ने बुझाउने काम पछि भएको छ । वेदान्त अन्य कुरा त के उपदेश गर्नका लागि पनि नभएको तर अखण्ड, अक्षय आनन्दका लागिचाहिँ भएको प्रसङ्ग यसमा छ । जीवनको सर्वोच्च लाभ जीवन्मुक्ति हो र यसका लागि चित्त चल्न नहुने भनिएको छ । यही चित्त चैतन्य पार्न वेदान्तअनुसार चल्नु पर्ने मार्ग यसमा देखाइएको छ । वेदान्तले भौतिक जगत्लाई साँचो मान्दैन त्यसैले वेदान्तसँग यसको समन्वय हुनै नसक्ने दृष्टान्तसहित पुष्टि गरिएको छ । जगत् बनाउन वेदान्त नचाहिने र यसले जगत् बनाउने पनि होइन अनि यसमा संसारमार्गमा जस्तो प्रमाण पनि खोज्नुहुन्न भनी यसले जीवन्मुक्तिको सुखानुभव गराउने कुरा वर्णन गरेको छ ।

वेदान्तको आवश्यकता र महत्त्व दर्साउनु यस निबन्धको **उद्देश्य** हो । मुमुक्षुहरूका लागि वेदान्तको आधार नै सर्वोपरी आधार रहेको देखाउने प्रयोजन यस निबन्धको छ । सुख र स्वर्गको चाहनाभन्दा आत्मचिन्तन र पहिचान गरी जीवन ब्रह्मलीन बनाउनुपर्ने आध्यात्मिक दृष्टिकोण यसमा छ । सारा दर्शनको मूल वेदान्तदर्शनअनुसार चले जीवन्मुक्ति पाइने सन्देश यसको छ ।

वेदान्तको महत्त्व दर्साउने यस निबन्धमा समग्रमा सरल र संयत **शैली**मा वक्तव्य प्रस्तुत गरिएको छ । विद्वान लेखकका कारण संयुक्त र मिश्रित वाक्य गठन यसमा भएको छ । जस्तो : **त्यस्तै निर्गुणभक्त व्यवहारलाई हरहालतमा मिथ्या भनी बुझेर आफूलाई भावनाका बलले अन्तरात्मस्वरूप भनी त्यहीँ बस्दछ भने ज्ञानवानचाहिँ बुद्धिपूर्वक आफूलाई अखण्ड एकरस, ब्रह्मवस्तु भनी स्वीकार गर्छ ।**[१६८]

पदविचलनको कार्यलाई लेखकले यस निबन्धमा पनि निरन्तरता दिएका छन् । जस्तो : **वेदान्त हो ज्ञानका लागि, जीवन्मुक्तिका लागि ।**[१६९]

आकारगत हिसाबले एक पृष्ठको यस निबन्धमा **प्रमाण ल्याउनु र मूर्खताको प्रदर्शन**[१७०] जस्ता पदावली रहे पनि उखान छैन । आगन्तुक शब्द नभएको यस निबन्धले सरल, सहज, सरस प्रस्तुति दिएको छ ।

### ४.४० सारा हो सपना

सपना यस निबन्धको **विषय** हो । वेदान्तले जाग्रत्लाई सपना मानेको प्रसङ्ग ल्याउँदै देखेको सपनाको कुरा गर्नु तर त्यसलाई सत्य नमानेझैँ जाग्रत् जगत्का विषय मिथ्या मान्नुपर्ने आधार दिइएको छ । जाग्रत् र स्वप्न दुबै समान तह भएको प्रमाण प्रस्तुत गर्दै विपनाका अनुभव समयअनुसार फरक हुन्छन् यसैले यो सपनै हो भन्ने निष्कर्ष छ । गाढा निद्राकाल वा सुषुप्ति पनि मिथ्या हो यसैले तीनै अवस्था सत्य होइनन् सत्यचाहिँ चैतन्य ब्रह्मवस्तु मात्र हो, यो नै आफू हो । यसैले अरू सत्य ठानिएका कुरामा साँचो बुद्धि नगर्न यसमा भनिएको छ ।

नभएको सबै कुरा होइन नै भनी पुष्टि गर्नु यस निबन्धको **उद्देश्य** हो । सारा यावत् कुरा सपना जस्तै मिथ्या हुन भन्ने बुझाउने प्रयोजन यस निबन्धमा भएको छ । यस निबन्धमा देखिने

१६८. ऐजन, पृ. ६८ ।

१६९. ऐजन, पृ. ६८ ।

१७०. ऐजन, पृ. ६८ ।

जगत्लाई साँचो नमानी आत्मा वा आफू ठीक हो भन्ने दृष्टिकोण पाइन्छ । सांसारिक मोहबाट टाढिनु र आफूतिर फर्कनु भन्ने सन्देश यसमा दिइएको छ ।

भावगत दृष्टिले संयत **शैली**मा रचिएको यो निबन्ध वैचारिक हो । वैचारिक भएको कारण यो लेखकको वक्तव्य पनि हो । सरल वाक्यले सजिएको यो निबन्धमा संयुक्त र मिश्रित वाक्य पनि छ । जस्तो :

**यसरी राम्ररी अनुशीलन गर्दै जाँदा कुन निष्कर्षमा पुगिन्छ भने माथिका तीनै अवस्थाहरू मिथ्या सिद्ध हुन्छन् र यो सिद्ध गर्नेवाला सदासिद्ध, स्वतःसिद्ध चैतन्य ब्रह्मवस्तु मात्र सत्य ठहर्छ ।**[१७१]

आकारगत हिसाबले सङ्क्षिप्त यो निबन्धमा पदविचलनको कार्यलाई निरन्तरता दिइएको छ । जस्तो :

**यसरी के सिद्ध हुन्छ भने जाग्रत् र स्वप्न दुबै नै समान तहमा भएकाले सपनै सपना ।**[१७२]

तत्सम्, तद्भव शब्दले सजिएको यो निबन्धमा आगन्तुक शब्द छैन । उखान-टुक्का नभएको यो निबन्धको भाषा सरल, सहज र सरस छ ।

### ४.४१ आनन्द हो आफ्नो स्वरूप

यस सङ्ग्रहको **आनन्द र यसको अनुभव** शीर्षकको निबन्धमा आइसकेको आनन्द यसको पनि **विषय** हो । जीवनबाट आनन्दलाई झिकिदिने हो भने सारा मानिस मुर्दा हुन्छन् भन्दै आनन्दको विशेष महत्त्व यसमा झल्काइएको छ । तर पूर्वीय दर्शनका आधारमा आनन्दको स्वरूप बताउने यस निबन्धमा सांसारिक आनन्द क्षणिक र मिथ्या हो भनिएको छ । चित्तको अचञ्चल स्थिति आनन्द, सुख आदि भएको बताई आफूमा आनन्द होइन कि आफूचाहिँ आनन्दको स्वरूप हो भनी रहस्य खोतलिएको छ । व्यक्तिले आफूदेखि भिन्न वस्तु नखोजी आत्मबोध, आत्मसाक्षात्कार, जीवन्मुक्ति लिन पर्ने वेदान्ती कुरा यसले प्रस्तुत गरेको छ । अन्तमा आनन्दस्वरूप नै ब्रह्म हो अद्वैत हो भन्ने दर्शन यसमा छ ।

आफू वा आफ्नो रूप स्पष्ट पार्नु यस निबन्धको **उद्देश्य** हो । आनन्दको स्वरूप चित्त अचञ्चल भएको अवस्थालाई भनिन्छ भन्ने प्रयोजन यस निबन्धको हो आत्मा वा आफू मात्र सत् वस्तु भएको दृष्टिकोण यसमा प्रस्तुत छ । आनन्द आफूदेखि भिन्न नभएकोले आत्मसात गर्नुपर्छ भन्ने सन्देश यस निबन्धमा छ ।

वैचारिक निबन्ध भएको कारण यो निबन्धमा निबन्धकारको प्रवचन प्रस्तुत भएको छ । आकारगत दृष्टिले एक पृष्ठको यो निबन्धमा सरल वाक्यमा छरिएको छ । भाषा विशेषज्ञ एवं व्याकरणका प्रयोक्ता निबन्धकारले समस्त **शैली**का वाक्य पनि प्रस्तुत गरेका छन् । जस्तो :-

**कलममा आनन्द भएको भए अनुभव पनि कलममा नै हुने थियो तर आनन्दानुभव ममा हुन्छ ।**[१७३]

धेरै छोटा सरल वाक्यमा पनि पदविचलन गरी यो निबन्ध रचिएकोले भाषिक मिठास यसले थपेको छ । जस्तो :-

**मान्छे बाँच्छ आनन्दका लागि । अझ कति मानिस मर्छन् आनन्दका लागि ।**[१७४]

विभिन्न दृष्टान्त प्रस्तुत गरी पूर्वीयदर्शनको पुष्ट्याइँ गरिएको यस निबन्धमा आगन्तुक शब्द छैन । तत्सम्, तद्भव शब्दले सजिएको यो निबन्ध भाषिक हिसाबले सरल, सरस र सहज छ ।

---

१७१. ऐजन, पृ. ६९ ।

१७२. ऐजन, पृ. ६९ ।

१७३. ऐजन, पृ. ७० ।

१७४. ऐजन, पृ. ७० ।

## ४.४२ भाक्तिबाट मुक्ति

**भक्ति एक विवेचना** (२०) र **नवधा भक्ति** (३७) शीर्षकका निबन्ध यस अघिका क्रममा आएका छन् । ती शीर्षकका **विषय** भक्ति नै थिए र यसको पनि त्यही छ । यस निबन्धमा मुक्तिका सन्दर्भमा यसको प्रस्तुति भएको पाइन्छ । भक्तिका मूल दुई रूप सगुण र निर्गुण हो । निर्गुण भक्तिले पारमार्थिक ज्ञान र मोक्ष मिल्ने प्रमाण यसमा प्रस्तुत गर्दै निर्गुण भक्तले भगवान्लाई आफ्नो अभिन्न मान्दछ भनिएको छ । यस्तो हुन शुद्धचैतन्य आत्मस्वरूप हुनचाहिँ अनिवार्य गरिएको छ । यस्तो दर्शन अभेददर्शन भएको र यहाँसम्म पुग्न भेदवादीबाट भए पनि सुरु गर्न सकिने सरल मार्ग प्रस्तुत पनि गरिएको छ । आजको भक्ति भोलि ज्ञानको बाटो गरेर मुक्तिमा पुगिने भएकोले भक्तिको महिमा यसमा गाइएको छ ।

भक्तिको चर्चा गरी यसको महत्त्व दर्साउनु यस निबन्धको **उद्देश्य** हो मुक्तिको सही मार्ग निर्देश गर्ने प्रयोजनका लागि यस निबन्धको रचना भएको छ । बारम्बार जन्म र मृत्युको खेलबाट ब्रह्मलीन हुन निर्गुण भक्ति अन्तिम हो भन्ने दृष्टिकोण यसमा छ । संस्कारपूर्वक निर्गुणभक्तिको परिपाकले आफू अद्वैत ब्रह्म हो भन्ने दृढ हुनुपर्छ भन्ने सन्देश यसको छ ।

मुक्तिको मार्ग बताउन निसन्देह सरल वा संयत **शैली** नै चाहिन्छ । वेदान्तदर्शनलाई चिनाउन भाषिक चातुर्यले संभवै छैन । यसैले यस निबन्धमा सरल वाक्यको प्रयोग भएको छ । आवश्यकताको हिसाबले वा सहजरूपमा समस्त शैलीका वाक्य पनि यसमा छन् । जस्तो :-
**गीता आदि मोक्षपरक शास्त्रहरूको सार कुरातिर लाग्ने हो भने पनि आफू र भगवान्मा अभेद दर्शन नै हुन्छ ।**[१७५]

पदविचलन गरी भाषिक मिठास दिन सिपालु निबन्धकारले यस निबन्धमा पनि सोही क्रिया दोहोऱ्याएका छन् । जस्तो :-
**चित्तको एक मात्र अन्तिम विश्रान्ति स्थल हो निर्गुण परमात्मा ।**[१७६]
**मुक्तिमा पुऱ्याउने भक्तिका नाम हो निर्गुण उपासना ।**[१७७]

आकारगत हिसाबले एक पृष्ठको यो निबन्धमा **आजको भक्ति भोलि ज्ञानको बाटो**[१७८] नामक सूक्ति प्रयोग भएको छ । टुक्का नभएको यो निबन्धमा आगन्तुक शब्द पनि छैन ।

## ४.४३ विषयको चिन्तन

विषय भनेको कुरा, चिन्तन, अध्ययन, विश्लेषण आदि गरिने पक्ष हो । वेदान्तदर्शनले चाहिँ विषय चिन्तनरहित भएर बस्न सिकाउने कुरा गरेकोले यस निबन्धको **विषय** ब्रह्म विषय हो । सांसारिक विषय मिथ्या र निरर्थक छन् त्यस्तै आध्यात्मिक विषय पनि चिन्तन गरिने कुरा होइनन् किनकि चिन्तन गरियो कि मूर्ख भइन्छ । यसैले आत्मचिन्तन ईश्वर चिन्तन वा ब्रह्मचिन्तन प्रमुख रहेकोले विषयप्रति चिन्तन नगर्न यसमा भनिएको छ । बालक गर्भमा पस्नासाथ विषयको चिन्ता नगर्ने भएकोले नमरुन्जेलसम्म प्रारब्धअनुसारको सबै प्राप्त गर्दछ भन्ने दृष्टान्त दिएर निश्चिन्त बनी जीवन्मुक्त र शान्त बन्न विषयको चिन्तन नगर्न मागदर्शन गरिएको छ । विश्वम्भर परमात्माले नै व्यवहार चलाउने भएकोले चैतन्य बनी ब्रह्मसम्मुख पुग्न सकिने निष्कर्ष यसको छ ।

---

१७५. ऐजन, पृ. ७१ ।
१७६. ऐजन, पृ. ७१ ।
१७७. ऐजन, पृ. ७१ ।
१७८. ऐजन, पृ. ७१ ।

चिन्तनबाट सत् कुराको जानकारी दिलाउन सकिने **उद्देश्य**का लागि यस निबन्धको रचना भएको छ । विषयको प्राप्ति फल होइन भन्ने प्रयोजन यस निबन्धको हो । आत्मचिन्तन गर्न विषय चिन्तन बाधक हो भन्ने दृष्टिकोण यसमा छ । मान्छेले संसार चलाउने नभई सारा व्यवहार ईश्वरले चलाएका हुन भन्ने सन्देश यसको छ ।

सङ्क्षिप्त आकारको यो निबन्ध लेखकको वक्तव्य हो । वैचारिक प्रस्तुति रहेको यसमा संयत **शैली**कै अनुसरण गरिएको छ । स्वभाविक रूपमा केही ठाउँमा समस्त शैलीका वाक्य पनि आएका छन् । जस्तो :-

**चिताउँदैमा पाइएको पनि होइन, चिताउनुमा शान्ति पनि छैन ।**[१७९]

पदविचलन गरी भनाइलाई विशेष जोड दिनु निबन्धकारको शैलीगत विशेषता रहेकोले त्यो क्रम यहाँसम्म पनि आएको छ । जस्तो :-

**विषय चिन्तन रहित भएर बस्न सिकाउँछ वेदान्तदर्शनले ।**[१८०]

**विश्वम्भर परमात्मा हुनुहुन्छ व्यवहार चलाउनका लागि ।**[१८१]

सरल, सरस, सहज प्रस्तुतिले सजिएको यो निबन्ध सिलसिलागत प्रस्तुतिमा बढेको छ । **व्यवहार चलाउनु**[१८२] भन्ने सरल टुक्का प्रयोग भएको यो निबन्धमा उखान छैन । तत्सम, तद्भव शब्दमा खेल्न रुचाउने निबन्धकारको यसमा आगन्तुक शब्द छैन ।

### ४.४४ ज्ञानीको घर : नौ ढोके शहर

प्रस्तुत निबन्धको **विषय** मूर्तरूपमा शरीर र अमूर्तरूपमा आत्मा हो । शरीरका आँखा कान, नाक, मुख, गुदद्वार र जननेन्द्रिय गरी नौ प्वाल भएकोलाई नौ ढोका र त्यसको मालिक आत्मा हो भन्ने प्रस्तुति यसमा छ । शरीरका इन्द्रिय, बुद्धि, अहङ्कार मनलाई विभिन्नसँग तुलना गर्दै तिनलाई शरीरका अधिकारी मानिएको छ । तर ती परमार्थ सत्य ब्रह्मवस्तु होइनन् र ती एकै हुनै सक्दैनन् भनी शरीर र आत्मा पृथक रहेको प्रमाण यसमा पेश छ । ज्ञानी भन्नाले चित्त चैतन्य भएको आफू मात्र सोच्ने ब्रह्मसाक्षात्कारमा पुग्ने भएकोले उसका शरीरका नौ ढोकाबाट मिथ्या वस्तु प्रवेश गरी आत्मस्वरूप भङ्ग गर्न नसक्ने विचार यसमा छ । यस्तो विचारको प्रस्तुति पूर्वीय वेदान्तदर्शनको अध्ययन, चिन्तन र साधनाका पर्याय लेखकले जनमानसलाई चेतना दिन यहाँ प्रस्तुत गरेका हुन् । आफू अमर हुन शरीर, बुद्धि, मन, इन्द्रिय, प्राण, अहङ्कार भाव छोड्नु ज्ञानी हुनु हो भन्ने ध्येय यसमा प्रस्तुत छ ।

शरीरलाई नौ ढोके शहरको रूपमा चिनाई आत्मा त्यसको मालिक भएको कुरा देखाउनु यस निबन्ध **उद्देश्य** हो । इन्द्रिय, बुद्धि, मन, अहङ्कारभन्दा आत्मा भिन्न छ भन्ने कुरा देखाउने प्रयोजन यसको हो । घर जल्दा हामी द्रष्टा मात्र हुने उदाहरण दिई शरीर पनि घरै हो भन्ने दृष्टिकोण यसमा प्रस्तुत भएको छ । आफ्नो वास्तव परमार्थ स्वरूप साक्षात्कार गरी यही शरीरमा ज्ञानवान् महापुरुष विराजमान भएझैं हाम्रा अज्ञान हामीले नै हटाउनु पर्ने सन्देश दिइएको छ ।

वेदान्तदर्शनको मर्मलाई प्रस्तुत गर्न सरल, स्पष्ट, रोचक आदि प्रस्तुति आवश्यक हुने भएकोले यो निबन्ध क्रमिक रूपले अघि बढेको छ । संयत **शैली**मा रचित यस निबन्धमा समस्त

१७९. ऐजन, पृ. ७२ ।
१८०. ऐजन, पृ. ७२ ।
१८१. ऐजन, पृ. ७२ ।
१८२. ऐजन, पृ. ७२ ।

शैलीको झल्का दिने वाक्यगठन यसमा छ । जस्तो :-

**ज्ञानीको वास्तविक स्थिति त ज्ञानीलाई मात्र थाहा हुन्छ तापनि शास्त्र र सज्जनहरू अज्ञानीको अनुभवलाई अनुवाद गरेर ज्ञानीका परोक्ष लक्षणहरू बताउनुहुन्छ ।**[१८३]

पदविचलन गरी यस निबन्धमा पनि लेखकीय प्रस्तुति भएको छ । जस्तो :-

**यो हो गीताको कर्मसन्यासको मार्मिक रहस्य ।**[१८४]

**अनुभवलाई अनुवाद**[१८५] पदावली र **अमर हुनु**[१८६] टुक्का प्रयोग भएको यस निबन्धमा उखान छैन । तत्सम, तद्भव शब्दले सजिएको यस निबन्धमा आगन्तुक शब्द पनि छैन । भाषिक सरलता र सुमधुर प्रस्तुति यसमा छ ।

### ४.४५ सुख कहाँ छ ?

प्रस्तुत निबन्धले यस सङ्ग्रहकै नामकरण गर्ने कार्य गरेको छ । यस अघिको **सुखको बाटो** (११) शीर्षकको निबन्धले प्रस्तुत गरेको विषय र यसको **विषय** समान छ । सुख विषयमा यस निबन्धमा वेदान्तदर्शनका अनुपालक लेखकले आफ्नो रचना क्षमता प्रस्तुत गरेका छन् । आफू भनेको आत्मा वा ब्रह्मवस्तु हो अरू भनेको चित्तका वृत्ति हुन भन्दै आत्मा वा आफूमै सुखको स्वरूप रहेको रहस्य प्रस्तुत गर्दै सुख आफूबाट भिन्न नभएको वेदान्तदर्शनको मर्म यसमा प्रस्तुत गरिएको छ । सुखका लागि विषय सुख निरर्थक र मिथ्या रहेको बुझ्नुपर्ने दर्शन प्रस्तुत गर्दै एकै खाले विषयले व्यक्तिअनुसार भिन्न अनुभूति दिने भएकोले यो निरर्थक मानिएको हो भन्ने दृष्टान्त यसमा प्रस्तुत छ । पूर्वीय मोक्षपरक ग्रन्थ र मनीषीहरूले निर्णय गरेको सुख आफ्नो वास्तव स्वरूप हो र यो आफ्नो अनुसन्धान गरे मिल्ने कुरा गरिएको छ । संसारमा सुखी मानिस नपाउने ठोकुवा गर्दै त्यसको कारण सुख वस्तुको रूपमा खोज्नाले भएको तर आफू नै सुखको जीवित मूर्ति ठान्नुपर्ने वेदान्ती निष्कर्ष यस निबन्धको छ । चित्त शान्ति, भगवानको कृपा, ब्रह्म र आत्माको एकताको बोध नै सुखका स्थान हुन् ।

यस निबन्धको **उद्देश्य** परमार्थ सुखको स्थान पहिचान गराउनु हो । सुख बाहिरी पदार्थबाट नमिल्ने कुराको प्रयोजन यस निबन्धले मिलाएको छ । सर्वमान्य सुख आफू वा आत्मबाट मिल्ने शाश्वत दृष्टिकोण यसको छ । आफू यथार्थ रूपमा, परमामार्थ रूपमा आफू भएर बस्नुमा नै अखण्ड सुख हुने सन्देश यसको छ ।

भावगत दृष्टिले यो निबन्धमा अन्यमा झैँ सरल प्रस्तुति छ । सरल वाक्यको प्रयोग र सिलसिलाबद्ध प्रस्तुतिले यो निबन्ध संयत **शैली**मा नै सजिएको छ । आवश्यकतानुसार निबन्धकारले संयुक्त वाक्यलाई यसमा प्रस्तुत गरेका छन् । जस्तो :-

**सामान्य धारणा छ - आफू भनेको शरीरादि सङ्घात हो तर वेदान्त दर्शनको निचोड सिद्धान्त अनुसार शरीरादिलाई दृश्य र आत्मालाई द्रष्टा मानेको छ ।**[१८७]

पदविचलनको नियमलाई अङ्गीकार गरी यस निबन्धमा छोटा वाक्यलाई पनि त्यसैमा ढालिएको छ । जस्तो :-

**आफू नै हो सुखस्वरूप, सुखको भण्डार । साराले खोजिरहेछन्, सुख ।**[१८८]

---

१८३. ऐजन, पृ. ७३ ।

१८४. ऐजन, पृ. ७३ ।

१८५. ऐजन, पृ. ७३ ।

१८६. ऐजन, पृ. ७३ ।

१८७. ऐजन, पृ. ७५ ।

१८८. ऐजन, पृ. ७५ ।

अमेरिका र बेलायत आगन्तुक शब्द अन्य निबन्धमा प्रसङ्गअनुसार आए झैँ यसमा पनि आएका छन् । तत्सम, तद्भव शब्दले कोरिएको यस निबन्धमा उखान-टुक्का छैन ।

### ४.४६ म नै सृष्टि हुँ

प्रस्तुत निबन्धको **विषय** सृष्टि हो । यस अधिको **वेदान्तको दृष्टिमा सृष्टि** (२३) शीर्षकको निबन्धमा पनि यस विषयको चर्चा भएको छ । यसमा चाहिँ प्रथम पुरुष म जोडेएर सृष्टिलाई चिनाउने प्रयास गरेको देखिन्छ । प्रजापतिले सृष्टि गरिसकेपछि आफू सृष्टिबाट अभिन्न भनी स्पष्ट बुझ्नुभएको गहन उदाहरण दिँदै सृष्टिलाई साँचो माने आफूलाई बिर्सन पुगिने कुरा गरिएको छ । वेदान्तदर्शनले आफूलाई कहिल्यै नबिर्से सुख, आनन्द, मोक्ष आदि प्राप्त गर्न सकिने कुरा गरेको छ । म पूर्ण ब्रह्मवस्तु भएको सृष्टि नै म भएको भाव यस शीर्षकको छ । सगुण उपासक भगवान्लाई जहाँ पनि देख्छन् भने निर्गुण दर्शनले आफूमा सम्पूर्ण सृष्टिको कल्पना गर्ने ठोस प्रस्तुति यसमा छ । अद्वैत सत्तामा सृष्टि र स्रष्टा दुबै मिथ्या हुन् जे हो एउटै म जसको रूप भिन्नै होला तर पानीका भिन्न रूप पानी मात्र हो भनी दृष्टान्तसहित पुष्टि गरिएको छ ।

सृष्टिको रहस्य खोतल्नु यस निबन्धको **उद्देश्य** हो । यस निबन्धको प्रयोजन सबैले सृष्टिको समीक्षा गर्नुपर्छ भन्ने रहेको देखिन्छ । सृष्टि र स्रष्टा अनि स्रष्टा र सृष्टि एकै हुन भन्ने दृष्टिकोण यसमा छ । म वा ब्रह्म नै पूर्ण वस्तु भएकोले त्यही नै सृष्टि भएको कुरा बुझ्नुपर्ने सन्देश यस निबन्धको छ ।

सृष्टिको रहस्य बुझाउन रचिएको यो निबन्ध वैचारिक हो । यसमा निबन्धकारको प्रवचन पाइन्छ । सिलसिलाबद्ध ढङ्गले सरल तरिकाले प्रस्तुत गरिएको यो निबन्ध संयत **शैली**कै हो । स्वभाभिक  रूपमा भने समस्त शैलीको वाक्य गठन पनि यसमा रहेको छ । जस्तो :-
**जहाँ सम्पूर्ण सृष्टि हराउँछ त्यही मात्र भएको सत्यवस्तु हो र सृष्टिलाई स्वीकार गरेको खण्डमा पनि सृष्टि सार सर्वस्वरूपले रहेको ईश्वर तत्त्वलाई सम्झाउनका लागि यो प्रक्रिया मानिएको हो ।** [१८९]

पदविचलनलाई पनि यस निबन्धमा स्वस्फूर्त स्वीकार गरी प्रस्तुत गरिएको छ । जस्तो :
**म भनेको स्थूल, सूक्ष्म, कारण कुनै शरीर पनि होइन, म हुँ पूर्ण ब्रह्मवस्तु ।** [१९०]

सरल, सरस र सहज प्रस्तुति रहेको यस निबन्धमा आगन्तुक शब्द छैन । उखान र टुक्का पनि यसमा प्रयोग छैन ।

### ४.४७ विचार मार्ग

शीर्षकअनुसार विचार भेटिने उपाय भाव रहेको यस निबन्धको **विषय** विचार हो । विचारलाई ज्ञानको रूपमा परिभाषित गरी त्यसका दुई मात्र रूप कर्ममार्ग र ज्ञानमार्गका विषयमा चर्चा गरिएको छ । कर्ममार्गले आफूलाई शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, अहङ्कार विशिष्ट कर्ता, भोक्ता, ज्ञाता, विज्ञाता आदि मान्न छोडी चैतन्य ब्रह्मवस्तुका रूपमा लाग्न प्रेरित गर्दछ । यस पछि ज्ञान मार्गतिर लम्किन थाल्छ साधक भन्दै यही मार्ग नै विचार मार्ग भनी चिनाइएको छ । यसरी कर्मबाट विचारमार्ग लाग्नुपर्ने र यसबाट जीवन पार लाग्ने वैदिकदर्शनमा भनिएको प्रसङ्ग यसमा आएको छ । विचारमार्गका फलले निर्गुण उपासक आत्मसाक्षात्कार गरी

१८९. ऐजन, पृ. ७८ ।
१९०. ऐजन, पृ. ७७ ।

जीवनबाट समेत मुक्त हुनसक्ने पूर्ण विश्वास यसमा प्रकट भएको छ । विचारमार्गको अन्तिम लक्ष्यचाहिँ वैराग्य हुनु ; आफू एक, अखण्ड, शुद्ध, ब्रह्म मात्र पारमार्थिक सत्य भनी बुझ्नु र ब्रह्म भइहाल्नु हो भन्दै आफ्नो वास्तव कल्याण चिताउनेले विचारमार्ग अँगाल्नु सर्वोपरी उपाय भएको विचार यसमा अभिव्यक्त छ ।

वेदमा वर्णित कर्ममार्ग र ज्ञानमार्गको महत्त्व झल्काउनु यस निबन्धको **उद्देश्य** हो । कर्ममार्गबाट गरिने अनेकौं सात्विक प्रयत्नबाट ज्ञान वा विचार मार्गमा पुगिने प्रयोजनका लागि यो निबन्ध रचना भएको छ । वेदान्तदर्शनको निर्गुण उपासनाले आत्मसाक्षात्कार गर्न सकिने दृष्टिकोण यसमा प्रस्तुत छ । विचारमार्गले आफ्नो कल्याण पक्का हुने सन्देश यसको हो ।
यो निबन्ध निबन्धकारको वक्तव्य हो । यसमा संयत **शैली**का माध्यमले विचार प्रस्तुत गरिएको छ । यसमा समस्त शैलीको वाक्यगठन पनि छ । जस्तो :-

**आफूमा जसरी अज्ञान अथवा अविद्या छैन त्यस्तै ईश्वरमा पनि माया छैन भन्ने उसको निश्चय बलियो बन्दै जान्छ ।** [१९१]

अन्य निबन्धमा झैँ सामान्य पदविचलन यसमा पनि छ । जस्तो :-

**यही सर्वोत्तम ज्ञानमार्गको नाम हो विचार मार्ग ।** [१९२]

तत्सम, तद्भव शब्दले सजिएको यो निबन्धमा आगन्तुक शब्द छैन । सरल, सरस र सहज प्रस्तुति रहेको यो निबन्धमा उखान र टुक्का पनि छैन ।

## ४.४८ विश्वशान्ति

यस अघिको क्रम सङ्ख्या ५ को **शान्तिका खोजमा** शीर्षकको निबन्धको **विषय**मा शान्तिको चर्चा भएको छ भने यसमा विश्व जोडेर निबन्धकारले यसको सीमा तन्काएका छन् । खोजेको तर नपाएको कुरा शान्ति हो भन्ने अभिमत प्रस्तुत गर्दै शान्तिका नाममा गरिएका र गरिने हरेक व्यवहार वा कार्यबाट शाश्वत शान्ति नभएको निर्क्योल निबन्धकारको छ । शान्ति अन्तरात्मामा हुने भएकोले सतही खोजी सही उपाय नभएको र यसका लागि विभिन्न उदाहरण दिँदै नाशवान् वस्तुबाट प्राप्त हुने शान्ति नाशवान् हुनै कर लाग्ने ठोकुवा यसमा छ । पूर्वीय वेदान्तदर्शनको मार्ग अँगालेर ध्यान, समाधि आदिबाट मिल्ने शान्तिलाई खोजी कर्म, उपासनापूर्वक चित्तशुद्धि गरी आत्मानुसन्धानतिर लागे सर्वत्र शान्ति हुने निष्कर्ष यस निबन्धको छ ।

शाश्वत शान्ति नै विश्वशान्तिको आधार हो भन्ने **उद्देश्य**ले यो निबन्धको रचना भएको देखिन्छ । विश्वशान्ति चाहना, नारा वा भाषणले मात्र नहुने प्रमाणित गर्ने प्रयोजन यस निबन्धको हो । शान्ति आफूबाट मात्र आउने वा पाउने हो भन्ने दृष्टिकोण यस निबन्धमा छ । विषयबाट शान्ति सम्भव छैन भन्दै वेदान्तदर्शनको मार्ग अवलम्बन गर्नुपर्ने सन्देश यसको छ ।

वेदान्तदर्शनको आधारमा विश्वशान्तिको चर्चा परिचर्चा गरिएको यो निबन्ध वैचारिक नै हो । यसमा लेखकको वक्तव्य प्रस्तुत भएको छ । संयत **शैली**मा रचित यो निबन्धमा समस्त शैलीका वाक्य पनि सहजरूपले आएका छन् । जस्तो :-

**अतः प्रत्येक व्यक्तिले शान्तिको खोजी अन्तरात्मामा गर्नुपर्छ, चित्तशुद्ध हुनुपर्छ, अर्काको अकल्याण कदापि चिताउनु हुन्न अनि मात्र शान्ति प्राप्त हुन्छ ।** [१९३]

---

१९१. ऐजन, पृ. ७९ ।
१९२. ऐजन, पृ. ७९ ।
१९३. ऐजन, पृ. ८० ।

पदविचलन गरी विशेष पदमा केही जोड दिएर भन्नका लागि यसमा पनि सोही विधि प्रयोग भएको छ । जस्तो :-

**साराले खोजेको हो शान्ति । नपाएको कुरो पनि हो शान्ति ।** [१९४]

**भित्र फर्कनु र आफूलाई हेर्नु** [१९५] जस्ता पदावली प्रयोग भएको यस निबन्धमा उखान छैन । आगन्तुक शब्द नभएको यस निबन्धमा तत्सम, तद्भव शब्दको प्रयोग छ । भाषिक सरलता यस निबन्धको विशेषता हो ।

### ४.४९ जीवको स्वरूप के हो ?

**जीवो ब्रह्मैव नापर** भन्ने पूर्वीय ग्रन्थको उद्गार शीरमा प्रस्तुत गर्दै जीव वास्तवमा ब्रह्म नै हो, अरू होइन भन्ने अर्थ दिई यस निबन्धको सुरुवात गरिएको छ र यसको **विषय** जीव हो । जीवलाई राम्ररी केलाउँदा हाड र छालाको मान्छे नक्कलीको नाम जीव किंवा साक्षी हो भनिएको यस निबन्धमा मानिसका तीन अवस्थामा एकनास रहने तत्त्व चैतन्य हो यो स्थिर, अपरिवर्तनीय जस्ता विशेषताको हुने कुराको प्रकाश पारी सत्सङ्ग र सत्शास्त्रको अवलम्बनबाट पूरानो मिथ्या धारणा नष्ट भएर त्यही जीव ब्रह्म बन्ने आधार यसमा प्रस्तुत छ । वेदान्तदर्शनको आत्मसाक्षात्कार, ब्रह्मबोध, तत्त्वज्ञानमा आफूलाई निर्णय गर्न सके जीवन्मुक्त मानिस बनिने उपाय यसले निर्दिष्ट गरेको छ । जीवको स्वरूपको परिचयका लागि सुषुप्तिको अनुसन्धान गर्नै पर्ने भन्दै यसबेला जीव शिव भएर बस्ने रहस्य प्रस्तुत गरिएको छ । जहाँ आनन्द मात्र हुने अनि चिन्ता, विषय, आशा, इच्छा नहुने हुन्छ त्यही नै जीवको स्वरूप भनी चिनाइएको छ ।

जीव र ब्रह्मको एकता देखाउनु यस निबन्धको **उद्देश्य** हो । यस निबन्धको प्रयोजन जीवको यथार्थ ज्ञान दिनका लागि हो । हाडछालाको मानिस जीव नभएर आनन्दस्वरूप शिव जीव हो भन्ने दृष्टिकोण यसमा छ । संसारका पदपदार्थादिमा अनासक्त भएर अभ्यास गरी जीवको स्वरूप बुझ्न सकिने सन्देश यसको छ ।

भावगत हिसाबले संयत **शैली** अपनाइएको यस निबन्धमा लेखकको पूर्वीयदर्शनका विचार पोखिएका छन् । आवश्यकतानुसार यस निबन्धमा समस्त शैलीका वाक्य पनि छन् । जस्तो :

**त्यसकारण जब चिन्तनरहित, विषयरहित, आशा इच्छारहित भएर बसिन्छ अनि आनन्दस्वरूप शिवसँग जीवको राम्रो परिचय हुन्छ ।** [१९६]

**नजानुन्जेल जीव, जानेपछि शिवै शिव**[१९७] जस्तो मौलिक सूक्ति प्रयोग भएको यस निबन्धमा **अनर्थ हुनु**[१९८] टुक्का पनि प्रयोग भएको छ । तत्सम, तद्भव शब्दले सजिएको यस निबन्धमा आगन्तुक शब्द छैन । भाषिक हिसाबले सरल, सरस र सहज प्रस्तुति यसमा भएको यो निबन्ध सुबोध्य छ ।

### ४.५० जगत् हो ख्याल-ख्याल

जगत् **विषय** रहेको यस निबन्धको शीर्षकमा त्यसको औचित्य पुष्टि गर्ने लक्ष्य देखिन्छ ।

---

१९४. ऐजन, पृ. ८० ।
१९५. ऐजन, पृ. ८० ।
१९६. ऐजन, पृ. ८१ ।
१९७. ऐजन, पृ. ८१ ।
१९८. ऐजन, पृ. ८१ ।

यो जगत् नभएको भएभैँ देखिने, नगरेको गरेभैँ देखिने, नभने पनि भने जस्तो सुनिनेलाई ख्याल-ख्याल भनिने र सोझो भनाइमा जगत् त्यही हो भन्ने पूर्वीय वेदान्तदर्शनको मत यसमा छ । खरायोको सिङ्ग शब्दमा भए भैँ जगत्को नाम पनि शब्दमा मात्र भएको प्रस्ट दृष्टान्त दिँदै पारमार्थिक रूपमा जगत् नभएकै ठहरिने कुरा यसमा छ । सामान्य मान्छेले पनि जगत् छिनछिनमा बदलिरहने भएको बुझी यो ख्यालख्याल हो भन्ने निष्कर्ष निकाल्न पर्ने धारणा प्रस्तुत गरिएको छ । हरेक शास्त्र र अनुभवले जगत् ख्यालख्याल भएको सिद्ध भएपछि जगत् आफ्नै वास्तवस्वरूप आफू (ब्रह्म) मात्र हो भनी बुझ्नुपर्छ बन्ने निष्कर्ष छ । जगत् कल्पना हो र मानिएको मात्र हो यसले मानिसमा भ्रम पैदा गराउन सक्ने भएकोले ब्रह्मविद्या वा वेदान्त विद्याबाट यसको निवारण गर्न सकिने जोड लेखकको छ ।

जगत्को मिथ्या स्वरूप पुष्टि गर्नु यस निबन्धको **उद्देश्य** हो । अज्ञानीले जगत्लाई साँचो मान्ने भएकोले ज्ञानले त्यो धारणा विच्छेद गराउने प्रयोजन यो निबन्धमा छ । जगत्को भ्रम हटाउन ब्रह्मबोध नै सरल उपाय भएको धारणा यसको छ । जगत्को यथार्थ बोध गरी सार्थक जीवन जिउने सन्देश यसले दिएको छ ।

जगत्को वास्तविक स्वरूप वेदान्त-दर्शनका आधारमा चिनाउन यस निबन्धमा सरल **शैली**को प्रयोग भएको छ । स्वभाविक रूपले यो निबन्धमा समस्त शैलीको वाक्य पनि प्रयोग भएको छ । जस्तो :-

**फेरि गाढ निद्राकालमा सपना पनि देखिँदैन र केवल चैतन्यस्वरूप, ब्रह्मवस्तु आफू मात्रको अनुभव हुन्छ ।** [१९९]

स्वाभाविक पदविचलन गरी भाषिक मिठास ल्याउने काम यसमा भएको छ । जस्तो :-

**त्यसैले निर्धक्कसँग भन्न सकियो - जगत् हो केवल ख्याल ख्याल मात्र ।** [२००]

**सिपीमा चाँदी, डोरीमा सर्प, मरुभूमिमा पानी, बाँझीको छोरा र खयायोको सिङ**[२०१] जस्ता दृष्टान्तमूलक आलङ्कारिक पदावली प्रयोग भएको यस निबन्धमा उखान छैन । तत्सम, तद्भव शब्दले सजाइएको यस निबन्धमा आगन्तुक शब्द पनि छैन ।

### ४.५१ यहाँको स्वास्थ्य ठीक छ ?

प्रस्तुत प्रश्नात्मक शीर्षकको **विषय** स्वास्थ्य (आत्मा) हो । भौतिकरूपले पाञ्चभौतिक शरीरको थपलाई झिकिदिने, घटीलाई थपेर स्वाभाविक रूप दिन चिकित्सकले गर्ने प्रयास स्वस्थ्यता हो । वेदान्तअनुसार चित्तको चिकित्सा सत्सङ्ग, वेदान्तअनुशीलन, ईश्वर आदिका चिन्तनबाट हुने विश्वास लेखकको छ । यसलाई स्वभाव मानिने र अस्वभावलाई छोड्ने, कल्पित अस्वस्थतालाई त्याग्ने काम स्वास्थ्य हो भनिएको छ । व्यवहारमा सोधिने यहाँको स्वास्थ्य ठीक छ ? भन्ने प्रश्नको सम्बन्ध आत्मासँग हो र तपाईं ब्रह्मस्वरूपमा स्थित हो कि संसारमा अल्मलिइरहनुभएको छ भन्ने प्रश्नकर्ताको मनसाय रहेको विचार लेखकको छ । वेदान्तदर्शनले आफूलाई आफू बनेर बस, बाँच भनी सिकाउने प्रसङ्ग प्रस्तुत गर्दै जाग्रत् र स्वप्न कालमा हाम्रो स्वस्थतामा विकार भए पनि सुषुप्तिमा हामी आफ्नो महिमामा बसेका हुन्छौं भन्ने अभिव्यक्ति यसमा छ । विभिन्न दृष्टान्त दिने क्रममा पानी जति तताए पनि चिसिने स्वभाव भए भैँ हामी नानामा अल्मलिए पनि आनन्दस्वरूपमा पुग्न हरहालतमा खोजिरहेका हुने रहस्य प्रस्तुत गरिएको

१९९. ऐजन, पृ. ८२ ।
२००. ऐजन, पृ. ८२ ।
२०१. ऐजन, पृ. ८२ ।

छ । जो कोही उज्यालो, सत्, आनन्द, अमरता, स्वस्थता चाहने यथार्थ प्रस्तुत गर्दै आफूले आफूलाई चिनेको, आफू भएर बसे स्वास्थ्य ठीक हुने कुरा बताइएको छ ।

वेदान्तदर्शनअनुसार स्व स्थित रहेको, बसेको छ छैन भनी केलाउनु यस निबन्धको **उद्देश्य** हो । स्वास्थ्यको सम्बन्ध आत्मसँग रहेको देखाउनु यसको प्रयोजन हो । हाम्रो स्वभाव अमरता आदि भए पनि हामी जडता आदिमा परेको दृष्टिकोण यसमा छ । आफूले आफूलाई चिनेर आफू भएर बसी आफ्नो स्वास्थ्य ठीक पार्न यसले सन्देश दिएको छ ।

भावगत हिसाबले यो निबन्ध वैचारिक र लेखकको वक्तव्य हो । यसमा सरल वाक्य प्रस्तुत गरी संयत **शैली** अपनाइएको छ । आवश्यकतानुसार स्वभाविक समस्त शैलीका वाक्य पनि यसमा छन् । जस्तो :-

**त्यसैले आफूले आफूलाई चिनेको, आफू (आत्मा) भएर बसेको मानिसको स्वास्थ्य नै ठीक मानिन्छ, बाँकी सारा रोगी हुन् ।**[२०२]

अन्यमा झैं स्वभाविक पदविचलन यसमा पनि छ । जस्तै :-

**चित्तको चिकित्सा हुन्छ सत्सङ्गमा, वेदान्त अनुशीलनमा, ईश्वरका चिन्तनमा ।** [२०३]

सङ्क्षिप्त आकारको यस निबन्धमा तत्सम, तद्भव शब्दको बाहुल्य छ । उखान र टुक्का छैनन् । सरल, सहज र सरसता यसका भाषिक विशेषता हुन् ।

### ४.५२ विश्व वासनारूप हो

जगत् वा विश्व यस निबन्धको **विषय** हो । यसको वास्तविक स्वरूप उजागर गर्न यो निबन्ध रचना भएको हो । विश्वको आफ्नो खास स्वरूप, आफ्नै प्रकाश नभएकोले अर्काको इच्छानुसार यसले काँचुली फेर्दै जाने कुरा वासनाले वशिभूत भएकाले अर्थ्याउने विचार हो भन्दै वेदान्तदर्शनअनुसार र यस अघिका निबन्धमा लेखकको अभिमत हेर्दा विश्व छँदैछैन र यो मिथ्या हो भन्ने विचार पनि यसमा दोहोरिएको छ । सबैको कामनाअनुसार भिन्नभिन्न विश्व रहेको धारणा दिँदै जस्तो आफू त्यस्तो संसार भनी बुझाउन अनेकौं उदाहरण प्रस्तुत गरिएको छ । यसर्थ ब्रह्मचिन्तन, परमात्माको ध्यान, निर्गुण ईश्वरको अनुसन्धान र ज्ञान, आफ्नो महिमामा बसी ब्रह्मस्वरूप हुन मार्ग देखाइएको यस निबन्धमा आत्मसाक्षात्कार दृढताको परिणाम भएकोले आफू नै विश्व हो भन्ने निष्कर्ष निकालिएको छ ।

विश्व वा जगत्‌को रूप मिथ्या हो भनी प्रमाणित गर्नु यसको **उद्देश्य** हो । जड विश्व वासनाले वशिभूत भएको देखाउनु यस निबन्धको प्रयोजन हो । आफू जस्तो, विश्व त्यस्तो हो भन्ने धारणागत दृष्टिकोण यसको हो । ब्रह्मचिन्तन, परमात्माको ध्यान, निर्गुण ईश्वरको अनुसन्धान आदिले विश्व भूली आफूलाई चिन्न सन्देश दिइएको छ ।

विश्वको मिथ्यारूप सावित गर्न निबन्धकारले सरल वाक्य र सिलसिलाबद्ध प्रस्तुति दिएका छन् । वैचारिक यो निबन्धमा संयत **शैली**का अलावा समस्त शैलीको वाक्य गठन पनि छन् । जस्तो :-

**विश्वको आफ्नो खास स्वरूप नभएको हुनाले, आफ्नै प्रकाश नभएकोले अर्काको इच्छाअनुसार यसले काँचुली फेर्दै जानुपर्छ, आफ्नै प्रकाशबाट प्रकाशित हुनुपर्छ ।**[२०४]

स्वाभाविक पदविचलन यस निबन्धमा पनि भएको छ । जस्तो :-

---

२०२. ऐजन, पृ. ८४ ।
२०३. ऐजन, पृ. ८४ ।
२०४. ऐजन, पृ. ८५ ।

**यसको वास्तविकता फेला पार्नको लागि अनुसन्धान गर्दै जाँदा कुन निष्कर्षमा पुगिन्छ भने विश्व हो केवल वासना रूप ।** [२०५]

**जस्तो आफू उस्तै संसार**[२०६] सूक्ति र **काँचुली फेर्नु**[२०७] टुक्काको प्रयोग भएको यो निबन्धमा आगन्तुक शब्द छैन । तत्सम, तद्भव शब्दले सजिएको यो निबन्ध सरल, सरस र सहज भाषिक विशेषताको छ ।

### ४.५३ सनातन धर्म र शङ्कराचार्य

अनादि, अपौरुषेय वेद नै सनातन हिन्दू धर्मको आधार एवं प्रमाण भएको प्रसङ्ग व्यक्त गर्दै रचित यस निबन्धको **विषय** शङ्कराचार्यको योगदान मूल रहेको छ । जगत्गुरु आद्य शङ्कराचार्यले सनातन धर्मको मर्म बुझी आफू साक्षात् जीवन्मुक्त ज्ञानवान् हुनु भएकोले असाधारणरूपले ज्ञानको महिमा गाएर जानुभएको छ भन्ने लेखकको प्रशोधन छ । आद्य शङ्कराचार्य साक्षात् शङ्करको अवतार भएको कुरा पुष्टि गर्न सोह्र वर्षको उमेरमा सम्पूर्ण शास्त्रको अध्ययन र अनुसन्धानका अलावा अद्वैतवादलाई स्थापित गरेको कुरा यसमा वर्णित छ । अझ वेदान्तदर्शनको संरक्षणका लागि थप १६ वर्षको उमेर ब्रह्माजीबाट प्राप्त गरेको भन्ने रोचक प्रसङ्ग पनि यसमा छ । हामी चैतन्य स्वरूपमा नबुझेकाले दुःखी भएको प्रसङ्ग प्रस्तुत गर्दै सनातन धर्मका माध्यमले परमपद प्राप्त गर्न सकिने सिद्धान्त भगवान् शङ्कराचार्यले जीवनभर प्रयोग गरेको वर्णन यसमा छ । उहाँले सन्यास धर्मको यथार्थ मर्म प्रदर्शन गर्न कलिलो उमेरमा नै सन्यास ग्रहण गरेको लगायतको प्रसङ्ग दिँदै गीता आदिको मर्म बुझ्न शाङ्करभाष्य सरल भएको कुरा यसमा छ । उहाँ जगदगुरु भएको प्रमाण दिँदै उहाँले कोटियौं ग्रन्थले बताएको कुरा म आधा श्लोकमानै भन्दछु भनी भनेको प्रमाणसमेत यसमा प्रस्तुत छ । अद्वैत वेदान्तका आचार्य शङ्करले विभिन्न वादको खण्डनमण्डन गर्दै सारा भारतको भ्रमण गरेको र नेपालको पाशुपत क्षेत्रको समेत भ्रमण गरेको रोचक प्रसङ्ग उनिएको छ । पवित्र नेपाललाई अवतारी महापुरुषहरूले अझ पवित्र पारेको र यस धराधामको अनेकानेक महत्त्व रहेको विस्तृति यसमा छ । हामी जगदगुरुका अनुयायी हौँ र उनको श्रद्धाले दृष्टि वन्दना गर्ने कुरा गर्दै नेपाल र हिन्दू जगत्का प्रति उनको भ्रमणले अद्वितीय देन दिएको उल्लेख गरिएको छ ।

प्रस्तुत निबन्धको **उद्देश्य** सनातन धर्मको संरक्षणमा भगवान शङ्कराचार्यको योगदानको वर्णन गर्नु हो । यस निबन्धको प्रयोजन अवतारी महापुरुषको आगमन सार्थक हुन्छ भन्नु रहेको छ । यस निबन्धमा सनातन धर्मले नै सबैको कल्याण हुने दृष्टिकोण प्रस्तुत भएको छ । शङ्कराचार्यले नेपाल भ्रमण गरेको सन्दर्भ जोड्दै यसले देशको गरिमा बढेको सन्देश यसमा छ ।

शङ्काराचार्यको योगदानको मुल्याङ्कन गरिएको यो निबन्धमा लेखकको वैचारिकता र विश्लेषण छ । सरल **शैली**मा प्रस्तुत यो निबन्धमा समस्त शैलीको वाक्य गठन छ । जस्तो :

**हिमवत्खण्ड, पाशुपत क्षेत्र नेपालमा आई पशुपतिनाथको दर्शन गर्नुभयो, गुह्येश्वरी माताको दर्शन गरी गुह्येश्वरीको स्त्रोत्र बनाउनुभयो अनि गोसाइँकुण्ड पुगी शिवलिङ्ग स्थापना गर्नुभयो पनि भनिन्छ ।** [२०८]

अन्य निबन्धमा झैँ यसमा पनि पदविचलन  गरिएको छ । जस्तो :-

---

२०५. ऐजन, पृ. ८५ ।
२०६. ऐजन, पृ. ८५ ।
२०७. ऐजन, पृ. ८५ ।
२०८. ऐजन, पृ. ८७ ।

**सनातन धर्मको सार सर्वस्व हो मोक्षरूप परमपद प्राप्ति ।** [२०९]

**चरितार्थ गर्नु र उद्घाटन गर्नु**[२१०] जस्ता टुक्का रहेका यस निबन्धमा उखान छैन । तत्सम, तद्भव शब्दको प्रयोग रहेको यस निबन्धमा आगन्तुक शब्द छैन । सरल, सरस र सहज प्रस्तुति यस निबन्धमा रहेको छ ।

### ४.५४ सारा हो परमात्मा

संसारका यावत् कुरा सारा भए पनि ती निरर्थक र बेकार हुन भन्ने वेदान्तदर्शनको आधार लिँदै सारा वृत्तिको आधार र अधिष्ठान परमात्मा हुन भन्ने **विषय** यस निबन्धको रहेको छ । सत्य, परमार्थ वस्तु आफू मात्र हो यो जाने, आउने, हराउने, बिग्रने, भत्कने, बदलिने, जन्मने, मर्ने आदि होइन । यिनको स्वसत्ता नभएको र सबै परमात्माबाट प्रकाशित हुने भएकोले यिनमा परमात्मा देखापर्नुहुन्छ । साराको सार परमात्मा र परमात्माभित्र सारा अटाएको भन्ने लेखकको आत्मस्वीकृति यसमा आएको छ । वेदान्तविद्याको अनुशीलन गर्ने हो भने जहाँ, जहिले, जसरी, जे हेरे, सुने पनि परमात्मा मात्र देखिनुहुन्छ जो मूलतः विश्वास हो भन्ने मत लेखकको छ । मानव जीवनको सर्वोच्च लाभ हो दुःखको सर्वथा निवृत्तिपूर्वक अखण्ड आनन्दको आत्यन्तिक प्राप्ति भन्ने गहन धारणा राख्दै निबन्धकारले आत्मज्ञानको प्रकाशले यस्तो सम्भावना हुने विश्वास व्यक्त गरेका छन् । सबैले परमात्मादर्शन भए खोजेको आनन्द मिल्ने अन्यथा दुःखै हात लाग्ने भाव व्यक्त गर्दै गीतामा कृष्णले अर्जुनलाई मदेखि भिन्न केही नभएको भन्ने भनाइले सारा परमात्मा भएको पुष्टिको आधार लेखकले दिएका छन् ।

चित्तको वृत्तिमा नलागी परमात्माको महत्त्व बुझाउने **उद्देश्य** यस निबन्धको रहेको छ । आफू नै आत्मस्वरूप परमात्मा रहेको सन्देश प्रवाह गर्ने प्रयोजनका लागि यो निबन्ध रचिएको छ । यसमा शास्त्रीय ग्रन्थमा उल्लेखित महावाक्यहरू उदाहरणार्थ प्रस्तुत गर्दै परमात्माको अस्तित्व रहेको दृष्टिकोण यसमा छ । परमात्माबाहेक सारा नभएर परमात्माकै सार रहेको सन्देश यस निबन्धको रहेको छ ।

सांसारिक कुराको अस्तित्व नरहेको वेदान्ती कुरा बुझाउन यस निबन्धमा लेखकले आफनो विचार प्रस्तुत गरेका छन् । सरल एवं क्रमिक प्रस्तुति रहेको यस निबन्धमा संयत **शैलीको** प्रस्तुति छ । आवश्यकतानुसार समस्त शैलीको वाक्य गठन यसमा छ । जस्तो :
**जसरी सपनाका सारा कुराहरू बिउँझेपछि आफूमा नै हराइहाल्छन् त्यसरी नै जाग्रत्‌बाट जागिहाले यहाँ सत्य भनी मानिएका, ठानिएका सारा पदार्थहरू, घटनाहरू परमात्मास्वरूप आफूमा नै मिलिहाल्छन् ।** [२११]

लेखकको वैशिष्ठ्य पदविचलन पनि रहेकोले यसमा यसरी पदविचलन भएको छ :-
**मानव जीवनको सर्वोच्च लाभ हो दुःखको सर्वथा निवृत्तिपूर्वक अखण्ड आनन्दको आत्यन्तिक प्राप्ति ।** [२१२]

**हात लाग्नु** टुक्का प्रयोग भएको यस निबन्धमा उखानको प्रयोग छैन आगन्तुक शब्द नरहेको यो निबन्ध तत्सम, तद्भव शब्दले सजिएको छ । सरल, सरस र सहज प्रस्तुति रहेको यो निबन्ध अन्य झैँ छ ।

---

२०९. ऐजन, पृ. ८६ ।
२१०. ऐजन, पृ. ८६ ।
२११. ऐजन, पृ. ८८ ।
२१२. ऐजन, पृ. ८९ ।

### ४.५५ म हुँ चैतन्य

म वा आत्मा यस निबन्धको **<u>विषय</u>** हो । म को हुँ प्रश्नको उत्तरमा वेदान्तदर्शनले देखाएको रहस्यात्मक कुरा यसमा प्रस्तुत भएको छ । **मदेखि भिन्न केही पनि नभएको अद्वैत स्थितिमा पुग्नु नै मेरो परमपुरुषार्थ हो । सुषुप्ति र समाधिमा म मात्र भएको मेरो अनुभव सिद्ध कुरालाई कसैले अपलाप गर्न के तागत** ? भन्ने निबन्धको प्रस्तुतिले म चेतनाको स्वरूप भएको अर्थ यसले बुझाएको छ । अरूले चिनेको, जानेको, बुझेकोभन्दा आफैंले निर्णयादि गरिएको अखण्ड चैतन्यवस्तु म भएको विश्लेषण प्रस्तुत गर्दै कसैले "तपाइँ हुनुहुन्छ कि हुनुहुन्न ?" भन्ने प्रश्नको सोझै तुरुन्तै म छु भनेर जवाफदिनु नै चैतन्यको लक्षण हो भन्ने निष्कर्ष यस निबन्धको छ । **म**को सम्बन्धमा चैतन्य रूपका साथै अविकारी र अविनाशी विशेषण पनि जोडिएको छ ।

म भनेको शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, अहङ्कार होइन भनी चिनाउनु यसको **<u>उद्देश्य</u>** हो । चेतना वा मन नचलेको नै म हो भन्ने प्रयोजनका लागि यो निबन्ध रचिएको छ । चैतन्यको लक्षण **म छु** भन्ने दृष्टिकोण यसमा छ । यस निबन्धले सारा वस्तु जड बुझी तिनको प्रकाशक **म**लाई ठान्नुपर्ने सन्देश दिएको छ ।

वेदान्तदर्शनको चर्चा गर्ने यो निबन्ध एक वक्तव्य हो । विश्लेषणात्मक यो निबन्ध संयत **<u>शैली</u>**मा रचिएको छ । अन्य निबन्धमा सरल लाग्ने समस्त शैलीको वाक्य गठन यसमा छ । यो वाक्यमा त्यस्तो वाक्य भइकन क्रियारहित प्रस्तुति पनि छ । जस्तोः-

**म चेतन, अरू जड; म सत्य, बाँकी झुट्टा; म ब्रह्म, जगत् मिथ्या; म प्रकाश, मदेखि सबै मेरो प्रकाशमा प्रकाशित; म भएको, विश्व कल्पित ।** [२१३]

लेखकको वैशिष्ठ्य झल्काउन यसमा पनि यसरी पदविचलन भएको छ :-

**यही हो चैतन्यको लक्षण ।** [२१४]

"अन्दाज" आगन्तुक शब्द प्रयोग भएको यस निबन्धमा उखान र टुक्का प्रयोग भएको छैन । तत्सम, तद्भव शब्दले क्रमिक रूपले सजिएको यो निबन्ध सरल, सरस र सहज छ ।

### ४.५६ विषयसुखमा पनि आत्मसुख

विषयसुख यस निबन्धको **<u>विषय</u>** भए पनि आत्मसुखको केन्द्रमा पुऱ्याउने माध्यम भनी यसलाई चिनाउन खोजिएको छ । झट्ट हेर्दा विषयसुख मिथ्या र आध्यात्मिक मार्गको अवरोध ठानिए पनि यसबेला चित्त चञ्चल हुने भएकोले यसलाई प्रियवृत्ति भनिन्छ । खोजेको कुरा पाउँदा चित्त केहीबेर थामिने भएकोले यसलाई मोदवृत्ति भनिन्छ र खोजेको कुरा मुखमा पर्दा हुने आनन्द प्रमोदवृत्ति हो भन्दै यसबेला चित्त अचल हुने प्रसङ्ग प्रस्तुत गरिएको छ । विषयले दिने यी तीन आनन्द क्षणिक हुने भएकाले ती त्याज्य हुन्छन् तर सुख कसैका लागि त्याज्य हुँदैन किनकि यो आत्मस्वरूप हो भन्ने लेखकको विचार छ । विषय प्राप्तिकालमा हुने सुख आत्मसुख नै हो भन्दै त्यो सुखचाहिँ विषयले भने दिएको होइन भनेर दृष्टान्तसहित पुष्टि यस निबन्धमा भएको छ । अतः भूलले विषयले सुख दिएको देखे पनि सुख आफू हो भन्ने निष्कर्ष देखिन्छ ।

विषयसुखको चिन्तनबाट आत्मसुखसम्म पुग्न सकिन्छ भन्ने बुझाउने **<u>उद्देश्य</u>** यस निबन्धको देखिन्छ । आत्मसुखको महत्त्व प्रष्ट पार्ने प्रयोजन यस रचनाको हो । विषयबाट आनन्द आउने नभएर सुखको वास्तवस्वरूप आत्मा हो भन्ने दृष्टिकोण यसमा छ । आत्मिक सुखलाई स्वीकार गरी जीवन सार्थक वा मुक्त हुने सन्देश यसको छ ।

---

२१३. ऐजन, पृ. ९० ।

२१४. ऐजन, पृ. ९० ।

यो निबन्ध एक वक्तव्य हो । यसमा लेखकले वेदान्तदर्शनका आधारमा आफ्ना विचार प्रस्तुत गरेका छन् । क्रमिक प्रस्तुति र सरल भाषाका कारण यो संयत **शैली**को निबन्ध हो । यसमा आवश्यकतानुसार समस्त शैलीको वाक्य पनि छ । जस्तो :-

**प्रिय वस्तु आँप खान असाध्य मन लाग्यो तर आफ्ना घरमा आँप छैन भने त्यस मानिसको चित्त खुब चल्छ ।** [२१५]

पदविचलन गरी मुख्य कुरालाई बुझाउनु लेखकको चिनारी हो । यसमा पनि सोही भएको छ । जस्तो :-

**आफू हो सदाकाल सुखस्वरूप अखण्ड, एकरस, ब्रह्मवस्तु ।** [२१६]

सामान्य भइसकेका बाहेकका उखान-टुक्का यसमा छैन । तत्सम र तद्भव शब्द प्रयोग गरी रचिएको यस निबन्धमा आगन्तुक शब्द छैन । यो निबन्ध सरल, सरस र सहज छ ।

### ४.५७ बुद्धिलाई केलाएर हेर्दा

प्रस्तुत निबन्धको **विषय** बुद्धि हो । बुद्धि सर्वस्व हो तर सबै जानेर आफूलाई नजान्नुचाहिँ सही बुद्धि नभएको भन्दै यसको शोधन गरे वेदान्ती शान्ति र सुख मिल्ने कुरा यसमा छ । बुद्धि जड वस्तु भएकोले यसको मालिन्य, पाप, चाञ्चल्य, विषय वासनाले आनन्दको अनुभव नहुने भएकोले बुद्धिलाई ब्रह्मवासनातिर लगाउनु पर्ने धारणा यसमा प्रस्तुत भएको छ । बुद्धि शोधनका लागि निष्काम कर्म र निर्गुण उपासनाको आवश्यकता औंल्याउँदै निबन्धकार आफूलाई र परमात्मालाई अभिन्न मान्नु निर्गुणभक्ति हो भन्दछन् । बुद्धिका विभिन्न तह देखाउँदै बुद्धिलाई ब्रह्म बनाउने कार्य गर्न आग्रह गरिएको छ, किनकि बुद्धि सधैं ब्रह्म नै थियो र छ भन्ने मत यसमा छ । आजको ज्ञान विज्ञान भनिने क्षेत्रमा लागेकाहरूको चित्त चञ्चल भएका कारण दुःखी र चिन्ताग्रस्त भएको भन्दै वेदान्तको मर्मलाई सदा अङ्गीकार गरे उचित हुने बताइएको छ ।

आफूलाई जान्ने काममा बुद्धि लगाउनुपर्छ भन्ने **उद्देश्य** यस निबन्धको हो । बुद्धिलाई विषय वासनाबाट फर्काएर ब्रह्म वासनातिर लैजाने प्रयोजन यस निबन्धको हो । बुद्धिको विशुद्ध रूपलाई स्वीकार गर्नुपर्ने दृष्टिकोण यसमा छ । बुद्धि शुद्ध बनाई आनन्द नै लिनुपर्ने सन्देश यस निबन्धको छ ।

बुद्धिको प्रसङ्ग केलाउने यस निबन्धमा क्रमिक प्रस्तुति छ । संयत **शैली**मा रचिएको यो निबन्धमा समस्त शैलीका वाक्य पनि प्रयोग छन् । जस्तो :-

**शोधित किंवा शुद्ध बुद्धिमा मात्र आत्मस्वरूप, शान्ति र आनन्दरूप ब्रह्मको साक्षात् प्रतिबिम्ब पर्दछ अनि मात्र शान्ति र सुखको अनुभव हुन्छ ।** [२१७]

भनाइ र शब्दलाई प्रभावकारी बनाउन यसमा पनि पदविचलन भएको छ । जस्तोः

**यसकारण हाम्रो अन्तिम लक्ष्य हो आत्यन्तिक, अखण्ड शान्ति ।** [२१८]

सरल, सरस र सहज प्रस्तुति रहेको यो निबन्ध वैचारिक हो । तत्सम र तद्भव शब्द भएको यस निबन्धमा आगन्तुक शब्द छैन । **बुद्धि सप्रनु** र **बुद्धि बिग्रनु**[२१९] जस्ता टुक्का यसमा प्रयोग भए पनि उखानचाहिँ छैन ।

---

२१५. ऐजन, पृ. ९१ ।
२१६. ऐजन, पृ. ९१ ।
२१७. ऐजन, पृ. ९३ ।
२१८. ऐजन, पृ. ९३ ।
२१९. ऐजन, पृ. ९३ ।

### ४.५८ जस्तो दृष्टि, उस्तै सृष्टि

**वेदान्तको अन्तिम सिद्धान्त हो सृष्टि भएकै छैन** भन्ने वाक्यबाट आरम्भ गरिएको यस निबन्धले सृष्टिको **विषय**मा चर्चा उठाएको छ । सृष्टिको विषयमा यसै निबन्धको शीर्षक २३ को **वेदान्तका दृष्टिमा सृष्टि** र शीर्षक ४५ को **म नै सृष्टि हुँ** मा पनि यस विषयमा चर्चा भएको पाइन्छ । यस निबन्धमा पनि वेदान्तदर्शनका आधारमा सृष्टि मिथ्या नै हो भन्ने विचार पाइन्छ । जगत् वा सृष्टि मिथ्या हुने भए सृष्टिकर्ता ब्रह्मा पनि छैनन् भन्ने प्रतिप्रश्न उब्जिन सक्ने भन्दै लेखकले म नै ब्रह्मा, विष्णु, महेश्वर हो वा आफूमै ब्रह्म वा जगत् रहेको धारणा प्रस्तुत गरेका छन् । 'जस्तो मति, उस्तै गति' 'जस्तो भावना, उस्तै फल' जस्ता लोकोक्ति प्रस्तुत गर्दै आफ्नो सृष्टिबाट नडराउन आग्रह गरिएको छ ।

विचार वा सोचाइअनुसार सृष्टि छैन भन्ने प्रमाणित गर्नु यस निबन्धको **उद्देश्य** हो । यो निबन्धको प्रयोजनचाहिँ आत्मातिर फर्की सबै सृष्टि यही हो भन्ने बुझाउने हो । सृष्टि कल्पित हो भन्ने दृष्टिकोण यसमा छ । आफ्ना सृष्टिमा रमाएर निडर रहने सन्देश यस निबन्धमा छ । उक्तिमूलक लाग्ने शीर्षक रहेको यो निबन्ध विचारात्मक छ । यसमा लेखकले पूर्वीय दर्शनलाई आधार बनाएका छन् । संयत **शैली**को यो निबन्धमा समस्त शैलीगत वाक्य यस्तो छ :

**सृष्टिकर्ता ब्रह्मा मभित्र छन्, पालन गर्ने विष्णु ममा बाँचेका छन् र संहार गर्ने रुद्र पनि मेरै आश्रयमा छन् ।** [२२०]

भनाइलाई विशेष जोड दिन यसमा पदविचलन गरिएको छ । जस्तो :

**त्यसैले अब निर्धक्क भएर भन्न सकिन्छ - जस्तो दृष्टि, उस्तै सृष्टि ।** [२२१]

**जस्तो मति उस्तै गति** र **जस्तो भावना उस्तै फल**[२२२] उखान प्रयोग भएको निबन्धमा टुक्का छैन । तत्सम र तद्भव शब्दले सजिएको यस निबन्धमा आगन्तुक शब्द छैन । सरल, सरस र सहज प्रस्तुति यस निबन्धको विशेषता हो ।

### ४.५९ देशभक्तिबाट चित्तशुद्धि

चित्त यस निबन्धको मूल **विषय** हो । यसको शोधन र उपाय बताउने कार्य यसमा भएको हो । **चित्तशुद्धिका सन्दर्भमा** शीर्षक ६ मा पनि चित्तको प्रसङ्ग उठाएर त्यसको विश्लेषण भएको छ । यस निबन्धमा रामायणमा प्रस्तुत **जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी**को प्रसङ्ग प्रस्तुत गर्दै चित्तशुद्धि निष्काम कर्म र भक्तिबाट हुने कुरा आफ्नो ठाउँमा भएको तथा यसका अलावा देशभक्तिबाट पनि चित्त शुद्ध हुने आधार प्रस्तुत गरिएको छ । देशभक्तिका लागि राष्ट्रको हितार्थ, बहुजन हिताय र सुखायको भावना हुनैपर्छ र यसले चित्तका मालिन्य नासिँदै र मासिँदै जाने कुरा गरिएको छ । देशभक्तिका स्वरूप, त्यसका लागि नागरिकले गर्नुपर्ने कर्तव्य पालनाको सम्पूर्ण विवरण दिँदै स्वार्थत्याग नै देशभक्तिको मूख्य आधार हुने र यसबाट चित्तशुद्ध हुने निर्विकल्प उपाय बताइएको छ । वर्तमान सन्दर्भमा देशभक्त नागरिकको अभाव हुँदै गएको चिन्ता प्रकट गर्दै यसले देशभक्तिको गरिमाचाहिँ नघटेको निष्कर्ष लेखकले दिएका छन् । व्यावहारिक सुख-समृद्धि, सम्पन्नताका लागि देशप्रेमको अद्वितीय भूमिका रहेझैँ पारलौकिक आनन्द, शान्ति आदिका लागि पनि देशभक्तिको त्यत्तिकै आवश्यकता हाम्रा शास्त्रहरूले बताएका छन् भनी निबन्धकारले चित्तशुद्धिका लागि देशभक्तिको अनिवार्यता औँल्याएका छन् ।

---

२२०. ऐजन, पृ. ९५ ।

२२१. ऐजन, पृ. ९६ ।

२२२. ऐजन, पृ. ९६ ।

देशभक्तिको सम्बन्ध पूर्वीयदर्शनसँग पनि रहेको आधार देखाउनु यस निबन्धको **उद्देश्य** हो । चित्तशुद्धिका विभिन्न माध्यममध्ये देशभक्तिले पनि त्यसो गर्न सक्ने प्रयोजन यसमा प्रस्तुत छ । राष्ट्रप्रति सम्पूर्ण रूपले समर्पित मानव महात्मा नै हो भन्ने दृष्टिकोण यसमा प्रस्तुत छ । नागरिकले आफ्नो अस्तित्व जोगाउनु भनेको महान सपना साकार पार्नु हो भन्ने सन्देश यस निबन्धको छ ।

वैचारिक यो निबन्धमा भााषिक सरलता छ । संयत **शैली**मा क्रमिक रूपमा रचिएको यो निबन्धमा वाक्य गठन भने समस्त शैलीको पनि छ । जस्तो :-

**म मेरो देशभित्र विपनाको वास्तविकता पाउँछु, सपनाको झिलिमिली मात्र हैन ।** [२२३]

भनाइलाई प्रभावकारी र ससक्त बनाउन यस निबन्धमा पदविचलन पनि गरिएको छ । जस्तो :-

**यसरी चित्तलाई साँघुरो घेराबाट विशाल ब्रह्माण्डमा पुऱ्याएर विश्रान्ति लिन्छ एक देशभक्त ।** [२२४]

**अनिकालको बिउ** जस्तो आलङ्कारिक पदावली प्रयोग भएको यस निबन्धमा उखान प्रयोग भएको छैन । आगन्तुक शब्द नभएको यस निबन्धमा तत्सम र तद्भव शब्दकै प्रचुरता छ । सरल, सरस र सहज भाषाशैलीमा यो निबन्ध बनेको छ ।

## ४.६० मुक्ति

शीर्षक २८ को **जीवन्मुक्ति** र ४१ को **भक्तिबाट मुक्ति** निबन्धमा मुक्तिको **विषय**मा चर्चा भइसकेको छ । यस निबन्धमा चाहिँ मुक्ति शीर्षक दिएर त्यसको विस्तृत चर्चा गर्न खोजिएको पाइन्छ । वेदान्तदर्शनको आधारमा जन्म र मृत्युको चक्रबाट पार पाउनु मुक्ति हो भन्ने भनाइका आधारमा यस निबन्धले मुक्तिको चर्चा गरेको छ । मुक्तिका लागि कुन उपाय वा व्यवहार उपयुक्त हुने भन्ने चिन्तन यस निबन्धमा प्रस्तुत छ । ब्रह्म र आत्माको एकता बोधचाहिँ मूल रूपमा मुक्ति हो भन्ने निचोड यसमा प्रस्तुत गर्दै द्वैतवादी र अद्वैतवादीको धारणाको अन्तर केलाउने कामसमेत भएको यस निबन्धमा वेदान्तका दुई मुक्ति विदेहमुक्ति र जीवन्मुक्तिको चर्चा गरिएको छ । विदेहमुक्ति शरीर छुटेपछि हुने र त्यसको अर्को धारणा जसले शरीरमा पटक्कै भान राख्दैन ऊ पनि विदेह मुक्त हो भन्ने पनि यसमा प्रस्तुत भएको छ । सप्तमी ज्ञानभूमि (तुर्यगा)-मा पुगेका ज्ञानीमात्र विदेहमुक्त हुने र बाँकी ज्ञानीहरू जीवन्मुक्त हुन्छन् भन्ने अर्को धारणा प्रस्तुत गर्दै मुक्तिका लागि ज्ञान अनिवार्य हुने कुरा औँल्याइएको छ । भक्तिबाट ज्ञान, ज्ञानबाट मुक्ति हुने प्रसङ्ग प्रस्तुत गर्दै ज्ञानी बन्नु जीवनन्मुक्त हुनु हो भन्ने प्रस्तुति यसमा छ । 'भूलले, भ्रमले बन्धनमा परेको र अज्ञानी भनेर कल्पना गरेको मात्र हो' भन्ने निबन्धको वाक्यले यस्ता बन्धनलाई कर्म, भक्ति र विचारका सहाराले भ्रम कट्ने र मुक्त रहेको कुरा मुक्तै बन्ने विचार दिएको छ ।

जन्म र मृत्युको चक्करबाट पार लगाउने **उद्देश्य** यस निबन्धको छ । निबन्धको प्रयोजन विदेह मुक्ति र जीवन्मुक्ति खुलाउने हो । आफू भूलले भ्रमले बन्धनमा परेको आध्यात्मिक दृष्टिकोण यसमा छ । भ्रमलाई छिनालेर मुक्त रहेको कुरा बुझे मुक्त भइहाल्छ भन्ने सन्देश यस निबन्धको छ ।

जन्म मृत्युको चक्करलाई स्पष्ट पार्ने यो निबन्ध वैचारिक एवं विश्लेषणात्मक हो । यो निबन्ध क्रमिक र सरल प्रस्तुति रहेको संयत **शैली**मा रचिएको छ । आवश्यकतानुसार यसमा

२२३. ऐजन, पृ. ९८ ।
२२४. ऐजन, पृ. ९७ ।

समस्त शैलीगत वाक्य ढाँचा पनि पाइन्छ । जस्तो :-

**द्वैतवादी वैष्णवहरू सालोक्य, सारूप्य, सामीप्य र सायुज्य नामक चार प्रकारका मुक्ति मान्दछन् अनि आफू र परमात्मालाई सदा भेद दृष्टिले हेर्दछन् ।** [२२५]

शब्दको महत्त्व दर्साउन यसमा पदविचलनलाई स्वीकार गरिएको छ । जस्तो :-

**जेहोस्, ज्ञानविना कुनै प्रकारको मुक्ति पनि नपाइने हुनाले सर्वोच्च शक्ति हो ज्ञान ।** [२२६]

**शरीर छुट्नु**[२२७] टुक्का प्रयोग भएको यो निबन्धमा उखान छैन । आगन्तुक शब्द प्रयोग नभएका यस निबन्धले सरल, सहज र सरसतालाई जोड दिएको छ ।

### ४.६१ निष्कामदेखि निर्वाणसम्म

निष्काम र निर्वाण प्रस्तुत निबन्धको **विषय** हो । यसमा यिनका अभिन्नता तथा अन्योन्याश्रित सम्बन्धको चर्चा छ । **संसार असत्य, क्षणिक भएकाले त्यतातिर पटक्कै आशा, इच्छा नहुनुलाई निष्काम भावना भनिएको छ** भन्ने यस निबन्धको वाक्यले निष्काम के हो त्यसको अर्थ बताउँदै यही नै निर्वाणसम्म पुग्ने आधार हो भनिएको छ । मदेखि परमात्मा अभिन्न हो भने पहिले भावनाका बलले र पछि विचारका बलले बुझ्नुपर्ने अनि एवं रितले शुद्ध ब्रह्म चैतन्यको साक्षात्कार हुने भन्दै यही नै निर्वाण वा परमपद हो भनी चिनाइएको छ । गीतामा कृष्णले अर्जुनलाई सुरुमा निष्काकर्म त्यसपछि निर्गुणभक्ति र अन्तमा निर्वाण प्राप्तिको मार्ग देखाउनु भएको उदाहरण यसमा प्रस्तुत छ । निष्काम कर्मयोग कर्ममा अकर्म देख्ने र यसले चित्त शुद्ध हुने भन्दै यसबाट चित्त निभी 'आफू' बल्न सकिन्छ भनिएको छ । निर्वाणको अर्थ निभ्नु भएकोले निष्काम कर्मयोगबाट स्वतः निर्वाणमा पुगिने भनिएको छ ।

पूर्वीयदर्शनको निष्काम र निर्वाणको सम्बन्ध तथा महत्त्व देखाउनु यस निबन्धको **उद्देश्य** हो । मूलतः आफूलाई निर्वाणपदमा पुऱ्याउने प्रयोजन यस निबन्धको हो । निष्कामकर्म नै निर्वाणको प्रथम प्रयास हो भन्ने दृष्टिकोण यसमा छ । जगत्तिर फर्केको चित्तवृत्तिलाई आफूतिर फर्काउनु सबैको हितकर हुन्छ भन्ने सन्देश यसको हो ।

पूर्वीयदर्शनका व्याख्याता निबन्धकारको यो निबन्ध वैचारिक हो । सामान्य भाषाले विश्लेषण गरी भावगत दृष्टिले संयत **शैली**को प्रयोग यो निबन्धमा भएको छ । भाषिक विभिन्नताका लागि समस्त शैलीको वाक्य यसमा छ । जस्तो :

**निर्गुण उपासना हो आफूभित्रको अनुभूत ईश्वर र सर्वव्यापक परमात्मा स्वरूप परमेश्वर एकै हो अर्थात् मदेखि परमात्मा अभिन्न हो भनी पहिले भावनाका बलले  पछि विचारका बलले बुझ्नु ।** [२२८]

विशेषरूपले कुनै शब्दलाई बुझाउन यसमा पदविचलन गरिएको छ । जस्तो :

**शुभ हो आफनो वास्तव चैतन्यस्वरूप ।** [२२९]

क्रमिकरूपले रचित यो निबन्धमा **चित्त निभ्नु**[२३०] टुक्का प्रयोग भएको छ । उखान र आगन्तुक शब्द नभएको यो निबन्धमा सरल, सरस र सहज प्रस्तुति छ ।

२२५. ऐजन, पृ. ९९ ।
२२६. ऐजन, पृ. ९९ ।
२२७. ऐजन, पृ. ९९ ।
२२८. ऐजन, पृ. १०१ ।
२२९. ऐजन, पृ. १०१ ।
२३०. ऐजन, पृ. १०२ ।

### ४.६२ शोक र मोह

'र' संयोजक प्रयोग गरी तयार गरिएको यस निबन्धमा शोक तथा मोहको **विषय** प्रस्तुत छ । शोकको मूलकारण वस्तुप्रतिको मोह हो भन्ने वेदान्ती विचार यसमा झुल्काउन खोजिएको छ । संसारी अभावले मानवीय चिन्ता वा शोक बढेको ठानिए पनि संसारी वैभव भए पनि शोक नघट्ने ठोकुवा निबन्धकारको छ । त्यस्तै सांसारिक उपलब्धिले पनि मानसिक चिन्ता नहट्ने भन्दै शोकरहित हुनका लागि लौकिक र पारलौकिक दुवै विषयमा इच्छा नगर्न भनिएको छ । मोहले आत्मस्वरूपलाई बिर्साइदिने भएकोले आफू सदासर्वदा चैतन्यादि रहेको धारणामा लागिरहन पर्ने कुरा यसमा व्यक्त छ । कृष्ण र अर्जुनको प्रसङ्ग उदाहरण दिँदै सारा गीता सुनिसकेपछि अर्जुनले "मेरो मोह गयो, मैले आफूलाई चैतन्य ब्रह्म भनी जानें, मेरा सारा शङ्का र इच्छाहरू गए, म मुक्त बनें" भनेको कुरालाई यसमा विशेषरूपमा प्रस्तुत गरिएको छ । वेदान्तदर्शनको रहस्य हाम्रा मोक्षपरक सम्पूर्ण शास्त्रले अज्ञान मूलसहितै नष्ट गरी सम्पूर्ण शोक र मोहबाट पार पुगिन्छ भन्ने रहेको उल्लेख यस निबन्धमा छ ।

शोक र मोहलाई निराकरण गरी मानवीय कल्याणको उपाय देखाउनु यस निबन्धको **उद्देश्य** हो । संसारलाई साँचो नमानी इच्छारहित बनाएर शोक र मोह हटाउने प्रयोजन यस निबन्धको हो । जतिसुकै भौतिक प्रगति भए पनि वेदान्तको विकासविना सांसारिक झमेलाबाट मुक्त हुन नसकिने दृष्टिकोण यसमा छ । आत्माको अनुशीलन तथा ज्ञानवान् गुरुको सन्निकटता भए यस्ता कुराले नसताउने सन्देश यसमा छ ।

पूर्वीयदर्शनका आधारमा विषयको वर्णन गरिएको यो निबन्ध वैचारिक हो । भावगत दृष्टिले संयत शैलीको यस निबन्धमा समस्त **शैली**का वाक्य पनि छन् । जस्तो :-

**जब यस्ता अखण्ड अविनाशी आफूलाई बिर्सेर जड, प्रपञ्च, भौतिक देह आदिलाई साँचो मान्दछ अनि मोहग्रस्त नहुनु किन ?**[२३१]

भनाइलाई विशेष जोड दिई मुख्य कुरा भन्न यसमा पदविचलन भएको छ । जस्तो :

**हाम्रा मोक्षपरक सम्पूर्ण शास्त्रको लक्ष्य हो शोक सन्तप्त र मोहित मानवलाई शोक र मोहबाट मुक्त तुल्याउनु ।** [२३२]

**हेलिकप्टर** र **टेलिभिजन**[२३३] आगन्तुक शब्द प्रयोग भएको यस निबन्धमा उखान र टुक्का छैन । तत्सम् र तद्भव शब्दले सजिएको यो निबन्ध सरल, सरस र सहज छ ।

### ४.६३ महावाक्य

वेदमा वर्णित दुई प्रकारका वाक्यमा महावाक्य यस निबन्धको **विषय** हो । वेदमा अवान्तरवाक्य र महावाक्य गरी दुई वाक्य भएको प्रस्तुति दिँदै अवान्तर वाक्यमा ब्रह्मवस्तुको परिचय हुने र ब्रह्मवस्तु एकै हो भनी बोध गराउने कार्यचाहिँ महावाक्यमा हुने भनिएको छ । **ब्रह्म शुद्ध हो, बुद्ध हो, निरञ्जन हो ब्रह्ममा जन्म र मृत्यु आदि प्रकारका कुनै विकार छैन** जस्ता वाक्यले ब्रह्मलाई चिनाउनु वेदका अवान्तरवाक्यहरूको लक्ष्य हो भनिएको छ । पारमार्थिक दृष्टिमा यी वाक्यहरू त्यति उपकारक नभएको तर यसका लागि महावाक्यको आवश्यकता पर्ने कुरा यसमा औंल्याइएको छ । चार वेदबाट झिकिएका चार महावाक्यहरू चारै वेदका सार-सर्वस्व भएको प्रसङ्ग उल्लेख गर्दै महावाक्यले वेदको अन्तिम निचोड सिद्धान्त

२३१. ऐजन, पृ. १०३ ।
२३२. ऐजन, पृ. १०३ ।
२३३. ऐजन, पृ. १०३ ।

प्रतिपादन गरेको छ भनिएको छ । ती चार महावाक्यहरू **क) प्रज्ञानं ब्रह्म (ख) अयमात्म ब्रह्म (ग) तत्त्वमसि र (घ) अहं ब्रहमस्मि** भएको र तिनले मैले आफूभित्र अनुभव गरेको साक्षीवस्तु नै वास्तवमा परमात्मा परब्रह्म हुनुहुन्छ र त्यो ब्रह्म म नै हुँ भन्ने लक्ष्यार्थ भएको कुरा यसमा आएको छ । गीताले पनि महावाक्यको लक्ष्यार्थलाई निरूपण गरेको प्रसङ्ग यहाँ आएको छ । ब्रह्म सदा ब्रह्म नै भएको भूलले आफूलाई जीव ठाने पनि ब्रह्मज्ञानका सहाराले ब्रह्म बनिने भरोसा प्रदान गर्दै महावाक्यको लक्ष्य ब्रह्म बन्ने पूरुषार्थ गराउनु रहेको भनी खुलस्त पारिएको छ ।

वेद शास्त्रमा रहेका अवान्तरवाक्य र महावाक्यको चर्चा गर्नु यस निबन्धको **उद्देश्य** हो । अवान्तरवाक्यले ब्रह्मवस्तुको परिचय गराउने र महावाक्यले आफू र ब्रह्मवस्तु एकै हो भन्ने बुझाउनु यस निबन्धको प्रयोजन हो । चार वेदका चारै वाक्यले आत्मानै अद्वैत ब्रह्मवस्तु म हुँ भनेको हो भन्ने दृष्टिकोण यसमा छ । भूलले अज्ञानले आफूलाई जीव वा साक्षी नठानी ज्ञानले ब्रह्म चिन्नुपर्छ भन्ने सन्देश यसको छ ।

सरल एवं क्रमिक प्रस्तुति रहेको यो निबन्ध भावगत दृष्टिले संयत **शैली**मा रचिएको छ । यो वैचारिक निबन्ध भएकाले यो लेखकको वक्तव्य हो । यसमा समस्त शैलीको वाक्य गठन पनि छ । जस्तो :-

**जगत्को अन्त्य हुन्छ, सूर्यचन्द्रादि हराउलान् तर ब्रह्म यी साराको प्रकाशकरूपले, स्वयंप्रकाशकरूपले अनन्तकालसम्म रहिरहन्छ ।**[२३४]

व्याकरणका अनुरागी निबन्धकारले साहित्यको हिसाबले परिस्थितिअनुसार पदविचलन गरेका छन् । जस्तो :-

**यही अनुभव गराउनु हो महावाक्यको लक्ष्यार्थ ।**[२३५]

सरल, सरस र सहज भाषाले सजिएको यो निबन्धमा उखान र टुक्का छैन । तत्सम् तद्भव शब्दले भरिएको यो निबन्धमा आगन्तुक शब्द पनि छैन ।

### ४.६४ आफ्नै विषयमा

**आफू हो परब्रह्म परमात्मा अद्वैत चैतन्य वस्तु** भनी यस निबन्धको एक स्थानमा आएकोले यस निबन्धको **विषय आफू** रहेको छ । आफू निर्विषय हो तापनि सम्पूर्ण शास्त्रको विषय आफू र निष्कर्ष पनि आफू नै हो भन्ने वेदान्तको प्रसङ्ग यसमा आएको छ । आफ्ना लागि सबै प्यारा हुने कुरा उपनिषद्मा बताइएको उदाहरण दिँदै त्यही आफू साक्षी अनि ब्रह्म भएको विचार दिइएको छ । आफूलाई बुद्धिले समेत देख्न नसक्ने प्रमाण दिई अखण्डाकार चित्तमा आफ्नो वास्तव स्वरूप अनुभव हुने भनिएको छ । **शास्त्रमा बुद्धिलाई शुद्धि गर, अचल बनाऊ, कर्म गर, उपासना गर, योग गर, समाधि गर, आशा इच्छारहित भएर बस, प्रारब्धद्वारा सारा निर्णित भएको छ** भन्ने प्रसङ्ग प्रस्तुत गरेर यसबाट चित्त शुद्ध र ज्ञानको उदय हुने कुरा यसमा आएको छ । यसैले चित्तशुद्धि र ज्ञानले आफूको पहिचान भई आफूले आफ्नो उद्धार गर्न सकिने कुरा वर्णित छ । आफूभित्र नै सारा भएकाले आफूरूपमा सबै प्रिय छन् भनी टुङ्ग्याइएको यो निबन्धले आफूले आफूलाई साक्षात्कार गर्न मार्गनिर्देशन गरेको छ ।

आफू अज्ञानले बताइएका विभिन्न रूप नभई परब्रह्म परमात्मा अद्वैत चैतन्यवस्तु हो भनी बुझाउनु यस निबन्धको **उद्देश्य** हो । आफूलाई साराबाट झिकी आफू मात्र रहनुपर्छ भन्नु

२३४. ऐजन, पृ. १०५ ।
२३५. ऐजन, पृ. १०५ ।

यस निबन्धको प्रयोजन हो । आफूलाई अखण्डाकार चित्तमा आफ्नो वास्तवस्वरूपको यथार्थ अनुभव हुने दृष्टिकोण यसमा छ । यस निबन्धको सन्देश आफूदेखि भिन्न वस्तुलाई आफूमा आरोप नगर्नु भन्ने हो ।

अन्य निबन्धझैँ संयत **शैली**मा यो निबन्धको पनि रचना भएको छ । पूर्वीय दर्शनको आधारमा आफ्नो विचार दिई विश्लेषण गर्ने काम लेखकले गरेका छन् । यसमा वर्णनको क्रममा समस्त शैलीको पनि प्रयोग भएको छ । जस्तो :-

**मायावी परमात्माद्वारा जे हुनु छ हुन्छ, यसको भर, चिन्ता नगर ।** [२३६]

विचार प्रस्तुत गर्न र भनाइ सबल बनाउन पदविचलन पनि गरिएको छ । जस्तो :-

**आफू हो परब्रह्म परमात्मा अद्वैत चैतन्यवस्तु ।** [२३७]

सरल, सरस, सहज प्रस्तुति रहेको यस निबन्धमा तत्सम् र तद्भव शब्दको बाहुल्य छ । उखान र टुक्काको प्रयोगसमेत यस निबन्धमा भएको छैन । भाषिक हिसाबले क्रमिक प्रस्तुति रहेको यो निबन्ध सुबोध्य छ ।

### ४.६५ जगत्को स्वभाव

प्रस्तुत निबन्धको **विषय** जगत् हो र यसको चर्चा यस अघिका शीर्षक १० **जगत्को वास्तव स्वरूप**, शीर्षक ३६ **जगत् निरसन उपाय** र शीर्षक ४९ **जगत् हो ख्यालख्याल**मा भएको छ । यसमा जगत्को स्वभाव वा रूप र लक्षणको बारेमा प्रकाश पार्न खोजिएको छ । वेदान्त दर्शनअनुसार वर्णित जगत्को चर्चा यस निबन्धमा गर्ने क्रममा जगत् मिथ्या भएको प्रमाण विभिन्न दृष्टान्तमार्फत गरिएको छ । यस्तो नभएको जगत्को स्वभाव विनश्वर, नाशवान्, अनित्य आदि हो भनिएको छ । भूत, वर्तमान र भविष्यत् सत्य नभएझैं जगत् पनि असत्य वा नभएको हो र ममा देखिने जगत्चाहिँ चित्तले चिताएको मात्र हो । भएको कुराचाहिँ आफू हो सबैले आफूलाई प्यारो गर्छन् अनि सत्य कुरा सबैको प्रिय हुन्छ भन्ने कुरा गर्दै जगत्मा नअल्मलिन मार्गदर्शन गरिएको छ । अतः जगत्को अनित्य स्वाभावको परिचय दिँदै आफू वा ब्रह्मलाई स्वीकार गर्नुपर्ने धारणा यसमा छ ।

आफू वा ब्रह्म भएको तर जगत् नभएको कुरा बुझाउनु यस निबन्धको **उद्देश्य** हो । विभिन्न दृष्टान्तमार्फत जगत् नभएको पुष्टि गर्नु यसको प्रयोजन हो । जगत् देख्न भित्र चित्तले चिताउनुपर्ने दृष्टिकोण यसको छ । जगत्को अनित्य, विनश्वर, नाशवान् स्वाभाव चिनी आत्मलाभमा लाग्नुपर्छ भन्ने सन्देश यसको हो ।

वेदान्तदर्शनका आधारमा जगत्को चिनारी गरिएको यो निबन्ध वैचारिक हो । सरल एवं क्रमबद्ध प्रस्तुति रहेको यस निबन्धमा संयत **शैली**को प्रयोग भएको छ । विचारलाई सबल बनाउन समस्त शैलीको वाक्य गठन पनि भएको छ । जस्तो :-

**सिपीमा चाँदी देखिन्छ, आकाश नीलो देखिन्छ तर ती कुनै पनि सत्य ठहर्दैनन् ।** [२३८]

यसमा भावगत प्रस्तुतिलाई प्रभावकारी बनाउन सामान्य व्याकरणको नियमलाई पन्छाई पदविचलन पनि गरिएको छ । जस्तो :-

**जगत्को स्वभाव हो विनश्वर, नाशवान्, अनित्य र सङ्क्षेपमा भन्ने हो भने नभएको ।** [२३९]

२३६. ऐजन, पृ. १०७ ।
२३७. ऐजन, पृ. १०७ ।
२३८. ऐजन, पृ. १०९ ।
२३९. ऐजन, पृ. १०९ ।

आगन्तुक शब्द अमेरिकाको प्रयोग भएको यस निबन्धलाई तत्सम् र तद्भव शब्दले नै सजाइएको छ । उखान टुक्काको प्रयोग नगरी रचिएको यो निबन्ध सरल, सरस र सहज हुनुका साथै सुबोध्य पनि छ ।

### ४.६६ अनासक्त कर्मयोग

कर्मयोग मूल **विषय** रहेको यस निबन्धमा त्यसको मूल रूप चिनाउने यत्न गरिएको छ । गीतामा वर्णित कर्मयोग, भक्तियोग र ज्ञानयोगमध्ये पहिलो कर्मयोग यहाँ चर्चामा ल्याइएको छ । **गीतामा कर्मलाई राम्ररी बुझ्नुपर्छ वा कर्म बुझ्नु नै कर्म गर्नु हो** भनिएको छ भन्ने प्रसङ्ग प्रस्तुत गर्दै शास्त्रको रहस्य सदा कर्म गरिरहनु होइन भनिएको हो भन्ने निर्क्यौल छ । कर्मको अन्तिम लक्ष्य मुक्ति भएको र मुक्त हुनासाथ कर्मको सम्भावना नहुने भएकोले त्यसो भनिएको हो । कर्मयोगको अर्थ शरीर, इन्द्रियादिले स्वभावतः आफू आफ्नो कर्म गरिरहँदा पनि अन्तःकरण सदाकाल परमात्मा परमेश्वरमा युक्त भइरहनु आदि हो । कर्म गर्दा फलको अनासक्त भए बन्धनमा नपरिने र त्यसको परिणामले नछुने धारणा प्रस्तुत गरिएको यस निबन्धमा कर्मले मानिसलाई ज्ञानतिर अग्रसर गराउने रहस्य खोलिएको छ । ज्ञानीले कर्म नगर्ने र अज्ञानीले गरेको कर्म पनि नगरेको नै हो भन्ने ठोकुवा गरिएको यस निबन्धमा कर्मयोगले चित्त शुद्ध भई भक्ति उपासनामा प्रवृत्त गराउँछ भनिएको छ । कर्म र भक्तिले ज्ञानोदय हुने अनि आफूलाई **म जीव हुँ, कर्ता हुँ, भोक्ता हुँ, संसारी हुँ, मर्ने हुँ, जन्मने हुँ, कर्मको सम्पादक हुँ, भक्ति गर्ने हुँ आदि भन्ने अभिमान हटाई म त शुद्ध चैतन्य ब्रह्म हुँ** भनेर ब्रह्म बनिहाल्ने कुरा यसमा छ । यसरी अनासक्त कर्मयोगको प्रतिफल ब्रह्मबोधसम्म हुने र जन्म मृत्युको चक्करमा नपर्ने परिस्थिति आउने कुरा यसमा छ ।

अनासक्त कर्मयोगको चिनारी गरी यसको महत्त्व बढाउनु यस निबन्धको **उद्देश्य** हो । कर्तृत्वको भाव राखी काम गरे विकार आउने भएकोले चित्तशुद्ध गरी फलासक्तिरहित कर्म गर्नुपर्छ भन्नु यसको प्रयोजन हो । कर्मको माध्यमले ज्ञानमा पुगी ब्रह्मबोध गर्न सकिने दृष्टिकोण यसमा छ । पूर्वीयदर्शनका विभिन्न शास्त्रको निचोड अनासक्त कर्मयोगका माध्यमबाट शाश्वत आनन्दको अनुभव हुने सन्देश यसको हो ।

निबन्धलाई कुनै मत वा आधारमा सिँगार्नु लेखकीय विशेषता हो । यस निबन्धलाई पनि सोहीअनुसार सजाइएको छ । भावगत दृष्टिले यसमा संयत **शैली** प्रयोग भए पनि समस्त शैलीको वाक्य गठन पनि भएको छ । जस्तो :-

**ज्ञानी, जीवन्मुक्त महात्माहरूका शरीरादिबाट पनि कुनै न कुनै कर्म भइरहेका हुन्छन् भने त्यसमा उनीहरूको अलिकति पनि कर्तृत्व वृद्धि हुँदैन ।** [२४०]

**कर्मयोग तात्कालिक फल हो चित्तको शुद्धि**[२४१] भनी पदविचलन गरिएको यस वाक्यमा चित्तको शुद्धिलाई विशेष जोड दिइएको छ ।

सरल, सुबोध, सरस, सहज प्रस्तुति रहेको यस निबन्धमा आगन्तुक शब्दको प्रयोग छैन । उखान र टुक्काले यस निबन्धलाई सजाउनु पर्ने परिस्थिति यस निबन्धमा आएको छैन ।

२४०. ऐजन, पृ. १११ ।

२४१. ऐजन, पृ. १११ ।

### ४.६७ आफूभित्र आफूलाई खोज्दा

**हाम्रा शास्त्रहरूले आत्माको खोज गर्नुपर्छ** भन्ने एक प्रसङ्ग यस निबन्धमा आएकोले यसको **विषय** आफू वा आत्मा हो । आत्मा खोजिएको विषय होइन तर यसको अभिन्नताका बोध नभएकाहरूका लागि आफ्नै खोजी गर्नु बुद्धिमानी हुने कुरा यसमा छ । वैज्ञानिक खोजले आत्यन्तिक सुख नदिने तर हाम्रा पूर्वजले आफ्नो खोजी गरेकोले आफैँभित्र आनन्द र शान्ति पाएको विचार यसमा प्रस्तुत छ । संसारी वस्तु खोजी गर्नु निरर्थक हो भन्ने विचार दिँदै यस निबन्धमा आफूलाई खोज्ने हो भने कहाँ कसरी खोज्ने जिज्ञासा आउनेतर्फ सङ्केत गर्दै आफू व्यापक, शुद्ध, निर्गुण, निर्विकार आदि भएकोले आफूभित्रै खोज्नुपर्ने समाधानको उपाय पनि बताइएको छ । वेदान्तअनुसार आफूलाई खोज्नु भनेको आत्मानुसन्धान, ब्रह्म जिज्ञासा, मुमुक्षा, आत्मचिन्तन, तत्त्वविचार आदि हो भनेको प्रसङ्ग दिँदै आफू भनेको साराको प्रकाशक ब्रह्मवस्तु नै हो भनी निष्कर्ष निकालिएको छ । यसरी आफूलाई कसरी खोज्ने, आफूलाई कसरी प्राप्त गर्ने जस्ता जिज्ञासाको समाधान गर्ने काम यस निबन्धमा भएको छ ।

संसारी मानिसले संसारी पदार्थादि खोजे पाइने विश्वास गरेझैँ हाम्रा शास्त्रले आत्माको खोजी गरे अवश्य पाइन्छ भनेको बुझाउनु यसको **उद्देश्य** हो । आत्मा आफू नै भए पनि अभिन्नताका बोध नभएकालाई आफूलाई खोजाउनु यसको प्रयोजन हो । जगत्का पदपदार्थादिले तृप्ति नहुने तर आत्मबोधले सन्तुष्टि मिल्ने दृष्टिकोण यसमा छ । आफूभित्र नै आफू वा आत्मा रहेको छ भनी यसले सन्देश दिएको छ ।

आफूलाई बुझाउन वेदान्त नै बुझ्नुपर्छ । वेदान्तदर्शनका आधारमा यसको पुष्ट्याइँ गर्नु निबन्धकारको अभीष्ट देखिन्छ । भावगत हिसाबले संयत **शैली** अपनाई क्रमिकरूपले यस निबन्धको प्रस्तुति भएको छ । निबन्धमा समस्त शैलीको वाक्य गठन पनि पाइन्छ । जस्तो : **आजसम्मका इतिहासमा संसारी मानिसमा मलाई पुग्यो, अब चाहिँदैन भन्ने एक जनासम्म पनि फेला परेको छैन भने संसारी वस्तुको खोज गर्नु निरर्थक सिद्ध भइसकेको छ ।** [२४२]

निबन्धकारले अन्यमा झैँ यसमा पनि सामान्य पदविचलन गरी भनाइलाई स्पष्ट पार्ने काम गरेका छन् । जस्तो :

**यद्यपि हाम्रा शास्त्रहरू खोज गर्नुपर्छ भन्छन् केवल आत्माको ।** [२४३]

उखान, टुक्का र आगन्तुक शब्दको प्रयोग यो निबन्धमा भएको छैन । सरस, सरल, सहज, सुबोध प्रस्तुतिमा बगेको यो निबन्ध संयत हो ।

### ४.६८ जगत् कहाँ छ ?

प्रश्नात्मक यस निबन्धको **विषय** जगत् हो । जगत् के हो र यसको अनुसन्धानको उपाय एवं ज्ञानको आधार खोजी गर्ने कार्य यस निबन्धमा भएको छ । वेदान्तदर्शनले पारमार्थिक सत्तामा जगत्को अस्तित्वलाई नस्विकारेकोले संसारका यावत् कुरा के हुन् भन्ने जिज्ञासालाई शान्त पार्न जगत् भ्रम वा मनको भूल हो भनिएको छ । जगत्को सन्दर्भमा वेदान्तमा उल्लेख व्यावहारिक सत्ता, प्रतिभासिक सत्ता र पारमार्थिक सत्ताको प्रसङ्ग प्रस्तुत गरिएको छ । सूर्य चन्द्रको अनुभव सबैका लागि करीब-करीब उस्तै छ त्यो व्यावहारिक सत्य, मरुभूमिमा पानी देखिनु प्रतिभासिक सत्य र कहिल्यै नहराउने, एकनाश रहने चाहिँ पारमार्थिक सत्य हो भन्दै आफू वा ब्रह्मको मात्र स्वीकृति जनाउने वाद अजातवाद हो भनी चिनाइएको । वेदान्तको सार

२४२. ऐजन, पृ. ११३ ।

२४३. ऐजन, पृ. ११३ ।

र सर्वस्व नै पारमार्थिक सत्ता र अजातवादमा आधारित रहेकोले यसमा आफ्नो कल्याण चाहनेले जगत् हराई आफूमात्रको अनुभव गर्नुपर्ने निष्कर्ष पेश गरिएको छ ।

जगत्को मिथ्यारूप पुष्टि गर्नु यस निबन्धको **उद्देश्य** हो । व्यवहारमा देखिने भ्रमहरूको उदाहरण दिई जगत् त्यस्तै भएको देखाउनु यसको प्रयोजन हो । जगत् एकै प्रकारको रहेको अनुभव कसैले नगरेको शाश्वतता यसको दृष्टिकोण हो । प्रतिभासिक सत्यलाई होइन पारमार्थिक सत्यलाई बुझ्नुपर्ने सन्देश यसको हो ।

जगत्को स्थान तोक्न **शैली**गत हिसाबले संयत यो निबन्ध पूर्वीयदर्शनमै आधारित छ । आवश्यकतालाई ख्याल गरी समस्त वाक्यको गठन यसमा प्रयोग भएको छ । जस्तो : **मरुभूमिमा पानीको भान भयो भन्दैमा पानीको सत्यता स्वीकार गर्नु जत्तिको निरर्थक हुन्छ त्यस्तै देखियो भन्दैमा जगत्को अस्तित्व स्वीकार्नु त्यत्तिकै केटाकटीपन हुन जान्छ ।** [२४४]

प्रत्येक निबन्धमा भएका वा हुन सक्ने विभिन्न आधारमा पदविचलन पनि एक हो । यसमा पनि भनाइलाई विशेषरूपले जोड दिन पदविचलन भएको छ । जस्तो :
**सूर्य चन्द्र आदिको जुन अनुभव सबैका लागि करिबकरिब उस्तै छ, त्यो हो व्यावहारिक सत्य ।** [२४५]

तत्सम, तद्भव र मौलिक शब्दमा लेख्ने निबन्धकारले यसमा आगन्तुक शब्द प्रयोग गरेका छैनन् । उखान, टुक्काको अनिवार्यता नठानिएको यस निबन्धमा सरस, सरल, सहज एवं क्रमिक प्रस्तुति रहेको छ ।

### ४.६९ मृत्युलाई जित्ने उपाय

प्रस्तुत निबन्धको **विषय** मृत्यु हो । मृत्यु भयबाट मुक्त भई वेदान्त दर्शनले सुस्पष्ट पारेको मार्ग अवलम्बन गराउने यस निबन्धको जमर्को देखिन्छ । मृत्यु अवश्यम्भावी भएको र यसबाट बच्ने उपाय खोज्नु बुद्धिमानी हुनेतर्फ इङ्गित गर्दै नाशवान् कुरा साँचो माने मृत्यु अनि अविनाशी आत्मवस्तु नै मेरो पारमार्थिक स्वरूप हो भनी निर्णय गर्न सके अमरता हो भनिएको छ । आफू वा आत्मालाई नचिनेर सांसारिक कुरामा नभुल्न आग्रह गरी लेखिएको यस निबन्धमा शरीर, मन, धन, मान, सुखदुःख आदिको मृत्यु भए पनि **म**चाहिँ जस्ताको त्यस्तै रहने भाव लिन भनिएको छ । जुनसुकै प्रपञ्चबाट पनि मृत्युलाई जित्न नसकिने भएकोले आफूलाई परिपूर्ण ब्रह्मवस्तु भनेर निश्चय गरी मृत्युबाट बच्ने र मृत्युञ्जय बन्ने कुरा यसमा छ ।

जन्मने तर मृत्युलाई भुलेकालाई मृत्युबोध गराउनु यसको **उद्देश्य** हो । आत्मवस्तु नै परमार्थिक स्वरूप हो भनी निर्णय गराई शरीरादि मरे पनि आफू अमर होइन्छ भन्नु यसको प्रयोजन हो । आत्माले जन्म मृत्युलाई सिद्ध गरेर सदा एकानास बस्ने दृष्टिकोण यसमा छ । अज्ञानरूपी मृत्युलाई जिती परम पुरुषार्थ कमाउनुपर्छ भन्ने सन्देश यसको छ ।

सरस, सरल, सहज एवं क्रमिक प्रस्तुति रहेको यस निबन्धमा संयत **शैली**को प्रयोग छ । सरल भाषाको प्रयोग भए पनि समस्त शैली झल्काउने वाक्य गठन पनि छ । जस्तो :
**अविनाशी आत्मवस्तु नै मेरो पारमार्थिक स्वरूप हो भनी निर्णय गरेको छ भने मर्ने शरीरादिको सङ्घात मरे पनि आफू अमर नै हुन्छ ।** [२४६]

---

२४४. ऐजन, पृ. ११५ ।
२४५. ऐजन, पृ. ११५ ।
२४६. ऐजन, पृ. ११७ ।

मोक्ष वा अमरतालाई विशेष प्रस्तुति गर्न तलको वाक्यमा पदविचलन गरिएको छ जसले साहित्यिक शैलीलाई चिनाउँछ :

**छोटकरीमा भन्ने हो भने अज्ञान, अविद्या, अध्यास, भूल नै हो मृत्यु अनि ज्ञान, विद्या, आफूले आफूलाई नै जान्नु नै हो अमरता किंवा मोक्ष ।** [२४७]

आकारगत हिसाबले सानो यो रचना आगन्तुक शब्दविना नै तत्सम र तद्भव शब्दको प्रयोगबाट सजिएको छ । उखान र टुक्काको समेत प्रयोग यसमा छैन् । सरल र सुबोध यो निबन्धको भाषिक विशेषता हो ।

## ४.७० ईश्वर कसरी चिन्ने ?

ईश्वर प्राप्ति वा पहिचानमा निबन्धकारको रुचि छर्लङ्ग भएको यस निबन्धको **विषय** ईश्वर नै हो । यो शरीर इन्द्रियादिलाई चिन्न गाह्रो होला तर ईश्वर चिन्न सजिलो भएको रोचक प्रसङ्ग प्रस्तुत गर्दै यो निबन्धको उठान भएको छ । ईश्वर चिन्नलाई सर्वप्रथम ईश्वर छ भनेर स्वीकार गर्नुपर्ने कुरा यसमा आएको छ । ईश्वर छ भन्नेले विभिन्न रूपले ईश्वरको अस्तित्व स्वीकार गर्छन तर ठयाक्कै भन्न सक्दैनन् भन्ने लेखकको धारणा छ । वेदान्तदर्शनचाहिँ ईश्वर यहीँ वा आफूसँगै छ भन्ने मत राख्ने भएकोले लेखकले आफूभित्रको ईश्वर चिनाउन खोजेका छन् । वेदको महावाक्य अहं ब्रह्मास्मिले आफूलाई नै ईश्वर मानेको र यसको खण्डन गर्न कसैले नसकेको प्रस्तुति दिँदै नास्तिकले पनि आफूलाई अस्वीकार नगर्ने भएकोले सबैले ईश्वरलाई मान्ने प्रमाण दिइएको छ । ईश्वर चिन्ने सन्दर्भमा लेखकले 'म शरीर हैन, म मन हैन, म बुद्धि हैन, म मोटो, दुब्लो, धनी, गरीब, विद्वान, मूर्ख हैन, म जन्मने, मर्ने हैन, म घट्ने, बढ्ने हैन, म त शुद्ध, अविकारी अद्वैत आत्मरूप, ईश्वररूप सच्चिदानन्द वस्तु हुँ भन्ने निर्णय भए ईश्वर साक्षात्कार हुन्छ' भनेर आफूबाट अभिन्न ईश्वरलाई चिनाइ दिएका छन् । शरीरदेखि अहङ्कारसम्मलाई छोडेर सत्य आफूलाई स्वीकार गरे सधैँ ईश्वर-दर्शन गर्न सकिने ज्ञान उदाहरणसहित प्रस्तुत समेत गरिएको छ ।

ईश्वरलाई जहाँ, जहिले र जसरी पनि साक्षात्कार गर्न सकिन्छ भन्ने **उद्देश्य** यसको छ । ईश्वर आफूसँगै छ आफू ईश्वर हो भन्नु यस निबन्धको प्रयोजन हो । आफूलाई चिन्न आफू शरीरादि नभएर आत्मरूप हुँ भन्नुपर्ने दृष्टिकोण यसमा छ । ईश्वर चिन्नु फूल मिच्नुभन्दा पनि सहज भएको दृष्टान्त दिई ईश्वरको मार्ग अवलम्बन गर्नुपर्ने सन्देश यसमा छ ।

भावगत हिसाबले यो निबन्ध सरल वा संयत **शैली**मा लेखिएको छ । आकारगत हिसाबले सानो यस निबन्धको प्रस्तुति सरल, सरस, सुबोध र सहज छ । वर्णनात्मक यस निबन्धमा विश्लेषणका क्रममा समस्त शैलीका वाक्य पनि छन् । जस्तो :-

**नभएको कुरो जतिसुकै प्रयत्न र प्रयास, तपस्या र त्याग गरे पनि कदापि पाइँदैन, पाइहाले तापनि एक छिन रहन्छ अनि हराइहाल्छ ।** [२४८]

अन्य निबन्धमा केही पदविचलन भए पनि यसमा एक मात्र त्यस्तो छ । त्यो हो :

**हो, त्यही आफू हो ईश्वर ।** [२४९]

उखान टुक्का र आगन्तुक शब्द नभएको यो निबन्धको भाषा ज्यादै सरल छ ।

---

२४७. ऐजन, पृ. ११७ ।

२४८. ऐजन, पृ. ११८ ।

२४९. ऐजन, पृ. ११८ ।

### ४.७१ जीवनको सर्वोच्च लक्ष्यः जीवनमुक्ति

प्रस्तुत निबन्धको **विषय** जीवनको लक्ष्य हो । सनातन धर्म र वैदिक दर्शनले धर्म, अर्थ, काम र मोक्षलाई चार पुरुषार्थ मानेको प्रसङ्ग ल्याउँदै तिनमा अर्थ र काम प्रारब्धको नियमअनुकूलको संयोगमात्र भएको कुरा यसमा छ । धर्म यहीँ गर्नुपर्ने र धर्मको उद्देश्य मोक्षप्राप्ति हुनुपर्ने भाव प्रस्तुत गर्दै मोक्ष भनेको कुनै प्रकारको चिन्ता नहुने स्थिति भनी चिनाइएको छ । वेदान्त-दर्शन हितकारी सन्देश दिने माध्यम भएको आधार देखाउँदै काम गर्दा पनि निर्लिप्त, निष्काम भावले गरे कर्तालाई पटक्कै विकारी बनाउन सक्दैन भनिएको छ । मानवीय जीवनका यी चार पुरुषार्थमा अर्थ र काम महत्त्वपूर्ण प्राप्ति नभएर जीवनको सर्वोच्च प्राप्ति मोक्ष भएको कुरा विशेष जोड दिँदै यो कहिले वियोग नहुने हो भनिएको छ । अतः मोक्षमा पुग्न धर्म गर्नुपर्ने भाव दिइएको यस निबन्धमा जीवनमुक्तिको अर्को नाम मोक्ष हो भन्दै सार्थक जीवनको चिनारी दिई त्यसको उपयोग र महत्त्वमाथि प्रकाश पारिएको छ ।

मानवीय जीवनको सर्वोच्च लक्ष्य चिनाउनु र त्यसको महत्त्व झल्काउनु यस निबन्धको **उद्देश्य** हो । वर्तमान संसारले नाशवान् पदार्थको आविष्कार गरेको तर वैदिक ऋषि मनीषिले अविनाशी ब्रह्मज्ञान बटुलेको बुझाउनु यसको प्रयोजन हो । कर्म गर्दा ज्ञानी र जीवनमुक्त भएर गर्नुपर्छ भन्ने दृष्टिकोण यसमा छ । मोक्ष यही जन्मको फल भएकोले त्यसलाई प्राप्त गर्नुपर्छ भन्ने सन्देश यसमा छ ।

वेदान्तदर्शनले तोकेको जीवनमुक्तिलाई निबन्धकारले यसमा सरल **शैली**मा प्रस्तुत गरेका छन् । भाषिक हिसाबले वा निबन्धको सिद्धान्तले समस्त ठानेको वाक्यगठन यसमा भएको छ । जस्तो :

**धनसम्पत्ति, शिक्षापरीक्षा, घरजग्गा, मानमर्यादा, शक्तिसामर्थ्य आदि आदि आफ्नो पूर्व-पूर्व जन्मका कर्मबाट प्राप्त हुन्छन् भने मोक्षचाहिँ यही जन्ममा गरिएको धर्मको फल हो ।**[२५०]

भाषिक मिठास र भनाइ स्पष्ट पार्न यसमा पदविचलन पनि भएको छ । जस्तो :

**मोक्ष हो कुनै प्रकारको पनि चिन्ता नहुने स्थिति ।** [२५१]

सरल, सरस, सहज र सुबोध प्रस्तुति रहेको यस निबन्धमा तत्सम र तद्भव शब्दको प्रचुरता छ । उखान र टुक्का नभएको यस निबन्धमा आगन्तुक शब्द पनि छैन ।

### ४.७२ परमात्मा पाउने उपाय

परमात्माको स्वरूप र प्राप्तिको आधार प्रस्तुत गर्ने यस निबन्धको **विषय** परमात्मा हो । मनभन्दा पनि सूक्ष्म, वाणीले नभेट्टाइने वस्तु नै परमात्मा हो भनी रहस्य खोतल्दै आफूतिर फर्के परमात्मा मात्र हो र जगत्‌तिर फर्के माया मात्र हो भनी स्पष्ट पारिएको यस निबन्धमा संसारका यावत कुरा मान्नुमा मात्र रहेको तर यथार्थमा नभएको भनिएको छ । वेदान्तदर्शनको मूल आधार नै स्रष्टाको रचना भएकोले यहाँ परमात्मालाई भेट्टाउने उपाय कर्म, भक्ति र ज्ञानको प्रसङ्ग ल्याइएको छ । कर्म र भक्ति परमात्मा दर्शनका परम्परागत साधन मात्र हुन ज्ञानचाहिँ साक्षात् साधन हो । आफ्नै निजी स्वरूप हो, भिन्न होइन यसलाई सहज तरिकाले पाउन सकिने कुरा गर्दै विषय, वासनामा रहित भए मन शुद्ध हुने र परमात्माको दर्शन मिल्ने विश्वास दिलाइएको छ । चित्तलाई अचञ्चल बनाउन निष्कामनापूर्वक अनुष्ठान गरिएका कर्म र भक्तिले

२५०. ऐजन, पृ. ११९ ।
२५१. ऐजन, पृ. ११९ ।

सहयोग गर्ने अनि त्यसपछि प्राप्त ज्ञानले चित्त ब्रह्माकार बनाउने सिलसिला यस निबन्धमा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

कर्म, भक्ति र ज्ञानले परमात्मालाई भेट्न सकिने बताउनु यसको **उद्देश्य** हो । परम्परागत साधनभन्दा साक्षात् साधन ज्ञानले परमात्माको दर्शन गर्न सकिने बताउने प्रयोजन यसमा छ । चित्त मोटाउनुको सट्टा पातलिँदै जानु परमात्मा बुझ्नु हो भन्ने दृष्टिकोण यसमा छ । कर्म र भक्तिको माध्यमले ब्रह्माकार चित्तमा पुगी परमात्मा दर्शन गर्नुपर्ने सन्देश यसको छ ।

परमात्माको अस्तित्व केलाउने आधार वेदान्त दर्शनअनुसार लेखकको वक्तव्य यस निबन्धमा आएको छ । भावगत दृष्टिले संयत **शैली** प्रयोग भएको यस निबन्धमा समस्त शैलीका वाक्य पनि छन् । जस्तो :

**आफूतिर फर्के परमात्मा मात्र हो र जगत्तिर फर्के माया मात्र हो ।** [२५२]

भाषिक विशिष्टताका लागि यसमा पदविचलन स्वीकार गरिएको पाइन्छ । जस्तो : **शुद्धताको अर्थ हो अरू कुनै पनि विषय, वासना आदि रहित हुनु ।** [२५३]

तत्सम र तद्भव शब्दको प्रचुरता रहेको यस निबन्धमा आगन्तुक शब्द छैन । उखान र टुक्काको पनि यसमा प्रयोग भएको छैन । सरल, सरस र सहज भाषा रहेको यसमा क्रमिकता रहेकोले सुबोधता यसको विशेषता पनि हो ।

### ४.७३ चित्तशान्तिको उपाय

यस निबन्धको **विषय** चित्त हो । वेदवेदान्तको सार चित्त शान्तिको कारणले विश्वशान्ति हुने हो भन्नेमा छ । वेदान्तले मन, बुद्धि र चित्तलाई भिन्न ठान्छ त्यही भिन्नताको कारण यहाँ चित्तको विशेष प्रस्तुति गर्न खोजिएको छ । चित्तशान्तिको मूल अर्थ चिन्तारहित अवस्थामा पुग्नु भन्ने हो । यसैले यस निबन्धमा जगत्को बारेमा चिन्ता गर्दा त्यसलाई साँचो माने अशान्ति हात लाग्ने अनि मिथ्या मानी आत्मा र ईश्वरको सत्यत्वमा विचार गरे शान्ति मिल्ने उपाय बताइएको छ । वेदान्तको निचोड फल मानसिक शान्ति भएको अनि त्यो शान्ति निश्चिन्त मनमा हुन्छ भनी शरीर, इन्द्रिय मर्लान तर म (आफू) मर्दिन भन्ने विचारमा दृढ भए सदा सुखी बन्ने र शान्ति पाइने भनिएको छ । **म अजन्मा हुँ, ब्रह्म हुँ, सच्चिदानन्द स्वरूप हुँ** भन्ने निर्णय गर्न मार्ग निर्देशन गर्दै आत्मा विचारमा लागे विश्व मै शान्ति संस्थापन गर्न समर्थ हुन सक्नेसम्म कुरा गरिएको छ ।

चित्त एकाग्र गरी चित्तशान्ति हुने उपाय बताउनु यस निबन्धको **उद्देश्य** हो । जगत्को चिन्तनले अशान्ति मात्र मिल्छ भन्नु यसको प्रयोजन हो । मानसिक शान्ति वेदान्तको निचोड हो भन्ने दृष्टिकोण यसमा छ । म अजन्मा, ब्रह्म, सच्चिदानन्दस्वरूप हुँ भन्ने निर्णय गरी सदा शान्त र सुखी बन्न यसले सन्देश दिएको छ ।

जगत्सँग चित्तको प्रसङ्ग रहेको यो निबन्ध एक वक्तव्य हो । यसमा पूर्वीय-दर्शनको यथार्थलाई प्रस्तुत गरिएकोले यो वैचारिक निबन्ध हो । संयत **शैली**मा रचिएको यो निबन्ध समस्त शैलीका केही वाक्यमा पनि सजिएको छ । जस्तो :

**नित्य, निरन्तर नै आत्म चिन्तन भइरह्यो भने जगत् चिन्तन हुन पाउँदैन र मनमा कुनै चिन्ता आउन सक्दैन ।** [२५४]

---

२५२. ऐजन, पृ. १२० ।

२५३. ऐजन, पृ. १२० ।

२५४. ऐजन, पृ. १२१ ।

भाषिक मिठास र साहित्यिक भावका लागि पदविचलन पनि गरिएको छ। जस्तो :
**मानिसको सबभन्दा ठूलो सम्पत्ति हो विचार।** [२५५]

सरल, सरस र सहज प्रस्तुति रहेको यो निबन्ध क्रमबद्धतामा आरम्भ भई टुङ्गिएको छ। तत्सम र तद्भव लगायतका शब्द रहेको यस निबन्धमा आगन्तुक शब्द छैन। उखान र टुक्का नरहेको यो निबन्धमा भाषिक मिठास छ।

### ४.७४ विश्वासलाई केलाएर हेर्दा

निकै रोचक लाग्ने प्रस्तुत निबन्धको **विषय** विश्वास हो। सामान्यतयाः आस्था, निष्ठा जस्ता शब्दले पर्यायको काम गर्ने यस शब्दको आशय पक्का पक्की र निश्चय हुनु, पत्यार र शङ्कारहित हुनु नै विश्वास हो भनी यहाँ प्रस्तुत गरिएको छ। मान्छे समय, परिस्थिति, देश, वस्तुअनुसार कहिले आफैँमा शङ्का गर्ने र तुच्छ जडवस्तुलाई चाहिँ विश्वास गर्ने अनौठो उदाहरण प्रस्तुत गर्दै त्यसको निराकरणको उपाय बताइएको छ। वेदान्तमार्गीहरू सांसारिक पदपदार्थादिमा विश्वास नराखी नित्य र सुखदायी वस्तुमा विश्वास गर्छन् भन्ने भाव प्रस्तुत गरी विश्वासको लक्ष्य केमा हुनुपर्छ भनी मार्गनिर्देश गरिएको छ। 'जो, जस्तो भावना गर्छ, पत्यार गर्छ, विश्वास गर्छ त्यो, त्यस्तै नै हुन्छ' भन्ने दृष्टान्त दिँदै **म सुखी छु, म मुक्त छु** भन्ने निर्णय र विश्वास अकाट्य हुने निष्कर्ष प्रस्तुत गरिएको छ। शास्त्र, सज्जन र अनुभवबाट निर्णय हुने कुरा सत्य हुने भएकोले हाम्रो विश्वास संसारको मोहमा नभएर आफू अथवा ब्रह्मवस्तुमा हुनुपर्ने कुरामा जोड दिइएको छ।

विश्वासको चिरफार गरी वेदान्ती निर्णयमा पुऱ्याउनु यस निबन्धको **उद्देश्य** हो। पदपदार्थादिमा विश्वास नगरी नित्य, सत्य, स्थायी र सुखदायी वस्तुमा विश्वास जगाउनु यसको प्रयोजन हो। भावना, पत्यार, विश्वासका आधारमा व्यक्ति त्यस्तै हुने दृष्टिकोण यसमा छ। वेदान्तदर्शनले संसार मिथ्या र आफू जो हो त्यही मात्र हो भनी निश्चय गराएकोले भवरोगबाट मुक्ति पाउन यही विश्वास गर्नुपर्ने सन्देश यसको छ।

वेदान्तदर्शनका अध्येता, प्रयोक्ता एवं साधक निबन्धकारको यो निबन्ध वैचारिक हो। विश्लेषणात्मक निबन्ध भए पनि संयत **शैली** यसमा प्रयोग छ। भाषिकता र साहित्यिकता मिलाउन समस्त शैलीका वाक्य पनि यसमा छन्। जस्तो :
**केटाकेटी बेलामा जुन कुरामा विश्वास गरिन्थ्यो उमेर पुगेपछि अथवा विचार छिप्पिएपछि त्यसमा विश्वास गरिँदैन।** [२५६]

भाषिक मिठास र साहित्यिक पुटका लागि यसमा पदविचलन गरिएको छ। जस्तो :
**वेदान्तको रस पाइसकेपछि संसारको रस घट्दै जान्छ र विश्वास हुन्छ आत्मामा।** [२५७]

तत्सम र तद्भव शब्दको पूरापूर प्रयोग भएको यो निबन्ध सरस, सरल, सहज र सुबोध छ। उखान-टुक्काको प्रयोग स्वीकार नगरिएको यो निबन्ध भाषिक हिसाबले उच्च छ।

### ४.७५ ईश्वर दर्शन

प्रस्तुत निबन्धको **विषय** ईश्वर हो। यस सङ्ग्रहमा रहेको **ईश्वरः एक चिन्तन** (शीर्षक-२७), **ईश्वर कसरी चिन्ने ?** (शीर्षक-६९) र **परमात्मा पाउने उपाय** (शीर्षक-७१) मा पनि ईश्वरको

२५५. ऐजन, पृ. १२१।
२५६. ऐजन, पृ. १२३।
२५७. ऐजन, पृ. १२३।

प्रसङ्ग आइसकेको छ । यस शीर्षकले पनि ईश्वर प्राप्ति वा साक्षात्कारको माध्यम वा उपाय नै बताउन खोजेको हो । **भक्त शिरोमणि प्रह्लादका नारायण जहाँ पनि हुनुहुन्थ्यो । हुँदा, हुँदा फटिकको खम्बाबाट प्रकट भएर आफ्ना अत्यन्त प्यारा भक्तका वचनलाई, दृढतालाई, अटल भक्तिलाई साकार रूपमा परिणत गरिदिनु भयो भगवान् नारायणले** भन्ने वाक्यले यस निबन्धको शीर्षकलाई पुष्टि गर्न हाम्रा मोक्षपरक शास्त्रको उदाहरण प्रस्तुत गरेको छ । भक्तहरूले ईश्वरलाई जहाँ पनि दर्शन पाउने र जहाँ भक्त त्यहाँ भगवान हुने रोचक गहन एवं यथार्थ प्रस्तुत गर्दै भक्ति मार्गबाट ईश्वर पाउन सकिने कुरा यसमा आएको छ । ईश्वरभन्दा भिन्न कुनै वस्तु नभएको अनि भक्तिदाता ज्ञानप्रदाता ईश्वर हुन भनिएको छ । चित्त पुग्ने वा नपुग्ने ठाउँमा पनि ईश्वर भएको विवरण दिँदै जुन रूपमा पनि प्रकट हुन सक्ने विश्वास दिलाइएको छ । अनासक्त भक्तहरू आफ्नै हृदयमा परब्रह्म परमेश्वरको नित्य, निरन्तर दर्शन गर्ने र त्यो हृदयचाहिँ शुद्ध आत्मा हुनुपर्ने कुरा यसमा छ । गीताको ईश्वर सम्बन्धी श्लोकहरू उदाहरणार्थ प्रस्तुत गर्दै रचिएको यस निबन्धले ईश्वर वास्तवमा आफ्नै स्वरूप हुन भनी वेदान्तदर्शनको सार वा सर्वस्वमा पुऱ्याएको छ ।

ईश्वर भक्तले दर्शन गर्न चाहेको ठाउँमा प्रकट हुने कुरा गर्दै भक्ति नै ईश्वरको मार्ग रहेको बुझाउनु यसको **उद्देश्य** हो । ईश्वर आफूबाट भिन्न नभएको बुझाउनु यसको प्रयोजन हो । आफूबाट अभिन्न वस्तु ईश्वर नै भक्तिदाता, ज्ञानप्रदाता हुन भन्ने दृष्टिकोण यसमा छ । शुद्ध आत्मा भएका भक्तहरूको हृदय नै ईश्वर रहने ठाउँ भएकोले आत्माको शुद्धतामा लाग्ने सन्देश दिइएको छ ।

ईश्वरको साक्षात्कार उपाय बताउन वेदान्तको आधार लिनैपर्छ । यसैले यो निबन्ध वैचारिक हो । यसमा लेखकको वक्तव्य पाइन्छ । **शैली**का आधारमा यो निबन्ध संयत शैलीको हो तापनि यसमा समस्त शैलीका वाक्य पनि प्रयोग भएका छन् । जस्तो :

**भक्तका पनि भक्त भगवान जहाँ, जहाँ भक्तले दर्शन गर्न चाहन्छन् त्यहीँ त्यहीँ प्रकट हुनुहुन्छ र दर्शन दिनुहुन्छ ।** [२५८]

पदविचलन लेखकीय स्वभाव र साहित्यिक सुन्दरता हो । त्यसका लागि यस निबन्धमा पनि त्यस्तो गरिएको छ । जस्तो :

**हुँदा हुँदा भक्तिदाता, ज्ञानप्रदाता सारा हुनुहुन्छ ईश्वर ।** [२५९]

सरल, सरस र सुबोध प्रस्तुति रहेको यस निबन्धमा तत्सम र तद्भव शब्दलाई ग्राह्यता दिइएको छ । आगन्तुक शब्द नरहेको यस निबन्धमा उखान र टुक्का पनि छैन । क्रमिक प्रस्तुतिले निबन्ध अझै रोचक भएको छ ।

### ४.७६ अभिमानको त्याग

**संसारमा फसाउने अत्यन्त डरलाग्दो शत्रु हो अभिमान** भनी सुरु गरिएको यस निबन्धको **विषय** हो अभिमान । सांसारिकलाई सौन्दर्य, सीप, यौवन आदिको अनि जोगी सन्यासीलाई योग र ज्ञानको समेत अभिमान हुने उदाहरण दिँदै सबैको उद्देश्य निरभिमानी हुनुपर्ने कुरामा जोड दिइएको छ । अभिमानलाई जितेर विनयी बन्नु सज्जनताको प्रतीक भएको र यस संसारमा अभिमान गर्न लायकको कुरा केही पनि नभएको ठोकुवा गरिएको छ । ती कुराले अभिमानीलाई शान्ति र सुख नहुने कुरा बताइएको छ । वेदान्तदर्शनले जीवनको सर्वोच्च प्राप्ति ज्ञान मानेको

२५८. ऐजन, पृ. १२५ ।
२५९. ऐजन, पृ. १२६ ।

प्रसङ्ग दिँदै त्यसमा पनि अभिमान गर्न नहुने कुरा शास्त्रमा स्पष्ट बताइएको छ भनी अभिमान मिथ्या भएको सावित गराइएको छ । हामीले आफ्नो कल्याणका लागि अभिमान नत्यागी नहुने भएकोले शरीर आदिको समेत अभिमान गर्न छाडे ज्ञानी बनिने र मुक्तिको अधिकारी होइने शाश्वत प्रसङ्ग यसमा ल्याइएको छ ।

अभिमान आत्मानुभवको बाधक भएको बुझाउनु यस निबन्धको **उद्देश्य** हो । अभिमानको निरन्तर कटौतीबाट आत्मानुभव हुँदै ईश्वर भेटिन्छ भन्नु यसको प्रयोजन हो । अभिमानको सन्दर्भमा ज्ञानीले ज्ञानको समेत अभिमान गर्न नहुने दृष्टिकोण यसमा छ । आफूलाई निरभिमानी बनाउँदै समाजमा अटाउन र युगमा बाँच्न यसले सन्देश दिएको छ ।

पूर्वीय वेदान्त दर्शनमा आधारित यो निबन्ध वैचारिक हो यसमा संयत **शैली** अपनाइएको छ । वर्णनको क्रममा यो निबन्धमा समस्त शैलीका वाक्य गठन भएका छन् । जस्तो :-

**यसरी क्रमशः आफूलाई निरभिमानी बनाउँदै लगेका खण्डमा आफू जुन समाजमा पनि अटाउन सकिन्छ, जुन युगमा पनि बाँचिन्छ ।** [२६०]

पदका कुनै कोटीलाई विशेष रूपमा प्रस्तुत गर्न वा चिनाउन यसमा पनि पदविचलन भएका छन् । जस्तो :

**यस्तै हो जगत्‌को स्वभाव ।** [२६१]

आगन्तुक शब्द नरहेको तर तत्सम र तद्भव शब्दले सिँगारिएको यस निबन्धमा सरलता, सरसता, सहजता र सुबोधता पाइन्छ । उखान र टुक्का समेत नरहेको यो निबन्धमा क्रमिक प्रस्तुति रहेको छ ।

### ४.७७ उत्तम शिष्यको लक्षण

शीर्षक अनुसार यस निबन्धको **विषय** शिष्य रहेको छ । उत्तम शिष्य बन्ने उपाय बताउन यस निबन्धको रचना भएको देखिन्छ । **चित्त नै अशुद्ध भए गुरुले दिएको ब्रह्मज्ञान विषयक उपदेश पस्दैन, पसे पनि बस्दैन बसे पनि टिक्दैन** भन्ने भनाइ प्रस्तुत गरिएको छ । अन्तःकरणमा रहेका अनेक प्रकारका वासना, इच्छा, आसक्ति आदि पुछ्नु चित्तशुद्धि हो भन्दै योग्य शिष्यमा गणना त्यसपछि मात्र हुन सकिन्छ भनिएको छ । शिष्यले श्रोत्रिय, ब्रह्मनिष्ठ गुरुकहाँ गएर आत्माका विषयमा सुन्नुपर्ने, सुनेको कुरा मनन् गर्नुपर्ने र मनन् गरेपछि निदिध्यासन गर्नुपर्ने मार्ग देखाइएको यस निबन्धमा चित्त अचञ्चल बनाउनमा सदा प्रयत्नरत रहन पनि भनेको छ । उत्तम शिष्य भए गुरुको महावाक्य सुनी मुक्ति पाइने यथार्थ प्रस्तुत गर्दै उत्तम शिष्य विषय वासनारहित हुनुपर्ने कुरामा विशेष जोड छ ।

शिष्यको परिचय र उसको लक्षण बताउनु यस निबन्धको **उद्देश्य** हो । उत्तम शिष्यका लागि चित्तशुद्धि प्रमुख रहेको बताउनु यसको प्रयोजन हो । योग्य शिष्य ठहरिन चित्त नचलाई रागद्वेष मिल्काउन पर्ने दृष्टिकोण यसमा छ । कर्मभक्तिद्वारा चित्तशुद्ध बनाएर ब्रह्मात्मबोधमा लालायित हुन सबै शिष्यलाई यसमा सन्देश दिइएको छ ।

सम्भवतः सबभन्दा लघु यो निबन्ध एक वक्तव्य हो । यसमा लेखकले आफ्ना ज्ञान र अनुभवलाई पूर्वीय दर्शनका आधारमा केलाएका छन् । यसमा संयत **शैली**कै प्रयोग भएको छ । भावगत रूपमा सरल यो निबन्धमा समस्त **शैली**का वाक्य पनि छन् । जस्तो :-

**जस्तो ऐनामा लागेको मयल पुछेपछि मात्र आफ्नो अनुहार सफासँग छर्लङ्ग देखिन्छ । मयल**

---

२६०. ऐजन, पृ. १२८ ।

२६१. ऐजन, पृ. १२८ ।

**छउन्जेल अनुहार सफा देखिँदैन ।** [२६२]

शब्दलाई विशेषरूपमा प्रस्तुत गर्न यस निबन्धमा पदक्रमको विचलन गरिएको छ । जस्तो :-

**तीमध्ये सबभन्दा प्रमुख हो चित्तशुद्धि ।** [२६३]

सरल, सरस, सहज र सुबोध भाषशैली प्रयोग भएको यो निबन्धमा तत्सम र तद्भव शब्द छन् । उखान र टुक्काको प्रयोग नभएको यो निबन्ध क्रमिकरूपले प्रस्तुत भएको छ ।

### ४.७८ जीवनलाई सुखी बनाउने उपाय

सुख प्रस्तुत निबन्धको मूल **विषय** नै हो । यसमा सुख जीवनको प्रसङ्गमा विशेषता जाहेर गर्न आएको छ । मनको शुद्धिले जीवन सुखी, शान्त र आनन्दी बनाउन सकिने विचारबाट सुरु गरिएको यस निबन्धमा शुद्ध मनमा परमात्मा, परब्रह्म परमेश्वर प्रतिबिम्बित हुने कुरा गरिएको छ । जीवन सुखी र दुःखी बनाउने कुरा हाम्रै हातमा भएको प्रसङ्ग जोड्दै पदपदार्थदिमा आसक्ति भए दुःख र जगत् मिथ्या भन्ने वेदको मन्त्रमा दृढता भए सुख हुने कुरा पनि गरिएको छ । चित्तको शुद्धिको सामान्य अर्थ परमात्मामा सदाकाल लागिरहनु हो र यो नै सरल पनि विशेष पनि उपाय भएको भनिएको यस निबन्धमा संसार सपना रहेछ भन्ने ज्ञान बटुल्दै गए सुखतिर लम्कन सकिन्छ भनिएको छ । हाम्रा पूर्वीय दर्शनका आधार लिएर लेखकको अनुभूति प्रस्तुत गरिएको यस निबन्धले शास्त्रले देखाएको मार्ग अवलम्बन गरी सदा सुखी र शान्त मन बनाउन प्रेरणा जगाउँदै आफू नै ब्रह्म हो भन्ने निष्कर्षमा पुग्ने मार्ग देखाएको छ ।

जीवनको सुखलाई मूल विषय बनाएको यस निबन्धको **उद्देश्य** त्यसको उपाय बताउनु हो । जीवनलाई सुखी र दुःखी बनाउने हाम्रै हातमा रहेको रहस्य खुलाउनु यसको प्रयोजन हो । कर्म, भक्ति र ज्ञानका माध्यमले चित्तशुद्ध गरी जीवन सुखी बनाउन सकिने पूर्वीय दृष्टिकोण यसमा छ । पवित्र जीवनलाई सुखी बनाउन वेदान्तको मार्ग अँगाल्नु पर्ने सन्देश यसको हो ।

आकारगत हिसाबले दुई पृष्ठको यो निबन्ध भावगत दृष्टिले संयत **शैली**मा रचिएको छ । क्रमिक प्रस्तुतिले सिँगारिएको यो निबन्धमा समस्त शैलीका वाक्य गठन पनि छन् । जस्तो :

**जसका मनमा चिन्ता छ, भोगवासना छ, अशान्ति छ त्यसका लागि सारा संसारमा आगो लागेको जस्तो भान हुन्छ ।** [२६४]

ज्ञान शब्दलाई विशेषरूपमा प्रस्तुत गर्न एउटा पदक्रम विचलन यस्तो छ :

**अब मनलाई शुद्ध गर्ने तेस्रो र अन्तिम उपाय हो ज्ञान ।** [२६५]

तत्सम, तद्भव र नेपाली मौलिक शब्दहरूले तयार पारिएको यस निबन्धमा आगन्तुक शब्द छैन । उखान र टुक्का नभएको तर सरल, सरस, सुबोध र सहज भएको यो निबन्ध रुचिकर छ ।

### ४.७९ आनन्द बाहिर छैन

यस कृतिको शीर्षक १७ को **आनन्द र यसको स्वरूप** तथा ४० को **आनन्द हो आफ्नो स्वरूप** निबन्धका **विषय** आनन्द भए झैं यसको विषय पनि आनन्द हो । यहाँ आनन्दको स्थान

---

२६२. ऐजन, पृ. १२९ ।

२६३. ऐजन, पृ. १२९ ।

२६४. ऐजन, पृ. १३० ।

२६५. ऐजन, पृ. १३१ ।

चिनाउने प्रयास भने भएको छ । आनन्दको स्थान तोक्न सर्वप्रथम निबन्धकारले 'आनन्दं ब्रह्म्' भन्ने श्रुति वाक्यअनुसार आनन्द वास्तवमा आफू हो ब्रह्म हो भनी आनन्द आफूमा अन्तरनिहित रहेको कुरा बताएका छन् । आनन्द भित्रै भएकोले भित्रै हुने र भित्रैबाट निस्कन्छ भन्ने विषयमा दृढता देखिएको छ । विषयको क्षणिक आनन्दका कारण सबै आनन्दको खोजीमा रहेको कुरा व्यक्त गर्दै बाहिरबाट आउने दुःख, पिर, चिन्ता रोक्न मानिस सदा प्रयत्नशील रहनु पर्ने भनिएको छ । अध्यात्ममार्गका पथिकहरू सदा-सर्वदा आनन्दकै खोजमा हुने प्रसङ्ग दिँदै शरीर नै आत्मा हो भन्ने भावना त्यागी म त आत्मा हुँ, अखण्ड वस्तु हुँ भन्ने भावना भए आनन्द भित्रै हुने प्रमाण दिन सकिने राय यसमा छ । ईश्वर प्राप्तिको इच्छाले हामीलाई आनन्द हुने विश्वास दिलाउन त्यसलाई सुहाउँदा दृष्टान्तहरू यसमा प्रयोग भएका छन् । अखण्ड अविनाशी आनन्दको स्रोत, भण्डार, खानी आफू नै हो यस्तो ज्ञान प्राप्त गरी सबै आनन्दित होऊन भन्ने कामना यस निबन्धमा छ ।

आनन्द वास्तवमा आफू हो, ब्रह्म हो भनी बुझाउनु यसको **उद्देश्य** हो । क्षणिक आनन्द होइन नित्य आनन्द प्राप्तिमा लाग्नु पर्छ भन्ने प्रयोजनार्थ यसको रचना भएको हो । आनन्द बाहिर होइन आफूभित्र रहेको छ भन्ने दृष्टिकोण यसमा छ । सांसारिक सुखानन्दमा होइन आत्मचिन्तनमा रमाउनुपर्छ भन्ने सन्देश यसको हो ।

आकारगत हिसाबले मझौला यो निबन्ध सरल छ । भावगत दृष्टिले समस्त **शैली**मा ढालिएको यो निबन्धलाई विश्लेषण गर्ने क्रममा समस्त शैलीका वाक्य गठन गरिएको छ । जस्तो :

**आनन्दको इच्छा सबैलाई छ तर सबैले आनन्दको अनुभव गर्न पाएका छैनन्, पाए पनि क्षणिक मात्र ।** [२६६]

सामान्य पदक्रमको विचलनदेखि एउटा पदावलीलाई नै विशेषरूपले प्रस्तुत गर्न पदक्रमको विचलन गरिएको छ । जस्तो :

**यसकारण मानव प्रयत्न केमा केन्द्रित हुनुपर्छ भने बाहिरबाट आउने दुःखादि रोक्न मात्र ।** [२६७]

सरल, सरस, सुबोध र सहज भाषशैली प्रयोग भएको यस निबन्धमा आगन्तुक शब्द प्रयोग भएको छैन । लेखककले वक्तव्यलाई प्रस्तुत गर्न उखान र टुक्काको साहारा नलिई वर्णन गरेका छन् भने निबन्ध रुचिकरचाहिँ अवश्य भएको छ ।

### ४.८० ज्ञाननिष्ठा

ज्ञान र निष्ठा दुई शब्द मिली बनेको यस निबन्धको अर्थ ज्ञानप्रतिको निष्ठा हो । त्यसैले यसको **विषय** ज्ञान हो । वेदान्तदर्शनले अर्थ्याएको वा देखाएको ज्ञानको अर्थ **आफूले आफूलाई ईश्वरदेखि ब्रह्मदेखि अभिन्न हुँ भनेर स्वीकार गर्नु** हो । आफूदेखि अभिन्न वस्तु आत्मा हो, त्यही नै ब्रह्म हो भन्ने कुरामा विश्वास गर्नुलाई ज्ञाननिष्ठा भनिएको यस निबन्धले निरन्तर चित्तका वृत्तिलाई पन्छाएर आफू मात्र बस्न भनेको छ । चित्त केवल आत्मामा मात्र आकारित भएर बसेको छ र त्यसबेला चिन्ता नभए ज्ञाननिष्ठा हुने विशेष प्रस्तुति गर्दै गीताका विभिन्न श्लोकका माध्यमले भगवानले ज्ञानी भक्तलाई आफ्नै स्वरूप मान्दछन् भन्ने गहन कुरा प्रस्तुत गरिएको छ । मोक्षको तीव्र इच्छा हुने मुमुक्षु वा ज्ञानीभक्तको एकमात्र परम कर्तव्य ज्ञाननिष्ठा हुनुपर्ने कुरामा जोड दिँदै ज्ञानमा निष्ठाको महत्त्वलाई खुलस्त पारिएको छ ।

२६६. ऐजन, पृ. १३२ ।
२६७. ऐजन, पृ. १३२ ।

ज्ञाननिष्ठाको विस्तृत चर्चा गर्नु यस निबन्धको **उद्देश्य** हो । आफूले आफूलाई ईश्वरदेखि अभिन्न हुँ भनी स्वीकार गर्नुपर्छ भन्ने प्रयोजन यसको हो । ब्रह्मज्ञानका लागि ज्ञाननिष्ठा साक्षात् साधन हो भन्ने दृष्टिकोण यसमा छ । भगवद्भक्तिबाट अज्ञानको निवारण गरी ज्ञानी बन्नुपर्छ भन्ने सन्देश यसमा छ ।

आकारगत हिसाबले दुई पृष्ठको यो निबन्ध लेखकको एक वक्तव्य हो । पूर्वीयदर्शन र चिन्तनका आधारमा तयार पारिएको यो निबन्ध संयत **शैली**मै रचिएको छ । आवश्यकता अनुसार समस्त शैलीको वाक्यगठन पनि भएको छ । जस्तो :

**तर जो बलिया छन् किंवा इच्छाशक्ति प्रबल छ, तीव्र वैराग्य छ, ज्ञान निष्ठा छ, चतुर्थी भक्तिमा ढृद छन् तिनले अवश्य पनि आत्मबोध गर्दछन् ।** [२६८]

यसमा अन्यमा झैँ पदक्रमको विचलनलाई सहज ढङ्गले प्रस्तुत गरिएको छ । जस्तो :

**मुमुक्षको एक मात्र प्रयत्न हो ज्ञाननिष्ठा ।** [२६९]

उखान र टुक्का प्रयोग खुलेर नभएको यस निबन्धमा आगन्तुक शब्द पनि छैन । क्रमिक प्रस्तुति रहेको यो निबन्ध सरल, सरस, सुबोध र सहज भाषाशैलीको छ ।

### ४.८१ चित्तको प्रसन्नता

**मानव जीवनको सबभन्दा ठूलो उपलब्धि हो चित्तको प्रसन्नता** भनी सुरु गरिएको यस निबन्धको **विषय** चित्त हो । चित्तको सन्दर्भमा यस निबन्धको शीर्षक ६ को **चित्तशुद्धिको सन्दर्भमा**, शीर्षक ५८ को **देशभक्तिबाट चित्तशुद्धि** र शीर्षक ७२ को **चित्तशान्तिको उपाय**मा केही कुरा भनिएको छ । यसमा चित्त के कसरी प्रसन्न गर्न सकिन्छ भन्ने पक्षमा जोड दिइएको छ । इच्छा गरिएको कुरा पाइएमा केहीबेर चित्त प्रसन्न भए पनि यसमा सदा सर्वदा प्रसन्नताको खोज गरिएको छ । चित्त अचल भएपछि मात्र प्रसन्नता प्रकट हुने कुरा गर्दै **ज्ञानवान सदा प्रसन्न हुनुहुन्छ । उहाँ कुनै कुराको शोक गर्नुहुन्न । न त कुनै कुराको इच्छा नै गर्नुहुन्छ** भन्ने गीताको भनाइ प्रस्तुत गरेर चित्त प्रसन्न बनाउन ज्ञानी बन्नुपर्नेतिर सङ्केत गरिएको छ । **यो सारा ब्रह्म मात्र हो** भन्ने धारणामा दृढ बनी यस विश्वलाई भगवान् कै स्वरूप मानी भौतिक वस्तुमा चित्तको प्रसन्नता गाँसिएको छैन भन्न सक्नुपर्ने कुरामा जोड दिने काम भएको छ । हाम्रो चित्त बाहिरबाट कुनै वस्तु न व्यक्तिले प्रसन्न पारिदिने हुन यो त हाम्रै भित्र र हाम्रै कारणले हुने हो भन्ने ज्ञान बटुल्न सके निर्विवाद चित्त प्रसन्न हुने ठोकुवा गरिएको छ ।

चित्तको औचित्य प्रकाश पार्नु यस निबन्धको **उद्देश्य** हो । आफूलाई अविनाशी ब्रह्मवस्तु मानी चित्त प्रसन्न पार्न सकिन्छ भन्ने प्रयोजन यसमा देखिन्छ । चित्त परमात्मामा लगाउन सके यो विश्व नै रमाइलो हुने आत्मगत दृष्टिकोण यसमा छ । सम्पूर्ण प्राणीलाई आफूजस्तै ठानी विश्वलाई भगवान्को स्वरूप मान्दै चित्त प्रसन्न गराउन सकिने सन्देश यसले दिएको छ ।

समग्र निबन्ध सङ्ग्रह नै संयत शैलीमा रचिएको यो निबन्धमा पनि स्वाभाविक रूपमा त्यही छ । लेखकको वक्तव्यको रूपमा आएको यो एक विश्लेषणात्मक निबन्ध हो । यसमा पनि साहित्यगत अभिव्यक्तिका लागि समस्त **शैली**को वाक्य पनि गठन भएको छ । जस्तोः-

**साथै साँचो अर्थमा ईश्वरको भक्ति भएको छ भने त्यस्ता भक्तको चित्त कहिल्यै पनि अप्रसन्न रहँदैन ।** [२७०]

---

२६८. ऐजन, पृ. १३५ ।

२६९. ऐजन, पृ. १३४/१३५ ।

२७०. ऐजन, पृ. १३६ ।

साहित्यिक हिसाबले यसमा पनि पदक्रमको विचलन भएको छ । जस्तो :-

**मानव जीवनको सबभन्दा ठूलो उपलब्धि हो चित्तको प्रसन्नता ।**[२७१]

यस अघिका धेरै निबन्धमा उखान-टुक्का नभए पनि यसमा **आफू भलो त जगत् भलो** उखान प्रयोग भएको छ । भनाइलाई दृष्टान्तका रूपमा पुष्टि गर्ने क्रममा सिनेमा आगन्तुक शब्द पनि प्रयोग भएको छ । सरस, सरल, सहज र सुबोध यो निबन्धको प्रस्तुति क्रमिक छ ।

## ४.८२ मन के हो ? यसलाई कसरी जित्ने ?

यस निबन्ध कृतिको अन्तिम निबन्धको **विषय** मन हो । शास्त्रमा मन सङ्कल्प, चिताउनु चित्त, निश्चय बुद्धि र अभिमान अहङ्कार हो भनिएको प्रसङ्ग दिँदै वास्तवमा यी सबै आत्मादेखि भिन्न होइनन् भनिएको छ । मनुष्यका लागि मन नै बन्धन र मोक्षको कारण हो भन्दै मनलाई नियन्त्रणमा राखे मोक्ष हुने र ब्रह्म अनुभव हुने कुरा यसमा प्रस्तुत छ । मन छ भनेर अघि बढ्दा धेरै समस्या आएका र आउन सक्ने उदाहरणहरू प्रस्तुत गरिएको यस निबन्धमा मनले मनलाई हेर्नुपर्ने कुरामा जोड दिइएको छ । म ब्रह्मवस्तु भएकोले यसले पदार्थ खोज्दैन ऊ त निश्चल, शान्त एवं प्रशान्त भएर बस्न चाहने निबन्धकारको धारणा वेदान्तदर्शनको प्रभाव हो । मनलाई साँचो मानेर तह लगाउन खोजे त्यो नियन्त्रित नहुने र अमन पनि नहुने कुरा गर्दै मनको वास्तविक स्वतन्त्र सत्ता नभएको प्रमाण दिइएको छ । मनलाई अमन बनाउन ज्ञानसमाधि नै अन्तिम विकल्प भएको कुरामा जोड दिँदै शास्त्र र सज्जनको उपदेश पनि उपयोगी हुने प्रसङ्ग जोडिएको छ । मन चिन्नु र यो नभएको ठान्नु नै परमपुरुषार्थ हो भन्ने ठहर पनि यसमा छ ।

मनको चिनारी र यसको विशिष्टता दर्साउनु यस निबन्धको **उद्देश्य** हो । मनलाई आत्मनियन्त्रणमा राख्नुपर्ने प्रयोजन यसको हो । मनले मनलाई हेर्न सक्नुपर्छ भन्ने दृष्टिकोण यसमा छ । मनलाई साँचो नमानी वेदान्तदर्शनको सहाराले मनको शुद्धि गर्नुपर्छ भन्ने सन्देश यसमा दिइएको छ ।

निबन्ध सङ्ग्रहकै अन्तिम निबन्ध यो पनि एक वक्तव्य नै हो । यसमा लेखकले संयत **शैली**का माध्यमले विश्लेषण गरेका छन् । प्रत्येक निबन्धमा समस्त शैलीका वाक्य गठन भए झैँ यसमा पनि त्यस्तो उदाहरण पाइन्छ । जस्तो :

**त्यसकारण बोधपूर्वक मनलाई अमन बनाउनु वा मन वास्तवमा ब्रह्मदेखि भिन्न होइन भनी राम्ररी बुझ्नु नै शास्त्रमा परम पुरुषार्थ भनिएको छ ।**[२७२]

भाषिक पुष्ट्याइँका लागि पदक्रमको विचलन गरिएको अन्य निबन्धमा झैँ यसमा पनि त्यस्तै गरिएको छ । जस्तो :

**हरहालतमा ब्रह्मकै मात्र अनुभव भइरहनुको नाम हो मोक्ष ।**[२७३]

सरल, सुबोध, सरस र सहज भाषाशैलीमा रचिएको यो निबन्धमा आगन्तुक शब्द छैन । उखान नभए पनि **मन जित्नु,**[२७४] **मन अनम बनाउनु र गाँठो फुस्कनु**[२७५] जस्ता रोचक टुक्का प्रयोग भएका छन् ।

---

२७१. ऐजन, पृ. १३६ ।

२७२. ऐजन, पृ. १३९ ।

२७३. ऐजन, पृ. १३९ ।

२७४. ऐजन, पृ. १३८ ।

२७५. ऐजन, पृ. १३९ ।

**४.८३ निष्कर्ष**

यो अध्याय यस शोधपत्रको मूख्य भाग हो । यसमा शोधपत्रको शीर्षक **शिवगोपाल रिसालको सुख कहाँ छ ? कृतिको अध्ययन**अनुसार सो कृतिका एकासी निबन्धहरूको विषय, उद्देश्य र शैलीका आधारमा अध्ययन गरिएको छ । यस भागमा ती रचनाहरूको भाषाशैली खण्डमा निबन्धमा प्रयोग भएका समस्त शैली झल्काउने वाक्य, पदविचलनका वाक्य छनोट गरी दृष्टान्तको रूपमा प्रस्तुत गरिएको छ । आगन्तुक शब्दहरू, उखान, टुक्का, प्रतीक र अलङ्कारयुक्त पदावलीहरू पनि टिपोट गरिएको छ ।

यसमा रहेका एकासी निबन्धहरू मूलरूपमा निम्न विषयका छन् :

क) आत्मा

ख) जगत्

ग) चित्त

घ) सुख वा आनन्द

ङ) भक्ति

च) सृष्टि

छ) ईश्वर

ज) मुक्ति

यीबाहेक अन्य गहन निबन्धहरू यसमा छन् जसलाई विषय-सूचीमा हेरेर पनि केही अनुमान लगाउन सकिन्छ । यस अध्यायलाई पूरा गर्न करिब चारपाँच पटक गहनरूपमा यस कृति **सुख कहाँ छ** ? लाई अध्ययन गर्नु परेको यथार्थ यहाँ प्रस्तुत गर्नुपर्ला । समग्रमा यसलाई निबन्ध सिद्धान्तका आधारमा अध्ययन र मूल्याङ्कन गर्दा आफ्नो धर्म निभाइएको छ ।

# अध्याय पाँच
# शिवगोपाल रिसालको निबन्धकारिताको मूल्याङ्कन

## ५.१ परिचय

वस्तु निर्माणमा सहभागी अंश तत्त्व हो । तत्त्व कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने मूल कारण हो । तत्त्वगत आधारमा निबन्ध र निबन्धकारिताको मूल्याङ्कन गर्नुपर्छ । निबन्धका निम्नलिखित प्रमुख तत्त्वका आधारमा प्रा. शिवगोपाल रिसालको निबन्ध एवं निबन्धकारिताको मूल्याङ्कन गर्न सकिन्छ :

## ५.२ विषयगत दृष्टिकोण

निबन्धको विषय ज्ञानेन्द्रिय एवं तर्कद्वारा मानव मष्तिष्कले ग्रहण गर्ने वस्तु हो । प्रा. शिवगोपाल रिसालका निबन्धहरू सामाजिक, प्राकृतिक, वैयक्तिक, भाषिक, आर्थिक आदि विषयमा लेखिएका छैनन् । सबै निबन्ध पूर्वीयदर्शनको वेदान्तदर्शन र त्यसमा पनि अद्वैत वेदान्तमा दृढरूपमा आबद्ध छन् । वेदान्तको विषय अमूर्त हो । यसलाई बुझाउन मूर्तको आधार र प्रस्तुति भने यसमा छ । **सुख कहाँ छ** ? शीर्षकको ग्रन्थ लेखकको शाश्वत, सनातन, सार्वभौम, निरतिशय, अखण्ड, परिपूर्ण, निरपेक्ष सुखस्वरूप आत्माका अनुसन्धानका क्रममा वि.सं. **२०२७ साल चैत्रदेखि २०३७ साल ज्येष्ठसम्म**को समयावधिमा **हिमाली सन्देश** साप्ताहिक पत्रिकामा र केही अन्यत्र पनि प्रकाशित आत्मपरक, अध्यात्मकपरक, वेदान्तपरक, चिन्तनपरक, दार्शनिक निबन्धहरूको सङ्ग्रह हो । **आत्मा, चरित्र, जीवन, शान्ति, चिन्ता, सत्सङ्ग, जगत्, सुख, अभय, मृत्यु, आनन्द, भक्ति, परमार्थ, सृष्टि, त्याग, ईश्वर, बुद्धि, इच्छा, योग, वेदान्त, मुक्ति, स्वास्थ्य, वासना, परमात्मा, चैतन्य, निष्काम, निर्वाण, शोक, मोह, विश्वास, अभिमान, शिष्य, मन** जस्ता विषयको बारेमा यस निबन्ध सङ्ग्रहमा मत, विचार, सिद्धान्त आदिको तुलनात्मक र पाण्डित्यपूर्ण दार्शनिक विवेचना गरिएको छ । यसका अलावा **जीवनको सर्वोच्च लक्ष्य**, **महावाक्य**, **देशभक्तिबाट चितशुद्धि**, **सनातन धर्म र शङ्कराचार्य**, **ज्ञान विज्ञान**, **हाम्रा चार अवस्थाहरू**, **स्वतन्त्रता : एक अनुशीलन**, **गीताको लक्ष्य** आदि शीर्षककै निबन्धहरूले यस कृतिलाई महत्त्वपूर्ण बनाउन सघाएका छन् ।

यिनका निबन्ध शास्त्रले देखाएको मार्गमा लागेर आफूमा दृढ भई ब्रह्मतत्त्वको बोध गरेर जीवन्मुक्त बन्ने विषयमा केन्द्रित छन् । अरू निबन्धकारले विषय विस्तारलाई आफ्नो पहिचान ठानेका होलान् तर यिनको विषय वेदान्तमा सीमित छ तर अत्यन्त विशाल छ, विस्तारित छ किनभने वेदान्त स्थूल नभएर अणुपरमाणु झैं सूक्ष्म छ । विज्ञानको प्रयोगशालामा अणुपरमाणु छुट्याउन सूक्ष्मदर्शक यन्त्रको आवश्यकता पर्दछ भने वेदान्त बुझ्न मात्र मानवले मन, बुद्धि, चित्त र अहङ्कारलाई केलाई आत्मासम्म पुग्न नियमित साधना, चिन्तन, सत्सङ्ग, श्रोत्रिय ब्रह्मनिष्ठ गुरु लगायतको प्रयोगशालामा खरो उत्रनुपर्छ ।

रिसालका निबन्ध सबै अमूर्त विषयका छन् किनकि सांसारिकतामा फसेकालाई आत्मबोध वा ब्रह्मबोध गराउने कुरा अमूर्त नै हो । यिनका निबन्ध भौतिक र आध्यात्मिक दृष्टिले सबै आध्यात्मिक नै हुन् । प्रतिपादनका आधारमा यिनका निबन्ध अत्यन्त सरल छन् । जटिल बनाएर प्रतिपादन गर्नु लेखकको नियत र सोख दुबै होइन ।

## ५.३ उद्देश्यगत दृष्टिकोण

साहित्यको नवीन विधा निबन्ध रचनाका विविध उद्देश्य हुन्छन् । निबन्ध सिद्धान्तका आधारमा आत्मप्रकाशन एवं सूचना प्रदान निबन्धका मूल उद्देश्य हुन् । यस हिसाबले रिसालका निबन्ध सूचनात्मक हुन्, आत्मप्रकाशन होइनन् । पाठकलाई सामान्य भाषामा भन्ने हो भने जानकारी दिने हिसाबले आफ्नो अध्ययन, साधना र चिन्तन पछिको दृढता पोखिएका रिसालका निबन्ध चिन्तनपरक विश्लेषणात्मक हुन् । यीबाहेकका उद्देश्य उनका निबन्धमा प्रस्ट झल्किने अरू उद्देश्य छैनन् । रिसालको निबन्धकारितामा उद्देश्यगत विविधता छैन, एकता छ, दृढता छ । निबन्ध सिद्धान्तमा उद्देश्य वैविध्य भए नयाँपन अँगालिएको मानिने भए पनि त्यसको आवश्यकता रिसालले स्वीकार गरेका छैनन् । प्रत्येक निबन्धमा ब्रह्मबोध, ब्रह्मसाक्षात्कार, आत्मा र ईश्वरको अभेदता, अद्वैतदर्शन जस्ता मतमा दृढता प्रस्तुत गरी त्यसैमा निरन्तर लागेर जीवन्मुक्त हुने सार्थक सन्देश यिनका निबन्धमा पाइन्छ ।

## ५.४ भाषाशैलीगत दृष्टिकोण

स्रष्टाको विचार वा कुनै विषयवस्तुलाई अरूछेउ सम्प्रेषण गर्ने शब्द, वाक्य र अनुच्छेदहरूको बुनोट शैली हो । शैली भाव र भाषाको सङ्गमस्थल हो । शैली जन्माउन भाव र भाषाको तालमेल आवश्यक हुन्छ । प्रा. शिवगोपाल रिसालका सबै निबन्ध भावका दृष्टिले संयत शैलीका हुन् । आफ्नो नियन्त्रणमा भाव सम्प्रेषण गरी लेखिएका यिनका निबन्ध विस्तारविस्तार पाठकका हृदयमा प्रवेश गरेर उसलाई प्रभावित पार्न सक्षम छन् ।

भाषाको दृष्टिले प्रा. शिवगोपाल रिसालका निबन्धहरू सरल वा प्रसाद शैलीका छन् । साधारण र बहुप्रचलित शब्द, छोटा वाक्य र सुबोध अभिव्यक्तिका कारण यिनका सबै निबन्ध सरल छन् । बौद्धिक व्यक्तित्व भएका कारण उनका निबन्धमा सरल र सुबोध तर समस्त शैलीका वाक्य गठन पनि छन् । जस्तो :

**संयुक्त वाक्य**

(क) त्यसैले वेदान्त आत्मदर्शन हो, आफूभन्दा अभिन्न दर्शन हो, आफ्नै दर्शन हो ।

(ख) वेदान्तीहरू शरीरलाई आफू ठान्दैनन्, आफूलाई त कहिल्यै नमर्ने, नजन्मने ब्रह्मवस्तु भनी निर्णय गरेकाले हाँसी-हाँसी आनन्दले बिताउँछन् र बेला आएपछि, प्रारब्धभोग समाप्त भएपछि कत्ति पनि नडराईकन शरीरलाई छोडिदिन्छन् ।

(ग) म मर्ने जन्मने, दुःखी सुखी, धनी गरीब, मोटो दुब्लो, विद्वान् मूर्ख होइन परन्तु म त अविनाशी, अजर, अमर आत्मा हुँ भनेर आत्मप्राप्तिको इच्छापूर्वक आत्मार्पण, आत्मध्यान, आत्मवर्णन, आत्मचिन्तन गरिरहनु नै आत्मविचार हो ।

(घ) म फलाना हुँ, धनी हुँ, वैज्ञानिक हुँ, भन्ने भावनाबाट भुक्त भए व्यवहार किंवा यो लोक पनि सप्रियो परमार्थ अर्थात वास्तविक जीवन पनि बन्यो ।

(ङ) विकसित मुलुकहरूमा बौद्धिक स्वतन्त्रता पनि पाइन्छ तर आत्मिक स्वतन्त्रता त आफैँबाट उब्जने, आफैँसँग भएको र आफैँले खोजे मात्र पाइने हुनाले वेदान्त-दर्शनको सहारा लिए सदाकाल स्वतन्त्रताको अनुभव गर्न सकिन्छ ।

(च) आजको मानव मस्तिष्क भौतिक सूक्ष्मतातिर ज्यादा गहिरिएर गए तापनि आध्यात्मिक सूक्ष्मता कता हो कता ।

(छ) कर्मयोगको अनुष्ठानबाट चित्त आत्मातिर अभिमुख हुन्छ र सामान्यरूपमा आत्माकार वृत्तिको उदय हुन्छ र जगत्का पदार्थादिमा सत्यता बुद्धि शिथिल हुँदै जान्छ ।

(ज) हिमवत्खण्ड, पाशुपत क्षेत्र नेपालमा आई पशुपतिनाथको दर्शन गर्नुभयो, गुह्येश्वरी माताको दर्शन गरी गुह्येश्वरीको स्त्रोत्र बनाउनुभयो अनि गोसाइँकुण्ड पुगी शिवलिङ्ग स्थापना गर्नुभयो पनि भनिन्छ ।

(झ) अतः प्रत्येक व्यक्तिले शान्तिको खोजी अन्तरात्मामा गर्नुपर्छ, चित्तशुद्ध हुनुपर्छ, अर्काको अकल्याण कदापि चिताउनु हुन्न अनि मात्र शान्ति प्राप्त हुन्छ ।

(ञ) शोधित किंवा शुद्ध बुद्धिमा मात्र आत्मस्वरूप, शान्ति र आनन्दरूप ब्रह्मको साक्षात् प्रतिबिम्ब पर्दछ अनि मात्र शान्ति र सुखको अनुभव हुन्छ ।

**मिश्र वाक्य**

(क) के धनी, के गरिब, को विद्वान्, को अनपढ, कुन वन, कुन धर जहाँ पनि, जसको पनि, जहिले पनि यदि साँचो अर्थमा शान्तिको खोज गरेको छ भने पाउँछ, पाउँछ ।

(ख) योगदर्शन चित्तलाई साँचो मानेर त्यसलाई तह लगाउन यम नियम आदि आठ उपायको अवलम्बन गर्छ भने वेदान्तदर्शनचाहिँ चित्त भन्ने कुरा वास्तवमा भएकै होइन, हर हालतमा मिथ्या हो, कल्पित हो भनी बुझ्ने बाटो देखाउँछ ।

(ग) पञ्चमहाभूतबाट बनेको हाम्रो जुन स्थूल शरीर छ त्यसले बनाएका नातागोता, त्यसका भोग्य वस्तुहरू र शरीर आफैँ पनि पूर्व-पूर्व जन्मजन्मान्तरको पुण्यको फलस्वरूप हो ।

(घ) जब बुद्धिमा केही मालिन्य देखिन्छ तर पूरा ढाकिएको पनि हुँदैन त्यही बेलालाई स्वप्न र पूरा ढाकिएको बेला किंवा तामसको आधिक्यलाई सुषुप्ति भनिन्छ ।

(ङ) मन, बुद्धिको गम जहाँ छैन, जहाँ पुगेर सम्पूर्ण वाणीहरू फर्कन्छन्, जहाँको वर्णन गर्दा वेदले नेति नेति भनेको छ त्यही हो आत्मा, त्यही हो म ।

(च) जब संसारी वस्तुहरूप्रति इच्छा कम हुँदै जान्छन् तब सुख, सन्तोष, शान्ति र आनन्दको मात्रा बढ्दै जान्छ ।

(छ) हल्लेको ऐनामा अथवा पानीमा जसरी आफ्नो अनुहार छर्लङ्ग देखिँदैन त्यसरी नै वेदान्तदर्शनअनुसार सुरुसुरुमा चित्तलाई सगुण परमात्मामा अनि निर्गुण परमात्मामा लगाइरहनुपर्छ भनेको हो ।

(ज) ज्ञानी, जीवन्मुक्त महात्माहरूका शरीरादिबाट पनि कुनै न कुनै कर्म भइरहेका हुन्छन् भने त्यसमा उनीहरूको अलिकति पनि कर्तृत्व बुद्धि हुँदैन ।

(झ) जसका मनमा चिन्ता छ, भोगवासना छ, अशान्ति छ त्यसका लागि सारा संसारमा आगो लागेको जस्तो भान हुन्छ ।

(ञ) यसरी क्रमशः आफूलाई निरभिमानी बनाउँदै लगेका खण्डमा आफू जुन समाजमा पनि अटाउन सकिन्छ, जुन युगमा पनि बाँचिन्छ, आदि ।

**मिश्रित वाक्य**

(क) जब चित्त बाहिरी पदार्थमा जाँदैन र जागा रहिरहन्छ भने ऊ सत्सङ्गमा छ भने हुन्छ ।

(ख) चरित्रभ्रष्ट नेता, शिक्षक, विद्यार्थी, व्यापारी, कर्मचारी, लेखक आदिले राष्ट्रलाई नै उँधो झार्दछन् अनि जसको चरित्रमा पवित्रता, स्वच्छता, नैतिकता, राष्ट्रियता, मानवता छ उसले

राष्ट्रलाई नै समुन्नतिमा पुऱ्याउँछ, समाजलाई सिँगार्दछ, परिवारलाई हँसाउँछ र आफू सदा सुखी हुन्छ ।

(ग) छोटकरीमा भन्ने हो भने अज्ञान, अविद्या, अध्यास, भूल नै हो मृत्यु अनि ज्ञान, विद्या अनि आफूले आफूलाई जान्नुनै हो अमरता किंवा मोक्ष ।

(घ) स्वप्न संसार जसरी जाग्रत्मा रहँदैन, त्यस्तै जाग्रत्को संसार पनि स्वप्नमा रहँदैन अनि जाग्रत् र स्वप्नको संसार सुषुप्ति किंवा गाढ निद्राकालमा नरहने भएकाले कुनै संसार पनि साँचो ठहरिएन ।

(ङ)यसरी राम्ररी अनुशीलन गर्दै जाँदा कुन निष्कर्षमा पुगिन्छ भने माथिका तीनै अवस्थाहरू मिथ्या सिद्ध हुन्छन् र यो सिद्ध गर्नेवाला सदासिद्ध, स्वतःसिद्ध चैतन्य ब्रह्मवस्तु मात्र सत्य ठहर्छ ।

(च) जहाँ सम्पूर्ण सृष्टि हराउँछ त्यही मात्र भएको सत्यवस्तु हो र सृष्टिलाई स्वीकार गरेको खण्डमा पनि सृष्टि सार सर्वस्वरूपले रहेको ईश्वर तत्त्वलाई सम्झाउनका लागि यो प्रक्रिया मानिएको हो ।

(छ) जब यस्ता अखण्ड अविनाशी आफूलाई बिर्सेर जड, प्रपञ्च, भौतिक देह आदिलाई साँचो मान्दछ अनि मोहग्रस्त नहुनु किन ?

(ज) नित्य, निरन्तर नै आत्म चिन्तन भइरह्यो भने जगत्चिन्तन हुन पाउँदैन र मनमा कुनै चिन्ता आउन सक्दैन ।

(झ) भक्तका पनि भक्त भगवान् जहाँ, जहाँ भक्तले दर्शन गर्न चाहन्छन् त्यहीँ त्यहीँ प्रकट हुनुहुन्छ  र दर्शन दिनुहुन्छ ।

(ञ) त्यसकारण जब चिन्तनरहित, विषयरहित, आशा इच्छारहित भएर बसिन्छ अनि आनन्दस्वरूप शिवसँग जीवको राम्रो परिचय हुन्छ आदि ।

व्याकरणविद प्रा. शिवगोपाल रिसालले भाषिक मिठास ल्याउन र भनाइलाई विशेषरूपले प्रस्तुत गर्न स्वाभाविक पदक्रमको विचलनलाई पनि स्वीकार गरी त्यस्तो प्रयोग लगभग सबै निबन्धमा गरेका छन् जसका केही उदाहरण यस प्रकार छन् :

दुःखी नबन्नु नै हो वेदान्तको व्यावहारिक पक्षको महानता ।

वेदान्तको परिभाषाअनुसार चित्तशुद्धि हो चरित्र-निर्माण तथा ईश्वरमा आत्मसमर्पण वा अनन्य भक्ति हो आत्मनिर्भरता ।

वेदान्तदर्शन आरम्भ हुन्छ ईश्वर भरोसाबाट । संसारको पालन र पोषण सृष्टि र संहार गर्नुहुन्छ मायावी परमात्मा ।

टोपी, कोट, मयलपोस, सुरुवाल भोटो, धोती जे भने पनि हो त धागो मात्र ।

गीता हो मोक्ष शास्त्र, ज्ञानशास्त्र किंवा राजाधिराज योगशास्त्र ।

वेदान्तदर्शनको अत्यन्त सूक्ष्म सिद्धान्त हो म हुँ अवस्थातीत, कालातीत, कोशातीत, शुद्धचैतन्य, तुरीयवस्तु ।

बरु ईश्वरका संसारमा आफूलाई पाहुना वा परदेशी बटुवा मानी आनन्दसँग बास बस एक रात, भोलिपल्ट हाँसीहाँसी जाऊ आफ्नो गन्तव्य ब्रह्मपदमा ।

जहाँ जाऔँ चरित्रकै खैलाबैला र गुनासाहरू - लौन के गर्ने ? कसो गर्ने ? सबैलाई समस्या !

अर्चन हो पूजा ।

वेदान्त हो ज्ञानका लागि, जीवन्मुक्तिका लागि ।

त्यसैले निर्धक्कसँग भन्न सकियो - जगत् हो केवल ख्याल ख्याल मात्र ।

चित्तको चिकित्सा हुन्छ सत्सङ्गमा, वेदान्त अनुशीलनमा, ईश्वरका चिन्तनमा ।

यसरी चित्तलाई साँघुरो घेराबाट विशाल ब्रह्माण्डमा पुऱ्याएर विश्रान्ति लिन्छ एक देशभक्त ।

सूर्य चन्द्र आदिको जुन अनुभव सबैका लागि करिबकरिब उस्तै छ, त्यो हो व्यावहारिक सत्य ।

छोटकरीमा भन्ने हो भने अज्ञान, अविद्या, अध्यास, भूल नै हो मृत्यु अनि ज्ञान, विद्या, आफूले आफूलाई नै जान्नु नै हो अमरता किंवा मोक्ष ।

वेदान्तको रस पाइसकेपछि संसारको रस घट्दै जान्छ र विश्वास हुन्छ आत्मामा ।

निबन्धमा भावलाई स्पष्ट पारी पाठक वा मुमुक्षुलाई सरलरूपले बुझाउन निम्न दृष्टान्तहरू प्रस्तुत गरिएका छन् :

लोभी कुकुर हाडको टुक्रा टोक्दा टोक्दा आफ्नै गीजाबाट आएको रगतलाई हाडबाट आएको भनी ठान्छ र टोकीरहन्छ ।

विरहका वेदनाले तापित प्रेमीका लागि चन्द्रमा पनि पोल्ने हुन्छन्, त्यस्तै सारा दाँत फुक्लेका बूढाका लागि उखु गुलियो कदापि हुँदैन, त्यस्तै केटाकेटीले खेलेको पुतलीको खेल मेरा लागि हरहालतमा मिथ्या हो ।

त्यसैले सुनारको दृष्टिमा सदाकाल सुनमात्र रहन्छ, गहनाको नाम र रूप होइन ।

हल्लेको ऐनामा अथवा पानीमा जसरी आफ्नो अनुहार छर्लङ्ग देखिँदैन त्यसरी नै वेदान्तदर्शनअनुसार सुरुसुरुमा चित्तलाई सगुण परमात्मामा अनि निर्गुण परमात्मामा लगाइरहनुपर्छ भनेको हो ।

जसरी सपनाका सारा कुराहरू बिउँझेपछि आफूमा नै हराइहाल्छन् त्यसरी नै जाग्रत्बाट जागिहाले यहाँ सत्य भनी मानिएका, ठानिएका सारा पदार्थहरू, घटनाहरू परमात्मास्वरूप आफूमा नै मिलिहाल्छन् ।

प्रिय वस्तु आँप खान असाध्य मन लाग्यो तर आफ्ना घरमा आँप छैन भने त्यस मानिसको चित्त खुब चल्छ ।

द्वैतवादी वैष्णवहरू सालोक्य, सारूप्य, सामीप्य र सायुज्य नामक चार प्रकारका मुक्ति मान्दछन् अनि आफू र परमात्मालाई सदा भेद दृष्टिले हेर्दछन् ।

आजसम्मका इतिहासमा संसारी मानिसमा मलाई पुग्यो, अब चाहिँदैन भन्ने एक जनासम्म पनि फेला परेको छैन भने संसारी वस्तुको खोज गर्नु निरर्थक सिद्ध भइसकेको छ ।

मरुभूमिमा पानीको भान भयो भन्दैमा पानीको सत्यता स्वीकार गर्नु जत्तिको निरर्थक हुन्छ त्यस्तै देखियो भन्दैमा जगत्को अस्तित्व स्वीकार्नु त्यत्तिकै केटाकेटीपन हुन जान्छ ।

धनसम्पत्ति, शिक्षापरीक्षा, घरजग्गा, मानमर्यादा, शक्तिसामर्थ्य आदि आदि आफ्नो पूर्व-पूर्व जन्मका कर्मबाट प्राप्त हुन्छन् भने मोक्षचाहिँ यही जन्ममा गरिएको धर्मको फल हो ।

जस्तो ऐनामा लागेको मयल पुछेपछि मात्र आफ्नो अनुहार सफासँग छर्लङ्ग देखिन्छ । मयल छउन्जेल अनुहार सफा देखिँदैन ।

अर्कातिर मेरो मनमा शान्ति छ, सुख छ, सन्तोष छ भने असिना र हुरि पनि मेरा लागि रमाइलो हुन्छ, आदि ।

निबन्धलाई सिँगार्न निबन्धकार रिसालले उखान, सूक्ति, टुक्का, पदावली र विदेशी आगन्तुक शब्द पनि प्रयोग गरेका छन् । जस्तो :

**सूक्ति र उखानको प्रयोग**

जस्तो मति उस्तै गति ।
जो बिराउँछ उही डराउँछ ।
दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले ।
कीराले हीरालाई समेत बिगार्छ ।
साधा जीवन उच्च विचार ।
नजानुन्जेल जीव जानेपछि शिवै शिव ।
जस्तो आफू उस्तै संसार ।
जस्तो भावना उस्तै फल आदि ।

**टुक्का र पदावलीको प्रयोग**

भर पर्नु, जङ्गल गएर बस्नु, एकै नदीका दुई किनार, एकै सिक्काका दुई पाटा, हात लाग्नु, सेता परेवा उडाउनु, निर्मूल हुनु, मर्म बुझ्नु, महाजालमा पर्नु, टाउको फोर्नु, सिंग जुरो उम्रनु, बाह्र हातको टाँगाले छुनु, डरले लखेट्नु, चिन्ता गर्नु, दुखी बन्नु, कर्तव्यदेखि विमुख हुनु, आनन्दको वर्षा हुनु, दृष्टि दिनु, भोग गर्नु, मनपरी गर्नु, बुद्धिको पछि लाग्नु, बुद्धिलाई वेश्या बनाउनु, घुस खानु, व्यभिचार गर्नु, अनिष्ट चिताउनु, परमात्माको खेल, अविद्याको चमत्कार, जगत्को अभाव, जगत्को अनुभव, मूर्खताको प्रदर्शन, व्यवहार चलाउनु, अनुभवलाई अनुवाद, अमर हुनु, भित्र फर्कनु, आफूलाई हेर्नु, अनर्थ हुनु, सिपीमा चाँदी, डोरीमा सर्प, मरुभूमिमा पानी, बाँझीको छोरा, खयायोको सिङ, काँचुली फेर्नु, चरितार्थ गर्नु, उद्घाटन गर्नु, हात लाग्नु, बुद्धि सप्रनु, बुद्धि बिग्रनु, शरीर छुट्नु, चित्त निभ्नु, मन जित्नु, मन अमन बनाउनु, गाँठो फुस्कनु आदि इत्यादि ।

**विदेशी आगन्तुक शब्द**

अमेरिका, बेलायत, जापान, बम, कोट, टेबिल, एम.ए, पीएच.डी, नोट, अफिमे, सिनेमा, फेसन, म्यूजियम, अन्दाज, हेलिकप्टर, टेलिभिजन आदि ।

निबन्धमा बिम्ब, प्रतीक र आलङ्कारिक भाव दिने प्रयोग थोरै ठाउँमा मात्र छन् । केही उदाहरण यसप्रकार छन् :

एकै नदीका दुई किनार
सेता परेवा
बाह्र हातको टाँगा
आनन्दको वर्षा
परमात्माको खेल
अविद्याको चमत्कार
सिपीमा चाँदी
डोरीमा सर्प
मरुभूमिमा पानी
बाँझीको छोरा
खयायोको सिङ आदि ।

**नोटः माथि प्रस्तुत उदाहरणहरू सबै विश्लेषण खण्डमा आइसकेका हुनाले यसमा स्रोत नखुलाइएको हो ।**

## ५.४ निष्कर्ष

नेपाली निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान र शङ्कर लामिछानेको आ-आफ्नै विशेषता र योगदान देखिएको छ । नेपाली निबन्ध साहित्यमा कलम चलाई साहित्य सेवा गर्ने धेरै व्यक्तित्व आए र आउँदै छन् पनि । यस क्रममा वि.सं. २०१७ सालदेखि निबन्ध प्रकाशन गरी नेपाली साहित्यमा झुल्केका प्रा. शिवगोपाल रिसालको अध्ययन गर्ने सौभाग्य मिलेकोमा उनको निबन्ध कृति **सुख कहाँ छ** ? लाई जे जसरी अध्ययन गरी लेखियो त्यो आफ्नो ठाउँमा महत्त्वपूर्ण नै होला ।

रिसालको निबन्धलाई निबन्ध सिद्धान्तका आधारमा हेर्दा विषय सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय आदिको हिसाबले चिनाउन सकिने झिनो आधार भए पनि स्वयं शोध नायकको भावनामा केन्द्रित हुँदा वेदान्तपरक एवं चिन्तनपरक भनी छुट्याउनु धर्म ठानियो र त्यही गरिएको छ । वेदान्त ब्राह्मणको मात्र **विषय** नभएर सम्पूर्ण मानव कै विषय हो भन्ने स्पष्ट विचार उनका निबन्धमा पाइन्छन् । वेदान्तदर्शनको अद्वैतवाद दर्शन शिरोमणि भएको विचार उनका निबन्धमा पाइन्छन् र अद्वैतवाद नै सारमा आएको छ । वेदान्तदर्शनको व्याख्याको क्रममा निबन्धमा आत्माको विषयमा बढी चिन्तन, विश्लेषण र पुष्ट्याइँ गरिएको पाइयो । आदि गुरु शङ्कराचार्यको सम्पूर्ण पूर्वीयदर्शन ग्रन्थको अध्ययन, विश्लेषण र चिन्तनपछि आधा श्लोकमा तिनको सारलाई “ब्रह्म सत्यं जगन्मिथ्या, जीवो ब्रह्मैव नापरः” भनेका थिए भन्ने रोचक प्रसङ्ग यसमा छ । यसले साधारण पाठकदेखि शिक्षित तर ब्रह्मतत्त्वको सम्बन्धमा चिन्तन गर्न नभ्याएकालाई ब्रह्मतत्त्व सामान्य तरिकाले हृदयमा पसाउने प्रबल प्रयास गरिएको छ । एकासीको सङ्ख्यामा रहेको **सुख कहाँ छ** ? का परिवार सदस्यहरूमा सबैको विषय समान तर गम्भीर देखिएको छ । यसको तात्पर्य के हो भने **सुखको बाटो** र **सुख कहाँ छ ?, जगत्को वास्तव स्वरूप** र **जगत् हो ख्यालख्याल**, **विश्वलाई केलाएर हेर्दा** र **विश्व वासना रूप हो** जस्ता

शीर्षक दुई तर विषय एकका रचना हुन् । विषय समान छन्, प्रस्तुति एउटै छ तर महत्त्वपूर्ण भने दुबै छन् किनकि वेदान्तदर्शन एक पटक भनेर बुझिहाल्ने र अवलम्बन गरिहाल्ने अवस्था वर्तमान संसारका सांसारीमा छैन । एउटै कृतिमा समान विषयका शीर्षक दोहोऱ्यानु अज्ञानता नभएर वेदान्तदर्शनको रहस्यलाई विभिन्न शैली वा रूपमा प्रस्तुत गर्ने उद्देश्य यसमा स्पष्ट झल्केको छ । यस्तै उनका अन्य निबन्धमा विषयहरू आत्मा, जीवन, शान्ति, चित्त, चिन्ता, जगत्, मृत्यु, त्याग, मुक्ति आदि देखिन्छन् । यी शीर्षक अनुसारका विषय मात्र हुन् । सबैको एउटै विषयचाहिँ वेदान्तदर्शन नै हो । सबै विषयलाई दर्शनका आधारमा चिन्तन गरी तिनको यथार्थता प्रस्तुत गरिएको छ । समग्रमा मानिस संसारी भएकोले यहाँ प्रस्तुत निबन्धका विषयले आत्मा वा ब्रह्म साक्षात्कार भई **म** नै सबै हो, दोस्रो अर्को भन्ने नै नभएको निष्कर्ष निकालिएको छ । बुद्धितत्त्वअन्तर्गत चिन्तन र विचार, कार्यकारणतर्फ गहिराइ र औचित्य निर्वाह यस निबन्धको वस्तु वा विषय हो ।

निबन्ध सिद्धान्तमा निबन्धको **उद्देश्य** पनि रहेको छ । यसमा आत्म-प्रकाशन र विषयको वर्णन विश्लेषण प्रमुख रहेको हुन्छ । प्रा. शिवगोपाल रिसालका **सुख कहाँ छ** ? का निबन्धहरू सबैको उद्देश्य समान छन् । यसमा कुनैमा आत्मप्रकाशन कुनैमा सूचनात्मकता नभएर सबैमा एउटै उद्देश्य छ, सूचनात्मकता । निबन्धकारको अध्ययन, चिन्तन र साधना अनि वेदान्तप्रतिको दृढता लेख वा निबन्धका रूपमा प्रस्तुत गरिएका निबन्धहरूको खास उद्देश्य वेदान्तदर्शनको महिमा गाई सरल भाषामा विश्लेषण गरी सतही रूपमा वा त्यसको धेरै टाढा हिँडिरहेका मानवमात्रलाई जीवनको सार्थकताका लागि सही मार्ग ब्रह्म साक्षात्कार मात्र भएको अर्जुनदृष्टि प्रस्तुत गर्नु नै हो । आफ्ना निबन्ध सबै एकनास रहेको र ब्रह्मचिन्तन नै एकमात्र उद्देश्य भएको बताउने रिसालले कसैलाई अर्ति, उपदेश, आग्रह, अनुरोधभन्दा पनि वास्तविक कुरा यही हो, अर्को छैन भन्ने दृढता प्रस्तुत गरेका छन् । छोटकरीमा भन्ने हो भने उनका निबन्धको सामान्य उद्देश्य सूचनात्मकता नै हो, त्यो पनि आत्मविषयक, अध्यात्मविषयक, ब्रह्मविषयक ।

कुनै पनि साहित्यका विधालाई साकार रूप दिने मूल कुरो भाषा हो । भाषालाई पनि प्रस्तुत गर्ने तरिकाचाहिँ **शैली** हो । यसका विषयमा विद्वानहरूको आ-आफ्नै धारणा, प्रस्तुति, मन्तव्यचाहिँ रहेकै छ तापनि भाषाशैली लेखकको निजात्मकता र मौलिकताको कसी भने पक्कै हो । निबन्ध सिद्धान्तमा निबन्ध रचनाको शैली भावका दृष्टिले संयत, भावुक, व्यङ्ग्य गरी तीन हुन्छन् भने भाषाका दृष्टिमा समस्त र सरल हुन्छन् । प्रा. शिवगोपाल रिसालका भाषागत शैली सरल र भावगत शैली संयत नै छन् । आकारगत हिसाबले पनि सङ्क्षिप्त र लघु नै छन् । भाषाको प्रसङ्गमा उनका रचनामा तत्सम् र तद्भव शब्द नै पौडिएका छन् । सहजताका लागि र स्पष्टताका लागि भने मूल विदेशी आगन्तुक शब्दहरू नै प्रयोग भएका छन् । यो क्रम दृष्टान्तका रूपमा प्रस्तुत गर्दा मात्र आएका हुन् र भाषा आवश्यकता कै कारण त्यस्ता शब्द भित्रिन्छन् पनि तर “रवाफ” देखाउन भने ती शब्द आएका छैनन् ।

प्रायः सबै निबन्धका वाक्य गठन सरल वाक्य नै छन् तर दर्शनको वयान र विश्लेषणका लागि मिश्र, संयुक्त र मिश्रित वाक्यहरू आएका छन् यद्यपि बोधगम्य र रसिला नै छन् । शिक्षित व्यक्तिका लागि त त्यस्तो प्रस्तुति सामान्य नै छन् । अन्य साहित्यकारहरूको भाषिक

विशिष्टताको चर्चा सुनिए वा पढिए पनि उनका प्रस्तुति पनि विशिष्ट छन्, त्यो कुरा हो छरिता वाक्यमा गहन प्रस्तुति गर्ने ।

साहित्यको विभिन्न विधामा व्याकरणिक पदक्रम नरहन पनि सक्छन् । त्यस्तै वर्णन विश्लेषण गर्ने निबन्ध विधा पनि प्रयोग गर्ने चलन छ । रिसालका निबन्धमा सामान्य पद विचलन धेरै ठाउँमा र क्रिया रहित तथा कर्ता रहित वाक्यचाहिँ अत्यन्त न्यून स्थानमा प्रयोग भएका छन् । त्यस्तो प्रस्तुति भाषिक अज्ञानताका कारण नभएर साहित्यिक "भूषण" कै रूपमा आएका छन् । वस्तुपरकमा वर्णनात्मक वर्गमा रहेका उनका चिन्तन परक यस निबन्ध सङ्ग्रहमा अत्यन्त कम सान्दर्भिक उखान वा सूक्तिहरूको प्रयोग रहेको छ । यस कृतिमा विभिन्न टुक्काका अलावा आलङ्कारिक पदावलीहरू पनि प्रयोग भएका छन् ।

निबन्धकार रिसालको सम्बन्धमा केही कुरा निर्णय गर्न यहाँ निबन्धकार राजेन्द्र सुवेदीले **स्नातकोत्तर नेपाली निबन्धमा** चर्चित पाश्चात्य निबन्धका चिन्तक फ्रान्सिस बेकनको कथनको निष्कर्ष यसप्रकार हुन आउँछ भनेको कुरा यहाँ ल्याइएको छ :

(क) आयतन छोटो हुनुपर्छ ।
(ख) बेस र सुगठित विचारसँग सम्बन्धित हुनुपर्छ ।
(ग) दर्शन र ज्ञानविज्ञानका पक्षहरू प्रकट गर्नुपर्छ ।
(घ) विकीर्ण चिन्तनलाई शृङ्खलीकरण गर्न प्रयत्न गर्नुपर्छ ।

माथिको प्रसङ्गलाई आधार मानेर कुरा गर्ने हो भने रिसाल बेकन शैली र सिद्धान्तका निबन्धकार हुन । उनले माथिका सबै कुरा पालना गरेका छन् । यसो भनेर रिसालको अवमूल्यन गरिएको नभएर उनको मूल्याङ्कनको आधार खोजिएको मात्र हो ।

उनका निबन्धमा के पाइन्छ भन्ने कुरा खोज्ने हो भने **बदरीनाथ भट्टराई**ले दिनु भएको निबन्धको परिभाषा **निबन्ध सत्यवस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप हो** भनेको कुरा यहाँ जोड्न उपयुक्त देखियो । निसन्देह उनका निबन्धमा वेदान्तदर्शनको शिरोमणि अद्वैतवेदान्तलाई अन्वेषण गरी प्रस्तुत गरेर सरल रूपमा सबैलाई मुक्तिको मार्ग निर्देश गरिएको छ । यहाँ शब्द होइन जीवनोपयोगी आलोक छरिएको छ ।

यस **सुख कहाँ छ ?** निबन्ध कृतिमा कुनै कमजोरी केलाउनै पर्ने हो भने उही विषयका निबन्धलाई फरक रचना बनाएर प्रयोग नगरी पुनर्लेख गरेको भए राम्रो हुने थियो । अर्को तरिकाले भन्ने हो भने छनोट गरेर कुनै एकलाई मात्र सङ्ग्रहित गरेको भए कृति अझ छरितो हुने थियो । सामान्य पाठकलाई बोधगम्यताका लागि बारम्बार अध्ययन गर्न सहज हुने थियो ।

**पूर्वीयदर्शनको मूल जरोमा पुग्न प्रस्तुत निबन्धले सबै पाठकलाई सघाउने र यसमा रहेका रहस्यात्मक एवं गहन विषयको जानकारी भएपछि व्यक्ति ब्रह्म चिन्तनमा लाग्ने अठोट पाइन्छ । प्रस्तुत कृतिका अलावा अध्ययन विश्लेषण गर्न चाहनेले "सन्तमहिमा" कृति विशेष रूपले महत्त्व दिई अध्ययन गर्न पर्ने निष्कर्ष यो शोधार्थीको छ ।**

# अध्याय छ

## उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

शोधपत्र तयारी स्नातकोत्तर तहको एक महत्त्वपूर्ण विषयसहितको परीक्षा हो । यसलाई हरेक विद्यार्थीले सहजरूपमा स्वीकार गरी आफ्नो क्षमता, सीप, दक्षता, रुचि, आवश्यकता आदिका आधारमा तयार पार्ने परिपाटी छ । शोधकार्य गर्दा विद्यार्थीअनुसार त्यसको विषय, विधा, व्यक्ति आदि छान्ने चलन छ । यही आधारमा मैले पनि गुरुवर्गको सल्लाहबाटै शिवगोपाल रिसालको **सुख कहाँ छ ?** निबन्ध कृतिको अध्ययन गर्ने सुअवसर पाएँ । सबैको उचित सल्लाह र सकारात्मक तथा हार्दिक सहयोगका कारण यो कार्य पूर्ण भएको हो । यस अध्यायमा शोध तयारीमा आएको पहिलो अध्यायदेखि पाचौँ अध्यायमा केके छन् त्यसको सार खिच्ने र औचित्य पुष्ट्याइँ गर्ने कार्य भएको छ ।

अध्याय एकमा शोधपत्रको प्रारूपअनुसार शोधपरिचय छ । त्यसमा विषय, समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य र महत्त्व, क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि छन् । शोधविधि र शोधको रूपरेखासम्मका तत्त्व समावेश गरी त्यसलाई टुङ्ग्याइएको छ ।

अध्याय दुईमा निबन्धको अवधारणा र नेपाली निबन्धको ऐतिहासिक विकासक्रम दुई भाग छन् । निबन्धको सैद्धान्तिक स्वरूप भागमा निबन्धको उत्पत्ति, अर्थ, परिभाषा, तत्त्वहरू र वर्गीकरण सम्बन्धी उपभागहरू छन् । यसका लागि विभिन्न विद्वानहरूको पुस्तकको अध्ययन गरी लेख्ने क्रममा निबन्धकार गोपीकृष्ण शर्माको **नेपाली निबन्ध परिचय** (बा.सं.) र राजेन्द्र सुवेदीद्वारा सम्पादित **स्नातकोत्तर नेपाली निबन्ध**को सहारा लिइएको छ । यस हिसाबले निबन्धकार गोपीकृष्ण शर्मा र राजेन्द्र सुवेदी नै मेरा विश्लेषणका मूख्य आधार हुन । यस्तै नेपाली निबन्धको ऐतिहासिक विकासक्रमका लागि पनि उनै लेखकद्वयका तिनै पुस्तक मुख्य आधार हुन् । यस्तै रघुनाथ पौडेलको अप्रकाशित शोधपत्र **बालकृष्ण पोखरेलको निबन्धकारिता**को (त्रि.वि., २०४९) पनि सहयोग लिइएको छ । यसमा नेपाली निबन्धको पृष्ठभूमि वा ऐतिहासिकताको चर्चा गर्दै प्राथमिक काल र आधुनिक कालको निर्क्यौल सहितको विवरण दिइएको छ । आधुनिक कालको पहिलो चरण लक्ष्मीप्रसाद देवकोटाको **आषाढको पन्ध**बाट ( वि.सं. १९९२) सुरु भएको, दोस्रो चरण हृदयचन्द्रसिंह प्रधानको **तीसरुपियाँको नोट** (वि.सं. २००४) र तेस्रो चरण शङ्कर लामिछानेको **सम्झनाको लयमा विलीन हुँदै** (वि.सं. २०२०) रहेको कुरा गरी तिनको पृथक वैशिष्ट्यको चिनारी गराइएको छ ।

अध्याय तीन शोधपत्रको एक महत्त्वपूर्ण भाग हो । त्यसमा शोधनायक प्रा. शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व र निबन्ध यात्राको अध्ययन गरिएको छ । जीवनी भागमा जन्म, जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, दाम्पत्य जीवन, पारिवारिक स्थिति र पेशा तथा कार्यक्षेत्रमा प्रवेश जस्ता कुराको बारेमा स्पष्ट पार्ने काम भएको छ । त्यसै खण्डमा उनले प्राप्त गरेका पुरस्कार र सम्मान, उनीद्वारा गरिएका सामाजिक कार्य तथा लेखनका लागि प्रेरणाका आधारको चर्चा गरिएको छ । त्यसै अध्यायको दोस्रो भागमा उनको व्यक्तित्वको चर्चा गरिएको छ । त्यसमा शारीरिक, प्राध्यापक, आध्यात्मिक, सामाजिक जस्ता पृथक मूर्तअमूर्त व्यक्तित्वको बारेमा खुलाइएको छ । त्यसै भागमा उनको साहित्यिक व्यक्तित्वको पनि विभिन्न विधाका आधारमा

चर्चा गरिएको छ । जसमा कवि, (कविता सङ्ग्रह, खण्डकाव्य र महाकाव्य लेखनका कारण) निबन्धकार, सम्पादक, समालोचक र सहलेखन व्यक्तित्वका रूपमा तयार पारी उनको बहुमुखी व्यक्तित्वलाई झल्काउने कार्य भएको छ । यसै अध्यायको तेस्रो भागमा प्रा. शिवगोपाल रिसालको निबन्धयात्रा पनि समावेश छ । वि.सं. २०१७ मा घरेलु उद्योग पत्रिकामा प्रकाशित **नेपालमा अकामी र ढाक्रे** निबन्धबाट उनको औपचारिक यात्रा सुरु भएको हो । सबै निबन्ध अद्वैत वेदान्त (पूर्वीय दर्शनको दर्शन शिरोमणि) का आधारमा रचित एकनासको भाषाशैली र उद्देश्यका कारण उनको रचनाकाललाई फुटकर प्रकाशन र कृति प्रकाशन गरी दुई क्रममा राखिएको छ । फुटकर प्रकाशनमा वि.सं. २०२४ मा कस्तूरी वर्ष १ अङ्क १ मा प्रकाशित **शक्तितत्त्व** निबन्धदेखि वि.सं. २०६८ मा समुदयमा प्रकाशित **के लेख्ने ? के लेख्ने ? के नलेख्ने ?** गरी १३३ वटा निबन्धहरूको टिपोट र तिनका स्रोत खुलाइएको छ । यस्तै कृति प्रकाशन खण्डमा वि.सं. २०५६ मा प्रकाशित **अभेद-दर्शन**देखि लिएर वि.सं. २०६६ मा प्रकाशित **संसार कस्तो छ ?** गरी आठवटा निबन्ध सङ्ग्रहको विषय, उद्देश्य, भाषाशैली आदिका बारेमा लेखिएको छ ।

अध्याय चार यस शोधपत्रको मूख्य भाग हो । यसमा शोधपत्रको शीर्षक **प्रा. शिवगोपाल रिसालको सुख कहाँ छ ? कृतिको अध्ययन** अनुसार सो कृतिका एकासी निबन्धहरूको विषय, उद्देश्य र शैलीका आधारमा अध्ययन गरिएको छ । यस भागमा ती रचनाहरूको भाषाशैली खण्डमा निबन्धमा प्रयोग भएका समस्त शैली झल्काउने वाक्य, पदविचलनका वाक्य छनोट गरी दृष्टान्तको रूपमा प्रस्तुत गरिएको छ । यस्तै आगन्तुक शब्दहरू, उखान, टुक्का, प्रतीक र अलङ्कारयुक्त पदावलीहरू पनि टिपोट गरिएको छ ।

माथिको अध्याय चारमा अध्ययन गर्ने क्रममा रहेका एकासी निबन्धहरू केके हुन भनेर यहाँ टिपोट गर्नुभन्दा कुनकुन विषयका निबन्ध छन् भनेर समान किसिमका केही निबन्धलाई दृष्टान्तका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

**क) आत्माको बारेमा :** १.आत्मदर्शन २.आत्मविचारबाट आत्मज्ञान ३.आत्मामा बन्धन र मोक्ष छैन ४.यहाँको स्वास्थ्य ठीक छ ?

**ख) जगत्को बारेमा :** १.जगत्को वास्तव स्वरूप २.इच्छा हो संसार ३.जगत्-निरसन उपाय ४.जगत् हो ख्याल-ख्याल ५.जगत् कहाँ छ ? ६.विश्व वासनारूप हो ७.जगत्को स्वभाव ८.यो सारा हो ब्रह्मै-ब्रह्म मात्र ९.सारा हो सपना १०.सारा हो परमात्मा

**ग) चित्तको बारेमा :** १.चित्तशुद्धिका सन्दर्भमा २.देशभक्तिबाट चित्तशुद्धि ३.चित्तशान्तिको उपाय ४.चित्तको प्रसन्नता

**घ)सुख वा आनन्दको बारेमा :** १.सुखको बाटो २.सुख कहाँ छ ? ३.विषयसुखमा पनि आत्मसुख ४.आनन्द हो आफ्नो स्वरूप ५.आनन्द बाहिर छैन ६.आनन्द र यसको अनुभव ७.जीवनलाई सुखी बनाउने उपाय

**ङ) भक्तिको बारेमा :** १.भक्ति : एक विवेचना २.नवधा भक्ति ३.भाक्तिबाट मुक्ति

**च) सृष्टिका बारेमा :** १.वेदान्तका दृष्टिमा सृष्टि २.जस्तो दृष्टि, उस्तै सृष्टि

**छ) आफ्नो बारेमा :** १.आफूभित्र आफूलाई खोज्दा २.आफ्नै विषयमा ३.म को हुँ ? ४.म हुँ चैतन्य ५.म नै सृष्टि हुँ

**ज) ईश्वरको बारेमा :** १.ईश्वर कसरी चिन्ने ? २.ईश्वर दर्शन ३.परमात्मा पाउने उपाय ४.व्यवहार र परमार्थ ५.ईश्वर : एक चिन्तन

**झ) मुक्तिको बारेमा :** १.जीवन्मुक्ति २.जीवनको सर्वोच्च लक्ष्य : जीवनमुक्ति ३.मुक्ति

यस बाहेक अन्य गहन निबन्धहरू यसमा छन् जसलाई विषय-सूचीमा हेरेर पनि केही अनुमान लगाउन सकिन्छ ।

अध्याय पाँच यस शोधको अन्तिम तर विशेष भाग हो । यसमा निबन्धकार शिवगोपाल रिसालको निबन्धकारिताको मूल्याङ्कन गरी निष्कर्ष निकालिएको छ । निबन्धकारिताको मूल्याङ्कन गर्न विषयगत, उद्देश्यगत र भाषाशैलीगत आधार लिइएको छ । **सुख कहाँ छ** ? का रचनाहरू अद्वैत वेदान्तका आधारमा रचिएका हुन् । सबैको शीर्षक फरक भए पनि समान कुरा हालिएका अथवा समान विषयका केही रचना छन् । समग्रमा सबै रचनाको विषय एउटै हो आत्मा र उद्देश्य पनि समान हो ब्रह्मसाक्षात्कार । उनका निबन्धमा आत्मा र ईश्वरको अभेदतामा दृढ रही त्यसैमा निरन्तर लागेर जीवन्मुक्त हुनु पर्ने शाश्वत सन्देश दिने कुरा लेखिएको छ । भाषा सरल, सरस, सुबोध्य भएको र शैली प्रसाद वा सरल रहेकोले मुमुक्षुलाई आत्माको बारेमा चिन्तन, साधना र दृढता प्राप्त गर्न सजिलै सघाएको भनिएको छ । सामान्य पदक्रमको विचलन, केही संयुक्त, मिश्र र मिश्रित वाक्यका अलावा थोरै उखान, केही टुक्का र पदावली, आवश्यक ठाउँमा आगन्तुक शब्दहरू रहेको भनिएको छ । रचनाका हिसाबले निबन्ध चिन्तक तथा विश्लेषक फ्रान्सिस बेकनको वस्तुपरक शैलीमा रचित उनका निबन्धहरू छोटो आयतन, सुगठित विचार, वेदान्त दर्शनको अद्वैत वेदान्तमा दृढता र गहन चिन्तनको शृङ्खलीकरण भएको र सत्य वस्तु देखाउन आफ्नो अन्तर्ज्योतिलाई शाब्दिक रूपमा प्रस्तुत गरेको कुरा त्यसको निष्कर्ष हो ।

## ६.२ निष्कर्ष

**सुख कहाँ छ** ? कृतिको अध्ययन एक संयोग रहेछ । राष्ट्रिय गरिमा बढाउन लागि परेका शिवगोपाल रिसाललाई जजसले जसरी मूल्याङ्न गरे वा गर्लान त्यो उहाँहरूको आफ्नो दृष्टिकोण हो अनि हुनेछ । निबन्धकारका हिसाबले रिसाल प्रसाद शैलीका अनुयायी हुन । अत्यन्त सरल भाषामा उनले आफ्ना रचनालाई प्रस्तुत गरेका छन् । भाषिक मिठासका लागि सामान्य पदविचलन प्रयोग गर्ने रिसालले भनाइलाई प्रस्ट पार्न अत्यन्त सान्दर्भिक दृष्टान्त प्रस्तुत गरी निबन्धलाई रोचक र पठनीय बनाएका छन् । मूल कुरो त के हो भने **जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड** भने झैँ यो निबन्धको अध्ययनबाट मलाई जस्तै सबैलाई आत्यन्तिक सुख मिल्छ भन्ने विश्वास र मिलोस् भन्ने कामना गर्न सकिन्छ । निबन्ध सिद्धान्तका आधारमा यस कृतिको बारेमा विश्लेषण र मूल्याङ्न भने अध्याय पाँचमा भइसकेको छ । यहाँ निष्कर्षको पनि निष्कर्ष निकालिएको छ । सामान्य भाषामा भन्ने हो भने सूर्यलाई उज्यालो बनाउने वा त्यसलाई धमिल्याउने कुरा बेकार भएकाले स्नाकोत्तर उपाधिका लागि गरिएको यस शोधकार्यले ममा थपेको प्रकाशले कम्तिमा यो समाजलाई केही दिन सक्नुपर्छ भन्ने दृढता छ ।

शिवगोपाल रिसालका निबन्धहरू बारे भविष्यमा निम्नलिखित विषयहरूमा शोध एवं अनुसन्धान गर्न सकिने देखिन्छ :

क) **ब्रह्मजिज्ञासा**मा वेदान्त दर्शन

ख) निबन्ध तत्त्वका दृष्टिले **अभेद-दर्शन**को अध्ययन

ग) **वैदिक संस्कृति** निबन्ध सङ्ग्रहमा प्रयुक्त भाषाशैलीको अध्ययन

घ) **ईश्वरको अनुग्रह** निबन्ध सङ्ग्रहमा ईश्वरीय सत्ताको अध्ययन

ङ) **प्रेमदेखि परमात्मासम्म**मा अभिव्यक्त प्रेम

च) विचार पक्षको दृष्टिले **सन्तमहिमा**

छ) **संसार कस्तो छ** ? निबन्ध सङ्ग्रहमा शिल्प पक्षको अध्ययन

## सन्दर्भग्रन्थसूची


क) मूल सामग्री

प्रा. शिवगोपाल रिसाल, **सुख कहाँ छ ?**, ललितपुर : अनादिगोपाल रिसाल, २०५६ ।

ख) सहायक सामग्री

प्रा. शिवगोपाल रिसाल, **अभेददर्शन**, ललितपुर : अनादिगोपाल रिसाल, २०५६ ।

......................, **अलिकति जीवन अलिकति दर्शन**, शीर्षक टङ्कित व्यक्तिवृत्त, २०५४ ।

......................, **ईश्वरको अनुग्रह**, ललितपुर : चन्द्रकुमार के.सी. र पुनम के.सी., २०६२ ।

......................, **प्रेमदेखि परमात्मासम्म**, ललितपुर : स्वाध्याय परिवार, २०६५ ।

......................, **ब्रह्मजिज्ञासा**, कामाडौँ : श्री राजर्षि जनक स्मृति कोष, २०५७ ।

......................, **वैदिक संस्कृति**, ललितपुर : साझा प्रकाशन, २०६१ ।

......................, **सन्तमहिमा**, काठमाडौँ : श्री राजर्षि जनक स्मृति कोष, २०६५ ।

......................, **संसार कस्तो छ ?**, ललितपुर : स्वाध्याय परिवार, २०६६ ।

ग) सन्दर्भ सामग्री

उमा गौतम आचार्य, **शिवगोपाल रिसालको खण्डकाव्यकारिता**, त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र, २०५४ ।

गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, बा.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५८ ।

गोविन्द टण्डन, **ज्ञानको चमत्कार**, ललितपुर : रवि पराजुली, केशव रेग्मी र सीताराम खत्री, २०६७ ।

घटराज भट्टराई, **प्रतिभैप्रतिभा र नेपाली सहित्य**, काठमाडौँ : नेशनल रिसर्च एशोसियट्स, २०४० ।

घटराज भट्टराई, **नेपाली साहित्यकार परिचय कोश**, २०५१ ।

जयदेव भट्टराई, **नेपाली साहित्यकार परिचय र अभिव्यक्ति**, २०५४ ।

तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, दो.सं., काठमाडौँ : सङ्कल्प प्रकाशन, २०३९ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ते.सं. ललितपुर : साझा प्रकाशन, २०३४ ।

पम्फा पौडेल **शिवगोपाल रिसालको आमा शोककाव्यको अध्ययन**, त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र, २०६८ ।

बालकृष्ण पोखरेल (सम्पा.), **पाँच सय वर्ष**, ते.सं., काठमाडौँ : साझा प्रकाशन, २०४३ ।

भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, विराटनगर : श्याम पुस्तक भण्डार, २०४० ।

मोहनराज शर्मा, **नेपालीका केही आधुनिक साहित्यकार**, दो.सं., काठमाडौँ : सहयोगी प्रेस, २०४० ।

रघुनाथ पौडेल **बालकृष्ण पोखरेलको निबन्धकारिता**, काठमाडौँ : त्रि.वि नेपाली केन्द्रीय विभाग, अप्रकाशित शोधपत्र, २०५१ ।

राजेन्द्र सुवेदी (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध भाग ३**, ते.सं., काठमाडौँ : पाठ्य सामाग्री पसल, २०५६ ।

लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध सङ्ग्रह**, बा.सं., काठमाडौँ : साझा प्रकाशन, २०४७ ।

समुदय त्रैमासिक पत्रिका काठमाडौँः गीता समुदय प्रकाशन, २०५४ अङ्क १ देखि २०६८ अङ्क ७२ ।

# परिशिष्ट

प्रा. शिवगोपाल रिसाललाई चिन्ने जान्ने व्यक्तिहरूसँगको अन्तरवार्ता

## परिशिष्ट - १

**प्रश्नावली**

१. शिवगोपाल रिसाललाई कसरी चिन्नुहुन्छ ?
२. शिवगोपाल रिसालका रचना साहित्यिक हुन् कि गैह्र साहित्यिक ?
३. शिवगोपाल रिसाल कुन विधामा बढी सफल छन् ?
४. आध्यात्मिक रचनाको कोटीमा उनका कृतिलाई कसरी लिन सकिन्छ ?
५. दार्शनिक मान्यताका आधारमा शिवगोपाल रिसालका निबन्ध रचनालाई कसरी मूल्याङ्कन गर्न सकिन्छ ?
६. समग्रताका दृष्टिमा शिवगोपाल रिसाललाई कुन रूपमा लिन सकिन्छ ?
७. शिवगोपाल रिसालको चिन्तन, साधना र प्रयासले साहित्यिक एवं आध्यात्मिक क्षेत्रमा वर्तमान तथा भावी पुस्तालाई कस्तो टेवा दिन सक्ला ?
८. शिवगोपाल रिसालसँगको सम्झन लायक घटना वा प्रसङ्ग कुनै छ कि ?
९. वर्तमान शिवगोपाल रिसाललाई भन्नुपर्ने कुरा के छ ?

# परिशिष्ट - २

**कमलमणि दीक्षित**

१. उहाँ अत्यन्त प्रभावशाली प्राध्यापक हुनुहुन्थ्यो । २०४६ सालपछि लोकसेवा आयोगले नेपाली भाषा हटायो । त्यसलाई निरन्तरता दिन उहाँ लगायत चूडानाथ भट्टरायले निकै लड्नुभयो । चूडानाथ भट्टरायको देहावसानपछि उहाँले एउटा कमाण्डरको रूपमा नेतृत्व लिई त्यसलाई सफल पारेरै छाड्नुभयो । यसैले म उहाँलाई भाषाप्रेमी र सेवकका रूपमा चिन्दछु ।

२. पहिला उहाँ पूर्ण साहित्यिक हुनुहुन्थ्यो । पछि अध्यात्मतिर लाग्नुभयो । यस हिसाबले उहाँका कृति साहित्यिक नै हुन् ।

३. उहाँको नेपाली भाषा असाध्यै राम्रो छ । पद्मकन्या र पशुपति जस्तो विषयमा महाकाव्य तयार पार्नुभयो । सायद कसैको सोचमा नपर्ने विषय हुन् । उहाँले असङ्ख्य निबन्धलाई कृतिमा समेट्नुभएको छ । यस हिसाबले दुबै विधामा सफल हुनुहुन्छ ।

४. अध्यात्म मेरो विषय नभएकोले उहाँको रचनाको कोटी म भन्न सक्दिनँ । श्री विष्णुसहस्रनामस्तोत्रम तीन संस्करणसम्म आएको सुनेको छु त्यसैले उहाँको रचनाको कोटी स्तरीय हुनुपर्छ ।

५. दर्शन पनि आफ्नो विषय होइन तर उहाँ जन्मजात विशेष प्रतिभा सम्पन्न हुनुभएकोले मलाई उहाँले राम्रो गर्नुहुन्छ भन्ने विश्वास छ ।

६. उहाँ नेपाली भाषाका ज्ञाता र सच्चा सेवक हुनुहुन्छ ।

७. साहित्यिक वा आध्यात्मिक रचना गर्न भाषाको जरुरत पर्दछ । उहाँले यस माध्यमबाट भाषाको सेवा गरेको निश्चित छ । यसैले सबैलाई सधैँ टेवा दिनेछ ।

८. म स्वामी रामानन्द गिरीको प्रवचन सुन्न जान्छु । जहाँ स्वामी त्यहाँ उहाँ अनि म, त्यही भेट वा प्रसङ्ग सम्झन लायक छ र हुन्छ ।

९. विशुद्ध साहित्य छाडी पूर्णरूपले अध्यात्मतिर लाग्नुभयो । मभन्दा उमेरमा सानो भएकोले **तपाईं बिग्रनुभयो** भनेर ठट्टा पनि गर्छु । तर उहाँका कुरा सुन्ने सयौँ देख्छु यसैले उहाँलाई भन्नुपर्ने केही छैन किनकि उहाँ सच्चा भाषा सेवक हुनुहुन्छ ।

# परिशिष्ट - ३

**पीताम्बर अधिकारी**

१. उहाँ प्राध्यापक, भाषासेवक, प्रवचनकर्ता, समाजसेवी, आध्यात्मिक चिन्तक आदि त भइहाल्नुहुन्छ । उहाँसँगको व्यावहारिक चिनजान २०२० तिर वाक् वर्धिनी समितिले आयोजना गरेको संस्कृत भाषामा भएको वादविवाद प्रतियोगीतामा आफू सहभागी हुँदा भएको हो । २०३० सालतिर **अद्वैत संस्था**मा उहाँले नै लैजानुभएको हो । त्यसपछि चिनजान, सम्बन्ध, भेटघाट हुँदै गएको हो ।
२. धेरै रिसालहरूमा राममणि रिसाल, शिवगोपाल रिसाल र पुरु रिसाललाई सम्झन्छु । रिसालहरूको बोलीमा साहित्य झल्कन्छ । साहित्यका हिसाबले माथिका तीनजनाको बीचमा म उहाँलाई राख्छु । हेर्दा आध्यात्मिक विषय गैह्र साहित्यिक जस्तो देखिन्छ तर त्यो साहित्य नै हो । उहाँ सबैले बुझ्ने सरल भाषामा अभिव्यक्त गर्न सीपालु भएका कारण उहाँका कृति साहित्यिक नै हुन् ।
३. छोटो उत्तर दिऊँ । उहाँ लेखनिबन्धमा बढी सफल र पोख्त हुनुहुन्छ । त्यसमा पनि लेखमा अझबढी सफल हुनुहुन्छ ।
४. उहाँको शिक्षाको भाषिक आधार अङ्ग्रेजी हो । उहाँको संस्कृत भाषाप्रति पूर्णरूपले पछि लगाव भएको हो । उहाँले आध्यात्मिक चिन्तनका लागि संस्कृतको मूल ग्रन्थ नहेरी त्यसका आधारमा लेखिएका ग्रन्थहरू हेर्नु भएझैं लाग्छ । दर्शन गम्भीर र रौंचिरा विषय हो । उहाँले दर्शनलाई सरलभाषामा सहज तरिकाले लेख्नुहुन्छ । यही नै उहाँका कृतिका कोटी हुन् ।
५. उहाँले परिचयात्मक जस्तो लाग्ने गरी दर्शनलाई विश्लेषण गर्नुभएको छ । यसैले उहाँका निबन्ध रचनालाई दार्शनिकताका आधारमा सामान्य रूपमा लिन सकिन्छ ।
६. उहाँ जिज्ञासु हुनुहुन्छ । सबैतिर सम्बन्ध राख्न सक्ने खुबी उहाँमा छ । धैर्यता र सामान्यतामा सन्तोष मान्ने रिसाल मिलनसार हुनुहुन्छ । प्रतिस्पर्धामा भन्दा पनि आफ्नो नित्यतामा रुचाउने उहाँको बानी विशेष छ ।
७. उहाँ बहुमूखी व्यक्तित्व हुनुहुन्छ । लेखनाथको आध्यात्मिकतामा गम्भीरता थियो भने उहाँकोमा सरलता छ । उहाँ त्यस्ता व्यक्तित्व हुनुहुन्छ जहाँ अन्य उहाँको तहमा पुग्न सक्दैनन् ।
८. उहाँ सात्विक भोजनमा विश्वास गर्ने मानिस भएकोले पोखराको सेमिनारमा उहाँलाई खाना खान र अन्य सहकर्मीका कारण सुत्नसमेत असहज भएछ । म उहाँहरूको प्रशिक्षणमा सहभागी भएको प्रशिक्षार्थीले मैले चिनेका पोखराका आफन्तकहाँ उहाँलाई उहाँकै शैलीमा खाने व्यवस्था मिलाइदिएको थिएँ । त्यस्तै पूर्वीय दर्शनका चिन्तक एवं हिन्दू धर्मका परिपालक रिसालमा हिन्दू धर्मको रक्षाका लागि निरन्तर चिन्ता देख्छु । यी नै मुख्यरूपमा सम्झनलायक प्रसङ्गग हुन् ।

९. आध्यात्मिक चिन्तन, साधना र प्रयासमा लाग्नुभएकोमा एकदम उचित लागेको छ। आध्यात्मिकतामा जीवन समर्पण गर्दा विविध चिन्तनमा भन्दा एउटै क्षेत्रमा मात्र लाग्दा झन राम्रो हुनेछ। म उहाँको आज्ञाकारी व्यक्ति हुँ, सदा उत्तरोत्तर प्रगतिका साथै दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दछु।

## परिशिष्ट - ४

**राममणि रिसाल**

१. गर्ग गोत्रीय रिसाल वंशज एवं जन्मस्थानको निकटता अनि प्राध्यापकका साथै, वेदान्तविद्‌का नाताले म लेखक र विचारक दुबै रूपले चिन्दछु।
२. प्रा. शिवगोपाल स्वयं जाज्वल्यमान् प्रतिभा, साहित्यिक पूर्वार्द्धकालको र उत्तरार्द्धमा वेदान्त दर्शनको अथक प्रवक्ता र अद्वितीय साधक, अन्वेषक तथा विशेषज्ञ भएका हिसाबले साहित्यिक हुन्।
३. साहित्य र दर्शनको सेवाक्षेत्रमा विशेष समर्पण नै भएकोले दुबै क्षेत्रमा सफल हुनुहुन्छ।
४. **गहन मनन र चिन्तनले भरिएका जीवन र जीविका**का दुबै पाठ पढाउन सक्ने गहकिला खोजपूर्ण प्रस्तुतिले भरिपूर्ण समर्पण उहाँको मूल दर्शन भएकोले उच्चकोटीका नै छन्।
५. सम्पूर्णतामा प्राध्यापक, विचारक एवं वेदान्तका प्रखर व्याख्याता, गहन अध्येताका रूपमा चिनिने विशेष। ख्याल रहोस् प्राध्यापक हुँदैन भूतपूर्व कहिल्यै पनि। निबन्ध भरिन्छन् यतै।
६. हामी पाठकको रुचिअनुसार सफल निबन्धकार र गहन विचारक अनि सिङ्गो व्यक्ति विशेषका रूपमा हुनुहुन्छ उहाँ। यस्तै, अनेक संस्थाका संस्थापक ज्ञानदाता सञ्चालक।
७. त्याग, तपस्या अनि सेवाभावले उठेको र दिनरात आध्यात्मिक क्षेत्रमा समर्पित शिवगोपाल रिसालको साधना भावी पुस्ताका लागि आराधनायोग्य र अनुकरणीय कुरो हुने देख्छु। यही विशेष कुरा हो। उहाँका रचना सबै नेपालीको साझा सम्पत्ति हुन्।
८. वंश, जन्मस्थान र प्राध्यापन गरेका कारण परेँ उहाँकै म एक अनुज बन्धु विद्यार्थी। नेपाली भाषासाहित्यको स्नातकोत्तर तह (एम.ए.)मा आफूले पढ्दा धारावाहिकरूपमा प्रवचन र शिक्षा पाएको कुरा यहाँ बताउन चाहन्छु। व्यक्तिगत स्वार्थको भन्दा सामाजिक हित र उत्थानमा पूर्ण समर्पित श्रमशील साधक एवं अनुसन्धाताको रूपमा विशेष चिनेजानेको आदरणीय बहुमुखी व्यक्तित्व हुनुहुन्छ। समयसमयमा अनेक शुभसल्लाह र मलाई मार्गनिर्देशन भए गरेका असङ्ख्य घटनाबाट अनुगृहित छु ज्यादै। एउटै घटना वा प्रसङ्ग मात्र यहाँ के पो सम्झूँ र ?
९. सिक्ने छन् र सिकाउने कुरा छैनन्। पुरानो नेपाली भाषा साहित्यको एक त्रि.वि.को **प्राध्यापक**का नाताले उहाँको साहित्यको आफ्नो क्षेत्र र अहिलेको वेदान्त दर्शनका विशेष खोज-अनुसन्धानका लेखनीले कतै विश्राम नपाओस्। वाणीका वरदपुत्रसँग

मेरो यही निवेदन छ । विशिष्ट अक्षरपूजारी एवं ज्ञानदातासँग यही प्रार्थना छ मेरो यत्ति ! धेरै नलेखूँ कि ?

## परिशिष्ट - ५

**कृष्णप्रसाद पराजुली**

१. एक जना शिक्षासेवी, प्राध्यापक, लेखक, मित्र र आध्यात्मिक व्यक्तित्वका रूपमा चिन्दछु ।
२. रिसालका निबन्ध साहित्यिक नै हुन् तर अध्यात्म पक्षका बेसी छन् ।
३. वार्णिक छन्दमा कविता पनि लेखेको पाइन्छ, बढी सफलताचाहिँ निबन्ध विधामै भए जस्तो लाग्छ ।
४. आध्यात्मिक रचनाको कोटीमा उनका रचना वेदान्त दर्शनबाट अभिप्रेरित देखिन्छन् ।
५. आधुनिक मान्यताका आधारमा हेर्दा रिसालजीका निबन्ध मूलतः अध्यात्म पक्षलाई हेरिएको र त्यसैको गहिराइमा जाने-घोत्लिने दृष्टिमा आएका छन् ।
६. शालीन, सज्जन, विनयशील अध्येताका रूपमा लिन सकिन्छ ।
७. अध्यात्मको चेतना तथा नियन्त्रणले मानिसलाई सेवाभावी र परोपकारी बनाउन सक्छ । रिसालजीको चिन्तन, साधना र प्रयासले त्यस पक्षमा निकै जोड दिएको छ । त्यसले वर्तमान तथा भावी पुस्तालाई सत्यमा अडिग रहन पर्याप्त निर्देशन दिन सक्छ ।
८. रिसालजीसँगका भेटघाटमा हुने प्रसन्नता, गोष्ठी, सहलेखन आदिका प्रसङ्गसमेत केही छन्; ती सबै मेरा निम्ति प्रेय र श्रेय नै रहे ।
९. वेदान्ती वा आध्यत्मिक दर्शन बुझ्नु र चिन्नु सागरमा डुबुल्की मार्नुजत्तिकै हो । अर्कातिर मार्क्सवादी दर्शनले पनि संसारलाई प्रभावित पार्दै छ । यी दुबै दर्शनलाई यथासम्भव संयोजन गरी वर्तमान जीवनसापेक्ष रचना पनि बढी मात्रामा लेखिदिनुभए व्यक्ति वा मानिसका निम्ति मात्र होइन, देश र सिङ्गै समाजका निम्ति उन्नति, प्रगति र कल्याणका निम्ति ढोका खुलिरहने थियो कि ?

## परिशिष्ट - ६

**शैलेन्दुप्रकाश नेपाल**

१. म शिवगोपाल रिसाललाई एक अग्रणी आदरणीय व्यक्तित्वका रूपमा चिन्दछु । उहाँ एक कुशल प्राध्यापक, अध्यात्म चिन्तक तथा कवि हुनुहुन्छ ।
२. शिवगोपाल रिसालको लेखन अध्यात्मवादी दर्शनमा केन्द्रित भएका कारण उहाँका रचनाहरू पनि नितान्त सोही विषयक्षेत्रसँग सम्बन्धित छन् । तसर्थ तिनको साहित्यिक पहिचान र महत्त्व यथेष्ठ रहेको पाइन्छ ।
३. शिवगोपाल रिसालले कविता, काव्य तथा निबन्धहरू लेखेको पाइन्छ । उहाँको गद्यकारभन्दा काव्यकार व्यक्तित्व बढी सशक्त देखापर्छ ।
४. शिवगोपाल रिसालको अध्यात्म चिन्तन मूलतः वेदान्त दर्शनमा आधारित रहेकाले अखण्ड ब्रह्म र ईश्वरीय परमसत्ताको आडमा मानवीय जीवन पद्धतिलाई परिभाषित गर्ने कुरामा केन्द्रित रहेको पाइन्छ । सोही वैचारिक धरातललाई आफ्ना कृतिमा उद्घाटित गर्ने कार्य उहाँले गरेको भेटिन्छ ।
५. शिवगोपाल रिसालको निबन्ध रचनाको केन्द्रविन्दु माथि उल्लेख गरे झैँ अध्यात्म दर्शनकै सेरोफोरो हो । आफ्ना चिन्तन, अवधारणा र अनुभूतिहरूलाई समेटेर सहज-स्वाभाविक भाषाशैलीमा रचिएका उहाँका निबन्धहरू अध्यात्म चेतनाले भरिपूर्ण छन् । नैतिक मूल्य र मान्यताको अवलम्बन साथ आदर्श जीवन पद्धति र सद्भावपूर्ण व्यवहारको अपेक्षालाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । उहाँका निबन्धहरू वैचारिक दृष्टिले उच्च महत्त्वका छन् ।
६. समग्रमा शिवगोपाल रिसाल एक प्रभावशाली प्राध्यापक मृदुभाषी, समाजसेवक, अध्यात्मवादी साहित्यकार एवम् उच्च बौद्धिक व्यक्तित्व हुनुहुन्छ । उहाँको जीवनशैली, लेखनकला र बहुमुखी व्यक्तित्व धेरैका लागि प्रेरणाको स्रोत बनेको पाइन्छ ।
७. शिवगोपाल रिसालको चिन्तन मानवीय सर्वाङ्गीण समुन्नतिको कारक पहिल्याउने पद्धतिमा अग्रसर देखिन्छ । त्यस्तै उहाँको साधना कर्मशील जीवन पद्धतिका निम्ति सहायक देखापर्छ भने प्रयास निरन्तरताको आकाङ्क्षी रहेको पाइन्छ । तसर्थ उहाँको चिन्तन, साधना र प्रयासले साहित्य तथा अध्यात्म क्षेत्रमा लाग्ने वर्तमान तथा भावी पुस्तालाई प्रशस्त प्रभाव, प्रेरणा र उत्साह प्रदान गर्ने कुरा स्वतः स्पष्ट हुन्छ । उहाँ आदरणीय व्यक्तित्व हुनुहुन्छ, मिष्ठभाषी हुनुहुन्छ । **परोपकार पुण्याय**को मूल मान्यतामा अटल रहेर तदनुकूल कार्यमा मनसा, वाचा, कर्मणा प्रतिवद्ध रहने भएकाले उहाँ हाम्रा लागि प्रेरणाका पुञ्ज हुनुहुन्छ । हामी उहाँका विचार र कार्यबाट सदैव अनुगृहीत रहन सक्छौँ ।
८. शिवगोपाल रिसालसँग मेरो प्रथम साक्षात्कार वि.सं २०३६ सालमा पद्मकन्या बहुमुखी क्याम्पसमा भएको हो । पछि म पनि वि.सं. २०५० सालदेखि सोही क्याम्पसमा प्राध्यापन गर्न थालेँ । उहाँ पनि नियमित रूपमा प्राध्यापन गर्न आउनुहुन्थ्यो । भेटघाट निरन्तर भइरहन्थ्यो । एउटै विभाग भएकाले उहाँसँग पर्याप्त

मात्रामा सङ्गत गर्न पाइयो, उच्च विचार र आदर्श व्यवहार बुझ्न र अनुभव गर्न पाइयो । उहाँ सेवाबाट निवृत्त नहुन्जेल नियमित भेटघाट भइरहन्थ्यो । सेवानिवृत्त भएपछि उहाँले आफ्नो कार्यथलोको सम्झना र सेवाकालको अनुभव र अनुभूतिलाई समेटेर **पद्मकन्या महाकाव्य** रच्नुभएछ ।  पछि क्याम्पसबाट सो कृति छापियो । संस्थाको बारेमा देखिएको पहिलो महाकाव्य हो त्यो । यसबाट उहाँको कार्यप्रतिको निष्ठा र संवेदनशीलता टडकारो रूपमा प्रस्तुत भएको पाइन्छ । यस्ता प्रसङ्ग मेरा लागि अविस्मरणीय तथा प्रेरणादायी छन् ।

९. नेपाली समाजको वस्तुस्थिति र नेपाली जनको मनोभावलाई बुझेर सत्कर्म, सदाचार र सद्व्यवहारप्रति आकर्षण बढ्ने खालका कृतिहरू रचनामा केन्द्रित भई अध्यात्म चेतनाको प्रचार-प्रसारमा तीव्रता ल्याउन पाए अशान्त विश्व परिदृश्यबाट विचलित बनेको नेपाली मनोजगत् कृतज्ञ बन्न पाउने थियो कि भन्ने लाग्छ । यस पक्षमा प्राध्यापक शिवगोपाल रिसालजस्ता विशिष्ट अध्यात्म चिन्तक तथा लेखकहरूबाटै ठोस काम हुन सक्छ भन्ने कुरामा म ढुक्क छु ।

## परिशिष्ट - ७

### सनतकुमार वस्ती

१. श्री शिवगोपाल रिसाललाई एकजना सफल प्राध्यापक गम्भीर अध्येता, दर्शन-शास्त्रका विद्वान् एवम् प्रवक्ता, जीवन र जगत्का व्याख्याता एवम् साधक तथा प्रसन्नात्मा मानवका रूपमा चिन्छु ।
२. उहाँका रचना एकातिर नेपाली भाषा र साहित्यका मानक रचना हुन् भने अर्कातिर आध्यात्मिक चिन्तन र अद्वैत वेदान्त दर्शनका सफल, सार्थक र मधुर सिर्जना हुन् । यी दुवै पक्षमा रसिलो साहित्यिकता प्रतिबिम्वित भएको छ ।
३. उहाँ कविता विधामा सरस, सरल र प्राञ्जल काव्यरचनामा निपुण देखिनुहुन्छ, साहित्यिक रचनाहरूमा पनि उहाँको लेखनी उत्तिकै सल्बलाएको छ तर पछिल्लो चरणमा उहाँले लेखेका दर्शानिक विषयवस्तुसम्बद्ध लेखरचनाहरूचाहिँ बेजोड छन् ।
४. आध्यात्मिक चिन्तनसम्बद्ध रचनाहरूमा उहाँ अद्वैत-वेदान्त दर्शनको प्रतिपादन, व्याख्या र विवेचना गर्ने निबन्धकारका रूपमा देखिनुहुन्छ । ती लेख-रचनाहरू आफ्नो लक्ष्यमा सफल देखिन्छन् ।
५. अद्वैत-वेदान्त दर्शननै उहाँको प्रमुख आध्यात्मिक मान्यता हो । उहाँका निबन्ध-लेखहरूमा त्यसको राम्ररी प्रतिबिम्बन भएको छ ।
६. श्री शिवगोपाल रिसालज्यूलाई नेपाली भाषा साहित्यका रसिला विज्ञ, सुन्दर काव्यकृतिका सर्जक, वेदान्त विद्याका सफल साधक र निबन्धकार एवम् आध्यात्मिक चेतनाले प्रकाशित उज्ज्वल व्यक्तित्वको धनीका रूपमा लिन सकिन्छ ।
७. उहाँको चिन्तनले आध्यात्मिक यात्रामा संलग्न साधकहरूलाई उपयुक्त मार्गनिर्देश गर्दछ, उहाँको साधनाले समग्र नेपाली जनजीवनलाई र स्वयं उहाँलाई पनि जीवनको उदात्त रूपको अनुशीलन र अनुगमन गर्न सिकाउँछ, उहाँको सत्प्रयासले नेपाली साहित्यलाई अझ समृद्ध र गौरवपूर्ण स्वरूप प्रदान गर्दछ, आध्यात्मिक क्षेत्रलाई अझ स्पष्ट र समुन्नत तुल्याउँछ, वर्तमान पुस्ताले जीवन-दृष्टि र भावी पुस्ताले सत्प्रेरणा प्राप्त गर्दछ ।
८. पछिल्लो समयमा उहाँले लेख्नुभएको पुस्तक **मृत्यु विज्ञान**को विमोचनका अवसरमा बोलाएर, उक्त पुस्तकका बारेमा २/४ वटा टुटेफुटेका शब्द बोल्ने मौका प्रदान गरेर उच्च आसनमा राखी स्नेह-शुभाकाङ्क्षा अभिव्यक्त गर्नुभएको क्षण म सप्रेम सम्झन्छु ।
९. उहाँको चिन्तन्-प्रवचन-लेखन-प्रकाशनको चेतनाप्रवाहले निरन्तरता प्राप्त गरोस् । नेपाली समाजलाई आध्यात्मिक चेतनाद्वारा आलोकित गरिरहनुहोस् । मेरो उहाँप्रति सादर अभिवादन!

उहाँको सु-स्वास्थ्यमय दीर्घजीवनको कामना ।

# परिशिष्ट - ८

**सुन्दरकृष्ण जोशी**

१. उहाँ सरल शैलीमा धारावाहिक रूपमा बोल्न र लेख्न सक्नुहुन्छ । साहित्यको शैलीगत तीनगुणमा ओजगुणका साथै माधुर्य र प्रसाद शैली उहाँका विशेषता हुन् । वाचनमा प्रखरता उहाँको विशेष गुण छ त्यो नै उहाँलाई चिन्ने आधार हो ।
२. उहाँबाट व्याकरण रचना भएको छ त्यो गैह्र साहित्यिक हो । उहाँका कृतिमा पूर्णरूपमा दर्शन नभएर जनसाधारणको चाहना बुझेर प्रस्तुत गर्ने क्षमता देखिन्छ । पूर्वीय दर्शनलाई भने राम्रोसित व्याख्या गर्न सक्नुहुन्छ (तर समको जस्तै मौलिक नियमित आकस्मिकता दर्शनचाहिँ होइन) । यस हिसाबले उहाँका कृति साहित्यिक नै हुन् ।
३. भाषिक शुद्धतामा बढी ख्याल गर्ने भएका कारण लेख-निबन्ध विधामा नै उहाँ बढी सफल हुनुहुन्छ ।
४. उहाँको धार्मिक तथा दार्शनिक कृतिहरूको अध्ययनभन्दा रेडियोमा प्रवचन सुनेको र केही लेखहरू मात्र पढेको कारण त्यस्तो मूल्याङ्कन गर्न सकिएन । तर शैली पक्ष स्तरीय भएका कारण ती विषयमा सफल भएको मान्न सकिन्छ ।
५. पूर्वीयदर्शनको सम्बन्धमा सामान्य कुरा थाहा भए पनि गहिरिएर विश्लेषण गर्न म सक्दिनँ तर व्यावहारिक रूपमा उहाँका कृतिलाई उच्चकोटीमा राख्न सकिन्छ ।
६. सरल निबन्धकार, अद्वितीय वक्ता, व्याकरणिक शुद्धताका अनुयायी, सरल सुमधुर शैलीका प्रयोक्ता भएका व्यक्तित्वका रूपमा लिन सकिन्छ ।
७. धारावाहिक एवं शुद्धरूपमा लेख्न सक्ने उहाँबाट निसन्देह सबैले प्रेरणा लिइहाल्छन् । उहाँ राम्रो संस्कारका अनुयायी भएका कारण प्रकाशनयोग्य कृति मात्र लेख्नुपर्छ भन्ने धारणालाई टेवा दिन सक्नुहोला । पूर्वीयदर्शनका पक्षपाती भएका कारण दर्शनसम्बन्धी प्रशस्त लेखेर र बोलेर भविष्यमा पूर्वीयदर्शनको समर्थक जुटाउने काम उहाँबाट भइरहेको छ ।
८. नेपालको पहिलो एम.ए. कार्यक्रमका उहाँ र मलगायत पाँचजना सहपाठी हौँ । हामीलाई ठट्टामा पञ्चपाण्डव पनि भनिन्थ्यो । उहाँ सो परीक्षामा प्रथम हुनुभयो म द्वितीय भएँ यही नै हो सम्झनलायक घटना वा प्रसङ्ग ।
९. नेपाली व्याकरणको आधार संस्कृत र हिन्दी भएकोले होला हिन्दीभाषी नेपाली भाषालाई
हिन्दीको भाषिका भनी अवमूल्यन गर्दछन् । यसैले उच्चारणमा ह्रस्व हुने नेपाली स्त्रीलिङ्गी लगायत शब्द लेख्दा पनि ह्रस्वनै लेख्ने कुरामा वर्तमान समयको माग भएको बुझी मौलिक नेपाली व्याकरण निर्माणमा लागेर केही गर्ने हो कि ?

## परिशिष्ट - ९

**मुकुन्दशरण उपाध्याय (उहाँकै व्याकरणमा)**

१. वहाँ नेपाली भाषा र साहित्य को विद्वान हुनुहुन्छ । साथै वहाँ वेदान्त जान्ने तथा साधना समेत गर्ने व्यक्तित्व हुनुहुन्छ ।
२. वहाँ का रचनामा अध्यात्ममिश्रित साहित्यिकता पाउँछु ।
३. वहाँ कविता, निबन्ध दुबै तर्फ सशक्त हुनुहुन्छ ।
४. आध्यात्मिक रचना मा वहाँ का कृति अद्वैत वेदान्त तर्फ झुकेका छन् ।
५. राम्रा छन् ।
६. समग्रतामा वहाँको परिचय माथी प्रश्न १ को उत्तरमा र अन्यत्र भनेका कुरामा सहजै भेट्न सकिन्छ ।
७. राम्रै देला ।
८. तेस्तो ठ्याक्कै भन्ने घटना सम्झन सकिनँ ।
९. वहाँ ले अब स्वास्थ्यको रक्षा गर्दै पूर्व प्रकाशित कृतिमा रहेका त्रुटिहरू छन् भने तिनमा सुधार गरिदिनु वेश हुन्छ ।

## परिशिष्ट - १०

**मोहनप्रसाद तिमल्सिना**

१. प्राध्यापक, प्राज्ञिक प्रखरतापूर्ण राष्ट्रिय चेतना समृद्ध भाषिक र साहित्यिक साधनामा संलग्न अथक परिश्रमका परिपोषक ।
२. आध्यात्मिक नैतिक चेतनायुक्त साहित्योन्मुख ।
३. निबन्ध विधामा बढी ।
४. साङ्खेय, योग र वेदान्तदर्शनको त्रिकोणात्मक समन्वय ।
५. इह लौकिक र पारलौकिक भावभूमिमा सृजित गीता दर्शनमा आधारित निबन्धकार ।
६. प्राज्ञिक, सामाजिक र राष्ट्रिय भावधारामा प्रवाहशील नैतिक चेतना अभिवृद्धिका सूक्ष्म आत्मवादी चिन्तक ।
७. उहाँका साहित्यिक र आध्यात्मिक चिन्तनले भावी र आजको नेपाली पुस्तालाई नैतिक धरातलमा उभ्याउने प्रयत्न गरेको छ ।
८. पद्मकन्या क्याम्पसका कक्षा कोठामा उहाँद्वारा अभिव्यक्त प्राध्यापकीय अभिव्यक्ति मात्र नभई प्रवेशिका परीक्षाको उहाँ प्रधान परीक्षक भएको समयमा सहायक परीक्षकको रूपमा रहेर काम गर्दा उहाँको निर्देशन, दूरदर्शिता, परीक्षण पद्धति, समायोजनका नीतिहरू मेरो जीवननिर्माणमा अद्वितीय भूमिका खेल्ने अनन्त स्मृतिका क्षणहरू छन् ।
९. भगवत भक्ति र चिन्तन साधनामा अझै गुरुगम्भीरतर रूपमा सतत् प्रयत्न रहे भए यो राष्ट्र अझै लाभान्वित हुने थियो ।

# परिशिष्ट - ११

**राजेन्द्र सुवेदी**

१. शिवगोपाल रिसाल नेपाली भाषा र साहित्यलाई पूर्वीय दर्शन एवं काव्यशास्त्रका आधारमा
साहित्यका सृजना, समीक्षा र पारख गर्ने व्यक्तित्व हुनुहुन्छ । उहाँका दुईवटा व्यक्तित्व छन् । पहिलो उहाँको प्राज्ञिक व्यक्तित्व जो माथि उल्लेख भयो । दोस्रो व्यक्तित्व प्रशासनिक तथा समाजसेवी व्यक्तित्व हो । यस व्यक्तित्वको भूमिका नेपालको शैक्षिक सुधारका माध्यमबाट र सामाजिक सुधारका माध्यमबाट मुलुकमा नैतिक मूल्यहरूको उत्थान गर्नुपर्छ भन्ने व्यक्तित्वका रूपमा चिनेको छु ।

२. शिवगोपाल रिसालका रचनाहरूमा साहित्यको कलागत सौन्दर्यभन्दा बढ्ता बौद्धिक र दार्शनिक चिन्तन प्रयोग भएको छ, उहाँ पूर्वीय दर्शनलाई साहित्यमा समायोजन गर्नुपर्छ भन्ने दर्शन र साहित्यको समन्वयवादी स्रष्टा हुनुहुन्छ ।

३. शिवगोपाल रिसाल साहित्यका कविता र निबन्ध विधाका स्रष्टा हुनुहुन्छ । फुटकर कविताका अतिरिक्त पञ्चकन्या शीर्षकको महाकाव्य पनि प्रकाशित भएको छ र आध्यात्मिक चिन्तनलाई जीवनमा उपयोग गर्नुपर्छ भन्ने किसिमका प्रशस्त निबन्ध पनि प्रकाशित भएका छन् । त्यसैले उहाँ निबन्ध र कविता विधामा सफल हुनुहुन्छ ।

४. रिसालका सबै रचनाहरू पूर्वीय आदर्श, आर्यसभ्यता, नैतिक सन्देश र मानवीय कल्याणको चिन्तनमा केन्द्रित छन् त्यसकारण उहाँ कोरा र रुढ अध्यात्मवादी नभएर मानव आचरणको सुधार हुनुपर्छ भन्ने मानवतावादी स्रष्टा हुनुहुन्छ ।

५. रिसालका निबन्धहरू मानव आचरणको शुद्धीकरणका निमित्त सृजना भएका हुन् । उहाँका सृजनात्मक चेतनामा ईश्वर प्राप्तिको उद्देश्यभन्दा बढ्ता मानव चरित्रको सुधारका निमित्त लेखिएका लेख निबन्ध हुन् भन्ने बुझिन्छ ।

६. शिवगोपाल रिसाल उहाँका रचनाहरू माथिको कथनबाट मूल्याङ्कन गर्दा नेपाली समाजको सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक जस्ता आन्तरिक संवेदना राष्ट्र, भाषा, आचरण जस्ता वाह्य संवेदनाजस्ता दुबै पक्षलाई समन्वय गरेर सृजनाको परम्परा कायम राख्नुपर्छ भन्ने व्यक्तित्व हुनुहुन्छ ।

७. शिवगोपाल रिसालका चिन्तन अनि सृजनात्मक कार्यले साहित्यका माध्यमबाट भावी पुस्तालाई आध्यात्मिक (मानवता), नैतिकता, सच्चरित्रता, परोपकार जस्ता सत् कार्यमा उन्मुख हुन प्रेरणाको दृष्टिले लेखिएका हुन् । यस दिशामा रिसालले भावी पुस्तालाई महत्त्वपूर्ण मार्गदर्शन गर्नुभएको छ ।

८. उहाँलाई म २०३२ सालदेखि चिन्दछु । उहाँसँग धेरै कुरा भएका छन् । आफूलाई नपढाए पनि गुरुवत् सम्मान गर्दछु । उहाँ वरिष्ठ प्राध्यापक भएको नाताले पटकपटक विशिष्ट कार्यक्रममा भेटघाट भइरहन्छ । २०५३ सालमा मेरो प्राध्यापक बढुवाका क्रममा उहाँले अन्तरवार्ता लिँदा 'तपाईं स्रष्टा र समालोचक दुबै भएकोले यिनमा के भिन्नता पाउनुहुन्छ' भन्ने प्रश्नको उत्तर मैले **सृजना कल्पनामा आधारित हुन्छ भने समालोचना तथ्यमा आधारित हुन्छ** भनी जवाफ दिँदा उहाँ प्रसन्न हुनुभएको थियो । यो नै रिसालसँगको सम्झनलायक प्रसङ्गमध्ये एक हो ।

९. शिक्षा र समाजसेवालाई बाँकी रहेको जीवन निरन्तर रूपले दिनसके समाजले उच्च प्रतिफल पाउने विश्वास गर्न सकिन्छ । यसैले दीर्घायू एवं सुस्वास्थ्यको कामना भन्दछु ।

## परिशिष्ट - १२

**चेतोनाथ गौतम**

१. व्यक्तिगतरूपमा मेरो उहाँसँग वि.सं. २०२९ सालमा अद्वैत संस्थामा भेट भएको हो । त्यसकै
भोलिपल्टदेखि पद्मकन्या क्याम्पसमा पढाउन थालें । त्यसपछि उहाँको अवकाश नहुन्जेल प्रत्यक्ष भेटघाट भई नै रह्यो । पशुपति विकास कोषको सदस्य सचिव रहेर काम गर्दा पनि उहाँ त्यहीँ हुँदा राम्रो सहयोग पाइयो । पुतलीसडकदेखि शान्तिकुनासम्म उहाँको घर आउनेजाने भइरहन्थ्यो । कुशल प्राध्यापक एवं सक्षम प्रशासक रिसाल अरूलाई खटाउने मात्र नभएर आफू पनि खटिने स्वाभावको हुनुहुन्थ्यो । विद्यार्थी पोशाकविना क्याम्पस परिसरमा छिर्न पाउदैनथे । शिक्षकशिक्षिका पनि अनिवार्य पोशाकमै उपस्थित हुनुपर्थ्यो । मर्यादा र अनुशासनका परिपालक तथा मार्गदर्शक रिसाललाई म विशेष व्यक्तित्वका रूपमा चिन्दछु ।

२. उहाँका सुरुका रचना समसामयिक एवं व्यङ्ग्यात्मक थिए । उहाँले **रानीपोखरी** नामक व्यङ्ग्यात्मक कविता प्रकाशन गर्दा स्थानीय प्रशासनमा उपस्थित हुनपरेको घटना मलाई थाहा छ । त्यसपछिका रचनाहरू विचार एवं चिन्तनपरक तथा अध्यात्ममूलक छन् । ती रचना विचारको बोझ नलादिएको सरल र सरस प्रस्तुति भएकाले साहित्यिक नै हुन् ।

३. मैले उहाँलाई चिनेको कविताबाटै हो । उहाँ निबन्धमा पनि लाग्नुभयो । उहाँका निबन्ध अति नै उपयोगी छन् । उहाँ जहाँ जुन क्षेत्र र विधामा लाग्नुभयो कुनैमा असफल हुनुहुन्न । त्यसैले कुन घटी वा बढी भन्ने कुरै रहेन ।

४. उहाँका रचनाको मूल आधार पूर्वीयदर्शनको दर्शन शिरोमणि अद्वैत वेदान्त भएकोले अत्यन्त उच्च कोटीका छन् ।

५. अघिल्लो चरणका रचना छाडेर उत्तरार्द्धमा आएर उहाँका रचनामा अद्वैत वेदान्तप्रति दृढ रहँदै चिन्तन र विश्लेषण गरिएको छ । यस हिसाबले पूर्वीयदर्शनको मूल कुरालाई सुबोध शैलीमा प्रयोग गरिएकाले महिमामय सावित भएका छन् ।

६. अध्यात्मका साधक तथा चिन्तक एवं व्यवहार पनि त्यतै लागेको सन्तका रूपमा लिन सकिन्छ ।

७. अहिलेको पुस्ता भनेको बाटो बिराएको, आफ्नो धर्म-संस्कार नजानेको, देशभन्दा बाहिरलाई महत्त्व दिएर भासमा परेको हो । वर्तमान नेताहरूले एकत्वलाई चलाएर

नानात्वको खेल खेलेको अवस्था पनि छ । यस अवस्थामा उहाँका रचना पढिदिए सुनिदिए शान्ति, समझदारी, एकता र आपसी मेलमिलापमा ठोस योगदान दिने सामर्थ्यका छन् । यही हिसाबले आउँदा पुस्तालाई पनि आवश्यक बल प्रदान गर्न सक्नेछन् ।

८. करिब तीन दशकको प्रत्यक्ष सम्पर्क र सहयात्राका कारण अनेकौँ घटना छन् । सबै अविस्मरणीय र अनुकरणीय भएकाले यही विशेष भन्ने छैन ।

९. पहिला जुन बाटोमा लाग्नुभयो त्यसैमा निष्ठा, निरन्तरता र दृढता देखिएकोले जे गरिरहनुभएको छ त्यही सर्वोत्तम छ म भन्छु ।